यो काम किन भइरहेछ ?



नयराज पन्त

यो काम किन भइरहेछ ?

नयराज पन्त

खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठान

खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठानको २४ सौं पुष्प
यो काम किन भइरहेछ ?

प्रकाशक -
खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठान
रत्नकाली, काठमाडौँ, नेपाल
फोन: ४२६३४९४, ४४१७८५७

प्रकाशनमिति -
वि.सं. २०६९ पौष २ गते मार्गशुक्ल पञ्चमी
(कविशिरोमणि राजीवलोचन जोशीको ८४ औं स्मृतिदिवस)

कम्प्यूटर - कमला थापा

लेआउट - शंकर पौडेल

पहिलो संस्करण - ५०० प्रति

मूल्य - रु. ३२५।-

मुद्रक - श्री प्रेस, जावलाखेल, ललितपुर
फोन: ५५३२८२२, ५५४८९४६

प्रकाशकको मन्तव्य

खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठानले प्रतिवर्ष पुस्तकहरू प्रकाश गर्दै आइरहेको कुरा यहाँहरू सबैमा विदितै छ । यसै क्रममा प्रा. नयराज पन्तसँग सम्बद्ध केही पुस्तकहरू पनि प्रतिष्ठानले प्रकाशित गरिसकेको छ । वि.सं. १९७० श्रावण २६ गते जन्मनुभएका प्रा. नयराज पन्तको यसपालि जन्मशताब्दी हो । यसैले यसपालिको प्रकाशन नयराजपन्तसँग सम्बद्ध होओस् भन्ने विषयमा प्रतिष्ठानले ध्यान दिएको छ ।

प्रा. नयराज पन्तले संशोधन–मण्डलको माध्यमबाट विद्याको क्षेत्रमा दिनुभएको योगदानको बारेमा धेरैलाई थाहा छ । कुन लक्ष्यले उहाँले यस्तो कामको प्रारम्भ गराउनुभएको थियो भन्ने कुराचाहिँ यो काम शुरू भएको छ दशक बितिसक्दा पनि विद्वज्जनका बीचमा स्पष्ट हुन सकिरहेको छैन । यसै परिप्रेक्ष्यमा उहाँले आफ्नो परम्परामा प्रकाशित भएका पुस्तकहरूका लागि तयार पार्नुभएका उपोद्घातहरूमध्ये केहीको सङ्ग्रहको रूपमा यो पुस्तक प्रकाशित गरिएको छ । यसभित्र परेका यो काम किन भइरहेछ ? आदि उपोद्घातले प्रा. नयराज पन्तको विचारधारालाई बुझ्न जिज्ञासुहरूलाई मद्दत मिल्नेछ भन्ने आशा प्रतिष्ठानले लिएको छ ।

खिलशर्म-राजीवलोचनजोशीस्मृतिप्रतिष्ठानका अघिल्ला प्रकाशनले जस्तै यसले पनि नीरक्षीरविवेकी विद्वान्‌हरूको ध्यान खिँच्नेछ एवं भविष्यमा प्रतिष्ठानले लिनुपर्ने मार्गको बारेमा यथोचित सल्लाह पनि पाउनेछ भन्ने आशा गर्दछौँ ।

वि.सं. २०६९ पौष २ गते
मार्गशुक्ल पञ्चमी
(विवाहपञ्चमी)

खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठान
रक्तकाली, काठमाडौँ

विषयसूची

१.	यो काम किन भइरहेछ ?	१
२.	जयरत्नाकरनाटकको उपोद्घात	१४
३.	त्रिरत्नसौन्दर्यगाथाको उपोद्घात	६७
४.	मिलीजुली काम गर्न खोज्नेले विचार राख्नुपर्ने कुरा	१६८
५.	रत्नदीपको प्रस्तावना	१८५
६.	विश्रान्तिको प्रस्तावना	२०३

यो काम किन भइरहेछ ?

इतिहासपुराणाभ्यां चक्षुर्भ्यामिव सत्कविः ।
विवेकाञ्जनशुद्धाभ्यां सूक्ष्ममप्यर्थमीक्षते ।।

(काव्यमीमांसा)

[विवेकरूपी गाजलले सफा बनाइएका इतिहास र पुराणरूपी दुइ आँखा भएका असल कविले मिहिन अर्थलाई पनि देख्छन् ।]

विक्रम उन्नाइसौँ शताब्दीका २४ वटा पत्रहरू अहिले प्रकाश हुन लागेका छन् । यी पत्रहरू बखतबखतमा त्यस बखतका मानिसहरूले आफ्नो काम चलाउन लेखेका थिए । यस किसिमका पत्रहरूलाई सङ्ग्रह गरी तिनको क्रम मिलाई त्यसबाट इतिहास झिकी त्यसको बाहिरका देशको इतिहाससँग तुलना गरी भविष्यका इतिहासकारहरूलाई आकरग्रन्थ बनाउन बाटो सोझ्याइदिने उद्योग यहाँ गरिएको छ । यो काम हाम्रो देशमा अहिले नयाँजस्तो छ ।

पुगनपुग करोड मनुष्यको वास भएको यो हाम्रो देशको इतिहासको आकरग्रन्थ बनाउन २४ वटा पत्र भएको यो पुस्तक हात्तीको मुखमा जिरोजस्तै हुनेछ । यस विषयमा पुराना कागतपत्र भएका मानिसहरूले ती कागतपत्र सङ्ग्रह गरी आफैँले प्रकाश गर्ने वा प्रकाश गर्ने काममा लागेका जिज्ञासुहरूको हातमा पुऱ्याइदिने बानी बसाए मात्र दिनदिनै सड्दै च्यातिँदै हराउँदै जान लागेका त्यस्ता कागतहरूको रक्षा हुने हुनाले हामीहरू दुइचार जना मात्रले काम गरेर यतातिर विशेष सफलता हुनेजस्तो देखिँदैन । यस कामबाट द्रव्य पनि विशेष नआउने भएकोले यतातिर मानिसहरूको झट्ट रुचि नहुनु स्वाभाविकै छ । यस कारण पढे-गुनेका हाम्रा देशका मानिसहरूले यस विषयमा आफ्नो अनुभवले हामीहरूलाई उचित परामर्श देलान् भन्ने आशाले आफ्नो केही

अनुभवलाई सुनाउने साहस गरेको छु । यसलाई गन्थनजस्तो भए तापनि झिँजो नमानी बुद्धिमान्हरूले सुनिदेलान् भन्ने आशा छ ।

वि. सं. १९७० मा काठमाडौँ महाबौद्ध टोलमा मेरो जन्म भएको हो । मेरा पिताजी पं. कृष्णदत्त पन्त रानीपोखरी संस्कृत पाठशालामा व्याकरणका अध्यापक हुनुहुन्थ्यो । म डेढ वर्षको हुँदा मेरा पिताजीको देहावसान भयो । म आमासँग मावलीमा गई रहन लागेँ । उहीँ मेरो पालन-पोषण भयो । पाँच वर्ष भएपछि म मेरा मातामह पं. भुवनाथ पाँडेसँग उहाँकै कोठामा सुत्न बस्न खेल्न लागेँ । त्यस वेला पचपन्न वर्षको उमेर हुनुभएका मेरा मातामह रानीपोखरी संस्कृतपाठशालामा ज्यौतिष विषयका अध्यापक हुनुहुन्थ्यो । ४० वर्षको उमेरमा उहाँको पत्नीवियोग भएको थियो । त्यसपछि उहाँले अर्को विवाह गर्नुभएन । बालकलाई कथाको रस हुनु स्वाभाविक छ । म पनि मातामहसँग कथा सुन्ने इच्छा प्रकट गर्न लागेँ । मेरा मातामहमा कुरा बनाई गर्ने बानी थिएन । उहाँले आफ्नै आँखाले श्री ३ जङ्गबहादुर आदिको सभा देख्नुभएको थियो । जङ्गबहादुरका दुइ-चारवटा व्याख्यान पनि उहाँले सुन्नुभएको थियो । उहाँका पिताजी ख. विश्वनाथले कम्याण्डर-इन-चीफ भीमसेन थापाहरूको घरमा पौरोहित्य र सेनामा खरिदारीको काम गर्नुभएको थियो । कोतपर्वको घटनास्थलमा पनि उहाँ पुग्नुभएको थियो । मेरो मातामहका प्रपितामह ख. लक्ष्मीपति पाँडेले राजकुमार बहादुर शाहको पालामा पश्चिमको लडाइँमा दूतको र विजित प्रदेशको बन्दोबस्त गर्ने काम गर्नुभएको थियो । ख. लक्ष्मीपतिले आफ्ना पालामा काम गरेका केही कागतपत्रहरू मेरा मातामहसँग थिए । मेरा मातामह ती कागतपत्रलाई बराबर हेर्ने पनि गर्नुहुन्थ्यो । कहिले-कहिले नेपाली वंशावली हेर्ने पनि उहाँको बानी थियो । यिनै सबै कारणले नेपालका ऐतिहासिक घटनाहरूको वर्णन पाँच वर्षको उमेरदेखि मैले सुन्न लागेँ । दश वर्षको उमेरसम्म राजा द्रव्य शाहदेखि श्री ५ त्रिभुवनसम्मको गोरखाली राजवंशको क्रमपूर्वकको नामावलि मलाई कण्ठस्थ भइसकेको थियो । बहादुर शाह, दामोदर पाँडे, भीमसेन थापा, माथवरसिंह थापा, जङ्गबहादुरहरू मेरा परिचित व्यक्ति भइसकेका थिए । यसै वेला मेरो मनमा आज काजी छन् त भोलि पाजी हुँदा रहेछन् भनी एक प्रकारको भय उत्पन्न भएको थियो ।

काल बित्तै गयो । म यताउति पढ्न लागेँ । यतिकैमा मेरो पन्ध्र-सोह्र वर्षको उमेर हुँदो हो, दार्जिलिङ्गबाट निस्केको नेपाली भाषाको भारतवर्षको इतिहास मेरो हातमा पऱ्यो । त्यसमा भारतीयहरूको निन्दा र ब्रिटेनी साम्राज्यको प्रशस्त प्रशंसा थियो । त्यस पुस्तकको सारांश ब्रिटेनी साम्राज्यको विषयमा

स्वर्गीय शासनविषे तिमि आज आयौ
सौभाग्यले सुदिन देखन बल्ल पायौ ।।२९७।।

(सत्यकलि संवाद)

कविशिरोमणि लेखनाथको यो श्लोकको जस्तै थियो । त्यसले मेरो मनमा ठूलो चोट पाऱ्यो । सतलजसम्म पुगेको हाम्रो राज्यलाई जुन शत्रुले खोसेर खायो उसै शत्रुको यस्तो प्रशंसा भन्ने कुरा मेरो मनमा बराबर खेल्न लाग्यो । यिनैताका श्री ५ पृथ्वीनारायण शाहका जेठा छोराको नाम प्रतापसिंह हो वा सिंहप्रताप हो भन्ने विषयमा मेरा मातामहले विचार गर्न लाग्नुभयो । त्यसका लागि उहाँले लालमोहर, तामापत्र, टकहरू हेर्न थाल्नुभयो । त्यही प्रसङ्गमा वसन्तपुरको शिलालेख उहाँको आँखामा परेछ । पुरश्चर्यार्णव नामक पुस्तक पनि उहाँ बराबर हेर्नुहुन्थ्यो । यी सबबाट उहाँले शुद्ध नाम प्रतापसिंह भनी निर्णय गर्नुभयो । यही प्रसङ्गमा उहाँसँग केही पुराना टक जम्मा भए । मल्लकालका टकहरू पनि त्यसमा निकै थिए । यताबाट पुराना पुस्तक, टक, तामापत्र, शिलापत्र, लालमोहरहरूबाट पुराना कुरा ठीकसँग पत्ता पाइँदा रहेछन् भन्ने कुरा मेरो मनमा जम्यो ।

काल बित्तै गयो । वि.सं. १९८९ देखि काशिकराजकीयसंस्कृतपाठशालामा पं. पद्माकर द्विवेदीसँग म ज्यौतिष पढ्न लागेँ । उहाँलाई प्राचीन विषयको अन्वेषणमा रुचि रहेछ । ज्यौतिष पढाउँदा प्रसङ्गवश दिनहुँ भनेजस्तै एउटानएउटा पुरातत्त्वविषयका कुरा उहाँ गर्नुहुन्थ्यो । मलाई त्यसले अत्यन्त आकर्षण गऱ्यो । म अत्यन्त जिज्ञासाले ती कुरा कोट्याईकोट्याई सुन्थेँ । यसबाट मेरा पाठे साथीहरू उराठ हुन्थे । म डेरामा आई ती कुरा लेखेर राख्थेँ । मेरो डेराबाट गुरुको घर १ कोशभन्दा बढ्ता टाढा पर्थ्यो । प्रायः बिदाको दिन पनि म गुरुको घर गई केहीनकेही पुराना कुरा सिकेर आउँथेँ । गुरु पं. पद्माकरजी विद्यार्थीसँग मित्रताको व्यवहार गर्नुहुन्थ्यो । चाकडिया मनोवृत्तिको उहाँ अत्यन्त निन्दा गर्नुहुन्थ्यो । यसै वेलादेखि इतिहासविषयका पाइने बुझिनेसम्मका पुस्तकहरू खोजेर हेर्न लागेँ ।

नेपाल मेरो जन्मभूमि भएको र नेपालको इतिहासको अलिकता ज्ञान पनि भएकोले नेपालको इतिहासतिर वि. सं. १९९२ देखि म नियमित रूपले अध्ययन गर्न लागेँ । वि.सं. १९९४ मा मैले काशी छोडेँ । यसै वर्ष पं. बाबुराम आचार्य (अब ऐतिहासिकशिरोमणि)सँग प्रसङ्गवश मेरो सम्बन्ध भयो । उहाँको संसर्गबाट पुराना केही कागतपत्र मैले पाएँ । ती कागतपत्रहरू उहाँका नामसाथै प्रकाशित हुँदै गएका छन् । वि.सं. १९९६ मा सरदार रुद्रराज पाँडेसँग मेरो सम्बन्ध भयो । उहाँको सम्बन्धबाट केही पुस्तक पढ्न र छ महीनासम्म गूठी अड्डामा अन्वेषण गर्न मैले पाएँ । त्यो अन्वेषणको फल उहाँको नामसाथ प्रकाशित हुँदैछन् । अरू मेरा इष्टमित्रहरूले पनि जो सकेको सहायता दिनुभएको छ । यति सबै कुराबाट मेरो मनमा नेपालको इतिहास केही चढ्यो । विदेशीहरूले लेखेको इतिहासमा परस्पर कुरा बाझिएको देख्ता मेरो मनमा तिनीहरूबाट श्रद्धा हट्दै गयो । क्रमशः नेपालको इतिहासको संशोधन गर्दै जाने मैले विचार लिएँ । त्यस वेला कवि सिद्धिचरणको प्रबन्धबाट शारदा मासिक पत्रिका निस्कन्थ्यो । त्यसमा मेरा केही पद्य पनि प्रकाशित भएका थिए । नेपाल-खाल्डाका अघिका तीन राज्य भन्ने एक इतिहासको संशोधनात्मक प्रबन्ध शारदामा छपाउन मैले कवि सिद्धिचरणलाई दिएँ । कविजीले प्रकाश गरिदिन्छु भनी भन्नुभयो । छ महीनासम्म मैले बाटो हेरेँ । छ महीनापछि सो लेख मैले फिर्ता लिएँ । यताबाट इतिहास-संशोधन गर्ने वेला भएको रहेनछ भन्ने कुरा मैले विवश भएर बुझ्नुपर्‍यो ।

इतिहास पढ्दै गएँ, तर कार्यकारणभाव मेरो मनमा चढ्न सकेन । गोरखालीभन्दा धेरै धनी मकवानीहरूले आफ्नो राज्यविस्तार किन गरेनन् ? भारतलाई निल्न तम्सेको अङ्ग्रेजी बललाई पृथ्वीनारायणले केको बलले हराए ? राणाराज्य किन दीगो भइरहेछ ? पृथ्वीनारायणभन्दा अगाडि नेपालीहरूले किन वीरता देखाएनन् ? इत्यादि प्रश्न मेरो मनमा उठ्न लागे । मैले आफ्ना परिचित मानिसहरूसँग यसको चर्चा पनि गरेँ । आआफ्नो विचारको उत्तर सबैले दिए । मेरो मनमा शान्ति आउन सकेन ।

लिच्छविकालका शिलालेख प्रौढ संस्कृतमा लेखिएका छन् । त्यहाँका भाषाको अर्थ मलाई लाग्यो, भूमिच्छिद्रन्याय आदि पारिभाषिक शब्दले भने मलाई आकुलव्याकुल पार्‍यो ।

वि. सं. १९९७ मा मेरो हातमा कौटलीय अर्थशास्त्र पऱ्यो । त्यस ग्रन्थमा आफूले नबुझेका पारिभाषिक शब्दहरू पाउँदा म अत्यन्त प्रसन्न भएँ । म उत्सुकतासाथ कौटलीय अर्थशास्त्र हेर्न लागेँ । केही दिनमै मेरो उत्साह सेलाएर गयो । संस्कृत भाषाको जति ज्ञान ममा थियो, त्यसको भरमा कौटल्यको भाव बुझ्न सकिँदो रहेनछ । म झल्याँस्स भएँ ।

यो वेद वेदवदनं सदनं हि सम्यग्

ब्राह्म्याः स वेदमपि वेद किमन्यशास्त्रम् ।

यस्मादतः प्रथममेतदधीत्य धीमान्

शास्त्रान्तरस्य भवति श्रवणेऽधिकारी ॥

(सिद्धान्तशिरोमणि)

[जसले व्याकरणलाई राम्रोसँग बुझेको छ, त्यसले सरस्वतीको घर भएको वेदलाई पनि बुझ्न सक्तछ भने अरू शास्त्रको त के कुरा । यस कारण पहिले व्याकरण पढी बुद्धिमान् भएको मानिसले अरू शास्त्र पढ्ने अधिकार पाउँछ ।]

भन्ने भास्करको उक्ति मेरो मनमा राम्ररी चढ्यो । मैले परीक्षोपयोगी मध्यकौमुदीसम्म मात्रै व्याकरण पढेको थिएँ । मलाई पहिले व्याकरणको शिक्षा दिने रानीपोखरी संस्कृतपाठशालाका अध्यापक गुरु पं. बाबुराम पोखरेलले मलाई काशिका पढ भन्नुभएको थियो । मैले पनि मञ्जूर गरेको थिएँ । वि. सं. १९८८ मा उहाँको देहावसान भएकोले सो कुरो त्यसै रहेको थियो । अब अष्टाध्यायी क्रमले व्याकरण पढ्न लागेँ । साथसाथै संस्कृत काव्य कोश पनि अभ्यास गर्न लागेँ । वि. सं. १९९७ मा रानीपोखरीसंस्कृतपाठशालामा ज्यौतिष पढाउने काममा भरना भएँ । सौभाग्यले मेरो र गुरु पं. टेकनाथ पौडेलको पढाउने कोठा एउटै पर्न गयो । मैले उहाँसँग श्रद्धापूर्वक अष्टाध्यायी पढेँ ।

आफ्नो २१ वर्षको उमेरमा पढेको सिद्धान्तशिरोमणिको प्रभावमा म अत्यन्त परेको थिएँ । अब मलाई प्रभाव पार्ने अष्टाध्यायी, कौटलीय अर्थशास्त्र, सिद्धान्तशिरोमणि यी तीन पुस्तक भए । पाणिनि, कौटल्य, भास्करहरूको विचारले मेरो हृदयका धेरै शङ्का हट्तै जान लागे । म गम्भीरतासँग यी पुस्तक पढ्न लागेँ । साथीभाइहरू परपर हुन लागे ।

वि. सं. १९९९ मा म नेपाली भाषाप्रकाशिनीसमितिको सदस्य बनें। त्यहाँ मैले उत्साहसाथ आफ्नो भागमा पर्न आएका पुस्तकको संशोधन गरें। आफ्ना चार पुस्तक पनि प्रकाश गर्न दिएँ। दुइ पुस्तक बल्लतल्ल प्रकाशित भए[1]। दुइ पुस्तक कहाँ छन् पत्तो छैन। मैले बुझें काम मात्रै गरेर हुँदो रहेनछ, विषम-समको ताल पनि बुझ्नुपर्दो रहेछ। भइगयो, मेरो वेला आएको रहेनछ भनी म लेख्नै थन्क्याउने तथा पढ्ने-पढाउने कामतिर लागें।

काल बित्तै गयो। लड्दै पढ्दै हिँड्दै गएँ। मैले सफलता केही पाउन सकिनँ। आजकल दुइ-तीन जना जिज्ञासुहरूले मेरो काममा रुचि देखाएजस्तो गरेका छन्। मेरो मनमा आफ्नो देशको र आफ्नो पनि परिस्थितिलाई कौटल्यले स्पष्ट पार्दै गएका छन्। उनको विचारले मलाई आड नदिएको भए म अहिले यस रूपमा हुने थिइनँ भन्ने विचार मेरो मनमा बराबर उठ्तछ। यिनै सबै अनुभवबाट जमेको विचारलाई मैले छोड्नु सम्भव छैन। यो विचार अशुद्ध हुन सक्तछ। मेरो विचार प्रकट गर्ने हक भएकोले सो म प्रकट गर्दछु। यो सर्वतन्त्र-सिद्धान्त होइन। मेरो यस विचारलाई खण्डन गर्ने अरूको पनि हक छ। यति पूर्ववृत्तान्त सम्झी विद्वान्हरूले अब लेखिने कुरा पढिदिनुहोला भन्ने मेरो अनुरोध छ।

खुर्सानी खाँदा पिरो भई जिब्रो पोलेको र मिस्री खाँदा गुलियो भई जिब्रो रसाएको सम्झेर बालक खुर्सानी खान मन्चो बटर्दछ, मिस्री खान हात पसार्दछ। यसबाट यस्तो भएथ्यो भन्ने विचारले व्यवहार चलाएको छ भन्ने कुरा यताबाट स्पष्ट हुन्छ। इति ह आस (यस्तो भएथ्यो) यी तीन पदको योग भई इतिहास यो पद बनेको छ। पशु आफैँले अनुभव गरेर अथवा आफूसँगसँगै हिँड्ने माता पिता आदि र साथीहरूको देखासिखीबाट कुरो सिक्तछ। मानिस भने स्पष्ट बोलीबाट आफ्नो सबै भाव व्यक्त गर्न सक्ने भएकोले आफूले देखे-सुनेका सबै कुरा अरूमा सार्न सक्तछ। अर्थात् पशुले भन्दा मनुष्यले आफ्ना सन्तानलाई बढ्ता कुरो जान्ने बनाइदिन सक्तछ। छोटकरीमा भनेको खण्डमा पशुभन्दा मानिस बढ्ता इतिहासज्ञ हुन्छ भन्ने

---

१. प्रकाशित भएका पुस्तक इतिहास-सहायक प्रथम भाग, ज्योतिष प्रथम भाग। प्रकाशित हुन नपाएका पुस्तक बीजगणित, बुद्धिविनोद प्रश्नको उत्तर (यसको भूमिका कविशिरोमणिले लेखिदिनुभएको थियो।) ने.भा.प्र. को उपसमितिले वि.सं. २००४ मा प्रकाशन गर्ने स्वीकृति पनि दिएको थियो।

सिद्ध हुन्छ । मनुष्यले आफूभन्दा हजारौँ पुस्ताअगाडिका पूर्वजले अनुभव गरेको कुरोबाट पनि आफ्नो काम चलाउन सक्तछ । पूर्वजसञ्चित यही अनुभव नै विद्याको नामले संसारमा प्रख्यात भएको छ । जतिजति अनुभव बढ्दै गयो उतिउति विद्याको परिमाण पनि बढ्दै गएकोले सबै विद्यालाई एकै मनुष्यले एकै कालमा ग्रहण गर्न सम्भव हुन आएन । यस कारण बुद्धिमान्‌हरूले विद्याको विभाग गरी खण्ड-खण्ड छुट्ट्याउँदै लगे । खुर्सानी खाँदा जिभ्रो पोल्छ, मिस्री खाँदा जिभ्रो रसाउँछ- यस्ता अनुभव आयुर्वेदविद्या बन्न गयो । फलानोले खुर्सानी खायो र त्यो यसरी छट्पटियो, फलानोले मिस्री खायो र यसरी मुख मिठ्यायो भन्ने कुरोचाहिँ आयुर्वेदको इतिहास कहायो । यसरी प्रत्येक विद्याको भिन्नभिन्नै इतिहास बनेको छ । मनुष्यको रुचि र शक्ति भिन्नभिन्नै हुन्छ, आफ्नो भिन्नभिन्न रुचि र शक्तिअनुसारको विद्या मानिसहरूले सिक्तै गए । आफ्नो विद्याको इतिहास पनि उनीहरूले केही नकेही जान्नु स्वाभाविक थियो । मनुष्यको एकलै नबस्ने, जमात मिली बस्ने स्वभाव भएको र जमातमा भिन्नभिन्न रुचि र शक्ति भएका मनुष्यहरू हुने हुनाले ती सबै मनुष्यले आ-आफ्नो इच्छाअनुसारको काम गरेको खण्डमा जमातमा उच्छृङ्खलता फैलिने हुनाले सबैले अलिअलि आफ्नो इच्छालाई दबाएर सबैलाई अनुकूल हुने गरी एउटा नियम बनाएका हुन्छन् । सो नियम सबै मिली बनाउँछन् अथवा सबैलाई कज्याउन सक्ने कुनैले बनाउँछ भन्ने विषयको वादविवाद गर्ने ठाउँ यो होइन । जे भए पनि मनुष्यहरूमा एक जमात मिली बसेकाहरूको सबैले मानेको साधारण नियम हुन्छ । त्यो नियममा पनि कालक्रमले केही फरक पर्दै जानु स्वाभाविक छ । कुनै नियमले लाभ र कुनै नियमले हानि गर्नु पनि स्वाभाविकै छ । यही नियमको परिवर्तनको कारणलाई बुझाउने विद्या राजनीति इतिहास भनी प्रख्यात हुन आएको छ । यही राजनीति इतिहासलाई इतिहास भन्ने चलन सर्वव्यापी भएको छ । यसै विषयलाई हामीले यहाँ विचार गर्नुपरेको छ ।

भारतको प्राचीनतम पुस्तक वेद हो । वेदको एक भाग ब्राह्मण हो । ब्राह्मणमा पनि इतिहासको पठनपाठनको चर्चा पाइन्छ–

क्षीरौदनमांसौदनाभ्यां ह वा एष देवाँस्तर्पयति य एवं विद्वान् वाकोवाक्यमितिहास-पुराणमित्यहरहः स्वाध्यायमधीते त एनं तृप्तास्तर्पयन्ति सर्वैः कामैः सर्वैर्भोगैः ।

(शतपथब्राह्मण)

[जो मानिस दिनदिनै वाकोवाक्य (प्रश्नोत्तररूपको ग्रन्थ) इतिहास तथा पुराण पढ्दछ, त्यसले दूध-भातले र मासु-भातले देवतालाई तृप्त गराउँछ । तृप्त भएका देवताहरूले त्यसलाई (पढ्नेलाई) सबै इच्छा सबै भोग पुऱ्याइदिएर तृप्त पारिदिन्छन् ।] .

आचार्य कौटल्यले राजकुमारको पाठ्यविषयमा यस्तो बोलेका छन्–

पूर्वमहर्भागं हस्त्यश्वरथप्रहरणविद्यासु विनयं गच्छेत् ।।१२।। पश्चिममितिहासश्रवणे ।।१३।। पुराणमितिवृत्तमाख्यायिकोदाहरणं धर्मशास्त्रमर्थशास्त्रं चेतिहासः ।।१४।।

(कौटलीय अर्थशास्त्र १।५)

[दिनको पहिलो भागमा हात्ती घोडा रथ अस्त्रविद्याहरूमा तालिम लिनू, पछिल्लो भाग इतिहास पढेर बिताउनू । इतिहास भनेको पुराण, भएको वास्तव घटनाको वर्णन, कथा, उदाहरण (राजाहरूको प्रशस्ति वा प्रशंसात्मक जीवनचरित्र), धर्मशास्त्र (ऐन), अर्थशास्त्र (राजनीति) हो ।]

कौटल्यले दिएको इतिहासको यो परिभाषा आजभोलि चलेको इतिहासको परिभाषासँग मिल्दैन । कौटल्यको इतिहासको अङ्ग भएको इतिवृत्तले नै आजभोलिको इतिहासलाई बुझाउँछ ।

यस कारण मौर्यसाम्राज्यमा इतिहासको पठन-पाठन थियो भन्ने कुरा स्पष्ट हुन्छ । मौर्यसाम्राज्यको जरो उखेली भारतमा रजाइँ गर्न यूनानीहरू तम्सेका थिए । तर भारतीयहरूले यूनानीहरूलाई लडाइँका मैदानमा जिती धपाइदिए । यो कुरो इतिहासमा सर्वविदित छ । तिनताकाका यूनानीहरू पनि इतिहासमा रुचि देखाउँथे भन्ने कुरो मेगास्थेनिजको ग्रन्थबाट स्पष्ट भएको छ । इतिहासमा रुचि देखाउने भारतीयहरू विदेशी शक्तिबाट पराजित हुँदा रहेनछन् भन्ने सामान्यज्ञान यहाँ उद्धृत कुराले हाम्रो मनमा पर्दछ ।

भारतलाई दासतामा धेरै कालसम्म राख्न विदेशी मुसलमानहरू समर्थ भए । भारतविजेता मुसलमानहरूमा पनि प्राचीन यूनानीहरूमा जस्तै इतिहासको रुचि थियो भन्ने कुरा अलबेरुनीको पुस्तकले देखाएको छ । भारतविजय गर्न खोज्ने यूनानीहरूसँग मेगास्थेनिजस्ता इतिहासज्ञ थिए ता भारतमा विजय गर्ने

मुसलमानहरूसँग अबलेरुनीजस्ता इतिहासज्ञ थिए भन्ने कुरो स्पष्ट छ । भारतमा आक्रमण गर्न आउने यूनानीहरूलाई जिती धपाइदिने मौर्यहरूसँग इतिहासको पठन-पाठन गराउने आचार्य कौटल्यजस्ता विद्वान् थिए भन्ने कुरो पनि स्पष्ट छ । मुसलमानको लात खाई कमारा भई बस्न ठीक परेका भारतीयहरूको पठन-पाठन-पद्धति कस्तो थियो भन्ने कुरा कान्यकुब्जका अन्तिम राजा जयचन्द्रका दरबारिया कवि श्रीहर्षको नैषधीयचरितले देखाएको छ–

मध्येसभं साऽवततार बाला गन्धर्वविद्याधरकण्ठनाला ।
त्रयीमयीभूतवलीविभङ्गा साहित्यनिर्वर्तितदृक्तरंगा ।।७३।।
आसीदथर्वा त्रिवलित्रिवेदीमूलाद् विनिर्गत्य वितायमाना ।
नानाभिचारोचितमेचकश्रीः श्रुतिर्यदीयोदररोमरेखा ।।७४।।
शिक्षैव साक्षाच्चरितं यदीयं कल्पश्रिया कल्पविधिर्यदीयः ।
यस्याः समस्तार्थनिरुक्तिरूपैर्निरुक्तिविद्या खलु पर्यणंसीत् ।।७५।।
जात्या च वृत्तेन च भिद्यमानं छन्दो भुजद्वन्द्वमभूद् यदीयम् ।
श्लोकार्धविश्रान्तिमयीभविष्णुपर्वद्वयीसन्धिसुचिन्हध्यम् ।।७६।।
असंशयं सा गुणदीर्घभावकृतां दधाना विततिं यदीया ।
विधायिका शब्दपरम्पराणां किं वारचि व्याकरणेन काञ्ची ।।७७।।
स्थितैव कण्ठे परिणम्य हारलता बभूवोदिततारवृत्ता ।
ज्योतिर्मयी यद्भजनाय विद्या मध्येङ्गमङ्केन भृता विशङ्के ।।७८।।
अवैमि वादिप्रतिवादिगाढस्वपक्षरागेण विराजमाने ।
ते पूर्वपक्षोत्तरपक्षशास्त्रे रदच्छदौ भूतवती यदीयौ ।।७९।।
ब्रह्मार्थकर्मार्थकवेदभेदाद् द्विधा विधाय स्थितयात्मदेहम् ।
चक्रे पराच्छादनचारु यस्या मीमांसया मांसलमूरुयुग्मम् ।।८०।।
उद्देश्यपर्वण्यपि लक्षणेऽपि द्विधोदितैः षोडशभिः पदार्थैः ।
आन्वीक्षिकीं यद्दशनद्विमालीं तां मुक्तिकामाकलितां प्रतीमः ।।८१।।
तर्का रदा यद् वदनस्य तर्क्या वादेऽस्य शक्तिः क्व तथान्यथा तैः ।
पत्रं क्व दातुं गुणशालिपूगं क्व वादतः खण्डयितुं प्रभुत्वम् ।।८२।।
सपल्लवं व्यासपराशराभ्यां प्रणीतभावादुभयीभविष्णु ।

तन्मत्स्यपद्माद्युपलक्ष्यमाणं यत्पाणियुग्मं ववृते पुराणम् ।।८३।।
आकल्पविच्छेदविवर्जितो यः स धर्मशास्त्रव्रज एव यस्याः ।
पश्यामि मूर्धा श्रुतिमूलशाली कण्ठस्थितः कस्य मुदे न वृत्तः ।।८४।।
भ्रुवौ दलाभ्यां प्रणवस्य यस्यास्तद्बिन्दुना भालतमालपत्रम् ।
तदर्धचन्द्रेण विधिर्विपञ्चीनिक्वाणनाकोणधनुः प्रणिन्ये ।।८५।।
द्विकुण्डली वृत्तसमाप्तिलिप्याः कराङ्गुली काञ्चनलेखनीनाम् ।
कैश्यं मषीणां स्मितभा कठिन्या काये यदीये निरमायि सारैः ।।८६।।
या सोमसिद्धान्तमयाननेव शून्यात्मतावादमयोदरेव ।
विज्ञानसामस्त्यमयान्तरेव साकारतासिद्धिमयाखिलेव ।।८७।।

(नैषधीयचरित)

गानविद्या, ऋक्, यजुः, सामवेद, साहित्य

स्वयंवरको सभामण्डलमा सरस्वती आइन् । उनको गलो गानविद्याले बनेको थियो, पेटका तीन मुजा तीन वेदले बनेका थिए । उनका कटाक्ष साहित्यले बनेका थिए ।

अथर्ववेद

उनको पेटको रौँको पङ्क्ति नानाकिसिमको टुनामुनाको प्रयोग भएको अथर्ववेदले बनेको थियो ।

शिक्षा, कल्प, निरुक्त

उनको चरित्र शिक्षाले बनेको थियो, पोसाक कल्पले बनेको थियो, भनाइ नै निरुक्त थियो ।

छन्द

उनका दुइ हात मात्राछन्द र गणछन्दले बनेका थिए, कुइना छन्दको माझ थिए ।

व्याकरण

उनको लामो मेखला (कमरपेटी) गुण र दीर्घको कुरा परेको शब्द साध्ने व्याकरणले बनेको थियो ।

ज्यौतिष

उनले घाँटीमा लाएको झलमलाउँदो मोतीको माला तारा र अङ्कहरूको कुरो भएको ज्यौतिषले बनेको थियो ।

शास्त्रार्थविद्या

उनका दुइ ओठ शास्त्रार्थ गर्ने पूर्वपक्ष र उत्तरपक्ष शास्त्रले बनेका थिए ।

वेदान्त, कर्मकाण्ड

उनका दुइ तिघ्रा ब्रह्ममीमांसा (वेदान्त) र कर्ममीमांसा (कर्मकाण्ड)ले बनेका थिए ।

न्यायशास्त्र

उनका सुपारी चपाउन सक्ने दाँतका दुइ पङ्क्ति सोह्र पदार्थलाई उद्देशमा र लक्षणमा गरी दुइपल्ट बताइने तथा मुमुक्षुहरूद्वारा सेविएको न्यायले बनेका थिए ।

पुराण

माछा र कमलहरूका चिन्ह भएका उनका दुइ हात पराशर र व्यासले बनाएका पुराणले बनेका थिए ।

धर्मशास्त्र

उनको शिर वेदमार्गानुगामीहरूले कण्ठ घोकिने सनातन धर्मशास्त्रले बनेको थियो ।

ॐकार

उनका दुइ आँखिभुइँ ओंकारका दुइ टुक्राले बनेका थिए, निधारको टीको ओंकारको शिरोबिन्दुले बनेको थियो । उनको वीणा बजाउने नखी ओंकारको अर्धचन्द्रले बनेको थियो ।

विसर्ग, कमल, मसी, खरी

उनका दुइ चौगडी विसर्गले बनेका थिए, औँला सुनका कलमले बनेका थिए, कपाल मसीले बनेको थियो, मुस्कान खरीले बनेको थियो ।

कापालिक दर्शन, बौद्ध दर्शन

उनको मुख सोमसिद्धान्त (कापालिक दर्शन) ले बनेको थियो, पेट शून्यवाद (बौद्धको माध्यमिक दर्शन) ले बनेको थियो, उनको ज्ञान विज्ञानवाद

(बौद्धको योगाचार दर्शन)ले बनेको थियो, उनको सम्पूर्ण अवयव साकारतावाद (बौद्धको सौत्रान्तिक दर्शन)ले बनेको थियो ।[२]

सम्पूर्ण विद्यामय भएकी सरस्वतीको यस वर्णनमा इतिहासले कुनै ठाउँ पाएको छैन । यस कारण मुसलमानद्वारा जितिनुभन्दा अगाडि भारतका प्रतिष्ठित विद्वन्मण्डलीमा इतिहासको पठन-पाठन हुँदैनथ्यो भन्ने कुरा स्पष्ट हुन्छ ।

पहिलो लडाइँ (वि.सं. १८२४) मा गोरखालीहरूले अंग्रेजलाई जिते । अंग्रेजहरूले हारेको कुरा पनि लेखेर राखे । जित्ने गोरखालीहरूमा श्री ५ पृथ्वीनारायणबाहेक कसैले सो लडाइँको वर्णन गरेन ।[३] नेपालमा आएका अंग्रेज कर्कपेट्रिक, हेमिल्टनहरूले आफूले जानेबुझेसम्म नेपालको इतिहास लेखे । यी अंग्रेज ग्रन्थकारहरू नेपाल-अंग्रेजको लडाइँमा (वि.सं. १८७१-७२) अंग्रेज सेनापतिहरूका देशिक बनेका थिए । आफ्ना छ सय सिपाहीले अंग्रेजका पैंतीस सय सिपाहीलाई जित्ने बलभद्र कुँवरलाई अघिल्लो लडाइँको इतिहास सुनाइदिने देशिक कोही थिएन । यसैले कौटलीय अर्थशास्त्र (७।१७।३२)को *प्राज्ञः शूरमतिसन्धत्ते* (बुद्धिमान्ले शूरोलाई छक्याउँछ) भनाइ अनुसार नेपालीले हार खानुपऱ्यो ।

यति कुराको सार हाम्रो देशमा विदेशीहरूको खुट्टा जम्नु हामीले इतिहास नपढ्नु हो भन्ने सिद्ध हुन आउँछ ।

यी ऐतिहासिक पत्रको सम्पादन गर्ने काम नानी धनवज्र वज्राचार्य र नानी ज्ञानमणि नेपालले गरेका छन् । यी पत्रको प्राप्तिको विवरण र ऐतिहासिक

---

२. यहाँ भावार्थ मात्र दिइएको छ ।

३. बुढा मरै भाषा सरै भनि भन्छन् तिमीहरू सबैछेउ सुनाइ गयाको भया तम्रा सन्तानलाई सुनाउनं र तम्रा सन्तानले हाम्रा सन्तानलाई सुनाउनं र यो राजे थामि षानन्. (श्री ५ पृथ्वीनारायणको उपदेश)

यसबाट श्री ५ पृथ्वीनारायणको मनले इतिहासको पठन-पाठनको आवश्यकता देखेको रहेछ भन्ने कुरा बुझिन्छ । तर इतिहास पढ्ने पुरानो परम्परा नष्ट भइसकेकोले श्री ५ पृथ्वीनारायणको इच्छा पूरा हुन सकेन । इतिहास पढ्ने परम्परा किन हट्यो भन्ने विषयमा म अर्को निबन्धमा विचार गर्नेछु ।

सारसमेत ती-ती पत्रमा परेका हुनाले तिनको यहाँ चर्चा गरिरहनुपर्ने आवश्यकता देखिँदैन ।

नेपालसांस्कृतिकपरिषद्‌ले यस किसिमको पत्रसङ्ग्रहलाई प्रकाश गर्ने अभिभारा लिई आफ्नो विद्याप्रेम देखाएको छ । यस कामलाई चाहिने कारिन्दा-खर्च मो.रु. १००। (एक सय) सो परिषद्‌ले हामीलाई दिएको छ । प्रकाशित पुस्तकमध्ये दशवटा हामीले पाउने भएका छौँ । सो परिषद्‌का अधिकारीहरू विशेषत: सचिव प्राध्यापक ईश्वर बराल हाम्रा धन्यवादका पात्र हुनुहुन्छ ।

श्रीमातामहको चरित्र मनमा मेरो सधैँ खेल्दछ
श्रीपद्‌माकरको पुरातनकथा यो कानमा गुँन्दछ ।
श्रीमान् पाणिनि विष्णुगुप्त[४] र शिरोमण्यादिका कारक[५]
मेरो सन्मुखमा बसीकन सधैँ देखाउँछन् सत्पथ ।।
कालीदासहरू अनेक रसिला देखाउँछन् नाटक
पृथ्वीले[६] निजदेशका स्थितिहरू औँल्याउँछन् सन्मुख
यस्तैमा जुन फुर्छ बोल्दछु त्यही होला भनी वास्तव
गर्दैलान् यसमा परीक्षकहरू राम्रो परीक्षा अब ।।

वि.सं. २०१२।७।१७।१

(वि.सं. २०१४ मा काठमाडौँबाट नेपाल सांस्कृतिक परिषद्‌द्वारा प्रकाशित धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको ऐतिहासिक पत्रसङ्ग्रह पहिलो भागका १-१२ पृ.)

---

४. विष्णुगुप्त = कौटल्य
५. शिरोमण्यादिका कारक = भास्कर
६. पृथ्वी = श्री ५ पृथ्वीनारायण

जयरत्नाकरनाटकको उपोद्घात

ग्रन्थ र ग्रन्थकार

इदमन्धं तमः कृत्स्नं जायेत भुवनत्रयम् ।
यदि शब्दाह्वयं ज्योतिरासंसारं न दीप्यते ।।

(दण्डी)

[शब्दरूपी उज्यालो संसारभर फैलिन सकेन भने यो सबै लोकलाई अन्धकारले छोप्नेछ ।]

ग्रन्थपरिचय

जयरत्नाकरनाटक नाम गरेको एक हस्तलिखित पुस्तक मसँग छ । यो पुस्तक मैले काठमाडौँ सवलबहालनिवासी दिवंगत खरिदार देवीप्रसाद त्रिपाठीबाट वि.सं. १९९४ मा पाएको हुँ । यो पुस्तकमा जम्मा १४९ पत्र छन् । यी पत्र साढे तेह्र अंगुल लामा र पौने ६ अंगुल चौडा छन् । नेपाली पाको कागतमा देवनागरी लिपिले लेख लेखिएको छ । प्रत्येक पत्रमा एकातिर हरिताल लाएको छ । पहिलो र अन्तिम पत्रमा चाहिँ एकातिर मात्र लेख लेखिएको छ । अन्यत्र सबैतिर दुवैतर्फ भरी लेख छ । प्रथम र अन्तिम पृष्ठमा चाहिँ ६ पङ्क्ति छन् । अरू सबै पृष्ठमा ७ पङ्क्ति छन् । पङ्क्तिपिच्छे घटीमा २० बढीमा २४ अक्षर छन् । अक्षर मोटा छन् । दुइ चार ठाउँ छाडेर लेख प्रायः जम्मै शुद्ध छ । अप्ठ्यारा पदको अर्थ बुझाउनका लागि पृष्ठको छेउछेउमा कोषका वाक्य दिइएका छन् । मसँग रहेको प्रतिमा दुर्भाग्यवश अठहत्तरौँ पत्र हराएछ । वीरपुस्तकालय आदि ठाउँमा खोजी गर्दा सम्पूर्ण प्रति नपाइएकोले सो पत्र खण्डित भएको छ ।

यस पुस्तकमा जम्मा ११ कल्लोल छन् । प्रत्येक कल्लोल सिद्धिँदा इति शक्तिवल्लभभट्टाचार्यविरचिते जयरत्नाकरनाटके प्रथमः कल्लोलः (शक्तिवल्लभ

भट्टाचार्यले बनाएको जयरत्नाकरनाटकको पहिलो कल्लोल सिद्धियो) यस्ता वाक्य लेखिएका छन् । पूर्वतिर सुखीम (सिक्किम) सम्म आफ्नो राज्य फैलाएपछि श्री ५ पृथ्वीनारायण पश्चिमतिर राज्य फैलाउने उद्योगमा लागेका थिए । सोही उद्योगका लागि नुवाकोट पुगेको वेलामा वि.सं. १८३१ मा उनको मृत्यु भयो । पर्वतका मल्ल राजाको चिठीबाट उद्धृत गरिएको *उप्रान्त गोर्षाका राजा हामीमाथि दावा राषी पश्चिम हेल्न भनि नुवाकोटसम्म पुग्याथ्या. मकरसंक्रान्तिका दिन १ घरी दिन चढ्दा भगवत्इच्छातह आपै हेलिया. ९ जना सती गया* यस वाक्यबाट यो कुरा स्पष्ट बुझिन्छ ।

पृथ्वीनारायणपछि नेपालको शासनभार लिने व्यक्तिहरूमा कसैले पनि पृथ्वीनारायणको इच्छाअनुसार पूर्णरूपमा पश्चिम विजय गर्न सकेका थिएनन् । एक व्यक्ति पृथ्वीनारायण जाँदैमा उनले जमाएको सेनाको शक्ति घट्नामा कुनै कारण थिएन । यस कारण सैन्यशक्तिको भरबाट भारादारहरू पश्चिमतिर बराबर विजय गर्दथे । तर व्यायाम (सैन्यशक्ति) ले मात्र राज्य चल्दैन, शम (शान्ति, पाएको कुरा अड्याउने गुण) पनि चाहिन्छ । सितिमिति सो गुणको पात्र बन्नु सम्भव छैन । त्यसैले परस्परको शंका संघर्षमै धेरै समय बितेको थियो ।

वि.सं. १८४२ श्रावण २ गते श्री ५ रणबहादुरकी मुमा महारानी राजेन्द्रलक्ष्मीदेवीको देहान्त भयो । १० वर्षका राजा रणबहादुरका प्रतिनिधि भई राजकुमार बहादुर शाह (श्री ५ पृथ्वीनारायणका कान्छा छोरा) नेपालको राजकाज चलाउन लागे । पृथ्वीनारायणका उत्तराधिकारी हुन चाहिने गुण बहादुर शाहमा थिए । हुनत बहादुर शाह अघि पनि एक-दुइ पल्ट राजप्रतिनिधिको पदमा पुगेका थिए । तर त्यस वेला उनको काम शंकाको दृष्टिले हेरिन्थ्यो । यस कारण उनी आफ्नो इच्छाअनुसार काम गर्न पूर्ण समर्थ थिएनन् । वि.सं. १८४२ मा पूर्ण शक्ति आफ्नो हातमा आएपछि वि.सं. १८४८ सम्मका छ वर्षभित्रमा बहादुर शाहले पश्चिममा चौबीसी, बाइसी, कुमाऊँ विजय गरी नेपालको सिमाना निकै बढाए । यो काम खालि सैन्यशक्तिको भरबाट हुनु सम्भव थिएन । बाह्र हजार घर भएको गोरखा देशका राजा आफ्ना बाबुले नौ लाख किरातीलाई आफ्ना प्रजा बनाउन जुन षाड्गुण्य (राजनीतिको दाउपेच) खेलेथे, त्यस्तै षाड्गुण्य खेली बहादुर शाहले पनि पश्चिम विजय गरेका थिए ।

नेपालीहरूको वि.सं. १८४३ देखि १८४८ सम्मको यही विजययात्रालाई लिएर कवि शक्तिवल्लभले वि.सं. १८४९ मा जयरत्नाकरनाटक लेखेका हुन् ।

लक्ष्मीनारायणोऽभूद् द्विजकुलतिलको राजराजेश्वरश्री-
पृथ्वीनारायणेन्द्राऽरुणकरकमलैः पूज्यपादारविन्दः ।
तस्यापत्येन माघे सुविमलमतिनाऽब्धीन्दुसप्तैकशाके
नेपाले लोकसारेऽमरनगरसमे नाटकं संव्यधायि ।। ११।१०

[महाराजाधिराज श्रीपृथ्वीनारायण शाहका राता कमलजस्ता हातले चरणकमल पूजिएका ब्राह्मणकुलमा श्रेष्ठ लक्ष्मीनारायण हुनुभयो । उनका निर्मल बुद्धि भएका छोराले शाके १७१४ (वि.सं. १८४९) को माघ महीनामा संसारको सारजस्तो भएको स्वर्गसमान भएको नेपालमा यो नाटक बनाएका हुन् ।]

विजयको कुरा भएको हुनाले नै यस ग्रन्थको नाम जयरत्नाकरनाटक रहेको देखिन्छ ।

वि.सं. १८२६ मा पृथ्वीनारायणले भक्तपुर विजय गरेपछि सो विजयको कुरा लिई त्यही वर्ष कवि ललितावल्लभले भक्तविजयकाव्य लेखेथे । श्री ५ पृथ्वीनारायणका उत्तराधिकारी राजकुमार बहादुर शाह बनेका छन् त ललितावल्लभका उत्तराधिकारी शक्तिवल्लभ बनेका छन् भन्नमा अत्युक्ति हुँदैन ।

ललितावल्लभ कविको थर गोत्र आजसम्म मैले थाहा नपाएकोले शक्तिवल्लभसँग उनको सम्बन्ध थियो वा थिएन भन्न म सक्तिनँ ।

कविपरिचय

नटी-कोऽसौ कविर्महानुभावः ।

सूत्रधारः-आर्य्ये, श्रीमदात्रेयगोत्रसमुद्भवकान्यकुब्जकुलालङ्काराज्यालोपनामक-गोर्षानगरनिवासिसङ्गीतशास्त्रकृताभ्यासशृङ्गारादिनवरसाभिज्ञकलाकुशलदेशभाषा-श्रयराजनीतिनिपुणराजमान्यश्रीलक्ष्मीनारायणसूनुश्रीशक्तिवल्लभभट्टाचार्य्यो जगति प्रख्यातो वरीवर्त्ति । तद्विहितश्रीरणबहादुरसाहमहाराजसमरविजयजयरत्नाकरनाम-नाटककौतुकं प्रस्तारय । (प्रथम कल्लोल)

[नटी- ऊ कवि महाशय को हुन् नि ?

सूत्रधार- प्यारी ! आत्रेय गोत्रमा पैदा भएका, कान्यकुब्जकुलका गहनाजस्ता भएका, अर्ज्याल थर भएका, गोरखा शहरमा बस्ने, संगीतशास्त्रको रफत गरेका, शृंगार आदि नव रस जान्ने, कलामा सिपालु भएका, लौकिक भाषामा रहेको राजनीतिको कुरा बुझेका, राजाले मानिएका, लक्ष्मीनारायणका छोरा शक्तिवल्लभ भट्टाचार्य संसारमा प्रख्यात छन् । तिनैले बनाएको महाराज रणबहादुर शाहको लडाइँको विजयको वर्णन परेको जयरत्नाकरनाटकको उत्सव फैलाऊ ।]

यसबाट शक्तिवल्लभ कविको परिचय राम्रोसँग पाइन्छ ।[१]

कविले आफ्नो नाटकमा दानको र साइतका वेलाको पूजा आदिको वर्णन राम्रोसँग गरेका छन् । ठाउँ-ठाउँमा शाकुनशास्त्र (पशुपक्षीहरूबाट शुभाशुभ निर्णय गर्ने शास्त्र), अङ्गलक्षणविद्या, अरिष्टलक्षण, जातपातको परिभाषाहरूको लम्बेतान व्याख्यान गरेका र टिप्पणीमा कोष र संगीतशास्त्रको उद्धरण दिएका हुनाले हाम्रा कवि शक्तिवल्लभ जजमानी गर्न, मानिसको जीउडाल हेरी शुभाशुभ फल भन्न, शकुन अशकुन विचार गर्न, गाना गर्न रुचि देखाउँथे तथा अमरकोष यिनलाई कण्ठस्थ थियो भन्ने बुझिन्छ । कोषमा परेका शब्दलाई बडो चाख मानी कविले प्रयोग गरेका छन् । पञ्चानन शब्दको व्याख्या गर्दा पुराण तन्त्रबाट पनि उद्धरण झिकेकाले पुराण र तन्त्र यिनले हेरेका थिए भन्ने बुझिन्छ । बंगालका अंग्रेज, दक्षिणका टीपुहरूको चर्चा गरेका हुनाले आफ्नो कालको भारतीय राजनीतिको केही सामान्य ज्ञान यिनलाई भएको बुझिन्छ । दरबारका उच्च भारादारहरूसँग सम्पर्क भइरहने हुनाले नेपालको केही राजनीतिलाई यिनले बुझेको हुनुपर्छ ।

---

१. आफ्नो थर अर्ज्याल नलेखी भट्टाचार्य लेख्न नै शक्तिवल्लभले रुचाएका छन्। बङ्गालीहरूमा भट्टाचार्य भन्ने चलन भएकोले उतैको नक्कल गरेजस्तो बुझिन्छ। यिनले पशुपति मन्दिरभित्रपट्टि दुई घण्टा चढाएका छन्। घण्टाको अभिलेखको उतार यहाँ दिइन्छ :-

श्रीसंवत् १८४९ वैशाखशुक्लतृतीयायां श्रीपशुपतिप्रीतये श्रीमहाराजपुरोहित-शक्तिवल्लभभट्टाचार्येण समर्पितेयं घण्टा। चिताइ गर्न्या देउपाटनको वैद्य पुरंद्रसिं दांगि द्वाऱ्या गजेन्द्र जैसि शुभम् धार्नी ३६। (यो अभिलेखको उतार मेरो प्रेरणाले ज्ञानमणि नेपालले ल्याएका हुन्।)

देशभाषाश्रयराजनीतिनिपुण भन्ने विशेषण आफूलाई लाउने कविले सरकारिया अड्डाखानाको लेखापढी गर्न जानेको अनुमान हुन्छ । राजपुरोहितजस्तो उच्च पदमा रहेका पढेगुनेका पुरुषले सरकारिया अड्डामा काम गर्नु कुनै नवीन कुरो होइन ।

यी कवि परिश्रमसाथ पढेर भन्दा भजन गरेदेखि विद्या बढ्ता आउँछ भन्दथे । धेरै विद्या पढ्नु विदेश गई विद्या कमाउनु केही काम छैन, कृष्णको भक्ति गरे राम्रा कविता लेख्न सकिन्छ भनी यी कविले लेखेका छन् (प्रथम कल्लोल ९-११ श्लोक) । भवभूतिले आफ्नो मालतीमाधव नाटकमा वेद आदि पढेको छु भनेर नाटक बनाउन केही काम लाग्दैन, शब्द र अर्थमा दोष छैनन् भने पाण्डित्य पनि त्यही हो, चातुर्य पनि त्यही हो भनी लेखेका छन् ।[२] यसरी भवभूतिले आफ्नो सफलतालाई आफ्नो नाटकबाट आउने गुणमा राखेका छन् । तर शक्तिवल्लभले भने पढेर के हुन्छ, भजन गर राम्रा कविता लेख्न जानिन्छ भनी आफ्ना लेखमा दोष देखाइदिनेलाई कुक्कुर पण्डित भनेर गाली गरेका छन् ।

गिरिजाप्रमथाधिपप्रसादाज्जयरत्नाकरनामनाटकाख्या ।
इति बुध्यत पण्डितप्रवीणाः कृतिरेषा कविशक्तिवल्लभस्य ।।
क्वाऽसौ शुभ्रांशुवंशक्षितिपरणबहादूरचण्डप्रतापः
क्वाऽहं मन्दात्मबुद्धिः कविजनगणने नास्ति रेखापि यस्य ।
यद्यप्येवं तथापि क्षितिपकुलमणेर्निर्मितं नाटकं द्रा-
गित्येवं साहसं मे सकलबुधजना यूयमेतत् क्षमध्वम् ।।
श्रीमन्नेपालदेशाधिपतिरणबहादूरवीरार्द्धकोटि-
सेनामध्ये न हानिर्यदि तु नरपतेः पञ्चषाः कुब्जखञ्जाः ।
कस्मिंश्चित् पद्यमध्ये मम भषकबुधैर्दूषणं दीयते चेद्
देयं मे नापि हानिः स्मरहरकृपया पद्यकोटीश्वरस्य ।। ११, ७-९

---

२. यद् वेदाध्ययनं तथोपनिषदां सांख्यस्य योगस्य च
ज्ञानं तत्कथनेन किं नहि ततः कश्चिद् गुणो नाटके ।
यत्प्रौढित्वमुदारता च वचसां यच्चार्थतो गौरवं
तच्चेदस्ति ततस्तदेव गमकं पाण्डित्यवैदग्ध्ययोः ।।
(मालतीमाधव १।१०)

[हे सिपालु पण्डित हो ! महादेव पार्वतीका प्रसादले यो जयरत्नाकर नाम भएको नाटक कवि शक्तिवल्लभले बनाएको हो, यो कुरा तपाइँहरू बुझ्नुहोस् ।

चन्द्रवंशी महाराज रणबहादुर शाहको ठूलो प्रताप कहाँ ? कविहरूको गणनामा गिन्ती पनि नभएको मन्दबुद्धि म कहाँ ? हुन त यस्तो हो, तैपनि मैले राजशिरोमणि रणबहादुरको नाटक चाँडै बनाएँ । मेरो यो साहसलाई तपाइँ सबै विद्वान्हरूले माफ गर्नुहोला ।

नेपालका राजा रणबहादुर शाहका पचास लाख फौजमध्येमा पाँच छ जना कुप्रा लंगडा भए पनि महाराजको केही हानि हुँदैन । मेरा कुनै श्लोकमा भुसिया विद्वान्हरूले खोट लाउँछन् भने पनि लाइराखून्, महादेवको निगाहले करोडौँ श्लोक बनाउने मेरो त्यसले के लछारिन्छ र ?]

माथिल्लो आठौँ श्लोकबाट आफ्नो नम्रतालाई देखाउने कवि तल्लो नवौँ श्लोकमा समीक्षक (समालोचक) का उपर अत्यन्त क्रुद्ध देखिन्छन् ।

नेपाल राज्यभर रहेका केटाकेटी बूढाबूढी आइमाई सबैले सबै काम छोडेर रणबहादुरका सिपाहीमा भरना भएका भए उनका पचास लाख सिपाही थिए होलान् भन्ने कल्पना गर्न सकिन्छ ।

शय वर्ष बाँचेको मानिसले जन्मेदेखि नमरेसम्म दिनहुँ सय श्लोक बनाउँदै गयो भने पनि जन्मभरमा सैंतीस लाख श्लोक बनाउन सक्तैन ।[३]

---

३. वैदिक ऋषिहरू

तच्चक्षुर्देवहितं पुरस्ताच्छुक्रमुच्चरत् पश्येम शरदः शतं जीवेम शरदः शतं श्रृणुयाम शरदः शतं प्रब्रुवाम शरदः शतमदीनाः स्याम शरदः शतं भूयश्च शरदः शतात् ।

(यजुर्वेद, ३६।२४)

[देवताको हित गर्ने उज्यालो त्यो आँखा पूर्वतिर उदायो । शय वर्षसम्म देखौँ, शय वर्षसम्म बाँचौँ, शय वर्षसम्म सुनौँ, शय वर्षसम्म बोल्न सकौँ, शय वर्षसम्म दुःख नपाऔँ, शय वर्षभन्दा बढ्ता पनि होस् ।]

शतमिन्नु शरदो अन्ति देवा यत्रा नश्चक्रा जरसन्तनूनाम् ।
पुत्रासो यत्र पितरो भवन्ति मा नो मध्या रीरिषताऽयुर्गन्तोः ।।

(ऋग्वेद १।६:१६९, यजुर्वेद २५।२२)

पाँच वर्षमा मानिसको अक्षराम्भ हुन्छ । १० वर्षजति पढेर मानिस श्लोक बनाउन सक्तछ । यस कारण मानिस कसरी करोड श्लोक बनाउन सक्ला ? कविको करोड श्लोक बनाउँछु भन्ने कुराले कविलाई हलुंगो बनाएको छ ।[४]

[देवता हो ! शय वर्षसम्म पनि हाम्रो नजीकमा रहनुहोस्, जुन अवस्थामा (शय वर्षमा) यहाँहरूले बूढो बनाइदिनुहुनेछ, जुन अवस्थामा (हाम्रा) छोराहरू बाबु हुनेछन्, हाम्रो चञ्चल आयुलाई बीचैमा ननासिदिनुहोस् ।]

इत्यादि मन्त्रले प्रार्थना गर्थे । यस कारण उनीहरूको अभीष्ट आयु शय वर्ष थियो भन्ने स्पष्ट हुन्छ ।

विक्रमका छैटौँ शताब्दीका प्रसिद्ध ज्योतिषी वराहमिहिरले आयुको विषयमा यस्तो लेखेका छन्–

समाः षष्टिर्द्विघ्नी मनुजकरिणां पञ्च च निशा
हयानां द्वात्रिंशत् खरकरभयोः पञ्चककृतिः ।
विरूपा साऽप्यायुर्वृषमहिषयोर्द्वादश शुनां
स्मृतं छागादीनां दशकसहिता षट् च परमम् ॥

(बृहज्जातक आयुर्दायाध्याय)

[मान्छेको र हात्तीको १२० वर्ष ५ दिन, घोडाको ३२ वर्ष, गधा र ऊँटको २५ वर्ष, गाई भैँसीको २४ वर्ष, कुकुरको १२ वर्ष र बोकाहरूको १६ वर्ष परम आयु हुन्छ ।]

जन्मकुण्डलीमा रहेका ग्रहस्थितिबाट आयुर्दाय गन्नाका लागि यो परम आयु दिइएको हो । सबैको यति आयु हुने होइन । यस कारण मनुष्यको परम आयु शय वर्ष भन्नु सबै दृष्टिबाट उचित छ ।

एक वर्षमा दिन ३६५.२५

शय वर्षमा दिन ३६५.२५ ×१०० = ३६५२५

(दिनहुँ शय श्लोक बनाएमा) शय वर्षमा श्लोक संख्या =३६५२५×१०० = ३६५२५०० ।

४. करोड श्लोक बनाउँछु, करोड गाई दान गर्छु, करोड सिपाहीलाई जित्छु, भन्ने अत्युक्ति कुरो दुर्भाग्यले गर्दा हाम्रो अर्वाचीन वाङ्मयमा चलेको छ । जसले गर्दा हामीहरू वस्तुस्थितिलाई हेरी भावुकताका कुरा गर्ने बनेका छौँ ।

जनको ह वैदेहो बहुदक्षिणेन यज्ञेनेजे । तत्र ह कुरुपञ्चालानां ब्राह्मणा अभिसमेता बभूवुः । तस्य ह जनकस्य वैदेहस्य विजिज्ञासा बभूव । कः स्विदेषा ब्राह्मणानामनूचानतम

इति । स ह गवां सहस्रमवरुरोध । दश दश पादा एकैकस्याः शृङ्ग्योराबद्धा बभूवुः । तान् होवाच- ब्राह्मणा भवन्तो यो वो ब्रह्मिष्ठः स एता गा उदजतामिति ।

(शतपथब्राह्मण, बृहदारण्यकोपनिषद्)

[विदेह देशका राजा जनकले धेरै दक्षिणा दिएर यज्ञ गरे। त्यहाँ (जनकको यज्ञमा) कुरु देशका र पञ्चाल देशका ब्राह्मणहरू जम्मा भएका थिए। यी ब्राह्मणहरूमा कसले सबभन्दा बढ्ता पढेको रहेछ भन्ने कुरा बुझ्न जनकलाई मन लाग्यो। जनकले हजार गाईलाई एक ठाउँमा थुने।

प्रत्येक गाईको सीँगैपिच्छे अढाइ अढाइ मासा (सुन) लाइदिएको थियो। जनकले भने- बाहुन बाजेहो, तपाइँहरूमा सबभन्दा जान्नेले यी गाई धपाई लैजानुभए हुन्छ।]

यहाँ राजाले दान गरेको गाईको ठूलो संख्या हजार छ। हजार गाई हाम्रो देशमा पनि बराबर दान भइरहेको देखिन्छ सुनिन्छ। यसरी यो दानसंख्याले वस्तुस्थितिलाई छाडेको छैन।

अथैकधेनोरपराधचण्डाद् गुरोः कृशानुप्रतिमाद् बिभेषि ।
शक्योऽस्य मन्युर्भवता विनेतुं गाः कोटिशः स्पर्शयता घटोध्नीः ।।

(रघुवंश २।४९)

[बिराएमा (यी गाईलाई मराएमा) एउटी गाई मात्र भएका गुरु अत्यन्त रिसाउनुहोला भन्ने डर तपाइँको मनमा भए ठूलठूला कल्चौँडा भएका करौडौँ गाई दिएर तपाइँले गुरुको रीस कम गराउन सक्नुहुन्छ।]

यहाँनेर राजालाई उल्लू बनाउन खोज्ने सिंहले तपाइँ करोड गाई दान गर्न सक्नुहुन्छ भनी फुर्क्याएको छ। फुर्क्याउनेहरू यस्तो कुरा गर्छन्। यस कारण यहाँ अतिशयोक्ति स्वभावोक्ति मिलेमिलेजस्तो भएको छ। पछिका कविले आँखा चिम्लेर करोड शब्दको प्रयोग गरेका छन्।

दत्वा द्विजेभ्यो रत्नवन्ति राजतानि जातरूपमयाणि सहस्रशस्तिलपात्राणि कनकपत्रलतालंकृतशफशृङ्गशिखरा गाश्चार्बुदशः ...

(हर्षचरित सप्तम उच्छ्वास)

[(राजा हर्षवर्द्धनले) रत्न हालेका चाँदीका र सुनका हजारौँ तिलपात्र तथा सुनका सीँग खुर भएका अर्बुदौँ (दश करोडको एक अर्बुद हुन्छ) गाई बाहुनहरूलाई दान दिएर]

उत्तर भारतका राजा हर्षले दश करोडौँ गाई दान गरे भन्नु गफ गर्नुसिवाय केही होइन। कालिदासभन्दा बाण गफ गर्नामा अगाडि बढेका छन्।

युद्धारम्भः कृतोऽस्मिन्नपि शुभदिवसे शत्रुभिर्युद्धशौण्डै-
र्दुष्टैः कोयेऽवरुद्धः कुटिलनृपभटैरद्भुतैः कोटिसंख्यैः ।
लीलामात्रेण शत्रूनपनयत तदा पार्थिवः पार्थतुल्यः
कोटं निर्मोचयित्वा नमुचिरिपुरिवानन्दसन्दोहमाप ।।

(पाटन कृष्णदेवलको शिलालेख, यो शिलालेख पं. भगवानलालद्वारा प्रकाशित भएको हो । संस्कृतसन्देश २ वर्ष १ अङ्कमा पं. बुद्धिसागर पराजुली, यज्ञानन्द वज्राचार्य, रत्नबहादुर वज्राचार्यद्वारा यो प्रकाशित भएको छ ।)

[यो शुभ दिनमा पनि दुष्ट लड्न सिपालु कपटी शत्रु राजाका करोडौँ सिपाहीहरूले कोट दखल गरे । त्यस वेला अर्जुनजस्ता राजाले शत्रुहरूलाई खेलबहाडसँग हटाइदिनुभयो, कोट फिर्ता लिई इन्द्रजस्तै खुशी हुनुभयो ।]

वर्तमान कालमा मेचीदेखि महाकालीसम्म फैलिएको नेपालराज्यमा मनुष्यहरू एक करोड छैनन् (वि.सं. २०११ को जनसंख्याविवरणपत्रअनुसार नेपालको जनसंख्या ८४,३१,५३७ पुगेको छ) पचास जति टुक्रा भएको नेपाल राज्यको एक टुक्रो पाटनका राजाले मैले करोड सिपाहीलाई जितेँ भन्नु हाँसोउठ्तो कुरो छ ।

दैवज्ञैरथ गर्गगर्वहरणज्ञानैर्भिषग्भिस्तथा
धन्वन्तर्यभिमानधूननपरैर्वागीशवद् वाग्मिभिः ।
श्रुत्यर्थामृतसंश्रुतिक्रमलसद्वक्त्राम्बुजैः श्रोत्रियै
राजा सार्धमधिष्ठितः परिषदं पस्पर्श गाः कोटिशः ।।

(ललितावल्लभको पृथ्वीन्द्रवर्णनोदय । यो प्रकाशित भएको छैन, यसको प्रतिलिपि मैले ऐतिहासिकशिरोमणि बाबुराम आचार्यबाट पाएको हुँ)

[गर्गभन्दा जान्ने ज्योतिषीहरू, धन्वन्तरिभन्दा जान्ने वैद्यहरू, बृहस्पतिजस्ता बोलैया, वेदको अर्थ मुखमा भएका वैदिकहरूसँग सभामा बसेका राजा (नरभूपाल) ले करोडौँ गाई दान गर्नुभयो ।]

गोरखाका राजाले करोडौँ गाई दान गरेको कुरा त्यस्तै उपहासास्पद छ ।

भूपो भक्तिभरेण योऽल्पवयसि प्राप्यैव वाराणसीं
यात्रानन्तरमागतौ स्वमहसा मार्गावरोधोद्यतान् ।
हत्वारीन् स्वपुरीं प्रविश्य च नवाकोयख्यदुर्गं वलाज्
जित्वा प्राप च काष्ठमण्डपपुरीं संहृत्य कोटीर्द्विषाम् ।।

(वाग्वती किनाराको ढुङ्गे खामाको भीमसेन थापाको अभिलेख । यो अभिलेखका कवि वाणीविलास हुन् । यो अभिलेख संस्कृतसन्देश १।७ मा मैले प्रकाशित गरेको छु ।)

ग्रन्थपरीक्षा

शक्तिवल्लभले आफ्नो ग्रन्थलाई नाटक हो भनी भनेका छन् । यस कारण नाटकको विषयमा अलिकता विचार गर्नु परेको छ ।

पुराना आचार्यहरूले श्रव्य र दृश्य गरी काव्यका दुइ भेद मानेका छन् । जुन काव्यको कुरा सुन्न मात्र सकिन्छ, त्यसलाई श्रव्यकाव्य र जुन काव्यको कुरा हेर्न पनि सकिन्छ त्यसलाई दृश्यकाव्य भन्दछन् । दृश्य काव्यको नामान्तर नाटक हो । नाटकका खण्डलाई अङ्क भनी पुराना आचार्यहरूले नाम राखेका छन् । कथा र वर्णनका हिसाबबाट नाटकका धेरै भेद प्राचीन आचार्यहरूले गरेका छन् । पात्र हेरी भाषाको प्रयोग गर्ने पनि उनीहरूले नियम बाँधेका छन् ।

बुद्धका पालाको उत्तर भारतको जनभाषा अलिकता मात्र रूपान्तर भएर पालि भन्ने नामले प्रख्यात भएथ्यो । पालिग्रन्थहरू हेर्दा त्यसताकाको भाषा र संस्कृत भाषामा धेरै अन्तर पाइँदैन । पालि भाषा राम्रोसँग जान्ने मनुष्यले अलिकता परिश्रम गरेको खण्डमा संस्कृत भाषा बुझ्न सक्दछ । नपढेका मानिसहरूले पनि व्यवहार गरिने पालिजस्ता जनभाषाले प्राकृत अर्थात् साधारण जनको भाषा भन्ने नाम र पढेका अर्थात् संस्कृत भएका मानिसहरूले मात्र व्यवहार गर्न सकिने भाषाले संस्कृत नाम त्यसै वेलातिर पाएजस्तो बुझिन्छ । किनभने पाणिनिले आफ्नो कालको जनभाषालाई खालि भाषा भन्ने शब्दले व्यवहार गरेका छन् । पाणिनिको सामुन्ने वैदिक वाङ्मय र लौकिक भाषा दुवै थिए । कालक्रमले, देशक्रमले फरक पर्ने भाषाको स्वभाव भएको हुनाले वैदिक भाषादेखि पाणिनिका

[जुन राजा (पृथ्वीनारायण) कच्चै उमेरमा ठूलो भक्तिले काशी पाउलाग्नुभयो, फर्कँदा बाटो छेक्न आउने शत्रुहरूलाई आफ्नो पराक्रमले कत्तल गरी आफ्नो शहर (गोरखा) मा प्रवेश गर्नुभयो । नुवाकोट किल्ला बलले जित्नुभयो । करोडौँ शत्रुहरूलाई सिध्याई काष्ठमण्डपमा प्रवेश गर्नुभयो ।]

गोरखाका राजा पृथ्वीनारायणले करोडौँ शत्रुलाई सिध्याए भन्नु अतिशयोक्तिसिवाय केही होइन ।

यस कारण यी सबै कुरा विचार गर्दा हामीले शक्तिवल्लभलाई मात्र दोष दिनुहुँदैन ।

समयको भाषा फरक हुनु स्वाभाविकै थियो । सामान्यजन र पठित व्यक्तिले पनि त्यही भाषामा व्यवहार गरेका हुनाले पाणिनिले संस्कृत प्राकृत नामको झमेलामा पर्नुपरेन । पाणिनिको भाषा नै पछिको संस्कृत भाषा हुन आयो । बुद्धभन्दा पछि लेखिएका नाटक मात्र आजसम्म पाइएका छन् । त्यस वेलामा संस्कृत प्राकृतको झमेला उठिसकेको थियो । देशैपिच्छे कालैपिच्छे भाषाले परिवर्तन लिँदै गएको देखेर शिक्षाको भाषामा एकरूपता र स्थिरता ल्याउन खोज्ने विद्वान्हरू संस्कृत भाषातिर लहसिन लागेका थिए । साधारण जनतामा आफ्नो विचार फैलाउन खोज्ने मानिसहरूले प्राकृत भाषाको शरण लिनु आवश्यकै थियो ।

यसै कारण भास आदि त्यस कालका कविहरूले पठित मानिसहरूको मुखबाट संस्कृत भाषा र अपठित मनुष्यको मुखबाट प्राकृत भाषा निकालेका छन् । पछिपछि प्राकृत भाषा पनि फरक पर्दै गयो । अब केही वर्ष नपढी संस्कृत भाषा नबुझिने अवस्थामा पुग्न गयो । त्यस वेलाका नाटककारहरूले भासहरूको परम्परालाई थामी संस्कृत र प्राकृत दुवै भाषाको प्रयोग गर्न लागे । परन्तु उनीहरूले प्रयोग गरेको प्राकृत भाषा उनीहरूको वेलाको जनभाषा थिएन । साधारण पढेलेखेका मानिसहरूले व्यवहार गरिने पनि संस्कृत भाषा थिएन । अहिलेभन्दा पचास वर्षअघिका नेपालखाल्डाका कवि सरदार छविलालले आफ्ना सुन्दरचरित, कुशलवोदयनामक दुइ नाटकमा सोही परम्परा लिई संस्कृत र प्राकृत भाषाको प्रयोग गरेका छन् ।

छविलालभन्दा शय वर्षअघिका नेपालखाल्डाका कवि शक्तिवल्लभले भने आफ्नो नाटकको भागलाई अङ्क नभनेर कल्लोल भनेका छन् । यति एउटा कुराले मात्र पनि भासहरूको नाटकको परम्परालाई उनले तोडेको स्पष्ट देखिन्छ । रत्नाकर भनेको समुद्र हुनाले त्यसका खण्डलाई शक्तिवल्लभले कल्लोल अर्थात् छाल भनेका होलान् । शक्तिवल्लभले पठित अपठित सबैको मुखबाट संस्कृत भाषा निकालेका छन् । यो पनि उनले परम्परा तोडेको चिह्न हो । भासका परम्पराका नाटकहरूमा पात्रहरूले गरेको क्रियालाई बुझाउने क्रियापद वर्तमान कालको रहेका हुन्छन् । परन्तु शक्तिवल्लभले भने प्रायः भूतकालकै क्रियापद प्रयोग गरेका छन् । यो पनि उनको विलक्षणता हो । अन्त सूत्रधार नटीहरू नाटकको कथाको उठानमा देखापरेका हुन्छन् । परन्तु शक्तिवल्लभको नाटक भने

एकप्रकारको नटी सूत्रधारको संवादजस्तो छ। धनी मानिसको ठटेउलो साथीलाई विदूषक भन्ने अन्त चलन छ। परन्तु शक्तिवल्लभका विदूषकले भने परदेशमा गएर लडाइँ गर्न आएका राजाहरूलाई अनुत्साहित पार्ने र रणबहादुरको प्रशंसा गाउने काम मुख्य गरेर लिएको छ (५–६ कल्लोल)। यस किसिमबाट कौटल्यको सत्रीले गर्नुपर्ने काम शक्तिवल्लभको विदूषकले गरेको देखिन्छ। यी कुरा देख्ता शक्तिवल्लभको नाटकको विषयमा भास, कालिदासका परम्पराका नाटककारहरूसँग सोधेको खण्डमा यो नाटक हो भन्ने उत्तर पाउन गाह्रो देखिन्छ।

हात हेर्ने मनुष्यको मुखबाट शरीरको शुभाशुभ लक्षणको विषयमा लम्बे व्याख्यान निकालेको छ (७ कल्लोल)। त्यसमा अन्तबाट उद्धृत गरिएका कुरा मात्र छन्। अर्को ठाउँमा मर्न लागेको मनिसको लक्षण लम्बेतान गरेर लेखेको छ (१० कल्लोल)। एक ठाउँमा जातपातको विषयमा धर्मशास्त्रबाट लम्बेतान उद्धरण झिकेको छ (४ कल्लोल)। यी कुरा देख्ता नाटक भनी यस पुस्तकलाई भन्न गाह्रो पर्छ। फलादेश गर्ने, जातपात छुट्ट्याउने मनुष्यलाई सजिलो पर्ने गरी सङ्ग्रह गरिदिएको निबन्धजस्तो यो भाग देखिन्छ। बीचमा ल्याएर सुगा मैनाको कथा(६ कल्लोल) हाली मैनाबाट राजनीतिको दूतको काम लिएको देख्ता त पञ्चतन्त्रको कथा पढेजस्तो भान पर्दछ।

अन्त्यको आशीर्वादश्लोक पात्रको मुखबाट निकाल्ने परम्परालाई छोडेर कविले आफैँले आशीर्वाद लिएका छन्। सो आशीर्वादको एउटा श्लोकमा परेको पञ्चानन शब्दको पैँतालीस व्याख्या गरेको देखिन्छ। सो व्याख्या टिप्पणीमा गरिदिएको भए पनि सुहाउने कुरोजस्तो हुन्थ्यो। परन्तु मूलमै व्याख्यालाई मिलाएर कविले अनौठा कुरा देखाएका छन्।

भासहरूको नाटकपरम्पराको ख्याल नराखेका शक्तिवल्लभलाई नाटक लेख्ने प्रेरणा दिने कुन परम्परा हो भन्ने विषयमा यहाँ विचार गर्नुपरेको छ।

पछिल्लो मल्लकालमा नेपालखाल्डामा एक प्रकारका गद्य, पद्य, गीतहरूको सङ्ग्रह गरी बीचबीचमा संवाद देखाई तिनलाई नाटक भन्ने नाम दिने चलन चलेको थियो। ती नाटकहरू नेवारी, संस्कृत, हिन्दी, मैथिली भाषाहरूको मिस्कटमा प्रायः पाइन्छन्। यिनमा केही नाटकको उद्धरण तल दिइन्छ -

श्रीनृत्यनाथाय नमः । अथ तारकासुरवधो नाम नाटकं लिख्यते ।

नाण्डीश्लो.

ध्यायंतं हृदयाम्बुजे सुविमलं ज्योतिर्जगद्व्यापकं
कुर्व्वाणं निजभालनेत्रहुतभुग् मस्मावशेषं स्मरं ।
स्वेच्छातः परया युतं गिरिजया शक्त्यार्द्धदेहे पुन-
र्य देवं जगतामधीशमनिशं श्रीनृत्यनाथं भजे ।।

शून्य मे. । प्रवेश । सूत्र. गा. श्लो. ।

चन्द्रखण्डधरं खण्डपरशुं प्रणमाम्यहं ।
भस्मीकृतरतीशांगं कान्तकान्तार्द्धदेहिनं ।।

मे. स्वानतिने. श्लो. ।

जयकलापेन्दुकलाविराजितं सुपावकं पावकभाललोचनं ।
भुजंगनाथैर्भुजकर्ण्णमण्डितं सदा सदारं च सदाशिवं भजे ।।
श्रीश्रीमस्येन्द्रनाथचरणाम्बुजं प्रणमामि ।

मे. अयि प्रिये नर्तकी इहागच्छ २ ।

न. वव । नाही तुह्मं प्रणमामि । किमानवेइ ।

सू. अयि. न ललिटपट्टनाधिपतीमहाराजाधिराजश्रीश्रीनिवासमल्ल-सभानुरंजनार्थं कुमारविजयनामनाटकं नरीनर्त्तयामि ।

न. अज्यो नाह कीरिसी ललिटपट्टन नाम नगरी ।

सू. प्रिये न. कथयामि शृणोतु ।

न. आनवेइ ।

देशवर्णना । मे ।

प्रिये एतादृशी ललिनपटननगरी ।

न. अ. ३ कीरिसो श्रीनिवासमल्ल महाराजो ।

सू. प्रिये कथयामि शृणोतु भवती । मे ।

अयि प्रिये एतादृशमहाराजश्रीनिवासमल्लं जानीहि ।

(अन्त्यमा)

महाराज श्रीसिद्धनरसिंहेर पुत्र श्रीश्रीनिवास मल्लके शुभाशीर्वाद करिया परमसुखे कैलास जाय वो चलो

सर्वे. बिजे करो ।

पञ्चम मे

ज. सायकगजमुनि (७८५) नेपाल्हायने कुमारविजय नाम समर नटने ।

कयल किरतिसिंह हर ...

(२)

ॐ नमः श्रीनृत्यनाथाय । मुदावतीहरण प्याखं ग्रंठ चोस्यं या ।

शून्य मे । राग मारव । पंचमान तार । घरं जति ।

शिव २ जे शिव चन्द्रकलाधर हर ।

परिमान ।

दमरुत्रिशूलधर त्रिनयनशोमे ।

एकतरि ।

शंकर त्रिभुवनसारे ।

जति ।

जटाशोभिततनु शिव गौरीसाथे ।

प्रतार । नवरस फलदेहो काजे ।

रवजति । विकट जटज सुवृषभ वाहन विसमनयन विराजे ।

घतूलपफल भांग भोजन शंकर त्रिभुवन साजे ।

नवरस फल देहो काजे ।

सूत्र प्रवेश । मे. । राग नाट । ए. ।

जय २ नृत्येश्वर त्रिभुवन ईश्वर,

विभूति धवरतनु दमलुत्रिशूलधर ।

गंगतरंगशिर गउरी सुसंगे ....र रंगे ।

नर्त्तकी वव. तिप । देशवरणा । मे । रागश्री । घरं जति ।

चंपापुरी सुरपुरीसम पुरी शोभे

ततरह भैरव भीषन तीषनगनच्छोभे ।

जे. देवी वाराही शोभे चामुंडा भवमाई

जे. ततरह उपवन सुखनतुल हरिशाई ।

जे. असिक रसिक घर सुजनसमाजे

ततरह निरमल जर जत सरवर राजे ।

राजवर्णा । मे. । राग वैरावली । पर तार ।

धन्य नृपतिवर भूपति सुन्दर श्रीइन्द्र मल्लप्रभु राजे । ध्रु. ।

हरि अवतार तेज सुरुज समाने ।

मदन अधिक रूप समनहि आने । ध्रु. ।

छत्र सिंहासन ध्वज हनुमाने ।

रिपुखंडन असि तीषन बाने । ध्रु. ।

भाग्यवती देवीपति छत्रपति राजे ।

प्रजा प्रतिपालन जिन्हिके सुसाजे । ध्रु. ।

मच्छिंदर पदपंकज मन भावे ।

जसु सुमिरन कय अभिमत पावे ।

(अन्त्यमा)

नेपालवच्छरवसुकरनाग (८२८) युते

दशमी अश्विनीकृष्णदिन चन्द्रसुते ।

भाग्यमती देवीपति धन्य नरपति ।

श्रीइन्द्र मल्ल प्रभु नवराज्यपति ।

चंपापुरी पंचसमूह धरम कामे

नाटक कइरो मुदावतीहरण नामे ।

तवदेवर बलि काय त्वाक ३ कुं. ।। इति श्रीबलदेवद्विजेन कृतं मुदावतीहरणं नाम नृत्यस्य तृतीयाङ्क गीतग्रण्ठ समाप्तम् ।।

संवत् ८२८ अश्विनीकृष्ण दशमी बुधवार थ्व कुह्नु वा देशस थ्व मुदावतीहरण प्याखां पिंदङ । जुरो. थ्ववा गुरु श्रीबलदेवजु थ्वया काय श्रीकविराम कनिष्ठ काय विद्यारामजु स्वह्म व कायन ... प्याख ... वाया भंसार सुदर्शनजु. त्यागरया वासिंजु परशेष वा देशछिं पंचन धर्मार्थन अंक ३ दोहसिन दयका. मोहनी साधना गुरु श्रीविद्यानन्द उपाध्याय काय दातिह्म श्रीअनन्तानन्द भाजु । शुभ । लिखितं श्रीबलदेवेन । थ्वगुरि दत्तं वादेश चंपापुरी मदुसतर जीर्णोद्धार याङाव हर दएकु एरया सतिग्लया महांकाल परमानन थ्ववेरस वा देशया परमान थ्वह्म माहा कालमाजु ।

(३)

श्रीनृत्यनाथाय नमः । अथ त्रिपुरासुरवधनामनाटकं लिखिते ।

नाण्डी श्लोक । प्रवेश सूत्र गणेश सिद्धिदायनी बुद्धिदायनी । गाच्छे श्लोक ।

नमामि नगजानाथं तारानाथकलाधरं ।
नागभूषणसर्व्वाङ्गं भूतिभूषणसुन्दरं ।।

मे. स्वान मालतिने . श्लो. ।

उमार्द्धदेहधारिणं जटाकलापमौलिनं
स्फुरच्चचन्द्रशेषरं नृमुण्डमालशोभितं ।
विभूतिभूषितकृतिं फणिन्द्रकर्णभूषणं
विचित्रपुष्पमालयाऽर्च्चयामि तान्दवेश्वरं ।।

श्रीश्रीनृत्येश्वरस्य चरणारविन्दपूजनार्थं पुष्पमालां प्रत्य(र्प)यामि ।

स्वानतिने । अपि प्रिय सिद्धिदायनी बुद्धिदायनी मदीयं वचनं श्रूयतां ।

सि. बु. हे गणेश्वर आज्ञां देहि ।

ग. श्लो. सर्व्वकार्य्येषु सर्व्वेषां सिद्धिदाता गजाननः ।
शंकरस्य सुतस्सोहं विघ्नराजः समागत : ।।

सि. बु. हे गणेश्वर । सत्यमेव ।

सि.	हे गणेश्वर, मदीयवचनं अवधार्य्यतां ।
ग.	अयि सि. कथ्यतां ।
सि. श्लो.	तव पादपदाम्भोजभक्त्याराधनतत्परा ।
	सर्व्वकार्य्येषु चतुरा नाम्नाहं सिद्धिदायनी ॥
ग.	अयि । सि. सत्यमेव ।
बु.	हे गणेश्वर मदीयवचनं अवधार्य्यतां
ग.	अयि वु. कथ्यताम् ।
वु.श्लो.	
ग.	अयि वु. सत्यमेव ।
ग.	इदानीं श्रीश्री आर्य्यावर्त्तलोकेश्वरं प्रणमामि ।
श्लोक	तरुणारुणसंकाशं ब्रह्मविष्णुशिवात्मकं ।
	तुरीयं त्रिगुणातीतं मत्स्येन्द्रं प्रणमाम्यहं ॥
	एतादृशं श्रीश्रीमत्स्येन्द्रं प्रणमामि । मे ।
ग.	अयि सि. बु. धन्येयं ललितापुरी नाम नगरी ।
सि. बु.	हे गणेश्वर किमर्थं आज्ञां देहि ।
ग.	अयि सि. बु. अहं कथयामि त्वमवधारय । मे. श्लो.
ग.	सुरराजपुरीतुरिता नगरी ललिता प्रतिमाप्रतिभा सुतरां ।
	हरहास्यगता सुनदीनिकटा मणिमण्डपभीमयुता शुशुभे ॥
	अयि सि. बु. एतादृशी ललितापुरी नाम नगरी त्वं जानीहि ।
सि.बु.	हे गणेश्वर अस्यां नगर्थ्यो को नाम राजा विराजते ।
ग.	अयि सि. बु. अहं कथयामि त्वमधारय । मे. श्लो.
	माता राजेश्वरीदेवी श्रीमहीन्द्रस्य भूपतेः ।
	स श्रीसिद्धिनृसिंहस्य कुलदीपो विराजते ।
	अयि सि. बु. एतादृशो रविकुरतिरकहनूमध्वज-श्रीश्रीनृसिहमल्लनृपतिकुलदीपराजेश्वरीदेवीपुत्र-महाराजाधिराजमहाप्रतापीश्रीश्रीमहीन्द्रमल्लनृपतिं जानीहि ।

सि. बु. हे गणेश्वर सत्यमेव । हे गणेश्वर अस्मिन् ललितापुरी-नाम नगरे लोकानां महोत्सवः अनुमीयते कारनं कथ्यतां

ग. अयि सि. बु. श्रीश्रीमहीन्द्रमल्लभूपतिणा त्रिपुरासुरवध-नामनाटकं नरीनर्त्तयेति आज्ञप्तमेव अथ कारणात् लोकाणां महोत्सवो जायते ।

(४)

ॐनमः श्रीनृत्यनाथाय । सर्वेश्वरोत्पत्तिनृत्यग्रंठो लिख्यते । नान्दी श्लो.

तुरीयं त्रिगुणतीतं निरंजननिरामयं ।
केवलं सच्चिदानन्दं तं भजामि महेश्वरं ।।

शून्य मे । राग मारव धरं जति ।
जय कुम्भेश्वर त्रिनयन शंकर विभूतिविलेपिते ।
भूतगनघन धतुरभोजन दिगसुवसन हे
जय २ शिवेश महेशे ।

सूत्र. प्रवेश । राग नाढ । अस्तारा ।
ब्रह्मसरूप हरभूषण विषधरे शशधर शिरधर धवर केवरे ।
आइरोहे सूत्रधर नटनसुवेशे नव रस उदय नृत्य रोउ देशे ।

स्वानमार तंने । सूत्र नर्त्तकी वोङ । नर्त्तकी वव तिप ।
देशवर्णा मे । राग नढ विलावली ।
रसिक ललितापुरी अती मनहरे । ध्रु । वाथ्य ।
वागमतीनदीतीरे ।
वसती त्रिजगती । ध्रु ।
सर्वेश्वर कुम्भेश्वर त्रिलिङ्गकोपेश्वर आदिविष्णुनृत्येश्वर
वउध उमेश्वर । ध्रु ।
लोकनाथ गोपीनाथ तत विश्वनाथे
पीठ अनेक देवीकुल देवगण साथे । ध्रु । मनिगन

मनि कपिकेशरी कुमारे ।

त्रिधारीपुनारी मंडप मसीम उदारे राजगृह यतार सुवरण दुवारे ।

दुए रतन आगारे । ध्रु । राजेश्वरी देवीसुत सव गुणसारी ।

कैलासंसदृश वीर महींद्र मल्ल नृप छत्रधारी । ध्रु ।

राजवणां मे प्र

धन्य नृपतिवर चतुर सुन्दरे वीर महीन्द्र मल्ल राजे । वाथ्य ।

हरि अवतार तेज अति विराजे राजेश्वरीदेवीसुत रविकुल काजे

(अन्त्यमा)

अहे प्रिये गौरी देवी सकर समूह लोके श्रीराजेश्वरीदेवी सहिते श्री २ वीर महीन्द्रमल्लराजेन सप्ताङ्गराज्यसहीत आयुप्रतापबुद्धिरस्तु । सकरसं अहे परमेश्वर तथास्तु ।

जबकुँखवकुँ भासाउं तव दवर वने । लु ।।

इति श्रीद्विजवलदेवपुत्राभ्यां सहितेन कृतं सर्वेश्वरकुम्भेश्वरोत्पत्ति नृत्यग्रण्ठस तृतीयाङ्क समाप्तं । ३ शुभं ।

सं. ८३१ चैत्रकृष्ण एकादशी सोमवार कुह्नु श्रीसर्वेश्वर कुम्भेश्वर उत्पत्ति प्याखं पिदङा जुरो. कोवार त्वारया पंच सकर समूहन श्रीकीर्तिमङ्गला रानी दातिम्ह थकुनि जुजु कोनिम्हया गौरीशंकरजु धुंवारया अनिरुद्धजु कोमतीया श्रीचिकिति लावरजु भोच्छि काबाहाया जयकृष्णजु आदिनं दिशच्छिंत्वारच्छिं समूह जुस्यं थ्व प्याखं दयका आखार अनया नाश्वरचोकसं । थ्वया गुरु थंवु अग्निसारा क्वया श्रीबलदेव ब्राह्मणजु थ्वया पुत्र श्रीकविरामजु कनिष्ठपुत्र विद्याराम जु थ्व सोह्मवाकाय ग्रण्ठया नृत्यगीत मृदंग आदिनमार र रक्वसेन राग मे घात हस्तक भास्य श्लोकयां गुरुपास प्यासं दयकु, कोवारया कोमतीया वहारयो कोनिह्म्या पंचसमूहन, थ्ववेरस श्री ३ राजेश्वरीदेवी रानीजु सहन थ्वस पुत्र च्छत्रधारी श्री ३ वीर महीन्द्र मल्ल राजा जुवा विजयराज्येस कोवारया त्वार परमान कोनिह्मया गौरीशंकरजु प्रख्यांति नाम मिरुजु थ्वसेनं पंचसन समूहन दयकु । थ्वबेरस जुजुया जन्मवर्ष ५ ।। दरेन जुरो ।

(५)

श्रीनृत्यनाथाय नमः। थन नान्दिश्लोक

अमृतकरकलानं स्वर्णदीया तरंगं

शिरस अतिन शोभा ग्वह्मया भूतसंगं।

गओरि अरघ देहं याक तीसा भुजङ्गं

ओह्मया चरण सेवा यायजिं भक्तिरंगं

थन देशवर्णना

नगरलक्षण दुन कान्तिपुर भिङ पुरन्दरपुर गण जुह ओथथिङ।

तजेजु बिज्याक थन कुमारीसहीत पशुपति गुह्येश्वरी जगतया हीत।

धरमस रस जुओ जन गुण थूल महानदि निषदुन पुण्य भूया मूल।

अधिपति जयपरकाश सुधीर कविया वचन भिङ धरमसुधीर।

थन राजवर्णना

रविकुलकमलया याक विकाश राजवर सुन्दर जयप्रकाश विष्णुसमान। ध्रु।

कुलदेवी भजनस मन थिर याक नीतिनिपुन जुओ गुनिह्मओ जाक।

पृथिविश जुओ ओस इन्द्रसमान अरजुनस तुलवा तुरयाक दान।

पुरजन लहिकन यात गुलिमान कविन सियाओ तहाल थुलसत ज्ञान।

(अन्त्यमा)

खवसुद्विरदजल (८८०) संवत नेपाल राधासित हरतिथि बृहस्पतिवाल।

ब्रह्मयोग धनिष्ठा नृत्य दयकाओ. रत्नेश्वर उद्‌भव नवरस जाओ।

दयालच्छिमिपति जयप्रकाश नृपतिन तलेजुया प्रीति उलाश।

पितकालना सोलया प्रसाद दयाओ लोक मेह जुव माल थुगुलि सोयाओ।

इति श्रीनेपालेश्वरमहाराजधिराजश्रीश्रीजपजयप्रकाशमल्लदेवविरचिते श्रीश्रीश्रीरत्नेश्वरप्रादुर्भावनामनाटके षष्ठोऽङ्कः समाप्तः।

अप्रकाशित ऐतिहासिक सामग्री केही पाइने भएकाले यो लम्बे उद्धरण दिनुपरेको हो। यी हस्तलिखित अप्रकाशित पाँच नाटकमध्ये पहिला चार नाटक नानी ऐश्वर्यधर शर्माले ल्याएका हुन्। पहिलो र तेस्रो नाटक मेरो घरमा रहेका हुन्,

दोस्रो र चौथो नाटक पं. हिरण्यराजानन्द शर्माका हुन् भन्ने ऐश्वर्यधर शर्माको भनाइ छ। पाँचौँचाहिँ वैद्य दिव्यवज्र वज्राचार्यको हो। तेस्रो र चौथोबाहेक अरू तीनै नाटक सम्पूर्ण छन्। तेस्रोका १९ पत्र मात्र देख्न पाइएका छन्। चौथोको चाहिँ ३ पत्र मात्र पाइएका छन्। पहिलो, तेस्रो, चौथो, पाटनमा, दोस्रो चापागाउँमा, पाँचौँ काठमाडौँमा बनेका हुन्। पाटनका राजा श्रीनिवास मल्लको समय वि.सं. १७२२ मा कीर्तिसिंहले पहिलो नाटक बनाएका हुन्। पाटनका राजा इन्द्र मल्लको समय वि.सं. १७६५ मा बलदेवले दोस्रो नाटक बनाएका हुन्। पाटनका राजा महीन्द्र मल्लको समयमा तेस्रो र चौथो नाटक बनेका हुन्। चौथो नाटक वि.सं १७६८ मा बलदेवले नै बनाएका हुन्। पाँचौँ नाटक काठमाडौँका राजा जयप्रकाश मल्लले वि.सं. १८१७ मा बनाएका हुन् भनी सोही नाटकमा लेखिएको छ। पत्रैपिच्छे भनेजस्तो राजा जयप्रकाश र रानी दयालक्ष्मीको स्तुति परेको हुनाले राजारानीलाई खुशी पार्न कुनै कविले राजाको नामबाट यो नाटक बनाएको जस्तो देखिन्छ। पहिलो र तेस्रो नाटकको भाषा संस्कृत छ। बीचमा एक दुइ प्राकृत वाक्य छन्। हिन्दी, मैथिलीको खिचडी भाषाको बीचबीचमा निकै प्रयोग भएको छ। नेवारी भाषा पनि बीचबीचमा प्रयोग भएको छ। पात्रको हिसाबले भाषा प्रयोग भएको छैन। दोस्रो, चौथो, पाँचौँ नाटक गीतमय छन्। दोस्रो र चौथोमा हिन्दीजस्तो एक प्रकारको भाषामा गीत छन्। पाँचौँचाहिँ नेवारीमा छ। तीनैमा बीचबीचका वाक्य नेवारीमा छन्।

यी पाँचै नाटकले एकैस्वरले नान्दीमा नृत्यनाथको स्तुति गरेका छन्।

प्राचीनकालमा नाटकहरूमा नान्दी गर्ने चलन थियो। भास, कालिदास, भवभूति आदि कविहरूले आफ्नो नाटकको उठान नान्दीबाटै गरेका छन्। उनीहरूको नान्दी एकै प्रकारका छैनन्। आफ्ना इष्टदेवताको अथवा आफ्ना कथासँग मिल्ने कुराको झलक उनीहरूले नान्दीमा देखाएका हुन्छन्।

हाम्रा कवि शक्तिवल्लभको नान्दी यस्तो छ–

स्फूर्ज्जच्चन्द्रकला नटी सुरधुनीधारा सखी निर्म्मला
दीपश्चाहिशिरोमणिर्ज्जवनिका शार्द्दूलचर्म्माम्बरम्।
नन्दी यत्र विदूषको गणपतिः श्रीसूत्रधारः स्वयं
नित्यं ताण्डवमण्डले विजयते श्रीनृत्यनाथः शिवः ॥१।१॥

[जहाँ चम्किरहेको चन्द्रमाको कला नै नटी हुन्छे, गङ्गाजीको सफा पानीको धारा नै सँगिनी हुन्छे, सर्पका टाउकाको मणि नै बत्ती हुन्छ, बाघको छाला नै पर्दा हुन्छ, नन्दी (महादेवको वाहन साँढे) नै विदूषक (ठटेउलो) हुन्छन्, आफैँ गणेश सूत्रधार (नाचका नाइके) हुन्छन्, यस्तो ताण्डवमण्डलमा सधैँ नृत्यनाथ शिवजी रहन्छन् ।]

संस्कृतसन्देश १, ४ मा योगी शंकरनाथद्वारा काठमाडौँ कवीन्द्रपुरमा रहेको प्रताप मल्लको शिलालेख प्रकाशित भएको छ । त्यसमा नृत्यनाथको स्तुति परेको छ । नृत्यनाथको शिरमा चन्द्रमा गङ्गाजी छन् । नृत्यनाथले सर्पको गहना लाएका छन्, हात्तीको छाला ओढेका छन् । नृत्यनाथ नाच्न लागेका छन् । नन्दी बाजा बजाउन लागेका छन् । गणेशले सूत्रधारको काम गरेका छन् । प्रताप मल्लका नृत्यनाथ र शक्तिवल्लभका नृत्यनाथमा धेरै कुरो मिलेको छ । प्रताप मल्लका नृत्यनाथले हात्तीको छाला लिएका छन् । शक्तिवल्लभका नृत्यनाथले बाघको छाला लिएका छन् । प्रताप मल्लको वर्णन विभिन्न रूपको र विस्तृत छ, शक्तिवल्लभको वर्णन एक रूपको र छोटो छ ।

माथि उद्धृत गरिएको त्रिपुरासुरवधनाटकमा सूत्रधारको जम्मै काम गणेशले लिएका छन् । नटीको कामचाहिँ उनका गृहिणी सिद्धि बुद्धिले लिएका छन् । शक्तिवल्लभले ताण्डवनृत्यमा मात्र गणेशलाई सूत्रधार बनाएका छन् ।

महोदवको ताण्डवनृत्य प्रसिद्ध छ । माहेश्वर सम्प्रदायका अनुयायीहरूले सो ताण्डवनृत्यको खूप प्रचार गरे । पशुपतिको प्राधान्य भएको नेपालखाल्डोमा ताण्डवनृत्यको प्रचार हुनु स्वाभाविक थियो । नृत्यकलाका विशेषज्ञ महादेवले नृत्यनाथ भन्ने उपाधि पाए । उनको मन्दिरको प्रतिष्ठा भयो । विक्रमको अठाह्रौँ शताब्दीका कान्तिपुरका राजा प्रताप मल्लले पनि कवीन्द्रपुरमा नृत्यनाथको स्थापना गरेथे । हनूमान्ढोकाको मुख्य चोकको नाम पनि नृत्यनाथकै वासस्थान भएकोले नासलचोक भएको देखिन्छ । माथि उद्धृत गरेको चौथो नाटक नाश्वरचोक (पाटनको नासलचोक) मा देखाइएको हो भनी सोही नाटकको अन्त्यमा लेखिएको छ । नेपालखाल्डाका नाटक भनी कहलाएका लेखका रचयिताहरूले नृत्यनाथको स्तुति गर्नु आफ्नो लेखको निर्विघ्नतापूर्वक परिसमाप्तिका लागि अपरिहार्य सम्झेका थिए ।

माथि उद्धृत गरिएका पाँचै नाटकहरूमा देशवर्णन र राजवर्णन परेका छन्। शक्तिवल्लभले पनि त्यसैको अनुकरण गरी देशवर्णन र राजवर्णन दिएका छन् (५, ६ कल्लोल)। तेस्रो नाटकमा पात्रहरूले श्लोक भन्दै आफ्नो परिचय दिँदै गरेका छन्। शक्तिवल्लभले चाहिँ लडाइँको मैदानमा जान लागेका योद्धाहरूको परिचय सूत्रधारको मुखबाट श्लोकमा निकालेका छन् (४ कल्लोल)।

शक्तिवल्लभले भाषामा नियम गरेका छन्। त्रिपुरासुरवधनाटकमा चाहिँ उही पात्रले पनि छिनछिनमा भाषा फेरेको छ। शक्तिवल्लभको संस्कृत भाषा शुद्ध छ, त्रिपुरासुरवधनाटकको संस्कृत भाषाचाहिँ भ्रष्ट छ।

इत्यादि सबै कुरा विचार गर्दा शक्तिवल्लभको ग्रन्थमा नेपालखाल्डाका पछिल्ला मल्लकालका नाटक रचना गर्ने परम्पराको प्रशस्त छाया परेको रहेछ भन्ने कुरा स्पष्ट बुझिन्छ।

शक्तिवल्लभले भाषाको खिचडी नपकाई शुद्ध संस्कृतभाषामा आफ्नो ग्रन्थ लेखेका छन्। मल्लकालका संस्कृत लेखमा व्याकरणविरुद्ध पद पाइन्छन्, मल्लकालका लेखमा छन्दोभङ्ग पनि पाइन्छ। प्रताप मल्ल एउटै श्लोकमा दुइ पाउ स्रग्धरा र दुइ पाउ शार्दूलविक्रीडित पारी श्लोक बनाउन संकोच मान्दैनथे।[५]

शक्तिवल्लभ भने व्याकरण[६] र छन्दको मर्यादा तोड्दैनन्। मल्लकालका परम्परामा नाटक लेख्ने शक्तिवल्लभले शुद्ध पद प्रयोग गरी त्यस परम्पराको सुधार गरेका छन् भन्नमा अत्युक्ति हुँदैन।

---

५. **नेपालाब्दे युगाब्धौ मुनिगणसहिते माघमासेऽथ शुक्ले**
पञ्चम्यां शुक्रवारे तदनु च शिवे योगराजे शिवाख्ये।
भाद्रे चोत्तरपूर्वके रविकुलालंकारचूडामणिः
श्रीमानेष लिलेख पद्यमतुलं धीरः प्रतापो नृपः॥
(वि.सं. १७१० को हनूमान्ढोकामा रहेको लिपिसंग्रहको श्लोक। यसको छापा राइटले छपाएका छन्। थौंकन्हे पत्रिकामा पनि यसको छापा छापिएको छ। तर दुवैले शुद्ध पाठतिर आँखा लगाएका छैनन्।)

६. प्रमादवश शक्तिवल्लभले पनि दुइ चार ठाउँमा व्याकरणविरुद्ध पद प्रयोग पारेका छन्। मूलका टिप्पणी हेर्नुहोस्।

पृथ्वीनारायणले नेपालमा वीररसको स्रोत बगाएका हुनाले उनका पुरोहित शक्तिवल्लभ पनि सो प्रवाहमा बग्नु स्वाभाविक थियो । यसैले शक्तिवल्लभको नाटक वीररसको बनेको छ । परन्तु दण्डनीति (राजशास्त्र) को परम्परामा पस्न नपाएका तथा राजकाजको उच्च अनुभव पनि नपाएका शक्तिवल्लभको वीररस मूढेबलको वीररस बनेको छ । पृथ्वीनारायणहरू शास्त्रद्वारा संस्कृत नभए तापनि नैसर्गिक प्रतिभा र अनुभवले उच्चकोटिका नीतिज्ञ भएका थिए । पृथ्वीनारायणको उपदेश, पृथ्वीनारायण र उनका भारादारहरूले लेखेका चिठीपत्र तथा शक्तिवल्लभको नाटकलाई गडेर दाँज्दै हेरेको खण्डमा सबैले यो कुरा स्पष्ट बुझ्न सक्छन् ।

पृथ्वीनारायण र उनका भारादार सामान्य पढेगुनेका र ग्रन्थ रचना गर्ने विद्वान्हरूले चाहिँ वस्तुस्थितिलाई भन्दा भावुकतालाई अँगालेका ग्रन्थलाई छोड्न नसक्दा र आफ्नै आँखाले आफ्नो देशको स्थितिलाई हेर्ने चेष्टा पनि नगर्दा उत्तम कोटिका ग्रन्थ हाम्रो देशमा बन्न सकेनन् ।[७]

काव्यशक्ति

कवि शक्तिवल्लभका लोकयात्राविषयका कविताहरू राम्रा छन्, तिनमध्ये केही यहाँ दिइन्छन्–

वंजुल-

याचन्ते श्वशुरं जनाः प्रथमतो देहीति मे कन्यकां
दत्ता सा यदि तेन वाञ्छितदिनं संप्राप्यते वा न वा ।
लब्धं चेद् दिनमस्ति नास्ति च धनं चिन्तेति सञ्जायते
काठिन्येन विवाहिताऽपि च वरं हित्वा वधूर्गच्छति ।।
चित्रीभूताऽप्यलिकतिलकैः किंकरीभिः समन्तात्
सा सेव्या चेदशनशयनैस्तुन्दिला पुष्टगात्रा ।

---

७. आजसम्म हेर्न पाइएका पुस्तकको अनुभवबाट यस्तो भन्नुपरेको हो । अप्रकाशित कुनै सामग्रीबाट हाम्रो देशका विद्वान्मा रहेको दण्डनीतिको उच्च ज्ञान देखिन आएमा हामीलाई अत्यन्त हर्ष हुनेछ ।

नम्रीभूताऽऽभरणनिवहैश्चीनवस्त्रैर्वृतैवं
लक्ष्मीभूता प्रवदति पतिं किं त्वया दत्तमस्ति ।।७।६-७

अनङ्गमञ्जरी -

नित्यं हि प्रतिकुप्यति प्रतिदिनं गाढं गृहीत्वा कचं
हस्तेनाऽपरपाणिना कुमतिमान् संताडयत्येव च ।
एवं तेन कपोलयोः कुलवधूर्भर्त्राऽपि संताडिता
गच्छत्येव हुताशने शिव शिव प्रेम्णा मृते स्वामिनि । ७।८

वंजुल - मानिसहरू पहिले ससुराकहाँ गई मलाई कन्या दिनुहोस् भनी माग्दछन् । केही गरी कन्या दिइहाल्यो भने पनि साइत पाइन्छ पाइँदैन । दिन पाइहाले तापनि पैसा छ छैन भन्ने चिन्ता पैदा हुन्छ । यसरी बल्लतल्ल विवाह गरेर ल्याएकी स्वास्नी पनि लोग्नेलाई छोडी जान्छे ।

निधारमा टीका लाएर झलमल्ल भएकी छ । चारैतिर सुसारेहरूले सेवा गरिएकी छ । सुतीसुती खाएर मोटाई भुँडी हालेकी छ । गहनाका थुप्रोले नुहेकी छ । चिनियाँ कपडा पहिरेकी छ । यसरी साक्षात् लक्ष्मीजस्ती भएकी छ तापनि लोग्नेलाई तपाइँले के दिनुभएको छ ? भन्छे ।

अनङ्गमञ्जरी - सधैँ रिसाइरहन्छ । एक हातले बेसरी कपाल भुत्ल्याई अर्को हातले दिनहुँ कुट्छ । यसरी दुष्ट लोग्नेले गाला चट्काइएकी पनि कुलस्त्री लोग्ने मऱ्यो भने प्रेमले आगोमा हाम्फाल्छे । हरे शिव शिव ।]

पक्षिराजको मुखबाट कविले यो सूक्ति निकालेका छन्–

मार्जारस्य भयं सरीसृपभयं श्येनादिकानां भयं
मर्त्यानाञ्च भयं तथा मृगवधाजीवस्य शस्त्राद् भयम् ।
दूरे तिष्ठतु नाम सूर्यतनया भ्रातुर्भयं शाखिनां
निर्यासस्य भयं शुनोऽपि च भयं धिग्जीवनं पक्षिणाम् ।। ६।२९

[बिरालोको डर, सर्पको डर, बाज आदिको डर, मान्छेको डर, व्याधाको हतियारको डर हुन्छ, यमराजको डर त परै रहोस्, रूखको खोटो (लिसो) को र कुकुरको पनि डर हुन्छ, धिक्कार छ पक्षीको जीवनलाई ।]

आफ्नो आँखाले देखेको कुरालाई राम्रोसँग वर्णन गर्न कवि समर्थ भएका छन् । श्लोकमा ठीकसँग सो वर्णन गर्न सक्नु कविमा रहेको काव्यशक्तिको फल हो ।

उत्कृष्येत्कृष्टवाहैर्द्रुततरगतिभिः सत्खुरैश्चाभियुक्ता
कण्ठे संलग्नघण्टाघनरवमुदितैश्चारुह्रेषोद्गिरद्भिः ।
केतूनां नीलपीतारुणसितहरितां मर्मरैः स्यन्दनानां
यात्रायां वैजयन्ती जयति रणबहादूरभट्टारकस्य ।। ५।५।

[अत्यन्तै छिटोछिटो हिँड्ने भएका असल टाफ भएका घाँटीमा बाँधेको घण्टाको गहिरो आवाजले रमाएका राम्रोसँग हिहिलिने भएका असलअसल घोडाहरूले र रथमा टाँगिएका नीला पहेँला राता सेता हरिया झण्डाहरूको भरभरभर आवाजले पनि रणयात्रामा महाराजाधिराज रणबहादुरको झण्डा सुहाइरहेछ ।]

चित्रकाव्य

चित्रकाव्य रचना गर्ने चलन चलेको छ । शक्तिवल्लभभन्दा अघिका पछिका र शक्तिवल्लभका कालका कविहरू पनि यस परम्परामा बहेका छन् । शक्तिवल्लभले पनि सो परम्परामा कविता गरेका छन् -

सर्द्दारस्तु पराङ्मुखं द्रवति यो युद्धे परेषां भया-
न्माता तस्य तु पुत्रिणी यदि भई वन्ध्या भवेत् कीदृशी ।
मानैः कंकणकुण्डलैर्वचनसैं वस्त्रैर्गजैर्यो नृपो
नित्यं कापुरुषाधमं भरति तं भूपं ब्यकूपं विदुः ।।८।२।

[लडाइँमा शत्रुको डरले जुन सरदार पीठ फर्काई भाग्छ, त्यसकी आमा पनि पुत्रिणी (छोरो भएकी) भई भने बाँझी कस्ती हुन्छे ? जुन राजा अधम कापुरुषलाई बाला कुण्डल वस्त्र हात्ती दिई राम्रो बोली वचनले इज्जतसाथ पाल्दछन्, त्यस्ता राजालाई बेकूप भन्दछन् ।]

यहाँ सर्दार, भई, ब्यकूप यी तीन पद नेपाली भाषामा चलेका र सैं यो विभक्ति हिन्दी भाषामा चलेको हो । यी चारवटै संस्कृत होइनन् ।

काव्यदोष

शक्तिवल्लभ कविले काव्यको दृष्टिबाट अक्षाम्य दोष पनि पारेका छन् । जस्तै धेरै पछि हुने सभाको विन्यास तथा सभामा राजा (रणबहादुर) को प्रवेशको ख्यालै नराखी नाटकको उठानमै सूत्रधारले राजाको (रणबहादुरको) सभामा पसी उनलाई ढोगेको वर्णन गरिएको छ । सो उपहासास्पद छ ।

राजा, मन्त्री, सेनाहरू लडाइँतिर जान लागेको कुराको बयान गर्दा गर्दै एक्कासि विदूषक सभामा पसी राजालाई ढोगेको वर्णन गर्नु कुनै दृष्टिबाट पनि मिल्दो कुरो होइन (४ कल्लोल) ।

बीचबीचमा परेको *निष्क्रान्ता प्रस्तावना* यो वाक्य न नाटकको प्रस्तावनामा छ, न कसैको प्रवेश निर्गमको घटनासँग नै मिल्दछ । कविको थेगोजस्तो बनेको यस वाक्यले त नाटकको मूल्य मात्रै घटाएको छ ।

नाटकमा पात्रहरूको प्रवेश निर्गमको पनि राम्रो ख्याल राखिएको छैन ।

विदूषकका मुखबाट निस्केका सुनिनसक्ना लाजभाँडका कुराले नाटकलाई अश्लील बनाउन खोजेको छ ।[८] गद्यमा भनेकै कुरोलाई पद्यमा पनि भनेर कविले पुनरुक्तिदोष प्रशस्त पारेका छन् ।

इतिहास

यदि शक्तिवल्लभले आफ्नो नाटकमा ऐतिहासिक विषय समावेश नगरेका भए नाटकको दृष्टिबाट तल्लो श्रेणीमा आउने जयरत्नाकरनाटकको विशेष केही महत्त्व रहँदैनथ्यो । परन्तु राजकाजका एक अङ्गजस्ता भएका राजपुरोहित शक्तिवल्लभले आफ्ना आँखाले देखेका वा सुनेका अथवा देखेसुनेका भरमा कल्पना गरेका कुराले पनि हामीलाई विक्रमको उन्नाइसौँ शताब्दीको नेपालको इतिहास जान्न अत्यन्त काम दिन्छन् । शक्तिवल्लभको वास्ता हामीले राखेनौँ भने उन्नाइसौँ शताब्दीको नेपालको इतिहासका धेरै कडीहरू खुस्कन्छन् । यस कारण जयरत्नाकरनाटकको ऐतिहासिक भागको अत्यन्त सावधानीका साथ परीक्षा गर्नुपरेको

८. द्वितीय र सप्तम कल्लोल ।

छ । मूल वाक्यका साथ ऐतिहासिक सार दिएको खण्डमा विद्वान्हरूलाई सुविधा पर्ला र सन्देह होओइन भनी सो यहाँ गरिन्छ । मूलमा लम्बेलम्बे वाक्यको प्रयोग भएको हुनाले इतिहास सुबोध होस् भन्नाका लागि वाक्यलाई छोट्याउने र क्रम मिलाउने उद्योग बुद्धिले भ्याएसम्म गरिएको छ ।

ऐतिहासिक सार-

हिमाद्रिनिकटे गोर्खाख्ये नगरे सोमवंशे द्रव्येशो भूपोऽभवत् । तस्य सुतः पूर्णोऽभवत् । तस्य सुतो रामोऽभवत् । रामस्य सुतो डम्बरोऽभवत् । तस्य सुतः कृष्णोऽभवत् । तस्य सुतो रुद्रोऽभवत् । तस्य सुतः पृथ्वीपतिरभूत्, तत्पुत्रो वीरभद्रोऽभवत् । तस्य सुतो नरभूपालोऽभवत् । नरभूपालस्य कौशल्यायां सुतः पृथ्वीनारायणोऽभवत् ।

राजा पृथ्वीनारायणो राज्ञ्या नरेन्द्रलक्ष्म्या सह धर्मद्रवानदीतीरे शिवलिङ्गं स्थापयामास ।

पृथ्वीनारायणः सचिवेषु राज्यभारं निक्षिप्य काशीं जगाम । तत्र गङ्गामणिकर्णिकास्नानं विश्वनाथकालभैरवदण्डपाणिढुण्डिराजादिदेवानां पूजनं च विधाय स स्वदेशं प्रत्यागच्छत् ।

पृथ्वीनारायणस्य द्वौ पुत्रावभवताम् । तयोरग्रजः प्रतापसिंहोऽवरजो बहादुरशाहोऽभवत् ।

गोरखानगरनाथेनाऽनेन नेपालनगरनिवासिनो राजानः क्षत्रियाश्च केचिदाहवे मारिताः, केचिदपकृष्यः, केचित् स्वयं पलायिताश्च ।

पृथ्वीनारायण एकादशसहचरीयुतो महिष्या नरेन्द्रलक्ष्म्या द्वाभ्यामुपभोगिनीम्यां च सह पुरन्दरलोकं गतः ।

प्रतापसिंहः सिंहासनमास्थितः । प्रतापसिंहो राज्यलक्ष्मीमाशु त्यक्त्वा बालं स्वसुतं रणबहादुरं सिंहासने निधाय दिवमगमत् । बालं राजानमङ्के निधाय तदवरजो बहादुरशाहो राज्यं प्रशास्ति स्म ।

बलभद्रशाहः सिह्वाञ्चोकारण्ये चतुर्विंशतिभूपानां सेनां निपातयामास ।

भूमिपाः स्वप्राञ्जलिं शिरसि निधाय बहादुरस्य भ्रूकुटीं वीक्षन्ते स्म ।

प्रभूतचामीकरपरिपूरितकोषाद् भोटदेशतिलकल्हासानगरनाथसकाशात् पञ्चाशत्तोलकखर्जूरप्रतिवर्षकरादानसंवर्द्धिकीर्ती रणबहादुरो बभूव ।

बहादुरशाहेन स्वपितृभिः संपादितं राष्ट्रऋणं समुपार्जितैः सद्द्रव्यैः संतारितं, ह्लासाधिराजस्य महीभुजां च राज्यं खड्गैः संहृतम् ।

अनेकलक्षतुरङ्गमेश्वरचीनपातसाहीवंदितयोगीश्वरयसीलंबुपालितदिगीर्चानगरीं कालुपाँडेसचिवतनुजो मन्त्री दामोदरः संहृतवान् ।

एकदा राजप्रासादे द्वारपालाः सिंहासनं विन्यस्यास्तरणोपवर्होल्लोचादीनि विस्तारयामासुः । ततः सच्छत्रचामरादिसल्लक्षणयुतो भूपालेन्द्रश्रीरणबहादुरशाहः सिंहासनमारुरोह । तद्दक्षपार्श्वे भद्रासने बद्धवीरासनो बहादुरशाह राजपुत्रश्चोपविष्टः । ततो यथाक्रमेण सोदर्य्यबान्धवपुरोहितामात्यसेनानीसंशप्तकभौरिकनैष्क्किरथिसादिज्ञात-सिद्धान्तदैवज्ञाऽक्षरचुञ्चुद्वारपालकोट्टपालमागधदिवाकीर्तिप्रभृतयः स्वस्वस्थानेऽत्यतिष्ठन् । वेत्रपाणयो द्वारपाला द्वारे संतस्थिरे । राजपुत्रो बहादुरशाहो राजानमुवाच-क्षितिप त्वत्प्रतापाश्रयेण दिल्लीं मुकसुदाबादं चीनमपि जयामि, देवान् पूजयामि, कोषं संपूरयामि, स्वजितवसुमतीसज्जनान् भूषयामि, स्वजनजानपदान् दारिद्र्यादुद्धरामि, ब्राह्मणांस्तोषयामि, शरणमुपगतान् भूपतीन् पालयामि । मम भ्राता बलभद्रो दामोदर-पाँडेर्ममानुजः श्रीकृष्णसाहः श्रीबमशाहो जगजीतपाँडे जगजीतानुजो रणजीतपाँडे -रभिमानसिंहबस्नेतस्यानुजो धौकलसिंहबस्नेतो नाहरसिंहबस्नेतोऽमरसिंहथापाः शत्रुशालो रणगञ्जनो गोलभा भारतः शूरवीरो विजैसिंहः प्रबलोऽभिमत्तो यशवन्तो रणभञ्जनमल्लो जहरसिंहबस्नेत एते वीरा अस्मदीयाः सन्तीति ।

बहादुरशाहः स्वबलाबलं विदित्वा श्रीनगरपर्यन्तदेशस्याक्रमणाय सैनिकानाज्ञापयामास ।

समरयात्रासल्लग्ने शुभांशक एकादशे कुमुदिनीनायके प्रत्यूहव्यूहविघाताय हेरम्बं समरजयाय दुर्गां च मंगलमाल्यार्घ्यगंधादिभिः फलसमर्पणादिभिश्च संपूजयेति कुलपुरोधसं राजपुत्र उवाच । पुरोधा अपि यथार्हमंगलवस्तूनि समाहृत्य तेन यथोक्तं तथैव सर्वं सपर्यादिकं प्रतिपाद्य दध्यक्षतमंगलमाल्यादीनि शकुनकराणि फलानि च दत्वाऽऽशीभिरभिनन्द्य समरविजयाय तौ प्रस्थापयामास । तौ च हृदीष्टदेवतां कुलदेवतां च भावयित्वाग्निहोत्राग्निं त्रिः परिक्रम्य गोगणपतिविरोचनब्राह्मणान् नत्वा रथमारुरुहतुः ।

मुक्ताकुण्डलमण्डितश्रुतिपुटे मौक्तिकमालागलः स्फुर्जद्धीरपरिष्कृताङ्गदभुजो मूर्द्धाबद्धकिरीट आयुधधरः काकपक्षान्वितो रथी निबद्धकवचो नेपालनाथश्चञ्चद्-गाङ्गेयपत्रैरजतसुफलकैर्लोहकीलैः किंकिणीजालमाल्यैर्भीमनादैश्चक्रैर्लोहबन्धार्गलै-र्वाह्लीकाऽर्वद्भिर्युक्तं रथमारुह्याऽगात् ।

ज्याघातत्राणबाहुर्धन्वी पृष्ठे संलग्नतूणः कवचपरिवृतः शीर्षकाबद्धशीर्षो युवा प्रहसितवदनो निजभयन् वाग्भिः समातोषयन्नुत्तुङ्गातिजवैरश्वैर्युक्ते भटैरावृते स्यन्दने संस्थितो बहादुरोऽगमत् ।

अथ बन्धुवर्गः

दक्षिणहस्तेन मण्डलाग्रं वामेन सङ्ग्राहं प्रगृह्य बलभद्रशाहो रथमारुरोह ।

सन्नीततूणीरशरासनः संबद्धशीर्षण्यशिरःप्रदेशः श्रीकृष्णशाहो दुर्गां गुरुमग्निमीशं संपूज्य रथमारुरोह ।

ज्याघातसंत्राणदयुक्तेन वामेन बाहुनेष्वासलस्तकं दक्षेण हस्तेन शरान् प्रगृह्य श्रीबम्मशाहो रथमारुरोह ।

नेपालराजध्वजिनीपुरोगो बन्दूकगुल्लीजितशत्रुः श्रीशत्रुशालो गजमारुरोह ।

श्रीशूरप्रतापाऽत्मजो रणगञ्जनः शक्तिं संगृह्य हुँनादमुक्त्वा गजमारुरोह ।

शिलाधौतदिग्धाशुगपूर्णतूणं फलकं चन्द्रहासं तथा कार्मुकं च दधानः कवचपरिवृतो विजैसिंहो गजमारुरोह ।

एकस्मिन् महानसे क्षितीशेन सहैव भोक्तारो नेपालसिंहासननाथबन्धुवर्गाः क्रमेण वाहान् गजानारुरुहुः ।

महीपतेः सजातयः काश्यपगोत्रजाश्च महीपतेः स्यन्दने बद्धनेत्राः क्रमेण वाहान् गजानारुरुहुः ।

अथ मन्त्रिणः

संदृष्टौष्ठो हुंकारं प्रमुञ्जन् आरक्तनेत्रो दामोदरपाँडेर्ध्वजिन्याः पुरस्ताद् रथमारुरोह ।

स्वस्वामिकार्यार्थसमुज्झिताङ्ग ऊरीकृते कर्मणि सत्प्रतिज्ञो गोर्खेशमन्त्री जगजीतपाँडे रथमारुरोह ।

कवचावृतविग्रहोऽस्त्रयुक्तो मन्त्री शिवनारायणखत्री शीघ्रं भूपतिं रणबहादुरं प्रणम्य तरसा रथमारुरोह ।

ताम्बूलरागारुणदन्तपङ्क्तिरभिमानसिंहो रथमारुरोह ।

लिप्ताशुगापूर्णनिषङ्गपृष्ठो वामहस्तेन कोदण्डं दधत् स्मेराननो धौकलसिंहो रथमारुरोह ।

कनकक्कुण्डलमण्डितकुन्तलो मरकतान्तरहारशिरोधरो जहरसिंहो रथमारुरोह ।

धन्वासिपुत्रीफलकचन्द्रहासैरलंकृतो रणजीतपाँडेः स्वस्वामिकार्य्येषु तनुं त्यजन् रथाधिरूढो रणं जगाम ।

अहं सगणं कूर्म्माचलेशं वध्वा गोर्खेशपादान्तिकमानये इत्थं संकल्प्याऽमात्यप्रवीणानुजः शूरवीरो गजमारुरोह ।

जुम्लाप्रदेशेश्वरकाकपक्षमुत्पाट्यामीति वदन् सकोपो रणवीरो दोषौ संमर्द्य नागमारुह्य रणं जगाम ।

अथ सेनापतयः

श्रीनगराधिनाथं चूडां संगृह्याहमानयामीति प्रतिज्ञां कृत्वा सेनापतिर्गोल्वाः कुञ्जरमारुरोह ।

भुज्यालिकाचर्मभयानकगात्रः संशप्तकानुप्लवपृष्ठदेशो धनुष्मान् सेनापतिः प्रबलराना वारणमारुरोह ।

दन्तावलमारुढः समाश्वासितबन्धुः सेनापती रणभञ्जनमल्लो जगाम ।

सेनापतिर्यशवन्त आधोरणपादतलाऽभिरक्षितं रक्तनेत्रं सुदन्तं दन्तावलमारुरोह ।

वाग्भिः समाश्वासितबन्धुवर्गो नीलायतश्मश्रुभयानकास्योऽमरसिंहथापा गजमारुरोह ।

करकलितकृपाणश्चर्मणाऽपि युक्तो भारतो द्विरदमारुरोह ।

करधृतकरवालो मेखलांशप्रदेशः कवचपरिवृतः शीर्षकाच्छन्नशीर्षोऽतनुफलकं पाणिना तोलयन् गजारूढो योगनारायणोऽगात् ।

ऊर्ध्वपुण्ड्रतिलकाङ्किताः कवचैः सुसंवृताः शस्त्रशास्त्रकुशला द्विजाः क्रमाद् गजान् हयान् आरुरुहुः ।

डोटीश्वरं कार्म्मुकशिञ्जिनीभिर्वध्वा ध्वजिनीपुरस्तादहमानये इत्येव पुनः पुनः संकल्प्य भक्तिथापा गजमारुरोह ।

वयसा तरुणा असितायतलोमभीमवक्त्रा द्विजवंशप्रभवाः सशस्त्राः खशाः क्रमाद् गजांस्तुरगानारुरुहुः ।

रक्तवर्णा भूतिप्रलिप्तदृगपांगभागा रुद्राक्षमालावृतकन्धरा गन्धर्वरूढा मगराश्च जग्मुः ।

भुज्यालिकाभिस्तरवालिकाभिः खुक्कूरिकाभिश्च परश्वधैश्च शीर्षण्यकैर्धन्वशरैस्तनुत्रैश्च भीमप्रतीका मगराश्च जग्मुः ।

रक्तकपोला रंजनबिन्दुभालाः कवचैर्वृता धृतबाणा बौद्धास्तुरगानारुरुहुः ।

सिन्दूरबिन्द्वङ्कितभाला विस्फोटचिह्नैरुपलक्षितास्या बाणनिरासदक्षा नेवारास्तुरगानारुरुहुः ।

सिहनादं मुंचन्तः प्रहसितवदना रांकवाच्छन्नगात्राः कृष्णोष्णीषाः फयरफयरजिह्वाचक्रा बन्दूकोन्मुक्तगुल्लीहतपरपटलाः सर्वदैवैकसङ्घा नृपते रणबहादुरस्य वैजयन्तीं पश्यन्तः सैन्यजालस्य पश्चात् सव्ये पुरतश्चेमान् हयान् संरक्षान्ततिस्तलङ्गा[१] वाहिनीमन्वगच्छन् । दुःखिनो जनान् संबोधयन् मगरवंशजो देवदत्तः करिणं संरुरुह्य रणं जगाम ।

अन्ये भटाश्च स्वं रथं गजमश्वं चारुरुहुः, पदातयश्चानुजग्मुः ।

नवशतानि महानसभागिनो राजकुलजा आसन् । दशसहस्रमिता राजगोत्रजा आसन् । तुरङ्गमा नवसहस्रमिता अवर्तन्त । बाहुजधर्मकृतादरा द्विजभटा दशपंचशतान्यासन् । बौद्धास्त्र्ययुतपंचसहस्रमिता अविद्यन्त । नवायुतानि खशाः, अयुतं च नेवाराः, पंचायुतानि मगराः, पंचशतानि सिन्धुराः, वीरास्तिलङ्गा लक्षतुलिता आसन् । गन्त्र्यः शतं, दोलागामिन एकविंशतिशतानि, ध्वजा अष्टौ शतानि, काण्डीरास्त्र्य युतानि शिविकारूढा अशीतिरासन् । वैश्या अन्त्यजाश्चासंख्या अभवन् । शतं शतघ्न्यः शतं नौकास्त्रीण्ययुतानि शिविराण्यासन् ।

सिन्दूररक्तस्य लम्बोदरस्य चण्डिकायाश्च वन्दनेन करकलितकुशैर्वेदशीलैर्विप्रैः शंखनादैर्मालतीदामबद्धैः कन्याकरकलितैर्घटैः सैरन्ध्रीगीतघोषैर्दुष्टस्थानां ग्रहाणां वितरणैर्याचकवृद्धबालकेभ्योऽन्नदानैरन्त्यजातिवादितानां भेरीसुषिरवल्लकीघनवाद्यानां रिपुकुलभयदैर्गम्भीरैर्घोषैः कण्ठेसंलग्नघण्टारवमुदितैर्हेषमाणैः सत्खुरैर्द्रुततरगतिभिः स्यन्दनयुक्तैरुत्कृष्टैर्वाहनैर्नीलपीतारुणसितहरितां केतूनां मर्मरैः पाण्डुरदशना-नामाघोरणपादताडितानां दन्तावलानां बृंहितैर्हिमगिरिचमरीचामरान्दोलनैः पृष्ठत आतपत्रभ्रमणविधिबुधैः सौविदल्लैश्चोपलक्षिता वैजयन्ती रणयात्रायामभूत् ।

सारथी रथाश्वांश्चोदयामास । रणबहादुरः शकुनाऽशकुने विवेचयञ्शनैः शनैर्निजगाम । चतुरङ्गसेनाश्च तमनुजग्मुः ।

पौरकन्याः पथि तं दूर्वाभिश्चन्दनैर्यवाङ्कुरैः कुंकुममिश्रितैर्दध्यक्षतैर्लाजैः पुष्पैश्चावाकिरन् ।

---

१. लङ्कातस्तिलङ्गा बङ्गदेशे संप्राप्ताः, पुनस्त एवाऽत्रागताः

रणबहादुरः पश्चिमाभिमुखो बभूव । विष्णुमतीमुल्लङ्घ्य तस्यास्तीरे सैन्यं निवेशयामास । प्रातः स्नात्वा कृतदेवपूजा राजादयस्ततो जग्मुः ।

धृतघनैर्भाण्डागारिकैः काश्मीरोर्णादुकूलावरणहतहिमैस्तुलामानपात्रप्रवीणैः पण्याजीवैर्मालाकारैः क्षुरमुकुरधरैर्नापितैश्चित्रकारैर्नौकावाहैः शिविरसुघटकैस्ताम्बूलकारैर्यातायातप्रवीणैः करधृतलगुडैश्चौरकर्मार्हदूतैरन्योन्याससक्तकौलेयकगणसहितैल्लुब्धकैर्लोहकारैस्तक्षभिः खरयुतै रजकैः स्वर्णकारैः कुलालैश्चर्मकारैर्जालिकैस्ताम्रकट्टैर्मृत्तिकाच्छन्नप्रतोलीगततुरगखुराक्षेपणोद्धूताभिर्धूलिभिर्व्याप्ताङ्गैर्बद्धखड्गैस्त्सरुविधृतकरैर्बद्धमेखलैरुत्क्षेपाक्षेपबुद्ध्या करधृतफलकैः पादातैश्च युक्ता वाहिनी क्रमेण गच्छन्ती कतिपयैर्दिवसैश्चम्पावतीं सरितं सम्प्राप्ता ।

सैनिकेषु केचिद् रामठतैलजीरवसनव्यापारदक्षा आसन्, अपरे चाऽविरोधिनां भूपानां सम्मेलने दक्षा आसन्, कतिचित्प्रतिदिनं प्रेष्ये पत्रेऽक्षरचुञ्चवः सदःस्था आसन्, अन्ये खड्गाघातविदारणे कुशला आसन् । युद्धस्य कोलाहले सकुहका मनुजा गदान्विता भवन्ति स्म ।

मायापुरीपूर्वदेशवर्तिनः क्षोणीपाला रणबहादुरस्य सेना पश्चिमाभिमुखी बभूवेति शुश्रुवुः ।

मध्यदेशमार्गेण भोटान्तदेशमार्गेण सम्मुखमार्गेण वा नेपालेन्द्रसेना हन्तव्येति, अथवा स्वदेशस्थानुरूपं करं संगृह्य तस्य शरणं गच्छाम इति च पाश्चात्यानां भूपानां वितर्कोऽभूत् ।

हरिद्वारात् पूर्वं चम्पावतीसरितः पश्चिमतो यो देशस्तदन्तर्वर्तिभिर्भूभुग्भिः सह रणबहादुरस्य महान् विग्रहोऽभूत् ।

शिवनारायणखत्री जुम्लादेशेश्वरस्य सिंहासनं डोटीनृपस्य कूर्माचलेशस्य च तिलकं संहृतवान् ।

जगजीतपाँडेर्गढवालनृपस्य तमालपत्रं रणबहादुरपादपद्मे न्यस्तवान्, कूर्माचलेशादयो दुद्रुवुः ।

ततः पर्वतपरिपन्थिराजकपरिभवे सकलदेशाधिपत्यं प्राप्य रणबहादुरशाहो मङ्गलानि कारयामास । वीरा वाद्यानि वादयामासुः ।

विजितासु गढवालान्तासु पर्वतराजधानीषु प्रधानसैनिकान् सत्प्रजासंरक्षणाय दुष्टजातिनिग्रहणाय च विससर्ज ।

सितप्रभागण्डकीतीरे राज्ञा सहितो राजपुत्रो मासत्रयं निर्वाह्य समुपार्जितपर्वतदेशस्याऽयव्ययादिकं चारयामास ।

समुपार्जितद्रव्येण शरणागतधरणीशैश्च युतो राजा रणबहादुरः पूर्वाभिमुखो बभूव । स्वपूर्वजैरधिष्ठितां गोर्खाभिधां राजधानीं संप्राप्तः, सिंहासनमाश्रित्य स्वकुलोपासितां भगवतीं जपचण्डीपाठबलिदानकुमारीपूजनक्षमापनादिभिः सन्तोष्य तुष्टव । गोर्खाचलशिखरदरीपरिविराजितगोरक्षयोगीश्वरं नमस्कृत्य तुष्टव ।

गोर्खानगरनिवासिभ्यो दीनानाथान्धकृपणेभ्यो यथायोग्यं दत्वा ततः प्रस्थितवान् । कतिपयैर्दिवसैस्त्रिशूलगंगासूर्यमत्योः संगमे भैरवक्षेत्रमहापीठे ससैन्यो राजा समागतः । भैरवसहितां भैरवीं तन्मन्त्रजपपाठहोमबलिदानतद्रूपकुमारीपूजनब्राह्मणभोजनादिभिः सन्तोष्य तामस्तौत् ।

ततो विष्णुमतीं सम्प्राप्तः । ततो नेपालनगरनिवासिनो जनास्तत्समागमनं श्रुत्वा समरविजयिनस्तस्य भूपतेर्दर्शनोत्सुकाः सवाहना नगरान्निर्ययुः । ते च सिन्दूरपटवासकसुगन्धितैलपुष्पमाल्यादीनि महाराजराजपुत्रोपरि चिक्षिपुः । पुनः फलमंगलद्रव्योपायनानि पुरतो निवेद्य मान्यान् ववन्दिरे । राजपुत्रो हस्तसंज्ञया तान् कुशलं पप्रच्छ । ते च निबद्धकरसंपुटा भो स्वामिन् भवच्चरणधूलिधूसरिता वयमनुदिनं कुशलिनः स्म इति प्रत्यूचुः । पञ्चवाद्यघोषपुरस्सरो राजा नगरं विवेश । रूपाजीवा नट्यश्च ननृतुः । वन्दिनः स्वकविता बभाषिरे । देवपूजकाश्च शङ्खान् दध्मुः । देवालयस्था अनेकघण्टा वादयामासुः । प्रभूतदीपकलिकाश्च प्रज्वलयामासुः । प्रतोलीनिकटनिकेतनोच्चाट्टालिकोपरिगता मत्तकाशिन्यो यवांकुरदूर्वापल्लव-दध्यक्षतसकर्पूरश्रीखण्डचन्दनधान्यलाजान् कुंकुममिश्रितनीरासारान् कटाक्षांश्च राजपुत्रोपरि युगपच्चिक्षिपुः । तथा नगरविशिखाप्रत्यरनीरपूरितकुम्भोपेत-निकेतनपंक्तिभूरिवातायनगता वसनाभरणविचित्रतिलकाञ्जनभूषिताः पौरकन्याः कुंकुमरञ्जिताक्षतयवाङ्कुरदूर्वापल्लवधान्यलाजैस्तं राजानमवाकिरन् । एवं क्रमेण परितः पश्यन् ससैन्यो राजा सौधाङ्गनं संप्राप्तः । ततो रथादवतरत् । ततः स्वगोत्रजान् वयोवृद्धान् मान्यान् दर्शनार्थं समागतान् ब्राह्मणांश्च यथायोग्यं ववन्दे । अन्येभ्यश्चाशिषो दत्ताः । ततः कनककंकणझणत्कारान्वितकरगचामीकरस्थालिकापीठतण्डुलपिष्टं विरचितसरोचनाष्टदलपद्मप्रतिपत्रप्रज्वलितदीपा जलपूर्णदूर्वाङ्कुरान्वितभृङ्गारशोभिताः सीमन्तिनीस्त्रियः प्रदक्षिणक्रमेण नीराजनां चक्रुः ।

ततो वाद्यघोषैर्विप्रवेदध्वनिभिर्गणेशसूक्तस्तोत्रपाठैः सैरन्ध्रीमंगलगीतैर्जानपदोक्तजयशब्दैर्नटतौर्य्यत्रिकैरनेकमहोत्सवैः सांवत्सरोक्तशुभे मुहूर्ते राजा राजपुत्रश्च स्वं स्वं निकेतनं प्रविवेश । अन्ये सोदर्य्यामात्यादयोऽपि स्वं स्वं गृहमगच्छन् ।

राजपुत्रो राजानमुवाच– परजनपदापहरणं स्वाश्रितभूपालपालनं सन्न्यायेन प्रजापालनं देवब्राह्मणातिथिपूजनं वेदाध्ययनपूर्वकाऽग्निहोत्रकरणं चास्मत्कुलपरम्पराधर्मोऽस्ति । इदानीं भवत्पादारविन्दावलम्बनप्रवर्द्धितमहाबलपराक्रमशालिभिरेतैः सचिवबान्धवसेनानीसहायभूपैः सह भवद्भिः पश्चिमाशा कदनीकृता । अतः परमेतैः सह दिक्त्रयं दिधक्षुस्त्वमसि । तस्मादेतान् समरशालिनो योद्धृन् प्रसादयितुं त्वमर्हसि । परिपन्थिभ्योऽपहृतस्य धनस्य दशमांशो ब्राह्मणादिभ्यो देय इति मन्मनसि प्रतिभातीति ।

राजाज्ञया राजपुत्रः समरसहायाय पाल्पादेशाधिपतये श्रीमहादत्तश्येनाऽभिधाय राज्ञे कनकच्छत्रादिसकलराजचिन्हानि कनकसंकलितहीरकादिनवरत्नकंकणे मुक्ताकुण्डले मुक्ताहारमुष्णीषादिसकलपरिधानवस्त्राणि कुञ्जरान् तुरगान् राज्यत्रयं मुद्राभारांश्च दत्वा प्रेषयामास । ततोऽन्येभ्योपि भूपेभ्यः प्रसादं दत्त्वा विससर्ज । ततः सोदर्येभ्यो गोत्रजेभ्यः सचिवमहामात्रसेनानीरथिसादिधानुष्कादिभ्यो यथायोग्यं दत्त्वा सन्तोषयामास । पण्डितदैवज्ञाक्षरचुंचुभ्योऽपि प्रसादं ददौ ।

राजपुत्रो यद्यपीदानीमनेकाः क्षुद्रराजधान्यो लुण्ठितास्तत्रत्यस्वल्पद्रविणेन मन्मनोरथपूर्तिर्नाभवद्, यदा चीनेन्द्रप्रस्थौ लुण्ठयिष्यामि, तदा मन्मनोरथपूर्तिर्भविष्यति, ततोऽहं दानानि करिष्य इति पुरोहितमुवाच ।

ततः पश्चात् पुरोहितयुक्त्या संभावितो राजपुत्रो दानकर्मणि मनो दधौ ।

राजपुत्रो दाक्षिणात्यान् भट्टान् कान्यकुब्जान् मैथिलान् गौडभट्टाचार्यांस्तथाऽन्यान् ब्राह्मणांश्चाकारयामास । ते च नेपालराजधान्यां समाजग्मुः ।

पुरोहितः शास्त्रोक्तरीत्योत्तरायणे पुण्यपाशुपतक्षेत्रे सुन्दरमण्डपं विरचय्य तदभ्यन्तरे सल्लक्षणोपेतां चतुष्कोणां वेदिकां निर्माय तस्यां तुलामालम्ब्य यज्ञसामग्रीं संपाद्याग्निस्थापनगणेशपूजनादि कर्म समाप्य तुलाङ्गदेवताश्च संपूज्य यथोक्तविधिना तुलादानानि कारयामास । राजा सुवर्णखर्जूरघृतकर्पूरगुडतण्डुलतुलादानानि चकार । गजांस्तुरङ्गमांश्चीनवस्त्राणि मुद्राश्च भूयसीं दक्षिणां ददौ । राजपुत्रोऽपि दानमकरोत् । ततः सर्वेभ्योऽधिकं द्रव्यं वाहकजनसहितं शिविकायानं च पुरोधसे समर्पितम् ।

पुरोधास्तानि दानवस्तूनि यथायोग्यं विभज्य गुरवे पुरोहितेभ्यो द्वारपालजापकादिभ्यो यथायोग्यं ददौ । ततोऽन्येभ्यः कृपणदीनानाथान्धादिभिक्षुकेभ्यश्च यथायोग्यं ददौ । नटगणिकादिभ्यश्च प्रसादं ददौ ।

गोर्खाराज्ये युद्धशालिनः पुरुषा महोद्दामकीर्तिदलजीतशूरप्रतापरणरुद्रवर्माणः कालूपाँडेतुलारामपाँडेकेहरीसिंहप्रभृतयो वीराः पुराऽभवन् ।

कान्तिपुर्यां सुधया सिता उच्चाः कनककलशाबद्धशिखरा बहुवातायनयुताः सुराणां प्रासादा आसन् ।

तत्र घण्टाध्वनिः स्तोत्रपाठश्च श्रूयते स्म । तुलजामन्दिरमत्युच्चमासीत् ।

रणबहादुरस्य बहवो वल्लभा बभूवुः । मुख्या राजराजेश्वरी ।

रणबहादुरस्य राज्ये नापितो द्रव्याध्यक्षोऽभवत् ।

नेपालनाथस्य गृहे निरर्गला टंकशाला प्रवर्तते स्म ।

अश्मश्रवो नतनासिकाः खादीसंवीता मगरा मातुलकन्यकाः परिणयन्ति ।

नेपालनगरे (शिवरात्रिपर्वणि) क्षितिपास्तन्महिष्यो विद्वांसोऽप्यागच्छन्ति स्म । तथोत्तानपादाः गगनगतकरा विरागिणो भस्माङ्गलेपा नग्ना योगिनो नटगणकाश्चाऽगच्छन्ति स्म ।

(पर्वान्ते) ते सम्मानं दत्त्वा राज्ञा प्रेष्यन्ते स्म । प्रेषिता अपि पुनरायान्ति चेत् करधृतलगुडैः कोट्टपालैर्निष्कास्यन्ते स्म ।

डोटीप्रदेशे पंचलक्षमिता जना आसन् । हिमाचलान्तर्गतं कठिनं तीर्थं डोटीमार्गेण जना गच्छन्ति स्म ।

मञ्जिष्ठारक्तमेषकम्बलसंवीताः करधृतकरवालासिपुत्रीपरशवः संबद्धतूणीरशीर्षाः शाक्तशैवबौद्धाः पञ्चाशीत्युत्तरनवलक्षमिता जना जुम्लादेश आसन् । जुम्लान्तर्गतहिमप्रदेश एकस्याः स्त्रिया बहवो धवा भवन्ति । करयोः शंखं हृदये प्रबालं दधत्यो जुम्लादेशस्त्रियो लाक्षापिञ्जरटंकशुल्बलवणोर्णभारान् वहन्ति ।

कूर्माचले सप्त लक्षाणि मनुजा आसन् । तत्र फुर्ल्याल-तडाकी-चउधरि-महरा-बोहरा-बोकटी-कठायत-महता आसन् । तत्र गंगौलीप्रदेशो वर्तते । तत्र मध्यदेशस्थिता भोटजा अपि सन्ति ।

कूर्माचलराज्ये जानपदा राजशीर्षाणि कृन्तन्ति स्म । भूपालाश्च विपश्चितां नयनान्युत्पाटयन्ति स्म । गोष्पदीकृताऽकूपारास्तुच्छीकृतदिल्लीवल्लभभटा गौरास्या मशकीकृतक्षितिभृच्चीनपात्साहिश्च मृधे नेपालं जेतुं क्षमा नाभवन् ।

पूर्वस्यां फिरङ्गी (गौरास्यः) दक्षिणस्यां गलिमनाथो वसुभिः शस्त्रैश्चाजेयर-ष्टिप्पुयवनश्चोत्तरस्यां रणबहादुरः, एते चत्वारो नृबलिन आसन् ।

हिमालको नजीकै गोरखा नाउँ भएको शहरमा द्रव्य शाह राजा भए । तिनका छोरा पूर्ण शाह भए । तिनका छोरा राम शाह भए । तिनका छोरा डम्बर शाह भए । तिनका छोरा कृष्ण शाह भए । तिनका छोरा रुद्र शाह भए । तिनका छोरा पृथ्वीपति शाह भए । तिनका छोरा वीरभद्र शाह भए । तिनका छोरा नरभूपाल शाह भए । नरभूपाल शाहका कौशल्यारानीबाट पृथ्वीनारायण शाह जन्मे ।

राजा पृथ्वीनारायण शाहले रानी नरेन्द्रलक्ष्मीलाई साथ लिई दरौँदीको किनारामा शिवलिङ्गको स्थापना गरे ।

पृथ्वीनारायण काशी गई आए । पृथ्वीनारायणका दुइ छोरा भए । तिनमा जेठा प्रतापसिंह, कान्छा बहादुर शाह थिए ।

पृथ्वीनारायणले नेपालखाल्डाका राजाहरूलाई जिते ।

पृथ्वीनारायण स्वर्गे भएपछि महारानी नरेन्द्रलक्ष्मी दुइ रानीसाहेब एघारवटी केटी पनि सती गए ।[१०]

प्रतापसिंह राजा भए । प्रतापसिंह बालक छोरा रणबहादुरलाई छाडी चाँडै स्वर्ग भए । प्रतापसिंहका भाइ बहादुर शाहले बालक राजा रणबहादुर शाहलाई काखमा राखी राज्य चलाए ।

बलभद्र शाहले सिह्नाञ्चोकमा चौबीसी राजाहरूलाई हराए ।

सामन्त राजाहरू हात जोडी बहादुर शाहको अगाडि खडा रहन्थे ।

बहादुर शाहले राज्यप्रबन्ध गर्दा भोटको राजधानी ल्हासामा रहेका मुख्य शासक (दलाइ लामा) बाट रणबहादुरले बर्सेनि पचास हजार तोला चाँदी कर लिए ।

बहादुर शाहले आफ्ना पुर्खाहरूले लाएको धनको ऋणलाई आफ्नो बाहुबलले कमाएको धनले तिरिदिए (रजबन्धकी निखने) ।

---

१०. माथि उद्धृत गरिएको चिठीबाट पृथ्वीनारायणसँग ९ जना सती गएको बुझिन्छ। वंशावलीमा ४ जना सती गए भनी लेखिएको छ।

चीनको आश्रयमा रहेको भोटराज्यको दिगर्चा मठमा रहेका चीनबादशाहले मानिएका टशी लामाको राजधानी दिगर्चामा बहादुर शाहको आज्ञाले दामोदर पाँडेले विजय प्राप्त गरी लुटे ।

अरू राजाको राजधानीमा आक्रमण गर्नु, आफ्ना आश्रयमा आएका राजाको रक्षा गर्नु, दुनियाँमा अन्याय हुन नदिनु, दानपुण्य गर्नु राजाको कर्तव्य हो भन्ने विचार बहादुर शाहको थियो ।

आइपरे दिल्लीका बादशाह र चीनका बादशाहसँग पनि लड्ने बहादुर शाहको इच्छा थियो ।

बहादुर शाहले श्रीनगर (गढवालको राजधानी) सम्म आक्रमण गर्न फौज खटाए ।

बहादुर शाहका पालाका प्रसिद्ध भारादारहरू

१. बलभद्र शाह- सिह्राञ्चोकको लडाइँमा चौबीसी राजाहरूलाई हराउने ।

२. श्रीकृष्ण शाह

३. बम शाह

४. शत्रुशाल शाह

५. रणगञ्जन शाह- शूरप्रतापका छोरा

६. विजैसिंह शाह

यिनीहरू राजकुलका हुन् ।

७. दामोदर पाँडे- यिनी कालु पाँडेका छोरा हुन् । यिनका आँखा राता थिए । चीनबादशाहको संरक्षणमा रहेको भोट राज्यमा पर्ने टशी लामा बसेको दिगर्चालाई यिनले जितेका थिए ।

८. जगजीत पाँडे- गढवाल विजय गर्ने ।

९. शिवनारायण खत्री- जुम्ला, डोटी, कुमाऊँ विजय गर्ने ।

१०. अभिमानसिंह बस्नेत- यिनी पान खान्थे ।

११. धौकलसिंह बस्नेत

१२. जहरसिंह बस्नेत- यिनले जुल्फी पालेका थिए, चौगडी हार लाएका थिए।

१३. रणजित् पाँडे

१४. शूरवीर- कुमाऊँ विजयमा काम गर्ने

१५. रणवीर-जुमला विजयमा काम गर्ने ।

यिनीहरू काजी हुन् ।

१६. गोल्ञा -गढवाल विजयमा काम गर्ने

१७. प्रबल राना

१८. रणभञ्जन मल्ल

१९. जसवन्त

२०. अमरसिंह थापा- यिनका काला लामा लामा दाह्री जुँगा थिए ।

२१. भारत

२२. योगनारायण

२३. भक्ति थापा- डोटी विजयमा काम गर्ने ।

२४. देवदत्त थापा मगर

यिनीहरू सरदार हुन् ।

ठाडो सुर्के चन्दन लाएका बाहुन सिपाही
काला लामा लामा दाह्री जुँगा भएका खश सिपाही

रातो वर्ण भएका आँखाको छेउसम्म खरानी लाएका घाँटीमा रुद्राक्षको माला लाएका मगर सिपाही

रातो वर्ण भएका निधारमा रातो चन्दनको टीका लाएका बौद्ध सिपाही [११]

सिन्दूरको टीका लाएका छ्याकटे नेवार सिपाही

---

११. कविले बौद्धमार्गी भनी लेखेका छन्। लक्षणको सादृश्यले तामाङ होलान् भन्ने हाम्रो अनुमान छ।

ऊनी लुगा लगाएका कालो पगरी लाएका बन्दूक लिएका फाटफूट नभई लहर मिली हिँड्ने फायर् फायर् भनी बोल्ने तिलङ्गा सिपाही ।[१२]

लडाइँमा जाने साइत गर्दा गणेश र भगवतीको राम्रोसँग पूजा भयो । निशानको पूजा पनि खूपसँग भयो । पञ्चैबाजा बजाई निशान अघि लाई सेना हिँड्यो ।

लडाइँमा हतियारहरू तोप, बन्दूक, धनु, बाण, खुँडा, ढाल, तलवार, खुकुरीहरू थिए । सिपाहीहरूले पाल साथै लगेका थिए ।

लडाइँमा सेनाको साथसाथ व्यापारीहरू पनि गए । अरू वृत्ति भएका मनुष्यहरू पनि सेनाको साथमा गए ।

सिपाही भारादारहरूमा कसैले रसदपानीको, कसैले लुगाफाटेको बन्दोबस्त गर्ने कामको जिम्मा लिए, कसैले दूतको काम गरे, कसैले चिठीपत्रको लेखापढी गर्ने काम गरे, कोही मैदानमा गई लडे । मानिसको योग्यता हेरी काम बाँडियो । लडाइँमा जानुपर्दा कसैकसैले रोगको बहाना गरी छल्न खोजे ।

चेपेदेखि पश्चिम हरद्वारदेखि पूर्वका राजाहरूसँग रणबहादुरको सेनाले ठूलो लडाइँ गरी विजय प्राप्त गऱ्यो । कुमाऊँ आदि देशका राजाहरू भागे ।

पश्चिमको लडाइँमा नेपालको पक्ष लिएका पाल्पाली राजा महादत्त सेनले रणबहादुरबाट जितिएका तीन राज्य र केही हात्ती घोडा गहना पोशाक नगद पनि पाए ।

सो लडाइँमा सहायता गर्ने अरू राजाहरूले पनि केही पुरस्कार पाए । भारादारहरूले र अरू कामदारहरूले पनि पुरस्कार पाए । दान प्रदान पनि भयो ।

रणबहादुरका धेरै रानी थिए । पट्टमहारानी राजराजेश्वरी थिइन् ।

---

१२. कविले हास्यरस प्रधान गरी तिलङ्गाको वर्णन गरेका छन् । लङ्काका राक्षसहरू लङ्काबाट बङ्गाल आए, बङ्गालबाट नेपाल आएका ती राक्षसहरू नै तिलङ्गा हुन् भन्ने वर्णन गरिएको छ ।

क्षिण भारत तैलिङ्ग देशमा यूरोपीयहरूले नयाँ ढङ्गले कवायत सिकाइएको फौज तिलङ्गा कहलायो । सोही ढाँचाको फौज बङ्गालमा पनि बन्यो । बङ्गाली तिलङ्गाको नक्कल गरी जमाएको पल्टनलाई नेपालमा तिलङ्गा भन्थे । यो कुरालाई मनमा राखी कल्पनाजालले भरी यो उपहासात्मक वर्णन गरिएको छ ।

रणबहादुरले आफ्नो कोषाध्यक्ष (खजाञ्ची) नाउलाई बनाएका थिए। रणबहादुरको टक्सार सधैँ चलिरहन्थ्यो ।

बहादुर शाहका पालाभन्दा अगाडि प्रसिद्ध भएका गोरखाली भारादारहरू

१. महोद्दामकीर्ति शाह २. दलजित् शाह ३. शूरप्रताप शाह
४. रणरुद्र शाह ५. कालु पाँडे ६. तुलाराम पाँडे ७. केहरिसिंह बस्नेत

कुमाऊँका दुनियाँले राजाको टाउको काटे[१३] । कुमाऊँका राजाले विद्वान्हरूको आँखा फोडिदिए ।[१४]

समुद्रमा प्रभुता भएका अंग्रेजले दिल्लीका बादशाह (मुगल सम्राट्)का सेनालाई पनि लडाइँमा हराए,[१५] पूर्व (बंगाल) मा प्रभुता जमाए, नेपाललाई जित्न सकेनन् ।[१६]

चक्रवर्ती चीनबादशाहले पनि नेपाललाई जित्न सकेनन् ।[१७]

---

१३. वि.सं. १७८३ मा कुमाऊँका राजा देवीचन्दलाई उनका मन्त्री मानिक र पुरनमलले सुतेको वेलामा घाँटी अँठ्याएर मारे।
वि.सं. १७८५ मा कुमाऊँका राजा अजीतचन्दलाई उनका मन्त्री मानिक र पुरनमलले पिटेर मारे। यिनै मन्त्रीले देवीचन्दलाई मारेपछि अजीतचन्दलाई सिंहासनमा राखेका थिए।
वि.सं. १८३४ मा मोहनसिंहनामक एक भारादारले कुमाऊँको राज्यमा अधिकार गरी मोहनचन्द नाम लिई राज्य गर्न लागे, दुइ वर्षमै जोशीहरूले मोहनचन्दलाई धपाइदिए।
वि.सं १८४३ मा मोहनचन्दले जोशीहरूलाई जिती फेरि कुमाऊँको राज्य लिए। वि.सं. १८४५ मा जोशीहरूले मोहनचन्दलाई मारिदिए।

१४. वि.सं. १७८५ मा अजीतचन्द मारिएपछि सिंहासनमा राखिएका कल्याणचन्दले राजघातक मन्त्रीहरूलाई मराए। राजद्रोहको शङ्का हुनेबित्तिकै कल्याणचन्द कडा सजाय दिन्थे, यही शङ्कामा धेरै बाहुनहरूका आँखा फोडिए। (मेरो प्रेरणाबाट रामजी तेवारीले बदरीदत्त पाँडेविरचित कुमाऊँ का इतिहासबाट यी कुरा उद्धृत गरेका हुन् ।)

१५. बादशाह शाह आलमको संयुक्त सेनालाई वि.सं. १८२१ मा बक्सरको लडाइँमा अंग्रेजले हराए। दिल्लीका बादशाहले अंग्रेजसँग दबी सन्धि गरे।

१६. वि.सं. १८२४ मा पृथ्वीनारायणले नेपाल हान्न आएका अंग्रेजलाई हटाए।

१७. वि.सं. १८४९ मा नेपाल जित्न चिनियाँ फौज आयो, ठूलो लडाइँ भयो। नेपालको पहिलेको सीमाना र स्वातन्त्र्य स्वीकार गरी चीनले सन्धि गऱ्यो।

कविको समयमा पूर्वमा अंग्रेज, दक्षिणमा टीपु (मैसूरका मुसलमान राजा) र गलिमनाथ,[१८] उत्तरमा रणबहादुर शाह बलिया थिए ।

कविका समयको लोकयात्रा

कवि शक्तिवल्लभ जुन परम्परामा हुर्केका थिए, कविको समयमा जुन परम्परा नेपालराजदरबारमा थियो, त्यस परम्परालाई अनुप्राणित गर्ने विचारधाराले हामीहरूलाई पनि अनुप्राणित गर्दै रहेको हुनाले हामीहरूमध्येका धेरैले कविका समयको लोकयात्रामा विलक्षणता उस्तो पाउँदैनौँ र त्यस विषयमा विचार गर्नु पनि हामीहरूमध्ये कसैकसैलाई अनावश्यक जस्तो देखिन आउँछ । तर अर्को परम्परामा हुर्केका हामीहरूमध्येका केहीलाई र अर्को परम्पराका मानिसहरूलाई पनि यो नाटक बुझ्न सजिलो परोस् भनी यो भाग लेखिन लागेको छ ।

राजसभा

राजदरबारका केटीहरू कुचोले भूइँ बढार्दथे, गोबरले लिप्तथे । ढोकेहरूले चँदुवा हाली तन्नाहरू कसी त्यसमाथि सुनको सिंहासन राख्दथे । चमरले हम्किएका छाता ओढेका महाराजाधिराज सिंहासनमा बस्दथे । राजाको नजीकै अर्को सिंहासनमा राज्यका मुख्य शासक बस्दथे । (बहादुर शाह जस्ता शासक भएको वेलामा यस्तो कुरो हुँदो हो) । वरिपरि चौतरिया, राजाका गोतिया, गुरु, पुरोहित, काजी, सरदार, लडाका, खजान्ची, ज्योतिषी,लेखनदास, कोट्टपाल (पुलिसका हाकिम)हरू बस्दथे ।

---

१८. पठान सरदार गुलाम कादिरले दिल्लीमा आक्रमण गरी वि.सं. १८४५ मा विजय प्राप्त गरे, दिल्लीको बादशाही सिंहासनमा बसी तमाखु खाए । उनले शाही महलको सारा सामान लुटे । बादशाह आलमलाई गद्दीच्युत गरी उनका आँखा पनि फोडिदिए । (मुगलकालीन भारत का ४५९-४२ पृ.)

कादिर यो अरबी शब्द हो, यसको अर्थ बलवान् हो । यिनै गुलाम कादिरलाई कविले गलिमनाथ भनेका होलान् भन्ने हाम्रो अड्कल छ ।

आचार

साइत नहेरी कुनै काम पनि गर्दैनथे । लडाइँको साइतमा गणेशको र भगवतीको पूजा हुन्थ्यो । गङ्गाजल, धूप, दीप, कपूर, सिन्दूर, फलफूल, दुवो, फूलमाला, खीर, नरिवल, चमर, ऐनाहरूले देवताको पूजा गरिन्थ्यो । साइतमा दही अक्षता माला फलफूल सगुनका साथसाथ पुरोहितले आशीर्वाद दिन्थे । सो आशीर्वाद लिई वीरहरू देवतालाई सम्झी देवता आगो गाई बाहुनलाई ढोगी लडाइँतिर प्रस्थान गर्थे ।

लडाइँको साइतमा निशानको पूजा हुन्थ्यो । बाहुनहरू वेदध्वनि गरी पूजा गर्थे । त्यहाँ गणेशको , देवीको पूजा पनि हुन्थ्यो । शंख बज्दथे । कलशलाई कन्याले मालाले सिँगार्दथे । दमाई बाजा बजाउँदथे । घुमाउँदै छाता ओढाउँथे । चमर हम्कन्थे । बाजा बजाउँदै निशानलाई अघि लाई सिपाहीहरू लडाइँतिर जान्थे ।

साइत गरी लडाइँतिर जान लागेका राजा अथवा ठूला भारादारमाथि आइमाईहरू फूल लावा दुवो जमरा कुङ्कुम दहीमा मुछेका अक्षता छर्दथे ।

शकुन अपशकुनको विचार खूप रहन्थ्यो । बाटामा परेका नदीहरूमा स्नान अथवा मार्जन गर्दथे । बाटामा परेका देवमन्दिरमा पूजाआजा गर्दथे ।

लडाइँमा विजय भएपछि फर्कँदा बाटामा परेका देवीका मन्दिरमा बलि, चण्डीपाठ, कुमारीपूजा, जपहरूका साथसाथै ठूलो पूजा हुन्थ्यो । अरू प्रसिद्ध मन्दिरमा पनि त्यहाँको विधिअनुसार पूजा हुन्थ्यो । ब्राह्मण र गरीबगुरुवालाई दान दिन्थे । लडाइँ विजय गरी शहरभित्र पस्न लागेका राजा अथवा ठूला भारादारलाई ठूलो स्वागत गर्थे । सिन्दूरजात्रा गरी नगर प्रवेश हुन्थ्यो । त्यस वेला देवालयका शंख घण्ट बजाइन्थे । घरका ढोकाढोकामा सिँगारेका भरी घडा राख्थे । सिँगारिएका आइमाईहरू झ्याल, कौशी, बार्दलीबाट फूल, माला, अवीर, लावा, अक्षता, जमरा बर्साउँथे । ठाउँठाउँमा बत्ती बल्थे, आफ्ना ढोकामा बसेका मान्यजनलाई ढोगी भित्र पस्दथे । भित्र पस्ता आरतीस्याउँली (थालमा पीठोको अष्टदल कमल बनाई रचनाहरूले सिँगारी पातैपिच्छे बत्ती बाली दूवो हालेको झारीबाट पानी चुहाउँदै घुम्ने विधि) गर्थे । ठीक साइतमा बाजा बजाई स्वस्तिवाचन स्तोत्रपाठ गणेशपूजा

गरी घरभित्र प्रवेश गर्थे । प्रवेश गर्दा केटीहरू गीत गाउँथे । त्यहाँ पुगेका दुनियाँहरू जयजयकार गर्थे । अरू पनि नाच गान बजान हुन्थ्यो ।

लडाइँ जितेर ल्याएको धनको दशमांश दान गर्नुपर्छ भन्ने विचार थियो । नाउँ चलेका भारतीय विद्वान्हरूलाई पनि बोलाई दान दिन्थे । पशुपति आदि तीर्थस्थलमा मण्डप बनाई शुभदिनमा चाँदी, घिऊ, कपूर, चाकु, चामलहरूको तुला दान हुन्थ्यो । हात्ती, घोडा, रेशमी कपडा, रुपियाँ पनि दान हुन्थे । आफ्ना पुरोहितलाई सबभन्दा बढ्ता दान दिन्थे । दान दिई पालकीमा चढाई पुरोहितलाई बिदा गर्ने चलन थियो ।

कोहीकोही मानिस दान गर्नुभन्दा योगाभ्यास गर्नु बढियो हो भनी नगद खर्च नगरी धर्मात्मा हुने उद्योग पनि गर्थे ।

शिवको उपासना गर्ने शैव, बुद्धको उपासना गर्ने बौद्ध, देवीको उपासना गर्ने शाक्त कहलाउँथे । उपासनाको भेदले यस्तै अरू सम्प्रदाय पनि थिए ।

बिहान उठी नुहाइधुवाइ गरी धोती फेरी जप पाठ पूजा गर्नु धार्मिक कर्तव्य सम्झिइन्थ्यो ।

तन्त्र मन्त्रले सबै कुरा सिद्ध हुन्छ, मन्त्र सिक्न गुरु चाहिन्छ भन्ने विश्वास थियो । कर्मको भोग टारेर टर्दैन भनी सबै भन्दथे । जोगीहरूको खूप प्रभाव थियो । जोगीहरूको वेदान्तचर्चा राजाहरू पनि सुन्दथे । पुराण सुन्ने पुराण लाउने सबै गर्दथे ।

राजालाई मानिसहरू ईश्वरभावले हेर्दथे ।

सती जाने चलन थियो । राजाहरूका साथसाथै केटीहरू पनि सती जान्थे । पुरुषले बहुविवाह गर्ने चलन थियो । कुलस्त्रीहरू पतिका खुट्टा धोई पानी खान्थे । स्त्रीले धेरै पति लिएमा निन्दा हुन्थ्यो ।

भोटको प्रभाव परेका केही जातिमा एक स्त्रीका साथसाथै धेरै पति पनि हुन्थे । मगरहरू मामाको छोरी विवाह गर्थे ।

नटुवाहरू यौन दुराचारलाई केही गन्दैनथे । आफ्नी स्वास्नीले नाठो खेलाएको कुरा सुन्दा पनि नटुवाहरू स्वास्नीसँग अप्रसन्न हुँदैनथे ।

बाहुनले डोली बोक्नु र पैसा लिई छोरी दिनु निन्दनीय सम्झिइन्थ्यो ।

तीर्थयात्रा

शिवरात्रिमा पशुपतिको दर्शन गर्न देशविदेशबाट धेरै नरनारीहरू आउँथे। तिनमा राजारजौटा, विद्वान्, नटुवा, ज्योतिषी, जोगीहरू पनि हुन्थे। जोगीहरूमा कोही वैरागी, कोही नाङ्गा, खरानी घसेका हुन्थे। तिनीहरू अनेकन् आसन पनि गर्थे। वेदान्तचर्चा चल्दथ्यो। जोगीहरूको आदरभाव हुन्थ्यो। केही दिनपछि बिदा गरी पठाइदिन्थे। बिदाइ दिइसकेपछि पनि कोही गएनन् अथवा फर्की आए भने सिपाही लाएर निकालिदिन्थे।

काशीमा गई गङ्गास्नान गर्नु र गयामा गई श्राद्ध गर्नु ठूलो पुण्य सम्भिन्थ्यो। तीर्थयात्रा गर्ने चलन निकै थियो। डोटीको बाटो गरी (बद्री आदि) तीर्थमा जान्थे। बुढेसकालमा काशीवास बस्ने चलन पनि थियो।

पठनपाठन

कोष, व्याकरण, काव्य, न्याय, मीमांसा, सांख्य, योग, वेदान्त, धर्मशास्त्र, ज्यौतिष, आयुर्वेद पढेका विद्वान्हरू नेपाल राज्यमा थिए। यिनीहरूको माथिल्लो कक्षाको पठनपाठनको व्यवस्था भने नेपाल राज्यभित्र भएको बुझिँदैन। काशीमा गई पढ्ने चलन सामान्य थियो। मैथिल, दाक्षिणात्य विद्वान्हरूसँग पढी स्वदेश फर्केका पण्डितहरू पनि नेपालमा थिए। न्यायको पठनपाठन बङ्गालमा शान्तिपुर, नदियातिर मौलाएको हुनाले शान्तिपुर, नदियामा गई पढेर आएका पण्डितहरू पनि नेपालमा थिए।

मानिसहरू पुराणमा अतिशय श्रद्धा राख्ने भएका हुनाले पुराण हेर्ने भन्ने काम प्राय: सबै पण्डितहरू गर्दथे। नेपालमा तान्त्रिक देवताको प्राधान्य भएकोले तन्त्रशास्त्रको प्रचार पनि विद्वान्हरूमा थियो। कर्मकाण्ड गर्न जान्नु पनि पण्डितहरूका लागि अपरिहार्यजस्तै हुन्थ्यो। कर्मकाण्डीहरू केही वेदमन्त्र कण्ठ गर्दथे।

वेषभूषा

राजाहरू चौगडी, मोतीको माला, बाजु, श्रीपेच लाउँथे, हतियार भिर्दथे। ठूला मानिसहरू जामा पगरी अथवा टोपी लाउँथे, पटुका बाँध्थे। लडाकाहरू ढाल,

तरवार, खुकुरी भिर्दथे । धनुबाण चलाउने वीरहरूचाहिँ भोल्ये लाउँथे । पिठ्यूँमा ठोक्रो भिर्दथे । बाणको टुप्पोमा विष लाउँथे । बन्दूकधारीहरू गोली लिन्थे, पगरी लाउँथे, कवच लाउँथे । कम्मरपेटी बाँध्थे ।

विलासीहरू जुल्फी पाल्दथे, माला, चौगडी, कंकण, बाजुहरू पनि लाउँथे ।

सबै जातका मानिस टीका लाउँथे । आफ्नो श्रद्धाअनुसार टीका भिन्नभिन्न किसिमको हुन्थ्यो । कोही त्रिपुण्ड्रक, कोही ऊर्ध्वपुण्ड्रक, कोही बाटुलो टीका लाउँथे, रुद्राक्ष पनि लाउने गर्थे ।

धनीहरू जाडोमा कश्मीरमा बनेका ऊनी कपडा लाउँथे । हिमाल भेकका बासिन्दा पाखीका लुगा लाउँथे । जुम्लातिर मजिठाले रँगाएको पाखीको चलन थियो । साधारण मानिस खाँडीको लुगा लाउँथे ।

स्त्रीजातिको वेषभूषा

धनी आइमाईहरू रत्नजडाऊ गहना लाउँथे, मोतीको माला, जुहारातको माला (जुहारातको असल मालालाई नौलाखी हीराको हार भन्थे) लाउँथे, टाउकोमा पनि बहुमूल्य गहना लाउँथे ।

हातमा काँचका चुरा, निधारमा सिन्दूरको टीका र घाँटीमा पोते सधवाको चिह्न सम्झिइन्थ्यो । यति कुरा सबै सधवा स्त्रीहरू लाउँथे । पुगिसरी नआउने आइमाईहरू सिँगार गर्दा हातमा शङ्खका चुरा, घाँटीमा पुँवालो पनि लाउँथे । आँखामा गाजल लाउने चलन थियो ।

खाने कुरा

धनीहरू घिउ हालेको भात, माछा, मासु, गुलियो हालेको दूध भात पनि खान्थे । पुगिसरी नआउनेहरू कोदो, तरुल, भ्याकुर पनि खान्थे । तामा, कोइरालो, कर्कलो, पीना, च्याउ, लसुन, आदि पनि तर्कारी हुन्थे । रक्सी खाने मानिस पनि थिए ।

प्रकीर्णक

खशहरूका लामा लामा दाह्री जुँगा हुन्छन्, मगरहरूका दाह्री जुँगा हुँदैनन्, नाक थेप्चो हुन्छ ।

राजाहरू सुन चाँदीका पिँजडामा सुगा मैना पाल्दथे । सो पिँजडाको खोल ऊनी कपडाको हुन्थ्यो । राजाहरू शिकार खेल्थे, बाज पाल्थे ।

चून लाएका सुनका गजुर भएका धेरै अग्लाअग्ला मन्दिर हुन्थे। नेपालखाल्डोमा सबभन्दा अग्लो तलेजुको मन्दिर थियो । कुनै कुनै मन्दिरमा धेरै झ्याल हुन्थे । चढ्ने वाहन बग्गी, हात्ती, घोडा, पालकी, डोली थिए । भारी बोक्ने गाडा, गधा, मान्छे थिए ।

नेपालमा एक ठाउँबाट अर्को ठाउँमा जाने तीन बाटा थिए। सोझै पहाडैपहाडबाट जाने एक बाटो, मधेस ओर्ली जाने दोस्रो बाटो, भोट भई जाने तेस्रो बाटो । हिमालमा सल्लाघारी हुन्छ । जुम्लामा लाहा, हरिताल, स्वाग, तामा, नून, ऊन हुन्छन् ।

मन्दिरमा घरजम गरी बस्ने मानिस त्यहीँ चढाएको चीजबाट जीविका गर्थे ।

जीउमा खरानी दलेका, रुद्राक्ष लाएका, नाक कानका प्वालमा कपासको डल्लो हालेका जोगीहरू हुन्थे । स्वास्नी राख्ने जोगी पनि थिए ।

राजाको बग्गी (रथ) सुन चाँदीका पाताले मोरिएको हुन्थ्यो । रथमा घुँघुरा झुण्ड्याइएका हुन्थे । हात्तीका घाँटीमा घण्टा बाँधिएको हुन्थ्यो । घोडाको घाँटीमा पनि घुँघुँरा वा घण्टी लाइदिएको हुन्थ्यो ।

कविले चाख मानी वर्णन गरेका स्थानहरू

कान्तिपुर	:	नेपालको राजधानी, देवमन्दिर प्रशस्त भएको शहर ।
गोरखा	:	पृथ्वीनारायणको पुर्ख्यौली राजधानी, यहाँ भगवतीको र गोरखनाथका मन्दिर छन् ।

पाल्पा : सेनवंशी राजा महादत्त सेनको राज्य ।

जुम्ला : चौबीसी बाइसीमा मुख्य राज्य । यहाँ (माथिल्लो भागहुम्लामा) शीतप्राधान्य छ, भोटको रीतिरिवाजको प्रभाव छ ।

डोटी : तीर्थयात्रीहरू यसको बाटो तीर्थ (बद्रीतिर) जान्थे ।

कुमाऊँ : यसको राज्य भोट मधेश दुवैतिर पुगेको थियो । कार्की, फुर्त्याल, तडाकी, चौधरी, महरा, बोहरा, बोकटी, कठायत, महत थर भएका मानिसहरू यहाँ थिए । यहाँ गंगौली भन्ने स्थान छ ।

गढवाल : यहाँको राजधानी श्रीनगर ।

भोट : यहाँको राजधानी ल्हासा ।

दिगर्चा (दिगीर्चा) : टशी लामाको राजधानी ।

चीन : भोटका आश्रयदाता ठूलो राजाको राज्य ।

दिल्ली : इन्द्रप्रस्थ बादशाहको राजधानी । यहाँका बादशाहका सेनालाई अंग्रेजले हराए ।

वाराणसी : काशी । गङ्गाको किनारमा रहेको तीर्थ । मणिकर्णिका, विश्वनाथ, कालभैरव, दण्डपाणि, ढुण्डिराजहरूको वासस्थान । यहाँ विद्याको पठनपाठन हुन्थ्यो ।

हरद्वार : गढवालको पश्चिम सीमा । प्रसिद्ध तीर्थ ।

चेपे (चम्पावती) : गोरखाराज्यको पश्चिम सीमा ।

त्रिशूली : त्रिशूली र तादीको संगममा भैरव भैरवीको स्थान छ ।

वाग्वती ।
वष्णुमती : कान्तिपुरनजीकमा बहने खोला ।

यत्रोच्चैः सप्तधारा हिमगिरिकुहरात् कौशिकीनां वहन्ति
यत्रोच्चैः सप्तधारा हिमगिरिकुहराद् गण्डकीनां वहन्ति ।
पार्वत्याः स्वेदभूता मुनिगणनिवहैः सेव्यमानाः समन्ताद्
यत्राऽस्ते नीलकण्ठो जगति सुविदितः सैष नेपालदेशः ।।

इति नेपालबृहदनुमानमुक्त्वा मध्यमानुमानं कथयति ।

यत्राऽस्ते गुह्यकाली गिरिवरतनया वाग्वती यत्र पुण्या
प्रत्यक्षं यत्र लिङ्गं वरदपशुपतेश्चांगुनारायणोऽपि ।
यत्राऽस्ते वज्रयोगिन्यखिलभयहरा भैरवः पञ्चलिङ्ग-
स्तस्मिन्नेपालदेशे जयति रणबहादूरराजाधिराजः ।।

[पार्वतीका पसिनास्वरूप भएका, सबैतिर मुनिहरूले सेवा गरिएका, हिमालयका गुफाबाट निस्केका, सातवटा ठूलठूला कोशीका धारा र गण्डकीका सात धारा जहाँ बहन्छन्, जहाँ संसारप्रसिद्ध नीलकण्ठ (गोसाइँकुण्ड) का महादेव रहन्छन्, त्यही हो नेपाल देश ।

यसरी नेपालको ठूलो परिमाण बताई मध्यम परिमाण बताउँछु ।

जहाँ पर्वतराजपुत्री गुह्यकाली रहन्छिन्, जहाँ पवित्र वाग्मती बहन्छिन् । जहाँ वर दिने पशुपतिका प्रत्यक्ष लिङ्ग छन्, जहाँ चाँगुनारायण छन्, जहाँ सबैको भय हर्ने वज्रयोगिनी रहन्छिन्, जहाँ पचलीभैरव छन्, त्यही नेपाल देशमा महाराजाधिराज रणबहादुर शाह रहनुहुन्छ ।]

यसरी कविले नेपालखाल्डो अथवा कोशी गण्डकीको प्रस्रवण क्षेत्रलाई नेपाल शब्दले बुझाउन सक्दछ भनी लेखेका छन् । [१९]

१९. यस विषयमा मैले नेपालशब्दको अर्थ भन्ने निबन्धमा विचार गरेको छु । नेपाली भाषाप्रकाशिनी समितिको गद्यसङ्ग्रहको तृतीय भागमा सो निबन्ध छापिएको छ ।

परस्परनिन्दा

कोशी र गण्डकीको प्रस्रवणक्षेत्रलाई कविले नेपाल भनी लेखेका छन् । नेपालका राजा रणबहादुर शाह हुन् भन्ने पनि उनले लेखेका छन् । रणबहादुर शाहको स्तुति गर्नु कविको मुख्य उद्देश्य थियो । सो काम गर्न रणबहादुर शाहका शत्रुहरूको निन्दा गर्नु आवश्यक हुन आयो । हुनत कविको नेपालभित्र पनि रणबहादुरले नजितेका केही राज्य थिए । तर पाल्पाली राजा महादत्त सेनलाई बहादुर शाहले आफ्नो अनुकूल बनाएपछि गण्डकीको प्रस्रवणक्षेत्रमा विजय प्राप्त गर्नु रणबहादुरका सेनालाई उस्तो कष्ट परेन । एकै वर्षमा उनीहरूले सो काम पूरा गरे ।

जुम्ला, डोटी, कुमाऊँका राजाहरू शक्तिशाली थिए । उनीहरूले लडाइँको मैदानमा उत्री आफ्नो र शत्रुको भाग्यपरीक्षा गर्ने निधो गरेका थिए । गोरखालीहरूले उनीहरूसँग ठूलठूला लडाइँ लड्नुपरेको थियो । सोही लडाइँको वर्णन यस पुस्तकको मुख्य विषयजस्तो हुन गएको छ ।

हतो वा प्राप्स्यसि स्वर्गं जित्वा वा भोक्ष्यसे महीम् भनी रणक्षेत्रमा उत्रेका जुम्ला डोटी, कुमाऊँका राजाहरूका विरुद्धमा गोरखालीहरूले र गोरखालीहरूका विरुद्धमा ती राजाहरूले निन्दा फैलाउनु स्वाभाविक थियो । जानी बुझी निन्दा गर्नेहरूले साँचो कुराले मात्र काम नचल्ने देखी झूटो कुरा गर्न पनि संकोच मान्दैनन् । साधारण दुनियाँमा फैलिएको यो प्रभावलाई कविले राम्रोसँग देखाएका छन् । जस्तै–

जुम्ली राजा– जब नेपालका राजा लडाइँभिडाइँको आरम्भ गर्छन्, तब तिनका भारादारहरू छेर्न थालिहाल्छन् । रिसाएर लडाइँ गर्न गइहाले भने पनि तरुनीहरू लिएर जान्छन् । ए कपटी, के मैले तेरा नेपालको चाला थाहा पाएको छैन र ?

विदूषक– ए महाराज ! जसका त दुनियाँहरू आचारविचारमा भ्रष्ट छन्, चलाखी पनि तिनीहरूमा छैन, हिउँको थुप्राको नजीकैको देशमा बसेका हुनाले हरबखत जीउ थरथर कँपाइरहन्छन्, एउटी स्वास्नीका धेरै पोइ हुन्छन्, घरैपिच्छे पिउने कुरा रक्सी छ, यस्तो आफ्नो देश हेर अनि मात्र अर्काका दोष भन्ने गर । तिम्रा देशका ठिटीहरू हातमा शंख लाएका, गलामा पुवाँलो लाएका, पाखी

ओढेका, लाहा, हरिताल, स्वाग, तामा, नून, ऊनहरूका भारीले सधैँ थिचिइरहेका, आँखाभरि टम्म चिप्रा टाँसिएका हुन्छन् । त्यस्ताले कमाइदिएका पैसाले तिमी व्यर्थै कति फूर्ती गर्छौ ।

कुमाऊँका राजा– गोरखा पहाडका राजधानीमा बस्ने, सिपालु भएका श्रेष्ठ श्रेष्ठ वीरहरूलाई पनि म चिन्दछु, ती सिपाहीहरू त बोटबाट ज्यामीरका दाना खसेको देखे भने पनि भागाभाग गर्दछन् ।

विदूषक– ए राजा ! जुन देशमा दुनियाँहरू राजाको टाउको काट्छन्, राजाहरू विद्वान्हरूको आँखा फोडिदिन्छन्, बाहुनहरू डोली बोक्छन्, छोरीबेटी बेच्दछन्, हे राजा, त्यस्तो देशलाई त्यो देशका अविवेकी राजालाई पनि नमस्कार ।

डोटीका राजा– च्याउ, तामा, कोइरालो, कर्कलो, लसुन खाएर, पीना पिएर र रातदिन कोदाको रोटी खाएर बढेका, कोदालो, खुकुरी, बन्चरोले तरुल, भ्याकुर खनेर सुखसँग जीवननिर्वाह गरेका, दाह्री जुँगा नआएका हुनाले सधैँ केटाकेटीजस्तै देखिएका, थेप्चो नाक भएका, खाँडी लाएका, हरे ! मामाकी छोरीका पनि पोइ हुने भएका ती मगर्नीका छोराहरूको फौज के मलाई थाहा छैन र ? हे मूर्ख, विदूषक, तँ व्यर्थै किन फतफत गर्छस् ? (५ कल्लोल)

सूत्रधार– हिमालयमा रहेका दुर्गम तीर्थस्थलहरूमा जान लागेका गृहस्थी, ब्रह्मचारी, वानप्रस्थ, सन्यासी आदि गरेका तीर्थयात्रीहरूले बाटोखर्चका लागि बोकेका अलिकता धन र लुगाफाटो लुट्नाले भएको पातकले पुण्य डढेका, थोरै पराक्रम भएका क्षुद्र राजाहरूका पाँच लाख फौजको बीचमा रहेका डोटीका महाराजाधिराजलाई प्यारी, हेर हेर ! (६ कल्लोल)

उपसंहार

हाम्रो देशमा पठनपाठनमा सुविधा नभएकोले र विदेशीको ठूलो प्रभाव परेको हुनाले पनि हामीहरूलाई २२९ कोश लामो १०,००० वर्गकोश क्षेत्रफल भएको आफ्नो देश पनि विदेशभन्दा टाढा भएको छ । हजारौँ कोश टाढा रहेको विदेशको खबर हामीहरूमध्येका प्रतिष्ठितहरूको कानमा र मुखमा तत्कालमा

खेल्न थाल्दछन्, परन्तु आफ्नो देशको २०।२५ कोश परको कुरो बुझ्न पनि कैयौँ दिन लाग्दछ । यस कारण आफ्नो देशको कुरा हामीहरू राम्रोसँग बुझ्न सक्दैनौँ ।

नेपालको इतिहास पढ्न र त्यस विषयमा ग्रन्थ रचना गर्न खोज्ने जिज्ञासुले ठूलो कष्टको अनुभव गर्नुपर्दछ । चँदुवा टाँस्नलाई कमसेकम चारवटा खाँवा चाहिन्छ । त्यसै गरी विद्या पढ्नलाई तद्विद्यसंभाषा (एकै विषयमा गम्भीर अध्ययन गर्न लागेका विद्वान्हरूसँगको छलफल) आवश्यक रहन्छ । सो कुराको परम्परा हाम्रो देशमा चल्न नसकेकोले हाम्रो पढाइ एकदेशी भएर रहेको छ ।

अहिलेभन्दा १९ वर्षअघिदेखि मैले नेपालको इतिहासका विषयलाई आफ्नो बुद्धिबर्गतले भ्याएसम्म पढ्न थालेथैं । त्यस वेलादेखि आजसम्म प्रतिदिन त्यस विषयमा केहीनकेही समय दिँदै आएको छु । त्यसै कामको सिलसिलामा मैले यस जयरत्नाकर नाटकलाई पाएको हुँ ।

नाटक पढेर इतिहास निकाल्नु घरका झ्याल ढोका दलीनहरूलाई हेरेर त्यस देशको जङ्गलमा हुने रूखहरूको जात पत्ता लाउनुजस्तै कष्टकर र सन्देहास्पद पनि हुन सक्छ । तर अरू साधन पाउन नसकेका हामीहरूले विवश भई यही कामले आफ्नो जीवन बिताउनुपरेको छ ।

नाटकको विषयमा जानेबुझेको कुरा माथि नै परेकोले त्यस विषयलाई यहाँ दोहऱ्याइरहनुपर्ने आवश्यकता छैन ।

जयरत्नाकर नाटकलाई प्रकाशित गराउने इच्छा नाटक पाएकै दिनदेखि मलाई लागिरहेको थियो । अहिले नेपाल सांस्कृतिक परिषद्को सुदृष्टिले सो काम हुन आएकोमा मलाई अत्यन्त हर्ष लागेको छ । यस काममा सो परिषद्का सचिव प्राध्यापक श्रीईश्वर बरालको सहायता नपाएको भए मेरो हातबाट यो काम हुन सक्ने थिएन । यो पुस्तक सम्पादन अनुवाद गर्न चाहिने कारिन्दाखर्च मो.रु. २००। (दुइ सय) सो परिषद्ले हामीलाई दिएको छ । पुस्तक प्रकाश गर्ने अभिभारा सो परिषद्ले लिएको छ । प्रकाशित पुस्तकमध्ये १० (दश) थान हामीले पाउने भएका छौँ ।

मूल पुस्तकको प्रतिलिपि गर्ने काम नानी शङ्करमान राजवंशीले गरेका छन् । मूल पुस्तकको सम्पादन र अनुवादचाहिँ नानी धनवज्र वज्राचार्यले र नानी

ज्ञानमणि नेपालले गरेका हुन् । यो उपोद्घात लेख्ने काममा मेरो साथ रही मेरो इच्छा र विचारअनुसार नानी ज्ञानमणि नेपालले काम गरेका हुन् ।

यस काममा सहायता दिने सबैलाई अभिनन्दन गर्नु मैले आफ्नो कर्तव्य सम्भेको छु ।

श्रम दिनदिन गर्दै काल धेरै लगाई
विषय गुण मिलाई सत्य सूची समाई ।
प्रतनविषयरूपी पुष्पमाला बनाएँ
गुणअगुणविवेकी धीरलाई चढाएँ ।।

वि.सं. २०१३ चैत्रसंक्रान्ति

(वि. सं. २०१४ मा काठमाडौँबाट नेपाल सांस्कृतिक परिषद्द्वारा प्रकाशित धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको जयरत्नाकरनाटकका १-५२ पृ.)

त्रिरत्नसौन्दर्यगाथाको उपोद्घात

येषां वल्लभया समं क्षण इव स्फारा क्षपा क्षीयते
तेषां शीतकरः शशी विरहिणामुल्केव सन्तापकृत् ।
अस्माकं न तु वल्लभा न विरहस्तेनोभयभ्रंशिना-
मिन्दू राजति दर्पणाकृतिरयं नोष्णो न वा शीतलः ।।

(काव्यमीमांसा ९ अध्याय)

[प्यारीका साथमा जसको लामो रात क्षण झैँ भई बित्तछ, तिनलाई चन्द्रमा शीतल दिने हुन्छन् । विरहीलाई चन्द्रमाले आगोले जस्तै पोल्छन् । हाम्रा प्यारी पनि छैनन्, बिछोड पनि छैन । दुवै कुरा नभएका हाम्रो लेखा त त चन्द्रमा ऐनाको आकार परेका छन् । यी चन्द्रमाले हामीलाई न ता पोल्छन्, न ता शीतलै गराउँछन् ।]

राजकाज तथा अर्थकाजमा लागी सफल भएका मनुष्यहरूको आँखाले एक थरी, असफल भएकाहरूको आँखाले चाहिँ अर्कै थरी इतिहास देख्तछ । सबै इतिहासकार आफूलाई सच्चा इतिहासकार भन्दछन् । हामीहरू पनि सच्चा इतिहासकार बन्न तम्सेका छौँ । यसको टुङ्गोचाहिँ पछि आउने परीक्षकहरूले लाउनेछन् ।

ग्रन्थ-प्राप्ति

गुरुपुरोहित जनकराज पण्डितज्यूको पुस्तक-सङ्ग्रहमा रहेको त्रिरत्नसौन्दर्यगाथानामक पुस्तक वि.सं. १९९८ मा मैले हेर्न पाएथैं । त्यस वेला मैले र मेरा मातृष्वसेय (सानीआमाका छोरा) रामजी तेवारी भई सो पुस्तक सारी प्रतिलिपि लिएथ्यौँ । सोही प्रतिलिपि हामीसँग छ । त्यस वेलादेखि इतिहासविषयका निबन्ध लेख्ता मबाट र मेरा सहचरहरूबाट पनि सो प्रतिलिपिको उपयोग भएको छ ।

त्रिरत्नसौन्दर्यगाथाको अर्को प्रति राष्ट्रियपुस्तकालय (राजगुरु हेमराज पण्डितज्यूको सरकारले किनेको पुस्तकालय)मा छ भन्ने कुरा मैले सुनें र मेरो प्रेरणाले भोलानाथ पौडेल, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्तसमेत चार जना सो पुस्तकालयमा गए । सो पुस्तकालयका अध्यक्ष न्यायाचार्य पं. गङ्गाधर पराजुलीको सौजन्यबाट उनीहरूले फरक भएको पाठ उतारी ल्याए ।

वि.सं. २०१० मा संस्कृत-सन्देश १।७ मा योगी नरहरिनाथद्वारा त्रिरत्नसौन्दर्यगाथाको केही भाग छापिएको छ । सो कहाँ पाइएको हो, त्यसको उल्लेख त्यहाँ गरिएको छैन ।

वीरपुस्तकालयमा पनि त्रिरत्नसौन्दर्यगाथा छ कि भनी धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल सो पुस्तकालयमा गएका थिए । वीरपुस्तकालयमा २ प्रकारका त्रिरत्नसौन्दर्यगाथा रहेछन् । सो पुस्तकालयका अधिकारी पण्डित गुणनाथ भट्टराईको सौजन्यबाट ती दुइ प्रतिको उतार उनीहरूले ल्याए । ती दुवै प्रकारका त्रिरत्नसौन्दर्यगाथा अतिसंक्षिप्त रूपमा छन् । ती दुइ प्रकारमध्ये एक प्रकारकोसँग योगी नरहरिनाथले छपाएको प्रतिको सादृश्य छ ।

हामीले सारी लिएको प्रति र राष्ट्रियपुस्तकालयमा रहेको प्रति विस्तीर्ण र प्राय: एकै रूपका छन् । यी दुइबाहेक अरू प्रति संक्षिप्त रूपका छन् । यस कारण हामीले सारी लिएको प्रति र राष्ट्रियपुस्तकालयको प्रतिको उपयोग गरी मूल भाग तयार गरिएको छ । वीरपुस्तकालयमा रहेका दुवै थरीलाई चाहिँ परिशिष्टको रूपमा दिइएको छ । योगी नरहरिनाथले छपाएको प्रतिसँग देखिन आएका पाठभेदलाई उसँग मिल्ने प्रतिको पादटिप्पणीमा दिइएको छ ।

ग्रन्थपरिचय

गु.पु. जनकराजकहाँ रहेको त्रिरत्नसौन्दर्यगाथाको पुस्तक एकातिर हरिताल लाएको पाको कागतमा लेखिएको छ । पत्रहरू नयाँ छन् । यस कारण केही वर्ष यता सो सारिएको हो भन्ने देखिन्छ ।

राष्ट्रियपुस्तकालयमा रहेको प्रति सुन्दरानन्दकै हस्ताक्षरको हो भन्ने धनवज्रको भनाइ छ।[१] त्यस कारण मूल पुस्तककै परिचय[२] दिनु उचित भएकोले राष्ट्रियपुस्तकालयमा रहेको पुस्तककै परिचय यहाँ दिइन्छ।

एकातिर हरिताल लाएको पाको कागतमा यो पुस्तक लेखिएको छ। यसमा साना ठूला गरी जम्मा ७२ पत्र छन्। ६६ पत्र प्रायः समान आकारप्रकारका छन्। यी पत्र १३, १३$\frac{३}{४}$ अङ्गुल लम्बा छन्, ११ अङ्गुल चौडा छन्। बीचबीचमा थपिएका पत्रमध्यको ६ पत्रचाहिँ सानासाना र भिन्न भिन्न नापोका छन्। पृष्ठैपिच्छे भने जस्तै पङ्क्ति फरकफरक छन्। एक पृष्ठमा घटीमा २ र बढीमा २३ पङ्क्ति छन्। मुखपृष्ठमा टीकापङ्क्ति १५१२, मूलपङ्क्ति ६४५ भनी लेखिएको छ। मूल श्लोक बीचमा र टीका तलमाथि दिइएका छन्। अक्षर कहीँ साना छन्, कहीँ ठूला छन्। ठाउँठाउँमा केरमेट गरिएको छ तथा ठाउँठाउँमा चिह्न दिई छेउछेउमा थपिएको छ। उठानका दुइ पत्र र अन्त्यका दुइ पत्रलाई छाडी यो ग्रन्थ लेखिएको छ। ती चार पत्रमा चाहिँ ऐतिहासिक घटनाका तिथिमितिहरू र राजाहरूको वंशक्रम लेखिएका छन्।

यसरी लेखाइको हिसाबले राष्ट्रियपुस्तकालयमा रहेको त्रिरत्नसौन्दर्यगाथाको यो प्रति खेस्रा देखिन्छ।

वि.सं. १८६३ मा ९ वर्षका आफ्ना छोरा राजा गीर्वाणयुद्धविक्रमलाई छोडी स्वामी रणबहादुर शाह स्वर्ग गए। यो मौका छोपी भीमसेन थापा नेपालका हर्ताकर्ता भई निस्के। बालक राजाको रक्षाको भार लिएकी ललितत्रिपुरसुन्दरी (रणबहादुर शाहका कान्छा महारानी)ले भीमसेन थापाको प्रबन्धअनुसार चलेको राजकाजको पूर्ण समर्थन गर्न लागिन्। यस कारण त्यस वेला नेपालमा राजाको लालमोहर, रानीको धर्म, मन्त्रीको प्रबन्ध भई राजकाज चल्न लाग्यो।[३]

---

१. यसको विशेष वर्णन सम्पादकको वक्तव्यमा हेर्नुहोस्।

२. यो परिचय मेरो प्रेरणाले धनवज्रले ल्याएका हुन्।

३. **गीर्वाणोत्तरयुद्धविक्रममहाराजाधिराजाज्ञया**
जाता श्रीललितोत्तरत्रिपुरसुन्दर्य्याः परात्मेशितुः।

वि.सं. १८७३ मा १९ वर्षको उमेरमा राजा गीर्वाणयुद्धविक्रमको मृत्यु हुँदा उनका जेठा महारानी श्रीसिद्धिलक्ष्मी सती गएकी र कान्छा महारानी गोरक्षराजलक्ष्मी (राजेन्द्रविक्रमी आमा)को पनि आफ्ना पतिको मृत्यु भएको १४ दिनपछि मृत्यु भएकोले तथा गीर्वाणयुद्धका ३ वर्षका छोरा राजेन्द्रविक्रम राजा भएका हुनाले[४] राजा (राजेन्द्र), रानी (ललितत्रिपुरासुन्दरी), मन्त्री (भीमसेन थापा)को स्थिति अघि जस्तै रह्यो । राजाको नामबाट रानीको अनुमतिले मन्त्रीको हातबाट पूरा २५ वर्षसम्म यसरी नेपालको शासन चल्यो । यस वेला राजा रानी मन्त्रीको अविभेद्य यस संयुक्त शक्ति नै वास्तवमा नेपाल राज्यको आधार भयो ।

बुद्ध (बौद्ध धर्मका प्रवर्तक श्रमण गौतम), धर्म (बौद्ध धर्मको नियम), सङ्घ (बौद्ध धर्मका अनुयायी भिक्षुहरूको जमात)को संयुक्त शक्तिबाट बौद्ध धर्मको प्रचार हुन्छ । यी तीनवटामा एउटामा मात्र पनि अविश्वास गर्नेले बौद्ध धर्ममा ठाउँ पाउन सक्तैन । यस कारण बौद्धहरूको लेखा बुद्ध धर्म संघको अत्यन्त महत्त्व भएको हुनाले उनीहरू यी तीनलाई त्रिरत्नको नामले पुकार्दछन् ।

प्रीत्यै कीर्तिरियं परा विजयतां वाणीविलासस्तुता
कल्पान्तावधि भीमसेनसचिवप्रोद्यत्प्रभावान्विता ।।३७।।

(वाग्वतीको स्तम्भलेखबाट)

[महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहको हुकूमबाट भएको, महारानी ललितत्रिपुरसुन्दरीदेवीबाट परमेश्वरलाई प्रसन्न पार्न गरिएको, मन्त्री भीमसेन थापाको बल्दो प्रतापले युक्त भएको, वाणीविलासले स्तुति गरिएको यो ठूलो कीर्ति (वाग्वतीको पुल र त्यसको खम्बाको प्रशस्ति) कल्पान्तसम्म रहिरहोस् ।]

४. श्रीगीर्वाणयुद्धविक्रम साह महाराजाधिराज पैदा हुनुभयो, जस्का जेठा महारानी श्रीसिद्धिलक्ष्मीदेवी हुनुहुन्छ. कांछा महारानी गोरक्षराजलक्ष्मीदेवी हुनुहुन्छ.

(वाग्वतीको स्तम्भलेखबाट)

ताहापछि श्री ६ बुबाज्यूलाई सितला भै स्वर्गे हुनुहुँदा श्री ६ जेठा मुमाज्यू सहगामिनी हुनुभयाको १४ दिनपछि श्री ६ मुमाज्यू पनि स्वर्गे हुनुहुँदा मेरा तीन वर्षको उमेर रहेछ.

(वि.सं. १८९२ मा राजेन्द्रविक्रमले भीमसेन थापालाई गरिदिएको लालमोहरबाट । चित्तरञ्जन नेपालीको जनरल भीमसेन थापा र तत्कालीन नेपालका २४५-२४९ पृष्ठमा यो छापिएको छ ।)

राजा (गीर्वाणयुद्ध वा राजेन्द्र), रानी (ललितत्रिपुरसुन्दरी), मन्त्री (भीमसेन थापा) यी तीनमध्ये एउटामा मात्र पनि अविश्वास प्रकट गर्नेले वि.सं. १८६३-८८ सम्मको २५ वर्षमा नेपालमा ठाउँ पाउन सक्तैनथ्यो । यस कारण सुन्दरानन्दले यी तीन शक्तिलाई त्रिरत्नको रूपमा वर्णन गरेका छन् ।[५]

यसरी बौद्ध धर्मका अनुयायी पण्डित सुन्दरानन्दले आफ्नो धर्ममा परिचित भएको त्रिरत्न शब्द, आफ्नो नाउँको सुन्दर शब्दबाट बनेको सौन्दर्य शब्द, बौद्ध धर्मसँग विशेष सम्बन्ध राख्ने पद्यात्मक वर्णन अर्थ भएको गाथा शब्दको संयोग गरी आफ्नो धर्म र आफ्नो नाम पारी, आफ्ना राजा रानी मन्त्रीको स्तुति पारी त्रिरत्नसौन्दर्यगाथा नामको यो ग्रन्थ बनाएको देखिन्छ ।

ग्रन्थकारपरिचय

पण्डित सुन्दरानन्दले आफूलाई बाँडा भनी लेखेका छन् ।[६] यसबाट उनको वंशको सामान्य परिचय हामी पाउँछौँ । बौद्ध सम्प्रदायमा चलेका देवताको स्तुति पारी मङ्गलाचरण[७] गरेकाले पनि उनको वंश परिचय पाउन सजिलै पर्छ । सुन्दरानन्दले पाटनको मछिन्द्रजात्राको विस्तारपूर्वक बयान गरेका छन् । तर भादगाउँको बिस्केटको नामै लिएका छैनन्, काठमाडौँको इन्द्रयात्राको नामसम्म गोरखाली राजवंशको वर्णनको[८] प्रसङ्गमा लिएका छन् । पाटनको मल्लकालको अन्त्यको इतिहासलाई विस्तारपूर्वक लेख्न खोजेका[९] सुन्दरानन्दले भक्तपुर तथा कान्तिपुरको विषयमा त्यस्तो लेख्न उद्योग गरेका छैनन् । यी कुराबाट सुन्दरानन्द पाटनसँग विशेष परिचित थिए भन्ने स्पष्ट छ ।

पाटनको ओकुबहाल (रुद्रवर्णमहाविहार)मा सुन्दरानन्द बस्तथे तथा उनको पाँचौँ पुस्तामा म जन्मेको हुँ भन्ने पण्डित यज्ञानन्द वज्राचार्यको भनाइ छ ।[१०]

---

५. ग्रन्थरचनाको हेतु हेर्नुहोस् ।
६. २२१, २७९, श्लो. परिशिष्ट (क)को १३, २३ श्लो.
७. ४ श्लो.
८. ७२-७६ श्लो.
९. ३९-५७ श्लो.
१०. यो कुरा धनवज्रले मलाई भनेका हुन् ।

यस कारण पाटनमा रहेको बौद्ध पुरोहितवंशमा सुन्दरानन्दको जन्म भएको देखिन्छ । सुन्दरानन्दले अमरकोशमा परेका शब्दलाई चाख मानी प्रयोग गरेका छन्,[११] रघुवंशका श्लोकका भाव पारी, कहीँ त पद वा पाद पारी पद्यरचना गरेका छन् ।[१२] यसबाट सुन्दरानन्दले अमरकोश र रघुवंश पढेका थिए भन्ने देखिन्छ। भर्तृहरिशतक, भोजप्रबन्धका पाद पारी श्लोक बनाएकाले ती ग्रन्थ पनि यिनले हेरेको बुझिन्छ ।[१३] पूजापाठ दानदक्षिणाको विषय चाख मानीकन वर्णन गरेकाले[१४] पौरोहित्यवृत्तिमा सुन्दरानन्दको रुचि थियो भन्ने स्पष्ट छ । तन्त्र तथा पुराणको चर्चा गरेकाले[१५] ती विषयका ग्रन्थ यिनले हेरेका थिए भन्ने देखिन्छ । महाभारतको कथाको उल्लेख गरेकाले[१६] महाभारत यिनले हेरेको बुझिन्छ । शकुन अपशकुनको कुराको पनि चर्चा गरेकाले[१७] त्यस विषयको ज्ञान पनि यिनलाई भएको बुझिन्छ। ज्यौतिषशास्त्रको पनि केही उल्लेख गरेकाले[१८] सो शास्त्रको सामान्य ज्ञान यिनलाई भएको बुझिन्छ । आफ्नो कालको र केहीअघिको पनि नेपालको इतिहास पारी ग्रन्थ लेखेकाले नेपालमा इतिहासको पर्याय बनेको वंशावलीको अध्ययन तथा सङ्ग्रह यिनले गरेको स्पष्ट छ ।

शासकहरूका मनोभाव बुझी लेख्ने योग्यता आफूमा ल्याउन सकेकाले काव्यरसिकहरूको संसर्ग सुन्दरानन्दले पाएको देखिन्छ । कर्नेल (पछि प्रधानमन्त्री) माथवरसिंहको निमित्त उनको आज्ञाले मैले पाटन कृष्णमन्दिरको शिलालेख सारेको हुँ[१९] भनी राष्ट्रिय पुस्तकालयको त्रिरत्नसौन्दर्यगाथाको प्रतिमा लेखेको देखिएको र त्रिरत्नसौन्दर्यगाथाको अर्को एक प्रतिमा भीमसेन थापाको आज्ञाले

---

११. १५, ४१, ८८, १८५, २०८, २६० श्लो.
१२. १०-१३, ३१, ३३, ७९, ९०, ९३ श्लो.
१३. १५५, १८४ श्लो.
१४. २९-३०, ६५, ६९, ९७-९९, १०१, १०३-१०४, १२७-१२८, १३४, १३८-१६०, १९६-१९८, २०७-२० श्लो.
१५. २, ७०, ७४, ८६ श्लो.
१६. २६, २०४ श्लो.
१७. १००, ११४ श्लो.
१८. २३७-२३८ श्लो.
१९. ...श्रीकृष्णजुदेवलया शिलापत्रया नकल ।। श्रीमाथवरसिं थापा कर्णैलनं

मैले यो पुस्तक लेखेको हुँ[२०] भनी लेखिएकोले पनि भारादारहरूसँग सुन्दरानन्दको सम्बन्ध भएको देखिन्छ ।

नेपाली भाषामा कलम चलाउन सक्ने ग्रन्थकारका रूपमा उत्रेका नेवारीभाषाभाषी पुरुषमा हामीलाई अहिले थाहा भएसम्ममा पण्डित सुन्दरानन्द पहिला छन् ।[२१]

ल्हेयकल ।। सं. ९५३ आशुनवदि १३ रोज ६ श्रीरामनारां खतृ सुब्बा ।। श्रीसुंदरानंदं ।।
श्रीकृष्णमन्दिरको शिलापत्रको नकल । ने. सं. ९५३ [वि.सं. १८९०] आश्विनकृष्णत्रयोदशी शुक्रवारका दिन कर्नेल श्रीमाथवरसिंह थापाले सुब्बा श्रीरामनारायण खत्री, श्रीसुन्दरानन्दद्वारा सार्न लगाएको ।]

२०. **इति प्रमुदितचेताः श्रीमहाराजकीर्तिं**
जनरलसचिवाग्र्यस्याज्ञया सुन्दराख्यः ।
गणयति च तदस्तु श्रीत्रिरत्नस्य तुष्ट्यै
यदि पदमपशब्दं क्षान्तुमर्हन्ति सन्तः ।।

(क परिशिष्ट)

[प्रधानमन्त्री जनरलसाहेबको आज्ञाले सुन्दरानन्दले मन खुशी पारी राजाको कीर्ति भएको यो ग्रन्थ बनाएको हो । त्यसले त्रिरत्न (राजा रानी मन्त्री) खुशी होऊन् । यहाँ अशुद्ध परेको भए सज्जनहरूले क्षमा गर्नुपर्छ ।]

२१. लक्ष्मीनरसिंहको नेपाली भाषामा लेखिएको वि.सं. १६९८ को शिलालेख मखन शिवालयभित्र र काठमाडौँ ठूलो घण्टानिर पाइएको छ । सो शिलालेख धनवज्र र ज्ञानमणिको इतिहास-संशोधनको पहिलो संख्यामा, योगी नरहरिनाथद्वारा इतिहास-प्रकाश १।१ मा र रामजी, देवीप्रसाद र शङ्करमानको इतिहास-संशोधनको दोस्रो संख्यामा छापिएको छ ।
प्रताप मल्लले वि.सं. १७२७ मा रानीपोखरी बनाउँदा राखेका नेपाली भाषामा लेखिएका एकै बेहोराका तीन शिलालेख रानीपोखरीको आसपासमा पाइएका छन् । सो शिलालेख ज. मृगेन्द्र शमशेर ज.ब.रा.द्वारा भानुभक्तस्मारकग्रन्थमा, श्यामराज, मोहननाथ, बाबुराम, किशोरमणि र सुशीलकुमारद्वारा संस्कृत-सन्देश १।१२ मा, शङ्करमानद्वारा पुरातत्त्व-पत्र-संग्रहमा छापिएको छ ।
वि.सं. १७२० मा भक्तपुरका राजा जगत्प्रकाश मल्लले नेपाली भाषामा गरिदिएको कागतपत्र र वि.सं. १७७१ मा भूपतीन्द्र मल्लले नेपाली भाषामा गरिदिएको ताम्रपत्र पाइएका छन् । ती कागतपत्र ताम्रपत्र शङ्करमानद्वारा पुरातत्त्व-पत्र-संग्रहमा छापिएका छन् ।
यी अभिलेखबाहेक सुन्दरानन्दभन्दा अघिका कुनै नेवारी भाषाभाषीले नेपाली भाषामा रचना गरेको ग्रन्थ अहिलेसम्म हामीले पाउन सकेका छैनौँ ।

सुन्दरानन्दको नेपाली भाषा भाव बुझाउन सक्ने नेपाली भाषा छ। यस कारण सो भाषामा उनको राम्रो अधिकार भएको बुझिन्छ। सुन्दरानन्दले गरेका नेवारी भाषाका केही कविता पनि यस ग्रन्थमा परेकाले नेवारी भाषामा पनि उनी कविता बनाउँथे भन्ने देखिन्छ।

हिन्दी जस्तो भाषाका केही कविता पनि सुन्दरानन्दका पाइएका छन्। त्यहाँको भाषा नेपाली भाषा जान्ने तर हिन्दी भाषा नजान्ने पुरुषले नेपाली भाषामा है इत्यादि थपी काम चलाउन गरेको उद्योग रूपका देखिएकाले सुन्दरानन्दमा हिन्दीका दोहा गीतहरूको केही प्रभाव परेको थियो भन्ने देखिन्छ।

यसरी संस्कृतका कोश काव्य पढेका, तन्त्र पुराण ज्यौतिषहरू हेरेका, कर्मकाण्ड गर्न जान्ने, पुराण भन्न सक्ने, संस्कृत नेपाली नेवारी यी तीन भाषामा कलम चलाउन सक्ने[२२], हिन्दीमा पनि कलम चलाउन उत्सुक, वंशावली तथा काव्यका रसिक, भारादारहरूकहाँ आवतजावत भएका, व्यवहारचतुर[२३] पुरुष सुन्दरानन्द देखिन्छन्।

संस्कृत श्लौकैपिच्छे भने जस्तै अपशब्द परेकाले संस्कृत भाषाका व्याकरणको भने यिनले राम्रो अभ्यास गरेको देखिँदैन। अरू शास्त्रमा पनि यिनको अध्ययन नभएको कुराको विषयमा तल विचार गरिएको छ।

ग्रन्थरचनाको हेतु

विशेष उद्देश्य राखेर नै बुद्धिमान्‌ले काम गर्ने हुनाले र बुद्धि भएकै मनुष्यले ग्रन्थ बनाउनु पनि प्रायः सम्भव भएकोले ग्रन्थकारले ग्रन्थ किन बनाए होलान् भन्ने

२२. प्रज्ञापारमिताको नेपालीमा अनुवाद सुन्दरानन्दले गरेका थिए तथा संस्कृतमा केही स्तोत्र पनि सुन्दरानन्दले बनाएका थिए भन्ने यज्ञानन्द वज्राचार्यको भनाइ छ। परन्तु सुन्दरानन्दका ती कृति हामीले हेर्न पाएका छैनौँ।

२३. महामारी (हैजा) फैली दिनको ७० जनासम्म मर्न लागेको वेलामा मलाई पनि सो रोगले प्राणान्त पारेथ्यो। तर मैले पृथ्वीनारायण शाहको चरित्रको वर्णन गरेको हुनाले म बाँचेँ। त्यस कारण यो ग्रन्थ सुन्ने सुनाउनेको सबै तरहबाट भलो हुन्छ भनी आफ्नो ग्रन्थलाई पुराण बनाई राजालाई खुशी पारी सफल हुन उद्योग गर्ने ग्रन्थकारले आफ्नो चातुर्य देखाएका छन्। (७८ श्लो.)

विषयमा विचार गर्दा जिज्ञासुहरूलाई विशेष लाभ हुने देखिन्छ। यस कारण पण्डित सुन्दरानन्द बाँडाले त्रिरत्नसौन्दर्यगाथानामक यस ग्रन्थको रचना कुन हेतुले गरे होलान् भन्ने कुरामा अब विचार गरिन्छ।

श्रीमद्रत्नत्रयाख्यं मह अतिसुखदं सर्वभूताश्रयं तद्
यद् दारिद्र्यान्धकारं क्षपयति विदुषां सुन्दरानन्दरूपम्।
जीयात्तत्क्षोणिपृष्ठे शतमिह शरदां सर्वदिक्षु प्रसर्प-
ज्ज्योतिः श्रीपृथ्विनारायणकुलजलधौ जातमच्छिद्रवृत्तम् ।।२।।

श्रीपदले युक्त भयाका रत्नत्रय भनि नाम भयाका मह उत्साह तेजकन अत्यन्त चित्तहर्षले म स्मरण गर्छु. जौना रत्नत्रय भन्याका मह उत्साह तेजले विद्वज्जनका दरिद्ररूप अंधकारकन नाश गरेर धनी तुल्याई चित्त स्वास्थ्य गराई बुद्धिको चमत्कार बढ्दछ र पुराणादि ग्रंथको उक्ति वचन समुझिंछन् र प्रामाणिक माहात्म्य वर्णन गर्नमा बुद्धि फैलाउँछन्... एस् प्रकारका रत्नत्रय नाम भयाका तेज... श्री ५ पृथ्वीनारायण महाराजाका कुलमा जन्म्याका श्रीराजा रानी मंत्री जय २ भै रहुन् ।।२।।

रम्भास्तम्भदिधक्षुरग्निरिव यः क्षिप्तः प्रदीपोऽम्भसि
प्रालेयांशुरिवाभ्रजालपिहितः सूर्यः शुचौ दुर्दिने।
गाङ्गेयस्य शरेण पीडिततनुः सेनेव यौधिष्ठिरी
बुद्धिः सुन्दरनन्दजा क्षतिमगाद् दारिद्र्यतापोल्वणात् ।।२२१।।

जस्तै केराको बोटमा लायाको अग्नि बलियो गरि बल्दैनथ्यो. जस्तै अचलासप्तमीका दिन लौकामा बाति बालि गंगामा बहायाका पानीमाथिको महादीपको तेज बलियो गरि बढ्दैनथ्यो. जस्तै मेघमण्डलले छोपियाका पूर्ण चन्द्रमण्डलका ज्योतिकन तेज बढ्याको देखिँदैनथ्यो. जस्तै अकाशमा बादल लाग्याका दिनको घाम तेज बढ्दैनथ्यो. जस्तै गाङ्गेय भीष्म पितामहका शरजालताडित गर्दै राख्याका युधिष्ठिर राजाको सैन्य फौद घट्तै मात्र गयोथ्यो. तस्तै गरिकन सुन्दरानंद बाडा पंडितको बुद्धिकन बढाउनाको शक्ति छैन. क्या हो भन्या हा कष्ट दरिद्ररूपी अग्निका ज्वालाले पोल्याका पुत्र पुत्रीसमेत परिवार भातृ बन्धुवर्गकन शीतल गर्न्या औषधि पायेन. महाशङ्काविषले बुद्धि घटता गयाको हो. तस्मात् शीतल हुन्या औषधि बक्स्याजावस् भनि अर्जि गर्‍याको हो ।।२२१।।

पञ्चानां जगतीभृतां पुरुषरत्नानां समुच्चारणा(–
ज्जिज्ञासा बहुशोऽन्वकारि जिनजेनार्येषु भूभृत्सु या ।
तद्दारिद्र्यमहार्णवप्रतरणे नौकेव मे जायतां
स्वस्ति श्रीयुवराडयं हि शतवर्षायुर्वरीवर्तताम् ।।२७९।।

अघि भैगयाका समयका चमत्कारले पुस्तावर सुभिक्ष गैह्र पछिका जन गैह्रलाई ज्ञान रहोस् भन्नानिमित्त नाम लिनै मात्र सम्पूर्ण पापकन हर्न्या पुरुषरत्न गोर्षेश श्री ५ पृथ्वीनारायण साह महाराजा प्रमुख सिंहप्रताप साह श्रीरणबहादुर साह श्रीगीर्वाणयुद्धविक्रम साह श्रीराजराजेन्दविक्रम साह एति ५ पुस्ता नाम हाजीरी गरि पिछा पऱ्याका अर्जीले गरिकन सुन्दरानन्द पण्डित बागको दरिद्ररूपी महासागरको पार लैजान्या महाबलियो डुंगा भै जावस्. परंतु मुख्य कारण इनै गौर्षेश महाराजाविषे छैटौँ पुस्ता भै औतार भयाका श्रीयुवराज श्रीसुरेन्द्रविक्रम साहकन शत वर्षपर्यन्त आर्युदा रहोस् ।।२७९।।

आत्मीयाश्रयवासनाविरहिते देवान्तरानाश्रया–
च्चाञ्चल्याद् गतसौहृदं जनमनुज्ञात्वा स्वपाल्यं त्वरा ।
प्रज्ञोपायसमाधिदानवशतो यानत्रयप्रापकं
श्रीरत्नत्रयसंज्ञितं सुविपुलं धाम प्रपद्ये परम् ।।१।।

पहिलै श्रीरत्नत्रय भनि नाउ भयाका सबै दुनियाका हीरा जस्ता जाज्वल्यमान तेज भयाका पुरुषरत्न श्री ५ मन्महाराजा १ सकल प्रकृतिविषे मूल प्रकृति भयाका शक्तिरत्न श्री ५ महारानी १ सप्त राज्यांगविषे मंत्रणामा मूलरत्न भयाका काजी जनरल १ इ तिनवटा सरूपी भूमण्डलविषे निर्मल भयाका परं ब्रह्म तेजकन म शरण गर्छु. ई परं बह्म तेज कस्ता छन् भन्या आफुसँग चाकरि गर्नामा अभ्यास नगऱ्याका कोही धनिसंग पनि चाकरि नगरि चंचल मात्र भैरहन्या फेरि इष्टमित्र पनि कोहि नभयाको एस्ता गरीपकन आफैले सधाउन्यैः हो भनि जानि तस् ज्ञानले सिकाई षानापिनाको उपाय जीवनवृत्ति जागीर दीकन चित्त बुझाई आफुसंग चाकरीमा राषिकन तिन तरहका यान भंनु मार्गमा पुऱ्याई इहलोकमा भुक्तिकन परत्रमा मुक्तिकन दिन्या यान इ तीन थोक वेदशास्त्र धर्म्मशास्त्र नीतिशास्त्रका मार्गले देशदेशका स्रेष्ठ्य थितिबितिकन राषि निसाफ गर्न्या भयाका श्रीरत्नत्रयनामा श्री ५ राजा रानी मंत्रीकन शरण गर्छु ।।

जनरल प्रभु हे महावीर दाता सदा ज्ञानिपिं लोक उद्धार यायेगुली ।
स्वरग भुवनया सिमा रूपह्मं इंद्रया थ्यं बडा नाम जाडीर दक्वो दिशास ।।१२।।
गुरु गणपतिनं महाकालनं श्रीबुगंदेवनं लक्ष्मिनं अंश विश्यं तया ।
जिपनि वह मनुष्य उद्धार यायेगुलीस गठे छाय धंधा मकायी प्रभुम् ।।१३।।

फेरि चित्तका हर्षले नेपाल भाषाबाट श्लोक भन्न लाग्यो. हे जनरल हे प्रभु हे महावीर हे दाता सधैं ज्ञानिहरुको र गरिप्को उद्धार गर्नामा कल्पवृक्षसरूप शरीर भैकन चितायाको दिन्या एक तपाइँ हुनुहुंछ. इन्द्रका भैं सबै दिशामा बडा नाम जाहीर भयाका श्रीगुरु गणपतिले पनि महाकालले पनि श्रीमत्स्येन्द्रनाथले पनि लक्ष्मीले पनि आफ्नाआफ्ना सिद्धिको अंशकन दि राष्याका तपाइँ हुनुहुंछ. एस्ता तपाईंले हामि जस्ता साना मानिसको उद्धार गर्नमा पनि क्यान धंधा लिनुहौवैन. अर्थात् सर्वथा धंधा लिनुहोला. ग्रंथकार बाँडाका दरिद्रता छुटाईदिनुहोला ।।

ह्नुं ह्नुं दुःख अपालयां ततुततं ह्नुं ह्नुं मही ता दतं
सुं सुं सुं भसुकाल तूं ततुतया छुं छुं मफू ज्या थिए ।
धंधा तूं मनसं जुलो धन मडू धंधा सदा दामया
हा हा दैव थनी छिगू दरशनं दौर्भाग्य मोचं जुलो ।।२३।।

उप्रांत ग्रंथकर्ता सुन्दर बाडाले आफ्ना दारिद्र्य र दौर्भाग्यका जहारी गर्दै अर्जी गर्छ. दिन्कादिन बहुतै थप्तै थप्तै दुःख परिरह्यो. दिनकादिन केहि आरंभ गऱ्याका काज काममा व्यर्थ भैगयो. दरिद्रको त थोरै काज काममा पनि नसहन्या ढेरै हुन्छन्. तस्कारण सुं सुं गर्दै सुस्केरा फेर्दै केही काज काम छुनै सक्तैन. तेति नसक्ता आज कसो गरि निर्वाह गरनु. परियार पालनु. भोलि बेर क्याप होला. कस्ता होला भंन्या फिक्का मात्रै बढ्यो. ष्वामिद्को चाकरी छोड्यो. तेस्माथि धन छैन. धंधा भन्याका सधैं दामका हुंछ. दाम पायेन र लालबाला पाल्नु र कवितामा अभ्यास गर्नु अवसान भैगया. एसै प्रकारका हाहाकार हुंदाका बषतमा तिम्रो दर्शन पायां. हे त्रिरत्न हे प्रभु हे दैव मेरा दौर्भाग्य आज छुट्टि गया.

(क परिशिष्टबाट)

सुन्दरानन्दका यी उक्तिबाट सुन्दरानन्दको यस ग्रन्थरचनाको मुख्य उद्देश्य राजपरिवार तथा मन्त्रीलाई खुशी पारी उनीहरूबाट पुरस्कार पाउनु थियो भन्ने कुरा स्पष्ट बुझिन्छ ।

भीमसेन थापा सबैलाई दबाई हर्ताकर्ता भएका थिए। उनले त्यसरी अधिकार पाउनाको औचित्य सिद्ध गर्ने हेतु अघिका मन्त्रीहरूले स्वार्थवश राजाको र राज्यको अहित हुने काम गरेकाले मैले राज्यमा एकता ल्याई प्रबन्ध गरेको छु भन्ने उक्ति थियो।[२४]

भीमसेन थापाको यो मनसाय चतुरा सुन्दरानन्दले बुझेका थिए। यसैले दामोदर पाँडे शेरबहादुरको निन्दा गर्नु सुन्दरानन्दले आफ्नो कर्तव्य सम्झेका छन्।[२५]

---

२४. ५४ सालदेषिन् ओढो नेपाल अनेक तरहको प्रकृति फिर्दा नषप्रभुतिसंग सलुक हुँदा ६३ सालमा बडाबडा आदमीसमेत प्रभुको वैकुण्ठवास हुँदा ताहाँ फिरंगीका हात पस्छ भनी बुझ्याको रहेछ. ६३ सालदेषिन् ओढो उत्तरोत्तर वृद्धि एकवाक्यता मुलुकमा बंदोबस्त सभ बातमा षबरदारी सहर पुल घाट र हरद्वारमा हबेली मन्दिर बनाउनु धर्मतिर पनि चर्चा तोप बन्दूक बारुद गोला रोजबरोज तयार हुन्छ. जंगी फौजले मजबुतिसंग भरमुलुक चयन रह्याको छ भंन्या षबर अंतबाट पनि सुंदा विशेष शास्त्रिजीले भंदा प्रतीति परी बडो धाक् मान्याको रहेछ.
(वि.सं. १८७१ मा ग्वालियरबाट पद्मपाणि पण्डितले भीमसेन थापालाई लेखेको पत्रबाट। यो पत्र ज. भीमसेन थापा र तत्कालीन नेपालका २८५-२९१ पृष्ठमा प्रकाशित भएको छ।)

२५. **ये केचिद् व्यभिचारिणः प्रकृतिषु स्वामिप्रवासं बहू-**
कृत्वा मार्गनिरोधिनः प्रतिदिशं ये कूटसंचारिणः।
एनोभिर्बहुजन्मजैः परिणता विण्मूत्रपूयाकुले
ते चासंस्कृततन्तुबद्धकटयोऽमज्जन् दुरन्तागसि ॥१६९॥
श्री ५ स्वामि रणबहादुरका वनवास हुँदा षुसि हुन्या फेर वनवासदेषिन् फर्कि आउनन् भन्या डरले बाटघाट रोकन षोजन्या एस्ता व्यभिचारि कूट सचिव जो छन्. सो पूर्वजन्मका पातकले कच्चा तुंबा झुन्डाई विशाल नदी तऱ्या झैं श्री ५ रणबहादुर साहका प्रतापरूपी नदी तरनु षोजन्या स्वामिदोही जो छन्. कपटरूपी कच्चा तुंबा फुटि मलमूत्र आदि कुह्याका अपवित्र दुर्गन्धिको तरङ्गले व्याप्त भै छोपियाका नरक कुण्डबिषे डुविगया ॥१६९॥
कूटसचिवहरूका नामराशि ग्रन्थविस्तार होला भन्नानिमित्त बहुधा लेखनु छोड्याको हो ॥१७३॥
ऐलेका भारदार दुनिआसमेत रातबिरात जुवा खेलनामा लाग्याका छन्. कोहि गांजा लि खान्छन्. गाँजाले मातियाका भारदारले क्या सहि राष्तछन्. गाँजाका डम्काले कोहि रुदै रहंछन्. कोहि चित्तमा केही शंका नराषि मनोज्ञ बात बोल्छन्. कोहि उसै ठाउ बसि फाकाफाक षानापिना गर्छन्. कोही बक्सिस भयाका पनि वस्तुकन पनि

भीमसेन थापा संस्कृत भाषा जान्दैनथे । यस कारण उनलाई आफ्नो कुरा सुनाउन नेपाली भाषाको आश्रय लिनु आवश्यक थियो । यस कारण भीमसेन थापाका प्रशंसक पं. वाणीविलास पाँडेले जस्तै गरी सुन्दरानन्दले पनि संस्कृतको साथै नेपाली भाषाको पनि आश्रय लिएका छन् । यस विषयको विशेष चर्चा वाणीविलास र सुन्दरानन्द भन्ने प्रकरणमा गरिएको छ ।

यताबाट त्रिरत्नसौन्दर्यगाथा बनाउनाको उद्देश्य त्रिरत्न अर्थात् राजा रानी मन्त्रीलाई खुशी पारी धन कमाउनु थियो भन्ने कुरामा सन्देह रहोइन ।

ग्रन्थपरीक्षा

कसीमा घोटी जाँचिएको सुनले नै उचित मोल पाउन सक्ने हुनाले सुनको गहनाको मोल लाउने मुख्य कुरों कसी हुन्छ । यसैगरी ग्रन्थको परीक्षाले ग्रन्थको उचित मोल लाउँछ । यस कारण अब यस त्रिरत्नसौन्दर्यगाथाको परीक्षा गरिन्छ ।

पाउदैनन्. कोहि संदूक भरिराष्तछन्. एस्तै गरिकन एक स्वामीज्यूविना भारदारसमेत दुनिञा नानातरहका भै गया छन्" ।।१२५।।

तस्तै बीचमा श्री ५ स्वामिज्यूका पाउरषाली जानुभयाका श्रीमहारानी राज्यलक्ष्मीदेवीलाई कट्हरवनबाट मदपानगंधले मातियाका डंकिनीका भैं यथेच्छाले बकबकी भयाका अजयरेखा १ मातु १ भ्रमरकला १ तुरकी १ आदि नामका केटीहरूले कांतिपुरमा लियाई षुसामतीले महारानीकन चाकरीले फुल्यायिन् र आफ्ना २ षुसिसंग सर्षारमा द्वाऱ्या भई राजकाज गर्दी भइन् ।।१२१।।

चेटीप्रायं च राष्ट्रं जनकरणबहादूरसाहं विनेति ।।१२३।।

[बुबा रणबहादुर शाह नहुँदा (काशीमा सवारी हुँदा) सबै राज्य केटीमय हुन गयो ।]

क्व च नृपरणबहादूरसाहः
क्व च सहजाहितसेरबाहदूरः ।।१८४।।

श्री ५ रणबहादूर साह जस्ता यतीश्वर स्वामिज्यू सेरबहादूर जस्ता अहित गर्न्या तरबार छोडन्या वैमातृक भाइ

यसै गरी ११५, १२४, १७१, १७२ श्लोकमा पनि भीमसेन थापाभन्दा अघिका भारादारहरूको निन्दा गरिएको छ ।

यस ग्रन्थमा (पाठान्तर र क परिशिष्टमा समेत गरी)

संस्कृतका	श्लोक	३१९
नेपालीका	श्लोक	११
नेवारीका	श्लोक	५
हिन्दीका	श्लोक	१४

परेका छन् । केही श्लोकलाई छोडी प्रत्येक श्लोकको नेपाली भाषामा अर्थ खुलाएर दिइएको छ । यो अर्थ नभएको भए मूल श्लोकबाट मात्र हामी ग्रन्थकारको भाव ठीकसँग बुझ्न सक्तैनथ्यौँ । किनभने व्याकरणहरूको नियमलाई नाघ्ने[२६] वाक्यको यही अर्थ हुन्छ भनी ठम्याउने साधन केही नहुँदा कवि कालिदास र उनकी गृहिणी हुने राजकुमारीको हातको इशाराले अर्थ दुवैले भिन्नाभिन्नै लाए जस्तै[२७] सुन्दरानन्दका श्लोकका अर्थ पनि मानिसपिच्छे भिन्नाभिन्नै हुने थिए । तर सुन्दरानन्दको नेपाली भाषा भाव बुझाउन सक्ने भएको हुनाले यो ग्रन्थको निश्चित अर्थ छ र यो ग्रन्थ परीक्षा गर्न सकिने पनि छ ।

यस ग्रन्थमा इतिहासका कुरा मुख्य गरी परेका हुनाले त्यस भागको परीक्षा गर्नु नै हाम्रो मुख्य उद्देश्य हो । तर भाषा बुझ्न नसके इतिहास पनि बुझ्न नसकिने हुनाले भाषाको पनि परीक्षा गर्नु आवश्यक छ । काव्यको रूपमा श्लोकबद्ध गरी लेखिएको हुनाले काव्यदृष्टिबाट पनि यसको परीक्षा हुनु उचित छ । यस कारण पहिले भाषा अनि इतिहास अनि काव्यको दृष्टिबाट यहाँ परीक्षा गरिन्छ ।

हामीहरू ने.भा.प्र. समितिको व्याकरणको अनुसरण गर्ने भएका हुनाले हामीहरूको नेपाली भाषाको लेखाइ एक प्रकारले निश्चित भए जस्तै छ । हुनत यहाँ पनि संशोधन गर्नुपर्ने विषय धेरै छन् । सो व्याकरणका विपक्षीका दृष्टिमा त ने.भा.प्र. समितिको लेखाइ अशुद्धै ठहर्छ । यस्तो कचिङ्गल अहिलेसम्म रहिरहेकोले नेपाली भाषाको लेखाइमा एकरूपता आउन सकेको छैन । सुन्दरानन्दका पालामा त न नेपाली भाषाको व्याकरण बनेको थियो, न दिग्गज विद्वान्हरू नेपाली भाषामा कलम चलाएर आफ्नो गौरव रहन्छ भन्ने अनुभवै गर्न सक्तथे । यस

---

२६. यो कुरा तल दिइएको छ ।

२७. यो कथा ने.भा.प्र. समितिद्वारा प्रकाशित सहायक-प्रवेशिका ५ भागमा पनि छ ।

कारण अपठितहरूको काम चलाउनको निमित्त लेखिएको त्यस वेलाको नेपाली भाषामा शुद्ध अशुद्धको कुनै कुरा उठाउन नसकिने हुनाले ग्रन्थकारलाई अशुद्ध लेखे भनी बात लाउन सकिँदैन । त्यस वेलाका नेपाली भाषामा लेख्नेहरूले कस्ता कस्ता रूप प्रयोग गरेका थिए तथा ती रूपमा र वर्तमान रूपमा के अन्तर परेका छन् भन्ने कुरा मात्र विचार गर्न सकिन्छ ।

हजारौँ वर्षदेखि संस्कृत भाषा विद्वान्‌को भाषा भएर आएको छ । संस्कृत भाषाका वैयाकरण तथा कोशकारहरूले बडो परिश्रमसाथ संस्कृत भाषाको रूप निश्चित गरिदिएका छन् । सो निश्चित रूपको अवहेलता गर्दा च्युतसंस्कृतिदोष पर्छ भनी परीक्षकहरूले ठोकुवा गरी बोलेका छन् । च्युतसंस्कृति दोष पारी लेख्नेले आफ्नो अज्ञान स्वीकार गर्नैपर्छ । अपठितको उक्तिको मैले नक्कल गरेको हुँ भनी त्यस्तो उक्तिमा च्युतसंस्कृति दोष पार्ने ग्रन्थकारले आफू उम्कने एउटा बाटो छ । त्यसभन्दा बाहेक च्युतसंस्कृति दोष पार्नेलाई क्षमा दिन सकिँदैन । हाम्रा पण्डित सुन्दरानन्दले च्युतसंस्कृति दोष प्रशस्त पारेका छन् । जस्तै[२८]

श्लोक	**सुन्दरानन्दले प्रयोग गरेका रूप**	**शुद्ध रूप**
२	मह अतिसुखदं	महोऽतिसुखदं
५	ग्रसितवती	ग्रस्तवती
६	संशासिता	संशिष्या
६	व्याक्रोशती	व्याक्रोशन्ती
७	त्रपयते	त्रपते
८	आश्रयाणः	आश्रयमाणः
१४	अनुशोचयन्तः	अनुशोचन्तः
१६	निष्पेषिताः	निष्पिष्याः
२१	भवन्तो गुणं प्रगृह्णथ	भवन्तो गुणं प्रगृह्णन्तु
२१	भवन्तः कृमिंनो पश्यथ	भवन्तः कृमिं नो पश्यन्ति
२१	भवन्तो गच्छध्वम्	भवन्तो गच्छन्तु
४७	उपाक्रमेत्	उपाक्रामेत्

२८. मेरो प्रेरणाले धनवज्र वज्राचार्यले यो संग्रह गरेका हुन् ।

५०	आनयति (भूतकालमा)	आनयति स्म
५६	श्रीराजानम्	श्रीराजम्
५६	अभिद्रवन्ति(भूतकालमा)	अभिद्रवन्ति स्म
५६	अभिषेचिरे	अभिषिषिचिरे
५८	-हालाहाल अवनिपति-	-हालाहलोऽवनिपति-
५९	उपारुहन्	उपारोहन्
६०	श्रीकौमारीययात्रा	श्रीकौमारयात्रा
६०	-दिवस अति-	-दिवसेऽति-
६०	श्रीपृथ्विनारायण अतुल-	श्रीपृथ्वीनारायणोऽतुल-
६१, १७३	संमर्दयित्वा	संमर्द्य
६२	तत अवनिपतिः	ततोऽवनिपतिः
६३	-रुचय अवनी	रुचयोऽवनी
६३	कुतुकता, आह्लादता	कुतुकम्, आह्लादः
६६	पृथ्वीनारायण अवनि-	पृथ्वीनारायणोऽवनि-
६६	अनुकुरुते	अनुकरोति
६८, १०२	आज्ञपत्	आज्ञापयत्
६८, १०२	धरातल अशेष-	धरातलेऽशेष-
६९	उपाक्रमत्	उपाक्रामत्
७०	अविदितविधवाः	अविदितवैधव्याः
७३	शाक्तिकाः	शाक्ताः
७३	बोधिकाः	बौद्धाः
७४	जप्तं	जपितं
८३	विरेमे	विरराम
८५	अर्पमयत्	आर्पयत्
८६	मीमांसति	मीमांसते
८७	नन्दीसंज्ञान्	नन्दिसंज्ञान्

८७	साँढ्योपनामैः	साँढ्योपनामभिः
८८	व्याघ्रान्… संपालकः	व्याघ्राणां… संपालकः
८९	कान्तीपुरत अनुमितिम्	कान्तिपुरतोऽनुमितिम्
९३	-रणबहादूरत अथ	-रणबहादूरतोऽथ
१००	आनयिष्यति	आनेष्यति
१०३	गमिता	गन्ता
१०४	श्रोत्रियेभ्य अददात्	श्रोत्रियेभ्योऽददात्
११०	सिञ्चितस्य	सिक्तस्य
१११	किं बन्दुकप्रहननानि नो दीयसे	किं बन्दुकप्रहणनानि नो दीयन्ते
११६, १२३, २१३	स्मारन् स्मारन्	स्मारं स्मारं
११६	रणबहादूर अगमत्	रणबहादूरोऽगमत्
११८	आगमयति (भूतकालमा)	आगमयति स्म
१२२	अन्वमोदत्	अन्वमोदत
१२३	अददत्	अददात्
१२८	जपति (भूतकालमा)	जपति स्म
१३१	भीमसेन अभितः	भीमसेनोऽभितः
१३१	काशिकात अभिनिष्क्रमणार्थम्	काशिकातोऽभिनिष्क्रमणार्थम्
१३५	ज्यौतिषैः	ज्यौतिषिकैः
१४०	यूयमास्थ	यूयमाध्वे
१४६	परित्राहि	परित्रायस्व
१४७	-वत्सल असन्-	-वत्सलेऽसन्-
१६५	व्यजिज्ञापयत्	व्यजिज्ञपत्
१७०	अहोऽरुन्तुदं	अहो अरुन्तुदं
१७१	गर्दभं वाहयाना	गर्दभेण वाह्यमाना
१७१	तप अचरत्	तपोऽचरत्
१७५	संव्यूहयित्वा	संव्यूह्य
१७९	हरिश्चन्द्रराजा	हरिश्चन्द्रराजः
१८१	कणश अपि	कणशोऽपि
१८३	धर्मराज अभितः	धर्मराजोऽभितः

१८३	स्वामिराज अभितः	स्वामिराजोऽभितः
२००	उल्लोचयदास	उल्लोचयन्नास
२०३	हनुमत अनुभावात्	हनूमतोऽनुभावात्
२०७	आरभत्	आरभत
२०९	निर्मापयित्वा	निर्माप्य
२११	पर्युष्टं	पर्युषितं
२१३	पायन् पायन्	पायं पायं
२२०	तिलोत्तमा… यशो गीयते	तिलोतमया… यशो गीयते
२२६	विलसति असन्-	विलसत्यसन्-
२२९	दाक्षिण्यः	दाक्षिणात्यः
२३२	यूथश अपत्य-	यूथशोऽपत्य-
२३६	अभिवर्द्धतु	अभिवर्द्धताम्
२३७	मिथ अभाषत	मिथोऽभाषत
२४२	निन्दमानः	निन्दन्
२४३	शतश अतितरां	शतशोऽतितराम्
२४३	रमन्तम्	रममाणम्
२४६	परम अतितरां	परमोऽतितरां
२४९	द्रवितम्	द्रुतम्
२५४	गणयत अनिशम्	गणयतोऽनिशम्
२५६	वाहयानः	वहमानः
२५७	करीणां	करिणां
२५७	हस्तीन्	हस्तिनः
२५८	येन नागा आनीयते	येन नागा आनीयन्ते
२६५	तिरश्चो… जग्मुः	तिर्यञ्चो… जग्मुः
२६५	विसृजता	विसृष्यः
२६५	साम्यताम्	साम्यम्, समताम्
२७३	यक्षापतिः	यक्षपतिः

यसै गरी परिशिष्टमा दिइएका त्रिरत्नसौन्दर्यगाथाका संक्षिप्त प्रतिमा पनि अशुद्धि परेका छन् ।

सुन्दरानन्दका नेपालीभाषामा र वर्तमान नेपाली भाषामा अन्तर[२९]

सुन्दरानन्दका रूप	वर्तमान रूप
अघी (घि)	अघि (गि)
अरणा,अर्ना	अर्ना
अवला	अमला
इन्हरु, इनिहरू	यिनीहरू (रु)
इहाछेउ	यहाँछेउ
एति (ती)	यति
एस्	यस
एस्तो	यस्तो
एहि	यही
क्यानभन्या, केनभन्या	किनभने
कोहि (ही)	कोही
कौन (ना)	कुन
गुण	गुँड
घरहि	घरघरै
घाई	घाउ
घिय	घ्यू (घिउ, घीउ)
चह्रन्या	चढ्ने
चऱ्याकी	चढेकी
चिल्ला	चील
चोरावनु	चोराउनु
छठमा, छेठा	छैटौँ
छवै, छै	छवटै
जन्मनिबित्तिकै	जन्मनेबित्तिकै

---

२९. मेरो प्रेरणाले धनवज्र वज्राचार्यले यो संग्रह गरेका हुन् ।

जऱ्याका	जडेका
जौना	जुन
झै, झैं, झइँ	झैँ
ञाहीं	यहीँ
टांकीकन	टाँगीकन
टुकरा	टुक्रा
ढेरै	धेरै
ढोही(ई)	ढोई
तनले	तिनले
तपाञि(इँ)	तपाइँ
तस्, तेस्	त्यस
तस्ता	त्यस्ता
तहाँ, ताहाँ	त्यहाँ
तहि, तेहि	त्यही
तिमि(मी)	तिमी
दायिजो	दाइजो
दियेर, दिएर	दिएर
देषि, देषिन्, देषीन्	देखि
नतर	नत्र
नम्रित	नम्र
नहौ	नहोऊ
पर्कन	पड्कन
पर्षार	पर्खाल
पावैन	पाओइन
फेर	फेरि
फिर्नुपऱ्यो	फेर्नुपऱ्यो
फोहर्नु, फोर्नु	फोर्नु
बटेली	बटुली
बनायी	बनाई

बाषरा	बाख्रा
बाति(ती)	बत्ती
बिछोर	बिछोड
बुझ्यौनन्	बुझेनौ
बुढा	बूढा
बुवासो	ब्वाँसो
भञां	भएँ
भञुँ	भयौँ
भएर, भयेर	भएर
भाग्जाला	भाग्ला
भाव	भाउ
भै	भई
भैं	भ (भू, भु) इँ
मजूरा (र)	मुजूर
मरुति, मूर्ति	मूर्ति
लवांङ	ल्वाँग(ङ)
लिषेनछ	लेखिएनछ
लियाई	ल्याई
लुकुन, लुक्न	लुक्न
लैगयाको	लगेको
लोटपोट	लूटपीट
वर्न्या	ओढ्ने
वर्ह्लिकन	ओर्ह्लीकन
शुक्याका	सुकेका
शै	श(स)य
सकेनं	सकेनौँ
सदैं (धैं)	सधैँ
सपर्दा	सप्रँदा
समुभी (भि)	सम्भी

समुझ्या	सम्भे
हउन्	होऊन्
हरु (रू), हेरु (रू)	हरू(रु)
हर्‌लो	हर्‌रो
हवस, हवोस्	होस्
हवैनन्	होओइन्
हाति(ती)	हात्ती(ती)
हामि(मी)	हामी

आजकाल न् लेख्ने ठाउँमा सुन्दरानन्दले प्रायः अनुस्वार लेखेका छन्। जस्तै-

दिंछं=दिन्छन् जांछन्=जान्छन् रहंछ = रहन्छ

भाषामा कण्ठ्य खकारका ठाउँमा प्रायः सुन्दरानन्दले मूर्धन्य षकार प्रयोग गरेका छन् । जस्तै–

षलबल = खलबल षुस= खुश

आजकाल उकार लेखिने ठाउँमा सुन्दरानन्दले कहीँकहीँ वकार प्रयोग गरेका छन्–

जीवन्=जिऊन् छुटवन=छुटउन चोरावनु=चोराउनु भाव=भाउ

आजकाल बीचमा हलन्त लेख्ने ठाउँमा प्रायः अजन्त रूप सुन्दरानन्दले प्रयोग गरेका छन्–

जितन=जित्न जाँचदा=जाँच्दा तरनु=तर्नु बोलनु=बोल्नु

सुन्दरानन्दले ठाउँठाउँमा रको ठाउँमा ल, लको ठाउँमा र लेखेका छन्–

कसिंगल=कसिंगर हरलो=हर्‌रो

फल्मायाका=फर्माएका सत्तर=सत्तल

ठाउँठाउँमा कर्मणि प्रत्यय गर्नुनपर्ने ठाउँमा पनि सुन्दरानन्दले कर्मणि प्रत्यय गरेका छन् । जस्तै–

मल्लकन जितिन्या=मल्लकन जित्ने काबु राषिन्या=काबू राख्ने

चित्त राषिन्या=चित्त राख्ने

कहीँकहीँ टवर्गका ठाउँमा तवर्ग प्रयोग गरिएको छ–

थ्यकानमा=ठेकानामा तक्सारी=टकसारी

बधालि=बढारी षोतो=खोटे

बतैं=बट्टाइँ

कहीँ एउटैलाई तिमी र तपाइँ भनी लेखिएको छ । जस्तै–

हे शिव स्वामिन्... अग्निस्वरूप तपाञि हुनुहुन्छ... तिमि जतिका हरिका पियारा अरू कोहि छैनन् (२१४ श्लोक)

फेरि तिमि हुनुहुन्छ जस्तो वाक्य पनि प्रयोग गरिएको छ । (उही श्लोक)

कहीँकहीँ भूतकाल वर्तमानकाल आदिको राम्रो ख्याल गरिएको देखिँदैन जस्तै–

अरे एस् वेला चाकरी गर्न्या म एक्ला थियां (५५ श्लोक)

कहीँकहीँ प्रथमपुरुष उत्तमपुरुषको नियमको राम्ररी पालना गरिएको छैन । जस्तै–

तिम्रो सेवा गर्नु विधानकन मैले जान्नु सक्तैनन् (२११ श्लोक)

यसको वर्णना गर्न म सक्दैन (२३४ श्लोक)

कहीँकहीँ परोक्ष भूतकाल र अपरोक्ष भूतकालमा राम्ररी दृष्टि दिएको देखिँदैन–

एति श्लोकको अर्थ भाषा लेखियेनछ (५९-६० श्लोकको बीचको वाक्य)

घर आउँदा ता श्रीमहाराजाको दर्शन पायेनछु (२४२ श्लोक)

सुन्दरानन्दले नेपाली भाषामा प्रयोग गरेका नेवारी शब्द

यस ग्रन्थमा ५ वटा नेवारी भाषाका श्लोक परेका छन् भन्ने कुरा माथि भनिसकेको छु । तिनको अर्थचाहिँ नेपाली भाषामा सुन्दरानन्दले नै दिएका छन् । सुन्दरानन्दको नेपाली भाषामा पनि केही नेवारी शब्द पर्न आएका छन् । जस्तै[३०]

ख्याक=ख्याक नेवर=नेल

क्वाठ=किल्ला लुंझ्याल=सुनको झ्याल

लुहकील=ढुङ्गे सानो खामो षराहा=खरायो

ध्वाका=ढोका दलिङ=दलिन

मुसि=मुसी

---

३०. मेरो प्रेरणाले धनवज्र वज्राचार्यले यो संग्रह गरेका हुन् ।

सुन्दरानन्दले प्रयोग गरेका अरबी फारसी आदि मुसलमानी शब्दहरू[३१]

अषतियार	(अरबी=इख्तियार)
अमल, अंबल	(अरबी=अमल)
अर्जि	(अरबी=अर्जी)
असर्फि	(फारसी=अशरफी)
आद्मी	(अरबी=आदम)
आराम	(फारसी)
इजारा	(अरबी=इजार:)
कदर	(अरबी=कद्र)
कपिला	(अरबी=कबील:)
कबुजा	(अरबी=कब्ज:)
करार	(अरबी)
कवाइत, कवाज	(अरबी=कवायद)
कागद	(फारसी=कागज)
काजी	(अरबी)
काबु	(तुर्की=काबू)
कायल	(अरबी)
कैद	(अरबी)
षामिंद	(फारसी=खाविन्द)
षुसामति	(फारसी=खुशामदी)
षुसि	(फारसी=खुशी)
गञ्ज	(फारसी=गंज)
गरीप	(अरबी=गरीब)
गुजरान	(फारसी)
गुमान	(फारसी)

---

३१. मेरा प्रेरणाले धनवज्र वज्राचार्यले यो संग्रह गरेका हुन् ।

गुलजार	(फारसी)
चाकरी	(फारसी)
जगा, जगह, जगाह	(फारसी=जायगाह)
जवाप	(अरबी = जवाब)
जुवान	(फारसी=जवान)
तक्सीर	(अरबी=तकसीर)
तमाशा(सा)	(अरबी=तमाश:)
तरफ	(अरबी)
तरबीज	(अरबी=तजबीज)
तरह	(अरबी)
तर्कस	(फारसी=तर्कश)
तलास	(तुर्की=तलाश)
तबेला	(अरबी=तवेल)
ताकीत	(तरबी=ताकीद)
ताजी	(फारसी=दखाज)
तारीफ	(अरबी= तअरीफ)
ताजी	(फारसी=दखाज)
तारीफ	(अरबी=तअरीफ)
दर्बार	(फारसी=दरबार)
दरवाजा	(फारसी=दरबाज)
दशषत	(फारसी=दस्तखत)
दुनिञा (याँ)	(अरबी=दुनिया)
दोकान(म)	(फारसी=दुकान)
नजर	(अरबी)
नजीक	(फारसी=नजदीक)
पसम	(फारसी=पश्म)
पोसाक	(फारसी=पोशाक)
फजिती	(अरबी=फजीहती)
फत्त्ये	(अरबी=फतह)

फरक	(अरबी=फर्क)
फर्द	(अरबी)
फर्मासी	(फारसी=फरमाइशी)
फल्ना, फलाना	(अरबी=फुलाँ)
फिऱ्याद	(फारसी=फरियाद)
फौज(द)	(अरबी=फौज)
बक्सिस	(फारसी=बख्शिश)
बजार	(फारसी=बाजार)
बन्दुक	(अरबी=बन्दूक)
बमोजीम	(फारसी=बमूजिब)
बात्साह	(फारसी=बादशाह)
बाबत	(फारसी)
बारूद	(तुर्की=बारूत)
रस्ता	(फारसी=रास्त:)
रुजु	(अरबी=रुजूअ)
रोज	(फारसी)
लस्करि	(फारसी=लश्कर)
लाजीम	(अरबी=लाजिम)
लायक	(अरबी)
वकिल	(अरबी=वकील)
सपेत	(फारसी=सफेद)
सरम	(फारसी=शर्म)
सर्का(र्षा)र	(फारसी=सरकार)
सर्दार	(फारसी=सरदार)
सर्फराजि	(फारसी=सरफराजी)
सलाम	(अरबी)
सवारी	(फारसी)
सबाल	(अरबी)
सहर	(फारसी=शहर)

सहि	(अरबी=सहीह)
सालबसाल	(अरबी)
साहेब	(अरबी=साहिब)
सिकार	(फारसी=शिकार)
सोहरा	(अरबी=शुहरः)
सौगात	(तुर्की)
हजूर	(अरबी=हुजूर)
हवेली	(अरबी=हवाली)
हाजिरी	(अरबी)
हुकुम	(अरबी=हुक्म)

इतिहासका घटनामा गडबडी

त्रिरत्नसौन्दर्यगाथामा इतिहासका कुरा नभएका भए हामीलाई काम लाग्ने पुस्तक यो बन्न सक्तैनथ्यो । सुन्दरानन्दका त्रिरत्नले उनलाई फल दिई वा नदिई आफ्नो यात्रा समाप्त गरेकाले अहिले सुन्दरानन्द बाँचेकै भए उनको दृष्टिमा पनि यो ग्रन्थको उपादेयता रहँदैनथ्यो होला । श्री ३ चन्द्रका पुत्र श्री ३ मोहनको हातबाट राज्याधिकार गएपछि विद्वच्छरोमणि बनेका पण्डित कुलचन्द्र गौतमले आफ्नो ग्रन्थ अलङ्कारचन्द्रोदयलाई राघवालङ्कारको रूपमा परिणत गरेझैँ आफ्नो ग्रन्थको नाम फेरी भित्री कुरा पनि यताउति पार्न सुन्दरानन्दलाई उनको स्वभावले प्रेरणा दिन्थ्यो होला भन्ने अनुमान गर्न सकिन्छ । परन्तु सुन्दरानन्दको यस ग्रन्थमा इतिहासका कुरा परेका हुनाले यो ग्रन्थको उपादेयता अहिले पनि इतिहास-रसिकहरूका लागि छ । यस कारण यस ग्रन्थमा परेका इतिहासका घटनाको राम्रोसँग परीक्षा गर्दा देखिन आएका अशुद्धिहरू यहाँ दिइएका छन् ।[३२] अशुद्धिमा सुन्दरानन्दकै वाक्य उद्धृत गरिएका छन् । यिनका प्रमाणचाहिँ मूलका ती ती ठाउँमा टिप्पणीमा परेका छन् ।

---

३२. मेरा प्रेरणाले धनवज्र वज्राचार्यले यो संग्रह गरेका हुन् ।

अशुद्ध

...गोर्षा राजधानीदेषीन्... प्रस्थान गर्दा सहजैले पर्वतका प्रत्येक थुम्का फत्ये गरि त्रिशूलगङ्गा नाघि... श्री ५ पृथ्वीनारायण... नुवाकोटमा विराजमान हुँदा भया. (८ श्लो.)

शुद्ध

पृथ्वीनारायणका पूर्वजकै पालामा गोरखाराज्यको पूर्वपट्टि त्रिशूली साँध लागिसकेको थियो। यस कारण पृथ्वीनारायण शाहले त्रिशूली नतर्दै आफ्नै राज्यभित्रका पर्वतका थुम्का जित्नुपर्ने आवश्यकता थिएन।

अशुद्ध

ताहाँदेषी...नेपाल जित्कन आउँदा विष्णुमती गंगाका तीरमा पाल टाँकीकन कीर्तिपुर गाउँकन घेऱ्या. (१०-११ श्लो.)

शुद्ध

कीर्तिपुरमा आक्रमण गर्न पृथ्वीनारायण शाहले वाग्वतीको तीर भाजंगालमा ठाना हालेका हुन्।

अशुद्ध

आफ्ना (पृथ्वीनारायणका)सोदर श्रीकीर्तिमोद साह (१८ श्लो.)

शुद्ध

पृथ्वीनारायणका भाइको नाउँ महोद्दामकीर्ति हो।

अशुद्ध

जार हान्या भनिकन विश्वजित् मल्ल राजालाई भाद्रवदि १३ त्रयोदशीका दिन काटिदिया... तेज मल्ल कन राजा थाप्या. (४२ श्लो.)

शुद्ध

विश्वजित् मल्ल मारिएपछि जयप्रकाश मल्ल, रणजित् मल्ल, फेरि जयप्रकाश मल्ल, दलमर्दन शाह क्रमशः ललितपुरका राजा बनाइए। त्यसपछि मात्र तेजनरसिंह मल्ल राजा बनाइएका हुन्।

अशुद्ध

जयप्रकाश... तन राजा दिगुतले तलेजुका देवलमा सर्वत्र बारूद छरीकन गोर्षा राजाका सेनाहरू सर्दार भारादारहरू देखदैबित्तिकै कातर भयेर... अमात्यवर्गसमेत रात्रिका बीचमा भादगाउँमा लुकुन पस्याछन्. (५८ श्लो.)

शुद्ध

पृथ्वीनारायण शाहले कान्तिपुर दख्खल गरेपछि जयप्रकाश पहिले पाटनमा गएका थिए । केही दिनपछि मात्रै भक्तपुरमा गएका हुन् ।

अशुद्ध

श्री ५ पृथ्वीनारायण साह जो छन्. सो...सकल नेपालमंडलकन आफ्ना अधीनमा राषी अमल गर्दा... तेति गऱ्याप्रान्त युद्धयज्ञको विधिकन ताहिं समाप्त गर्दा भया. (६६ श्लो.)

शुद्ध

वि.सं. १८२६ मा भक्तपुर जितेपछि पनि पृथ्वीनारायण शाहले पूर्वका चौदण्डी विजयपुर राज्य जिती पूर्वतिर सुखीम (सिक्किम)सम्म आफ्नो राज्य विस्तार गरेका थिए ।

अशुद्ध

ताहापछि... श्री ५ सिंहप्रताप साह जो छन्. (७९ श्लो.)

शुद्ध

पृथ्वीनारायण शाहका जेठा छोराको नाउँ प्रतापसिंह हो ।

अशुद्ध

तज्जः सिंहपूर्वप्रतापः केहेरसिंहाभिधहितसचिवः [ती पृथ्वीनारायणका छोरा प्रतापसिंहका हित गर्ने मन्त्री केहरसिंह छन्] (७९ श्लो.)

शुद्ध

वि.सं. १८२८ मा सतहुँको लडाइँमा केहरसिंहको मृत्यु भएको थियो । यस कारण प्रतापसिंहका पालामा (वि.सं. १८३१-१८३४ मा) केहरसिंह थिएनन् ।

अशुद्ध

(रणबहादुर शाह) वृद्धावस्थामा पुत्रसमेत भीमसेनसंग भूमिभारा सुंपेर निर्वाण पद पायाका महाराज हुन्. (८३ श्लो.)

शुद्ध

वि.सं. १८३२ आषाढमा रणबहादुरको जन्म भएको हो तथा वि.सं. १८६३ वैशाखमा उनी भाइद्वारा मारिएका हुन् । यस कारण मृत्यु हुँदा उनी ३१ वर्षका मात्र थिए ।

अशुद्ध

युवराज श्री ५ गीर्वाणयुद्धविक्रम साहमाथि अत्यंत प्रेम हुनाले सत्कृपापूर्वक तेस्रो वर्षमा विधिपूर्वक...गादिमा बसालि (८३ श्लो.)

शुद्ध

वि.सं. १८५४ आश्विनमा गीर्वाणयुद्ध जन्मेका हुन् । वि.सं. १८५५ फाल्गुनमा उनी राजा बनाइएका हुन् । यस कारण राजा हुँदा गीर्वाणयुद्ध डेढ वर्षका थिए।

अशुद्ध

मन्त्रीहरूले कापट्य बुद्धि राखि श्री ५ गीर्वाणयुद्धविक्रम साह महाराजाकन सिकारका निहुले नुवाकोटमा लैगी श्री ५ रणबहादुर स्वामिकन थोरो अपमान देषाउदा... कान्तिपुर राजधानी छोडी श्रीसंवत् १८५७ सालमा आफ्ना सहधर्मिणी देवी श्रीकनकावती रानीलाई बेराम हुनाले सहर ललितपाटनका चौकोटसंम पाउलाग्नुभै तही राज गर्दा भया. (६५ श्लो.)

शुद्ध

रणबहादुर शाहका रानी गीर्वाणयुद्धका आमा कान्तिमतीको मृत्यु वि.सं. १८५६ कार्तिकमा भएको हो । यस कारण वि.सं. १८५७ मा उनी जीवित थिइन् भन्नु अशुद्ध हो ।

अशुद्ध

श्रीस्वामी चन्द्रषष्ठाषशशिनि निरगात् काशिकायाः पुरीं स्वाम् (वि.सं. १८६१ मा श्रीस्वामी काशीबाट आफ्नो देशमा फर्कनुभयो ।)

स्वस्ति श्रीसंवत् १८५७ सालका फाल्गुण मासमा तीर्थयात्राका प्रसंग गरि काशी सहर पाउ लागी... आफ्ना सहर नेपाल कान्तिपुरमा पाउ लागनुभै (१३४ श्लो.)

शुद्ध

वि.सं. १८५७ ज्येष्ठमा रणबहादुर काशी गएका हुन् । वि.सं. १८६० फाल्गुनमा रणबहादुर काशीबाट नेपाल फर्केका हुन् । सुन्दरानन्दले भने श्लोकमा १८६१ मा रणबहादुर नेपाल फर्के भनी लेखेका छन् तथा भाषार्थमा चाहिँ वि.सं. १८५७ फाल्गुनमा काशी गए भनी लेखेका छन् । यी दुवै अशुद्ध हुन् ।

अशुद्ध

उप्रान्त श्रीस्वामिज्यूका मूल प्रकृति कृताभिषेका महारानी श्रीराज्यलक्ष्मीदेवी छन्. (१८८ श्लो.)

शुद्ध

रणबहादुर शाहका जेठा बडा महारानीको नाउँ राजराजेश्वरी हो ।

अशुद्ध

अघिका प्रताप मल्ल राजाले टासिराष्याका अठार जातका अक्षर पऱ्याका शिलापत्र झैं... स्थिर रहोस्. (२३३ श्लो.)

शुद्ध

काठमाडौँ हनूमान्ढोकाको जलद्रोणीमा तथा त्यसको सामुन्ने जगन्नाथ देवलको पेटीमा गरी प्रताप मल्लका दुइटा धेरै अक्षर भएका शिलापत्र पाइन्छन् । तिनमा जलद्रोणीको शिलालेखमा १५ थरीका अक्षर परेका छन् तथा जगन्नाथदेवलको पेटीको शिलालेखमा १४ थरी अक्षर परेका छन् भन्ने कुरा तिनै शिलालेखमा स्पष्टसँग लेखिएको छ ।

इतिहासको नाउँमा किंवदन्ती

पृथ्वीनारायण शाहको पालाको इतिहास पनि सुन्दरानन्दको पालामा किंवदन्तीको रूपमा चलेर आएको पाइन्छ । जस्तै–

अर्नाको सिङभरि मात्र रुपियाँ लिई पृथ्वीनारायण शाहले लडाइँको आरम्भ गरेका थिए । (७ श्लो.)

पृथ्वीनारायण शाह १०० नालको सैन्य लिई गोरखादेखि हिँडेका थिए । (८ श्लो.)

कमिलाको उदाहरणबाट पृथ्वीनारायण शाहले प्रेरणा पाए । (२१ श्लो.)

शस्त्रप्रयोग नगरीकनै पृथ्वीनारायणले नेपाल उपत्यका विजय गरे ।(६६ श्लो.)

यी कुरामा सत्यता देखिँदैन । मूलको टिप्पणी हेर्नुहोस् ।

इतिहासबाहेक नेपालखाल्डोको भुवनकोष (भूगोल) पनि सुन्दरानन्दले राम्ररी बुझेको देखिँदैन । जस्तै–

(पृथ्वीनारायण शाहले)... नेपाल जित्लकन आउँदा विष्णुमति गंगाका तीरमा पाल टाँकीकन कीर्तिपुर गाउँक़न घेऱ्या" (१०-११ श्लो.)

कीर्तिपुर घेर्न विष्णुमतीको तीरमा ठाना हाले भनी लेख्नु भुवनकोषको दृष्टिले पनि अशुद्ध छ । (यस विषयमा मूलको टिप्पणी हेर्नुहोस् ।)

छन्द ज्यौतिष शास्त्रहरूमा पनि सुन्दरानन्द कच्चा थिए

सुन्दरानन्दका पद्यमा कहीँकहीँ छन्दोभङ्ग भएको पाइन्छ । जस्तै–

तदग्निप्लुष्य शतशोऽपि वृक्षाः (१३ श्लो.)

इत्येवं जगतीतलं षडधीनं तत्सृष्टिसंहारसं-

स्थित्या श्रीदलमर्द्दनं बुबुधिरे द्वैरूप्यसंशान्तये (५० श्लो.)

यथा दीपाद् दीपो घृतप्लुतसुवर्तीरनुसरन् (९३ श्लो.)

लज्जापीठे कदम्बद्रुमसुरभिवने वज्रतुण्डीयक्षेत्रे (१३७ श्लो.)

तत्त्रैपुरं सत्रमियाच्च स्थैर्यम् (२१८ श्लो.)

छन्दलाई बाँच्न उचित ठाउँमा विश्रान्ति दिने चलन छ । सो भएन भने सो बाँच्न र अर्थ गर्न पनि गाह्रो पर्छ । यसलाई यतिभङ्ग दोष भन्दछन् । यतिभङ्ग दोष सुन्दरानन्दका ग्रन्थमा छेलोखेलो भएर रहेका छन् । नमूनाका लागि अलिकता यहाँ दिइन्छन्–

कीयदेव गुणं प्रगृह्णथ भवन्तो नो कृमिं पश्यथ (२१ श्लो.)

पृथ्वीनारायणार्कः प्रथममिह समाक्रम्य नेपालभूमा-

वासप्ताब्दाहवेन प्रतिखनितसुरुंगेण कीर्तिं प्रविष्टः ।

श्रीमद्व्याघ्रेशमुद्दिश्य च बलिमददात्तत्पुरीवासिलोक-

च्छिन्नघ्राणोष्णमांसैः स्म जयति नरभूपालजः पूर्वजिष्णुः ।। (२३ श्लो.)

सेवित्वा कतिचिद्दिनानि निजभृत्यः पादसंवाहकः

संसुप्तं निभृतं वितर्क्य सहसा तं कालिदासं कुधीः ।

तीक्ष्णेनास्य परश्वधेन शिर आस्फोट्याशु राजाज्ञये-

त्युक्त्वा कान्तिपुरीमगाच्च नृपतिस्तुष्ये ददावीप्सितम् ।। (५५ श्लो.)

श्रीमत्सिंहप्रतापात्मजरणबहादुरसाहाज्ञया श्री-

पृथ्वीनारायणस्यात्मजवरयुवराजेन बाहादुरेण ।

मूर्तीकृत्यार्द्धनारीश्वरमुपरि गवाक्षे विचित्रेष्टिकाभिः

काष्ठैः श्रीखण्डजातैर्ग्रहगणसहितं दौर्गपीठं न्यधायि ।। (८४ श्लो.)

श्रीस्वामिद्रोहिणो ये धरणिपपरिचर्याप्रतीपाः परोक्षा

उल्लूनास्ते विलुण्ठद्विभवपरिजनाः पुल्कशानीततीर्थाः ।

आसुर्दात्यूहदाक्षाय्यवृकभषकगोमायुसंवाहिताङ्गाः

श्र्यब्देऽग्न्यङ्गाष्टरूपे ह्यहह सुकृतिनो येऽवशिष्य कृतज्ञाः ।। (१८७ श्लो.)

अपि माषं मषं कुर्याच्छन्दोभङ्गं न कर्हिचित्=माषलाई बरु मष लेख्नू, छन्दोभङ्ग कहिल्यै नपार्नू भन्ने उक्तिको भर परी कतै कतै एक दुइ ठाउँमा ठूलठूला कविहरूले पनि शब्दलाई बिगारेको उदाहरण पाइन्छ । तर सुन्दरानन्दका ग्रन्थमा भने यो कुरा पनि धेरै छ । जस्तै–

तत्साहसं लिखति पृथ्विनारायणेषु
सौकर्यराज्यकरणं दलमर्दनः स्म । (५७ श्लो.)
वीरामर्सिंहथापाद्वयहितसचिवो धीरधीरो महात्मा (९० श्लो.)
स भीमसेनके मुदा नरायणे सकृष्णके (९८ श्लो.)
अजय्रेखामातूभ्रमरकलिकाख्याथ तुरकी-
मुखाश्चेट्यो डाकिन्य इव मदिरामोदमुखजा (१२१ श्लो.)
राजा पाल्पीयो विदुर्साहसेरबाहादुर्साहोप्यमात्यो नृसिंहः ।
दाम्नैकेनानीतवन्तो निषादैरुल्लूनास्ते कर्मणे वै नमोऽस्तु ।। (१८६ श्लो.)
स्थित्वा तुल्जालये श्रीतलिजुसमभिधे भीमसेनेन सार्धं
थापारत्नेन तन्तुग्रहणपटुधिया लक्षदृष्ट्या निपीतः ।। (२०२ श्लो.)
देवी श्रीललितत्रिपुर्समभिधा श्रीसुन्दरी राजते (२१६ श्लो.)
बुद्धिः सुन्दरनन्दजा क्षतिमगाद् दारिद्र्यतापोल्वणात् (२२१ श्लो.)
नैवाऽपश्यं हि गीर्वाण्युधनृपमहं शीतलायाः प्रतीपाद् (२४२ श्लो.)
धन्या सा काष्ठमण्डे विपणिपरिणता भूमिपप्रीतिपात्रम् (२६४ श्लो.)

सुन्दरानन्दले ज्यौतिष शास्त्रको पनि केही चर्चा गरेका छन् । परन्तु ज्यौतिष शास्त्रको राम्रो ज्ञान उनलाई भएको बुझिँदैन । जस्तै–

स्वस्ति श्रीसंवत् १८८० साल मिति माघशुक्ल श्रीपञ्चमी बृहस्पतिवारका दिन गुरु आदित्यादि शुभ ग्रहहरू उच्च स्थानमा पऱ्यामा... श्री ५ मन्महाराजाधिराज राजराजेन्द्रविक्रम साहबाट ...महारानी दुइ२कन... श्रीबालाज्यूमा विवाह गर्दा भया. (२३८ श्लो.)

माघ महीनामा सूर्य उच्चस्थानमा बसेका भन्नु अशुद्ध हो । किनभने सूर्यको उच्च मेष हो । त्यहाँ सूर्य वैशाख महीनामा हुन्छन् । फेरि सूर्य शुभ ग्रह पनि होइनन् ।

च्युतसंस्कृति तथा छन्दोभङ्ग यतिभङ्ग आदि दोषहरू भएको यस ग्रन्थमा अरू काव्य दोषहरूले कति ठाउँ पाएका होलान्, सो कुरा सहृदयहरू आफैं बुझ्न सक्छन् । यस कारण यस विषयमा यहाँ बढ्ता विचार गर्नु आवश्यक देखिँदैन ।

सुन्दरानन्दको राम्रो कविता

राजाऽयं जनतासु मेघसदृशो वक्तुं न शक्यो मया
मेघो वर्षति चातकस्य समयेऽसौ सर्वदा वर्षति ।
मेघो वर्षति चाम्भ एव विपुलं यो हेमरत्नाम्बरं
मेघः श्याममुखः प्रदानसमये यो हेमगौराननः ।। (२३४ श्लो.)

सुन्दरानन्दको यो पद्य काव्यको दृष्टिबाट सुन्दर छ । यो श्लोक बनाउन उनले खर्च गरेको सीप अन्त पनि देखिन आएको भए उनको यो ग्रन्थले काव्यरसिकहरूलाई रिझाउन सक्तथ्यो ।

चित्रकाव्य

बन्ध पारी कविता गरी आफ्ना मालिकलाई रिझाउने कुरामा प्रशंसक कविहरू लागेका देखिन्छन् । यसका पछिल्ला उदाहरणका लागि गु.पु. भुवनेश्वरको कीर्तिवर्णना, पण्डित जगन्नाथ वैजनाथको भूचन्द्रचन्द्रिका, पण्डित कुलचन्द्रको अलङ्कारचन्द्रोदयलाई देखाउन सकिन्छ । स्तुति काव्यको परम्परामा हिँडेका पण्डित सुन्दरानन्दले पनि बन्ध पारी कविता गरेका छन् । जस्तै–

मानी ज्ञानी धनी यः परपुरहरणे स्कंदवद् दर्पदर्पः
श्रीमान् रामान् स मान्यः स हि महिमहिलश्चंडकांडः षडङ्गः ।
जीयात् पायाद् दयावानवनिवरवधूपालने लब्धलक्ष्मा
मूकं लोकं सकम्पं गुणगुणगणनापारगो रङ्गरक्तः ।। (२३० श्लो.)

यसलाई हारको रूपमा उतार्दा यस प्रकारको हुन्छ–

हारबन्ध



राजा धोजा बजार्‍या सहज हरिहरं देवतावर्ग वर् लाक्
मानी ज्ञानी धनी हाय् परपुरहरणे छाकगू कण्टकं खः ।
श्रीराजा राजराजेन्द्र जूगु जुग जुगं आयु लायु थ्व युक्ती
काजी साजी सजीला मदु मदु मदु एक् हे धनी धन्य धन्ये ।। (२३५ श्लो.)

यसलाई हारको रूपमा उतार्दा यस प्रकारको हुन्छ–

हारबन्ध



अक्षरवैचित्र्य पारी पद्यरचना गर्ने चेष्टा पनि सुन्दरानन्दले गरेका छन्। जस्तै–

भीतिर्नश्यति राजराजविजिते गीर्वाणभूमौ यथा
मर्त्याः सन्ति निराकुला न जननी तातोऽत्यजत्सत्कृपाम्
सेवार्थ मुनयोऽपि दूरयमुनातीरात्तपस्योत्सुकाः
नन्दन्ति त्रिपुरेश्वरैर्लसदहो क्षेत्रं सधर्मध्वजि ।।२३१।।

एही श्लोकका चारै चरणका प्रथमाक्षर १।१ माझ अक्षर २।२ अन्त्यको अक्षर १।१ लीकन भीमसेन जनरल विजय सत् थापा काजि एति मंगलार्थक अक्षर पर्न गयाका छन् ।।२३१।।

काव्यमा स्थलविशेषमा देवताको स्तुति पनि आउँछ । जस्तै रघुवंशको दशम सर्गमा विष्णुको स्तुति परेको छ । यस्तै अरू काव्यमा पनि पाइन्छ । यसैको अनुसरण गरी सुन्दरानन्दले पनि कतै पृथ्वीनारायणको मुखबाट, कतै रणबहादुरको मुखबाट, कतै त्रिपुरसुन्दरीको मुखबाट देवताको स्तुति गराएका छन् । २३ श्लोकको पाठान्तर श्लोक, १३८-१५९ श्लोक, २१०-२१७ श्लोक हेर्नुहोस् ।

तलका यी पद्यले माथिका कुराको सार खिँच्तछन्–

विसर्गलाई दुइटा अकारले छोपे भने ती सब एक रूपले ।
ओकार हुन्छन् सबका प्रयोगमा भिन्नै छ चाला तर यो त्रिरत्नमा ।।
पुंक्लीबलिङ्गादिक ती सुबन्तमा तङादिका स्थान तथा तिङन्तमा ।
वास्ता नराखीकन शब्दशास्त्रमा स्वतन्त्र भै देखिन आउँछन् यहाँ ।।
भाषा यहाँको नत शुद्ध संस्कृत न हो हुनै प्राकृत नै परिष्कृत ।
विश्रान्तिमा भङ्ग हुँदा यताउति कनीकनी पर्दछ भन्नु ती कति ।।
अगाडिका ती इतिहासका कथा धेरै सुनेका भरकै यहाँ हुँदा ।
व्यत्यास पाइन्छ यहाँ थरीथरी केहेरसिंहाभिधका कथासरी ।।
चढ्दो उज्यालो द्युति भीमसेनको देखी त्यसैका टकमा परेर यो ।
छ लेखिएको त्यसले यताउति देखिन्छ राम्रैसँग भीमको स्थिति ।।
खुशी भई शासकले दिऊन् धन भन्ने लिई भाव गमीगमीकन ।
श्रीसुन्दरानन्द कवित्व गर्दछन् कतै कतै सत्य कुरा लुकाउँछन् ।।

ऐतिहासिक सार

सुन्दरानन्दले यस त्रिरत्नसौन्दर्यगाथामा इतिहासका घटनालाई नघुसाई राजा रानी मन्त्रीको काव्यात्मक वर्णनमात्र गरेका भए काव्यको दृष्टिबाट पार्नै नहुने च्युतसंस्कृति दोषले दूषित भएको, काव्यचमत्कार पनि विशेष नभएको त्रिरत्नसौन्दर्यगाथाको महत्त्वलाई विद्वान्हरूले स्वीकार गर्न गाह्रो थियो । तर पूजा-पाठको विशेष महत्त्व भएको कालमा दरबारबाट पूजाभाग आउने देवताहरूका मन्दिरसँग विशेष सम्बन्ध भएका तथा भारादारहरूकहाँ प्रवेश पाएका सुन्दरानन्दले देखेका सुनेका तथा देखे सुनेका भरमा कल्पना गरेका कुराले पनि विक्रमको उन्नाइसौँ शताब्दीको नेपालखाल्डोको विशेष इतिहास र त्यसबाहेक बाहिरको (गोरखा आदिको) सामान्य इतिहास हाम्रो अघिल्तिर ल्याइदिन्छन् । सुन्दरानन्दसँग हामीले सम्बन्ध राखेनौँ भने उन्नाइसौँ शताब्दीको नेपालको पाइएको इतिहासलाई छोड्ने मूर्खता हामीले गरेको सरासर साबित हुन्छ । त्यस कारण बुद्धिले भ्याएसम्म यस ग्रन्थबाट आउने ऐतिहासिक सारलाई केलाई पाठकहरूको सामु राख्ने प्रयत्न गरिन्छ ।

गोरखाका राजा नरभूपाल शाहका छोरा पृथ्वीनारायण शाह भए । गर्भमा सात महीना रही यिनको जन्म भयो । जन्मको हिसापले पृथ्वीनारायण जेठा भए तापनि गर्भका हिसापले अर्की रानीपट्टिका छोरा जेठा थिए ।

पृथ्वीनारायणले त्रिशूलगङ्गा तरी नुवाकोट विजय गरे । पृथ्वीनारायणले देवीघाटमा भैरव भैरवीको पूजा गरे ।

कीर्तिपुर अग्लो ठाउँमा रहेको हुनाले त्यहाँ आक्रमण गर्ने गोरखालीहरू तलतिर परेका थिए । कीर्तिपुरका रक्षकहरूले ढुङ्गामा भकारी थुपारी राखेका थिए । आक्रमण गर्न आएका गोरखालीहरूलाई पर्खालमा बसेका रक्षकहरूले घुयँत्रोले ढुङ्गाले हानी ध्वस्त पारे । गोरखालीहरू कीर्तिपुरभित्र पस्न ढोका फोर्न चाहन्थे । सो काममा अघि सरेका धेरै गोरखाली सिपाहीहरू कीर्तिपुरेहरूका ढुङ्गाका प्रहारमा परी मारिए । पृथ्वीनारायणका सेनापति कालु पाँडे यस लडाइँमा परे ।

गोरखालीको आक्रमण होला भन्ने डरले काठमाडौँका राजाले आफ्नो शहरको वरिपरि बलियो पर्खाल बनाउन लाए । पाटनका राजाले बाहिरबाट

सहायता पाउन उद्योग गरे, भक्तपुरका राजालाई के गरुँ के गरुँ भनी दोधार पर्‍यो ।

पाटनका ६ काजीहरूमध्येका कालिदास तौढिकहरू मुख्य थिए । यिनीहरू ६ प्रधान कहलाउँथे । पाटन राज्यको सर्वाधिकार प्रायः यिनै ६ प्रधानको हातमा थियो । यिनीहरू आफ्नो मन परेकालाई राजा बनाउन र मन नपरेकालाई राज्यच्युत गर्न सक्तथे ।

पाटने काजी कालिदासलाई गोरखालीका पक्षपाती सम्झी काठमाडौँका राजा जयप्रकाशले मार्न आफ्नो गुप्त मानिसलाई कालिदासकहाँ चाकरी गर्न पठाए । त्यसले मौका पारी कालिदासलाई मारी सुइँकुच्चा ठोक्यो ।[३३]

६ प्रधानले गद्दीमा राखिएका पाटने राजा विश्वजित् मल्लले ६ प्रधानमध्येका एक जनाकी घरकी आइमाईलाई हरी ल्याए भनी साधुले हुल उठाई दरबारमा गई जार काटेँ भनी विश्वजित् मल्ललाई मारिदिए । साधुले स्वास्नीलाई खुरुक्क घर ल्याए ।

सुरुङ खनी कीर्तिपुरलाई उडाइदिन्छु भनी पृथ्वीनारायणले उद्योग गर्न लागेपछि कीर्तिपुरेहरूको मस्ती गल्न जाँदा कीर्तिपुरमा पृथ्वीनारायणले विजय गर्न सके । कीर्तिपुरको लडाइँमा पृथ्वीनारायणको सात वर्ष जति बितेको थियो । सो लडाइँमा पृथ्वीनारायणका भाइ शूरप्रतापको आँखा फुट्यो । कीर्तिपुरेहरूको नाक

---

३३. जयप्रकाशको प्रेमलीलामा कालिदासले विघ्न पारेका हुनाले जयप्रकाश कालिदाससँग रिसाएका थिए भनी वंशावलीमा लेखिएको छ । वंशावलीअनुसार कालिदास वि.सं. १८१२ मा मारिएका देखिन्छन् । सुन्दरानन्दले भने यसको नौ वर्ष जतिपछि दलमर्दन शाहको पालामा कालिदास मारिएका हुन् भनी लेखेका छन् तथा तेजनरसिंहको पालामा पनि कालिदासको उल्लेख गरेका छन् । सुन्दरानन्दलाई यहाँ दोधार परेको देखिन्छ ।

वि.सं. १८१९ को पाटन मूलचोकको ताम्रपत्रमा भक्तपुरका राजा रणजित् मल्लले आफू पाटनका पनि राजा हुँदा बाँधिदिएका नियम लेखिएका छन् । त्यसमा पाटनको तर्फबाट साक्षी बस्ने काजीहरूमा कालिदास देखिँदैनन् । यसबाट त्यस वेला कालिदास मरिसकेका थिए कि भन्ने आभास पर्छ र वंशावलीको कुरामा केही विश्वास लागे जस्तो हुन्छ । तर यतिले निर्णयमा पुग्न सकिँदैन । मूलको टिप्पणी हेर्नुहोस् ।

काटियो। केही कीर्तिपुरेहरूको बिर्ता हरियो। कीर्तिपुरको केही जग्गा मिश्र गुरुज्यूलाई खानगी भयो।

कीर्तिपुर जितेपछि चोभार पाँगा बुङ्मती खोकना सुनागूठी ठेचो चापागाउँ लेले आदि पृथ्वीनारायणका वशमा भए। ती ठाउँमा केही जंगल फाँडी आबाद गरे। ठाउँठाउँमा गोरखाली चौकी रहे। पृथ्वीनारायणले कान्तिपुर ललितपुर भक्तपुर तीनै शहर घेरा हाल्ने उद्योग गरे।

पृथ्वीनारायणले बुङ्मतीका मछिन्द्रनाथ, लेलेका ट्याङाभैरव, चापागाउँकी वज्रवाराही, कीर्तिपुरका बाघभैरव, चोभारका लोकेश्वर, गणेश, टैदहका कर्कोट्क, चाबहिलका शाक्यसिंह आदि देवताको पूजा गरे। प्रभावती (नखु) दोभानमा स्नान तर्पण गरे।

यसपछि काठमाडौँ पाटन भादगाउँ यी तीनै शहरका राजाहरूको बल दिनदिनै क्षीण हुँदै गयो।

गोरखालीसँग लड्न पाटने काजीहरूले देवताका गजूरहरू झिकी मासी ठाउँठाउँमा चौकी राखे। तिनताका मल्लहरूका सिपाहीमा भोटे पनि थिए। बहालबहालका देवताहरूका गहना र ठाउँ-ठाउँमा घरमा चोरी हुँदा यिनै भोटेहरूको हात छ भन्ने हल्ला चल्यो।[३४] यसबाट दुनियाँमा असन्तोष फैलियो।

स्वदेश छोडी विदेशमा जानेलाई ठूलो दण्ड हुनेछ भन्ने कुरा पाटनमा झ्याली पिटी दुनियाँलाई सुनाइयो।

गोरखालीको घेराले पाटनमा कपास आदिको दुःख भएको हुनाले पाटने काजीहरूले पृथ्वीनारायणका भाइ दलमर्दन शाहलाई पाटनमा बोलाई राजा बनाए। विश्वासघातको शङ्का नरहोस् भनी पाटने काजीहरूले आफ्ना एकएक जना छोराहरूलाई गोरखामा पठाए।

गोरखालीको घेरा खुकुलो पारी दलमर्दनले पाटनमा कपास आदि ल्याउन नसकेका हुनाले पाटने काजीहरूले दलमर्दनलाई सिंहासनच्युत गरी व्यापारी तेजनरसिंह मल्ललाई पाटनका राजा बनाए।

---

३४. भोटे चोरहरूलाई ६ काजीले खटाएका हुन् भनी सुन्दरानन्दले लेखेका छन्।

काठमाडौँका राजा जयप्रकाश मल्लले आफ्नो राज्यका देवताका गजूरहरू मासी खर्च चलाएका थिए ।[३५] जयप्रकाशका काजी नौसिंह कीर्तिसिंह थिए ।

वि.सं. १८२५ भाद्रशुक्ल चतुर्दशीका दिन पृथ्वीनारायणले काठमाडौँमा आक्रमण गर्दा कुमारीयात्रा (इन्द्रयात्रा)को दिन थियो । जयप्रकाश मल्ल देगुतले तलेज्यूका मन्दिरमा बारुद छरी रातमै काठमाडौँबाट भागे । गोरखाली सेनापति तुलाराम पाँडे तलेज्यूको मन्दिरमा जाँदा बारुद सल्की मरे ।

पृथ्वीनारायण शाह सुन्दरप्रसादनामक[३६] हात्तीमा चढी काठमाडौँ शहर घुमे ।

पाटनमा संग्रामसिंह ख्वालपा ऐठानटुकु आदि बडा तान्त्रिक कहलाएका थिए । यिनीहरू हतियार भिर्थे । ६ प्रधानमा तथा राजामा यिनको प्रभाव थियो ।

पृथ्वीनारायणले वि.सं. १८२५ मा ललितपुर विजय गरेपछि पाटनका काजीहरू (गोरखालीका विरोधी) पक्रिए । स्वास्नीमान्छेको पहिरन लगाई शहर घुमाई तिनीहरूको अपमान गरियो[३७] र तिनलाई कान्तिपुर ल्याई कैद गरियो । राजा तेजनरसिंह भागी भादगाउँमा पुगे । मङ्गलबजारको मणिमण्डपमा बसी पृथ्वीनारायणले पाटनको राजा आफू भएको सूचना पाटने प्रजालाई दिए ।

पृथ्वीनारायणले कान्तिपुरमा ब्राह्मण हरिवंशको देखरेखमा वसन्तपुर दरबार बनाउन लाए ।

भादगाउँमा नेपालखाल्डाका तीनै शहरका राजा जम्मा भएका थिए । पृथ्वीनारायणले भादगाउँ विजय गरेपछि भादगाउँले राजा रणजित् मल्ललाई काशीवास पठाइदिए । कान्तिपुरका राजा जयप्रकाश मल्लसँग मीत लाएको हुँदा

---

३५. तात्कालिक कागतपत्रबाट पनि यो कुरा देखिन आएको छ । मूलको टिप्पणी हेर्नुहोस् ।

३६. यो हात्ती गीर्वाणयुद्धको पालामा ने.सं. ९३६ (वि.सं. १८७३) मा मऱ्यो भनी सुन्दरानन्दले लेखेका छन् ।

३७. स्वास्नीमान्छेको पहिरन लाइदिई बेइज्जती गर्ने चलन अघि पनि थियो । मूलको टिप्पणी हेर्नुहोस् ।

बिरामी भएका उनलाई पृथ्वीनारायणले पशुपति आर्यघाटमा घाट पठाइदिए । उहीँ उनको मृत्यु भयो । पाटने राजा तेजनरसिंह मल्ल कैदमै विष खाई आत्महत्या गरी मरे । उनको लास पोडेलाई सुम्पियो ।

पाटनका बहालबहालका देवता तथा भीमसेन कृष्ण आदि सबै देवताको पृथ्वीनारायणले दर्शन पूजन गरे ।

गोरखाली शासन नेपालखाल्डोमा खडा भएपछि त्यहाँका प्रजाहरूमा पुरानो राजवंश गयो, अब के हुने हो भनी शङ्का भयो । चोरी हट्यो, बाटो-घाटो खुल्यो, कपास अन्नहरू आउन लागे, भाउ सस्तो भयो. १ रु. को ३२ पाथी भयो भनी खुशी भयो । दुवै कुरा एकैपल्ट भयो ।

चोपुर गाउँका[३८] केही बासिन्दाहरूले विद्रोह गर्दा विद्रोहीहरूको हात नाक काटिए ।

श्रावणको जात्रा (गुँलाधर्म, गाईजात्रा) पृथ्वीनारायणले रस मानी हेरे । मुकुण्डो लाएकाहरूलाई पृथ्वीनारायणले रुपियाँ दिए ।नेपालखाल्डोका हरसिद्धि आदि नाच, मत्स्येन्द्रनाथ आदिको यात्रा पृथ्वीनारायणले भक्तिपूर्वक चाख मानी हेरे ।

वि.सं. १८३१ माघेसंक्रान्ति ने.सं. ८९५ पौषशुक्ल नवमी मङ्गलवारका दिन पृथ्वीनारायण नुवाकोटमा परलोक भए । महारानीसमेत ९ जना[३९] सती गए ।

पृथ्वीनारायणपछि उनका जेठा छोरा प्रतापसिंह राजा भए । प्रतापसिंहले खेतमा अबल दोयम सीयम चाहार छुट्ट्याई उब्जनीको चार खण्डको एक खण्ड सरकारी तिरो नियत गरे । एक रुपियाँको ९० पाथी भाउ राखी रुपियाँ तिरो लिने चलन प्रतापसिंहले चलाए । दुनियाँको जग्गामा लाएको यस तिरोलाई पोता भन्ने चलन भयो ।

---

३८. भक्तपुरबाट नैर्ऋत्य दिशामा ठिमीदेखि दक्षिणपट्टि चोरपुर गाउँ पर्दछ ।

३९. तात्कालिक चिठीसँग यो संख्या मिल्छ । जयरत्नाकरनाटक र वंशावलीमा संख्या फरकफरक छन् । मूलको टिप्पणी हेर्नुहोस् ।

भोटसँग चलेको चाँदीको टकविषयको कलहलाई साम्य पार्न प्रतापसिंहले भोटका लामासँग कुरा मिलाए ।

प्रतापसिंहका छोरा रणबहादुर शाह भए । यिनी बालकमै राजा भएका हुनाले यिनका कान्छा बाबु बहादुर शाहले राजकाज चलाए ।

रणबहादुरको पालामा पश्चिमका लमजुङ तनहुँ रिसिङ घिरिङ ढोर कास्की नुवाकोट भिरकोट सतहुँ पैयुँ गरहुँ पर्वत गलकोट गुल्मी अर्घाखाँची मुसिकोट प्यूठाना भिल्ली उभुङ आदि चौबीसी राज्य र जाजरकोट सल्ल्यान दुल्लु दैलेख कसौँ आदि बाईसी राज्य नेपाल राज्यमा मिल्न आए ।

रणबहादुर शाहको राज्यकालमा तथा बहादुर शाहको शासनकालमा नेपालीहरू कुती केरुङ जिती डिगर्चासम्म दख्खल गर्दै पुगे । डिगर्चामा भोटेहरूसँग ठूलो लडाइँ भयो । त्यहाँको मठमा रहेका सुनका गहनाहरू नेपालीहरूले लुटी ल्याए । यसपछि चीनका बादशाहले नेपालीहरूलाई दबाउन ठूलो फौज पठाए । सो फौज नेपालीहरूसँग लड्दै धैबुङसम्म आइपुग्यो । ठूलो लडाइँ भयो । दुवैतिरका धेरै मानिस लडाइँमा परे । यसपछि सन्धि भयो । चिनियाँ फौज फर्की गयो । नेपालका राजाका पत्र लिई राजदूत चीन जाने तथा चीनका बादशाहका पत्र लिई आउने स्थिति बाँधियो ।

यस लडाइँमा चिनियाँहरूलाई हटाउन सकियोस् भनी बहादुर शाहले देव-देवीका मन्दिरमा, पीठ-उपपीठमा, बाटघाटमा पुरश्चरण पूजाहरू गराएका थिए । यस काममा बौद्ध पुरोहित (गूभाजू बाँडाहरू) पनि लागेका थिए । उनीहरूले आफ्नो विधिअनुसार शान्तिस्वस्ति गरे, प्रज्ञापारमिताको पाठ गरे, बिर्ता पनि पाए ।

रणबहादुरको राज्यकालमा बहादुर शाहले काठमाडौँमा एउटा मन्दिर बनाए । त्यस मन्दिरको झ्यालमा श्रीखण्डले बनाइएका महादेव-पार्वतीको मूर्ति राखे, त्यही मन्दिरमा अष्टमातृका नवग्रहको पनि मूर्ति स्थापना गरे, घण्टा पनि चढाए ।

घण्टाको आवाजले भूत प्रेतहरूको भागाभाग हुन्छ भन्ने धारणाले रणबहादुर शाहले अष्टधातुले बनाएको ठूलो घण्टा इष्टदेवता प्रीति गरी चढाए ।

रणबहादुरले (काठमाडौँ कालभैरवपछाडि) सुनका सेता भैरव स्थापना गरे ।[४०] आफ्नो इलाकामा रहेका प्राणीका रगत मासु बोसो आदि खाने भूत प्रेतहरूलाई भागाभाग गराउनु तथा इन्द्रयात्राको शोभा बढाई इन्द्रलाई खुशी पार्नु यसको मुख्य उद्देश्य थियो ।

रणबहादुर शाहले थुप्रै साँढे पालेका थिए ।[४१] मुख्य मुख्य साँढेका नाम माल्या बाज्या मंगल्या जुझ्या भोट्या आदि थिए । घ्यू सखर चाकु इत्यादि हाली अन्न दाना खुवाएर ती साँढेहरू पालिएका थिए । साँढेहरूको हेरविचारका लागि एक वैद्य खटिएका थिए । ती वैद्य साँढे वैद्य भनी कहलाएका थिए ।

रणबहादुरले हात्तीघोडा बाघ भालु गैँडा जातजातका मृग चखेवा बकुल्ला मुजुर बट्टाई परेवा आदि पक्षीहरू पनि पालेका थिए ।

अलमोडा (कुमाऊँको राजधानी)मा रणबहादुरले आफ्ना गोतिया बम शाहलाई शासक नियुक्त गरेका थिए ।

रणबहादुरले हनूमान्ढोकालाई केन्द्र मानेर चारै दिशातिर कोशयष्टि लुहकील (यति कोश भयो भन्ने देखाउने ढुङ्गाको खामो) राख्न लगाए । यस विषयको कुरा लेखेको किताप पनि तयार गरियो ।

बूढा अमरसिंह थापा र साना अमरसिंह थापा (भीमसेन थापाका बाबु) गरी रणबहादुरका भारादारमा दुइटा अमरसिंह थापा थिए ।

रणबहादुर आफूले असल भनी सम्झेकालाई निस्फिक्री वैरिदिन्थे, आफूले कपटी भनी सम्झेकालाई कडा सजाय दिन्थे, विषादि ताता तेल जीउमा हाल्न पनि लाउँथे । रणबहादुर आफ्नो मनमा उठेका कुरालाई पूरा गरी छाड्थे ।

हरिपति पाँडे अङ्ग-ढङ्गले र कुरागराइले अरूलाई हँसाउन जान्दथे । यही गुणले उनी रणबहादुरका प्यारा भएका थिए । उनले अर्दली पद पाएका थिए । साँढेहरूको हेरविचार गर्न उनी खटिएका थिए । उनलाई साँढेवैद्य भन्दथे ।[४२]

---

४०. तात्कालिक लेखहरूबाट पनि यो कुरा बुझिन्छ । मूलको टिप्पणी हेर्नुहोस् ।
४१. तात्कालिक पत्रबाट पनि यो कुरा बुझिन्छ । मूलको टिप्पणी हेर्नुहोस् ।
४२. साढैवैद्यको नाम अन्त लक्ष्मीनारायण दाहाल भन्ने पाइन्छ । मूलको टिप्पणी हेर्नुहोस् ।

रणबहादुरले डेढ वर्षका आफ्ना छोरा गीर्वाणयुद्धविक्रमलाई गद्दीमा राखी आफूले संन्यास ग्रहण गरे। संन्यास ग्रहण गरेपछि रणबहादुरले अघिबाट परमनिर्गुणानन्द र पछिबाट महानिर्वाणानन्द भन्ने नाम लिएका थिए।

जोगीको भेष लिई स्वामी कहलाएका रणबहादुर बुई चढी हिँड्न लागे। उनलाई बोक्ने अभिमान खत्री चण्डवीरहरू थिए।

रणबहादुरले पशुपतिको ठूलो बगैँचा (भण्डारखाल ?) पशुपतिलाई चढाए, नेपालखाल्डोको बीच भाग हो भनी पाटन लगनखेलमा ईंटको वेदि (डबली) बनाए।

रणबहादुरकी रानी गीर्वाणुद्धकी आमा कान्तिमतीलाई[४३] रोग लागेको हुँदा रणबहादुरले असल असल वैद्य लगाई हुन्ज्यालसम्म औषधि गराए। ज्योतिषीहरूलाई पनि देखाए। तर फाइदा हुन सकेन।

रणबहादुरले कान्तिमतीको रोगको शान्तिनिमित्त ब्राह्मणहरूलाई हजार गाई दान दिए, ब्राह्मणहरूलाई सिधा दक्षिणा दिई पिपलका पातमा ॐकार लेखाई वाग्वतीमा बगाउन लाए। यही प्रसङ्गमा रणबहादुरले काठमाडौँ पाटन भादगाउँ तीनै शहरमा आबादी जग्गा मासी गौचर राखे, भूमिदान गरे, पाटन बालकुमारी क्वाछेँ, महालक्ष्मी पीठ थेछैँमा पुरश्चरण गराए, प्रसिद्ध पीठमा दोबाटोमा भूतप्रेत लाग्ने ठाउँ भनी प्रख्यात भएका ठाउँमा करवीर आदि मसानमा टेखु दोभानमा प्रसिद्ध पोखरीमा इनार धाराहरूमा प्रसिद्ध बहालहरूमा शिवमन्दिरहरूमा देगुतलेमा तलेजुमा मछिन्द्रनाथ मीननाथ भीमसेन नारायण कृष्ण गणेश भैरव भैरवीहरूको मन्दिरमा वज्रयोगिनीमा दक्षिणकालिकामा विजेश्वरीमा पनि पाठ पूजा शान्ति स्वस्ति गराए। रुद्री सप्ताह पञ्चरक्षा प्रत्यङ्गिराहरूमा पाठ पूजा शान्ति स्वस्ति गराए। यस काममा ब्राह्मण गुभाजू कर्माचार्य आदि लागेका थिए। तिनीहरूले आफ्नोआफ्नो मार्गअनुसार पूजा-पाठ गरे, दानदक्षिणा पनि पाए।

गिद्धले अपशकुन गर्छ भन्ने सम्झी गिद्धवंश निमूल पार्ने विचारले रणबहादुरले गिद्धलाई जिउँदै पक्रने वा गोली हानीपाशो थामी खोरमा मार्ने काममा

४३. गीर्वाणयुद्धकी आमाको नाउँ सुन्दरानन्दले कनकावती भनी लेखेका छन्। अन्त कतै कान्तवती कतै कान्तिमती पाइन्छ। मूलको टिप्पणी हेर्नुहोस्।

धेरैलाई खटाए ।[४४] गिद्ध मार्नेहरूलाई शिरपाउ दिइयो । पाटनतिर मारिएका गिद्धहरूलाई जाउलाखेलमा पोले । धेरै गिद्धहरूलाई पोलेको सो ठाउँ मसान भएकोले केटाकेटीलाई भूत लाग्ला भन्ने डरले त्यहाँ तान्त्रिकहरूले सरस्वती स्थापना गरिदिए ।

कान्तिमतीको रोग बढ्दै आउँदा भूतप्रेत पिशाच डाक डाकिनीहरू बसेका छन् भनी करवीर मसानलाई खनीखनी बिगारी बगाइदिए ।

जति जति कान्तिमतीको रोग बढ्दै गयो, उति उति रणबहादुरको शोक पनि बढ्दै गयो । आखिरमा कान्तिमतीले पशुपतिमा देहत्याग गरिन् । कान्तिमतीको मृत्यु भएपछि शोकले होश ठेगानामा नभएका रणबहादुर शाहलाई मिश्र गुरुज्यू राजपुरोहित आदि जान्ने मान्छेहरू गोतिया चौतरिया ज्यान शाह बम शाहहरू काजी दामोदर पाँडे बन्धु रानाहरू बैठके ज्योधन[४५] गोवर्द्धनहरूले सम्झाए । तर रणबहादुरले सम्झेनन् । म आत्महत्या गर्छु, मलाई मेरी प्यारीकहाँ पुऱ्याइदेऊ, नभए मलाई मार भनी कान्तिमतीको चोलो छातीमा राखी रणबहादुर विलाप गर्न लागे । सो चोलो पछि आगोमा हाले । अनि क़ान्तिमतीको काजक्रिया भयो ।

कान्तिमतीको मृत्यु भएपछि रिस र शोकले व्याकुल भएका रणबहादुरले कान्तिमतीलाई ओखती गर्ने देउपाटने मिल्ह्या वैद्यको घरमा आगो लाइदिए । तिनको हात कोलमा लगी किचाइदिए । कान्तिमतीलाई ओखती गर्ने वैद्यहरू मारिए तथा तिनका घर पोलिए । पाटनका कुम्भेश्वरलाई फोहरमैलाको लेप लाइदिई फोहरमैलाको धूप दिन लाए । सिम्भूका हारती देगुतले तलेजु शीतला भैरव क्षेत्रपाल आदिका मन्दिर मूर्तिहरू बिगारिदिए । यी देवताको सरकारी गूठी पूजा पनि रोकिदिए । ठाउँठाउँमा अघि आफूले लाएको पुरश्चरण गर्नेहरूलाई अपवित्र खुवाई जात लिई शासना गरे ।

गीर्वाणयुद्धविक्रमलाई शिकारको बहानाले मन्त्रीहरूले नुवाकोट पुऱ्याए । यसबाट झोक्किएका रणबहादुरले वि.सं. १८५७ मा पाटन पुलचोकमा आफ्नो

---

४४. तात्कालिक पत्रबाट पनि यो कुरा बुझिन्छ । मूलको टिप्पणी हेर्नुहोस् ।
४५. यी बैठकेको उल्लेख तात्कालिक कागतपत्रमा पनि पाइएको छ । मूलको टिप्पणी हेर्नुहोस् ।

अखडा जमाए । जोगीकै भेषमा रहेका रणबहादुर पाटनमा बसी हातहतियार भिरेका मानिसहरूलाई बटुल्न लागे ।[४६]

वि.सं. १८५७ ज्येष्ठ ९ गते रणबहादुर पाटनबाट काशी हिँडे । रणबहादुरको पछि लागी आफ्ना भाइहरूलाई साथ लिई भीमसेन थापा काशी गए । अरू केही भारादारहरू पनि आफ्ना जहान बच्चाहरूलाई यहीँ छोडी रणबहादुरको पछि लागी काशी गए ।

रणबहादुर काशी गएपछि मन्त्रीहरूले गीर्वाणयुद्धविक्रमलाई नुवाकोटबाट काठमाडौँ ल्याए ।

काशी पुगेका रणबहादुर शाहले अंग्रेजसँग मिली हाम्रो अनिष्ट काम गर्लान् कि भनी नेपाली भारादारहरू आत्तिए । अंग्रेजसँग रणबहादुर मिले भने नेपाल राज्यको के दशा होला भन्ने चिन्ता पनि ती भारादारहरूलाई पर्‍यो ।

गीर्वाणयुद्धविक्रमका सौतेनी आमाहरूले गीर्वाणयुद्धलाई काखमा लिई राज्य चलाउन लागे ।

रणबहादुरको पछि लागी गएकी राजराजेश्वरी[४७] (रणबहादुरका जेठा बडामहारानी, गुल्मीका राजाकी छोरी) फर्की कटहरवनको बाटे काठमाडौँ उत्रिन् ।[४८] काठमाडौँमा आई राजराजेश्वरीले अधिकार हातमा लिइन् । उनका हजुरिया अजयरेखा मातू[४९] भ्रमरकलिका तुरकी आदि केटीहरू थिए । राजराजेश्वरीको द्वारेको काम यिनै गर्दथे ।

---

४६. तात्कालिक कागतपत्रबाट पनि यो कुरा सिद्ध भएको छ । मूलको टिप्पणी हेर्नुहोस् ।

४७. सुन्दरानन्दले राज्यलक्ष्मी भनी लेखेका छन् । तात्कालिक लेखमा राजराजेश्वरी भनी लेखिएको पाइन्छ । मूलको टिप्पणी हेर्नुहोस् ।

४८. वंशावलीमा र माथवरसिंहले पाएको जितापत्रमा राजराजेश्वरी काशी पुगी फर्केकी हुन् भनी लेखिएको छ । सुन्दरानन्दले भने काशी नपुगी कटहरवनबाटै राजराजेश्वरी फर्केकी हुन् भनी लेखेका छन् । मूलको टिप्पणी हेर्नुहोस् ।

४९. यिनको उल्लेख तात्कालिक कागतमा पाइएको छ । मूलको टिप्पणी हेर्नुहोस् ।

रणबहादुरले काशी गङ्गाजीमा स्नान दान, विश्वनाथ भैरव ढुण्डिराज लोलार्ककुण्ड इत्यादिको दर्शन पूजन गरे। काशीका गङ्गापुत्र (घाटे) तथा महाजनहरूले रणबहादुरसँग सम्बन्ध बढाएका थिए। अंग्रेजहरूले पनि रणबहादुरसँग सम्बन्ध राख्न कोसेलीहरू पठाउने तथा आफैं पनि भेट्न आउने गरेका थिए।

भीमसेन थापा रणबहादुरलाई नेपाल फर्काउने उद्योगमा लागे। भीमसेन थापाले जासूस छोडेका थिए। रणबहादुरले काशीमा भीमसेत थापालाई सर्फराजी भन्ने पदवी दिए।

काहरहरूले बोकिएका रणबहादुर काशीबाट हिंडेका ६ दिनमा काठमाडौँ आइपुगे। काठमाडौँ उत्रेपछि टुँडिखेल लुमडीमा रणबहादुरले वास गरे। भीमसेन थापाहरू साथै आएका थिए। रङ्गनाथ र उनका भाइ हरि (विष्णु) कृष्ण नारायण परिवारसाथ रणबहादुरको पछि लागी काठमाडौँमा उत्रे। बहादुर शाहका पालामा रङ्गनाथका बाबु व्रजनाथ परिवारसहित काठमाडौँबाट निकालिएका थिए।[५०] दामोदर ज्योतिषी पनि रणबहादुरसाथ काठमाडौँ आए।

लुमडीमा बसेका रणबहादुरले रत्नजडाउ कब्जा भएका तरबार दुवै हातमा लिएका थिए। भीमसेन थापा रणबहादुरका हजुरिया भई काम गर्न लागे। चप्रास भिरेका सिपाही (चप्रासी)हरूले रणबहादुरको रक्षा गरेका थिए। रणबहादुरले लुमडी भद्रकाली वज्रतुण्डी महाङ्काल संकटाको जप पाठ पूजा गरे।

शङ्का लागेका लुकेर बसेका तथा भागेका मनुष्यहरूलाई कोशिशसाथ समात्ने काम भयो।

रणबहादुर केही दिन लुमडीमा बसी सिन्दूरयात्रा गरी भीमसेन थापा पण्डितराज रङ्गनाथ दामोदर ज्योतिषीहरूलाई अगाडि लाई दरबारभित्र पसे। छोरा गीर्वाणयुद्धविक्रमलाई काखमा लिई रणबहादुरले राज्य गर्न लागे। महारानी ललितत्रिपुरसुन्दरी रणबहादुरकी मन परेकी भइन्।[५१]

---

५०. तात्कालिक पत्रबाट पनि यो कुरा बुझिन्छ। मूलको टिप्पणी हेर्नुहोस्।

५१. रणबहादुरका कान्छा महारानी ललितत्रिपुरसुन्दरी भीमसेन थापाका इष्टदेवता जस्ता थिइन्। भीमसेन थापाको शासनकालमा राजा (गीर्वाण र राजेन्द्र), रानी (ललितत्रिपुरसुन्दरी), मन्त्री भीमसेन थापा यी तीनथरीको नेपाल मुलुकभर

रणबहादुरलाई काशी धपाउन, उनलाई काशीमै रोक्न तथा उनी काशीबाट फर्कंदा बाटो छेक्न को को लागेका थिए भन्ने निर्णय गर्नका लागि रणबहादुरले भारादारी गरे। सो भारादारीमा छ थर (पाँडे पन्थ अर्ज्याल खनाल[५२] राना बोहरा) बस्नेत थापा खड्काहरू सभासद् भई बसेका थिए। सो भारादारीमा अपराधी ठहरिएका सबैलाई गुहुका कुण्डमा हाले, कसैका घाँटीमा पाङ्ग्रो बाँधिदिए, सो पाङ्ग्रोले गर्दा उठ्न सुत्न हुँदैनथ्यो र अत्यन्त कष्ट हुन्थ्यो।

चौतरिया शिव शाहकी रानी पानकुमारी र उनका छोरा अमर शाह तथा परिवारमाथि रणबहादुर काशीबाट फर्कँदा बाटो छेक्ने उद्योग गरेको दोष लाग्यो र सपरिवार अमर शाह कैद गरिए। पानकुमारीचाहिँ गधामा चढाई हेलम्बुमा

चकचकी थियो। सुन्दरानन्दका त्रिरत्न भनेका यिनै हुन्। राजा रानी शिलाका देवता जस्ता भीमसेन थापा पुजारी जस्ता भएका थिए र देवताबाट भएको शुभाशुभफल भक्त जस्ता भएका दुनियाँलाई भीमसेन थापा सुनाउँथे तथा देखाउँथे। यस कारण भक्त गरी नैवेद्य पाउने आशामा भक्त बनेका सुन्दरानन्दले ललितत्रिपुरसुन्दरीको प्रशंसा गर्नु स्वाभाविक थियो। काशीबाट फर्केर काठमाडौं दरबार पसेपछि रणबहादुरको सबभन्दा पहिले ललितत्रिपुरसुन्दरीसँग विवाह भए जस्तो देखिन्छ। वाणीविलासले रणबहादुरका कान्छा महारानी ललितत्रिपुरासुन्दरी हुन् भनी लेखेका छन्।[१] तात्कालिक कागतपत्रमा वि.सं. १८६० मा रणबहादुरले विवाह गरेको उल्लेख पाइन्छ।[२] लक्ष्मीपतिले वि.सं. १८६१ मा स्वामी रणबहादुरले गरेका दुइ विवाहको उल्लेख गरेका छन्।[३] यस कारण ललितत्रिपुरासुन्दरीसँग रणबहादुरको कहिले कहाँ विवाह भएको थियो तथा उनी कुन वंशकी हुन् भन्ने मैले अहिलेसम्म निश्चय गर्न सकेको छैन।

---

१. इनै रणबहादुर साह महाराजाधिराजका श्रीललितत्रिपुरसुन्दरीदेवी कान्छा महारानी हुनुभयो (वाग्वतीको स्तम्भलेखबाट)

२. ६० सालमा श्री ५ श्वामीज्यू श्रीमैयासाहेबका विवाहका वलक २ को तहसिल श्री ५ श्वामीज्यूका विवाहका र मैआसाहेबका विवाहका ६० सालका वलक असुल (संशोधन-मण्डलको संग्रहमा रहेको कागतबाट)

३. विक्रम संवत् १८६१ वैशाखकृष्ण प्रतिपदा (वैशाख १५ गते) श्रीस्वामिनो विवाहः विक्रमसंवत् १८६१ फाल्गुनशुक्ल सप्तमी (फाल्गुन २६ गते) श्रीस्वामिनो विवाहः

(लक्ष्मीपतिको पात्रोबाट, यो पात्रो मोहननाथ पाँडेसँग छ।)

५२. ६ थरमा खनाल पनि पर्थे, परन्तु सुन्दरानन्दले त्यसलाई छुटाएका छन्।

निकाला गरिइन् । राजराजेश्वरीका हजुरिया तथा द्वारे भएका अजयरेखा मातृ भ्रमरकलिका तुरकी यी केटीहरूका नाक र चुल्ठो काटिए । यो केटीका प्रभावबाट मान पाएका शङ्खधरलाई खाडलमा हाली उनको टाउकोमा खोटो हाली बत्ती बालिदिए । मन्त्री आदि भारादारहरू मारिए ।[५३] जेठा बडामहारानी राजराजेश्वरी हेलम्बुमा निकाला गरिइन् ।

काशीबाट साथै आएका सपरिवार राधाकृष्णलाई मान मर्यादापूर्वक रणबहादुरले बिदा गरिदिए । काशीबाट साथमाआएका जोगीहरूलाई[५४] रणबहादुरले टुकुचामा घरखेत दिई बसाले ।

---

५३. रणबहादुरलाई काशीमै रोक्ने काममा दामोदर पाँडेहरू मुख्य थिए । उनीहरूले पाएको सजायको भने स्पष्टसँग चर्चा सुन्दरानन्दले गरेका छैनन् । त्यस विषयमा सुन्दरानन्दले एस प्रकारका श्रीस्वामी रणबहादुर साहविषे कपट उपद्रव गर्न्या द्रोहिहरूले सहजै यमराजका घरको अतिथि हुन गया. कूटसचिवहरूका नामराशि ग्रन्थविस्तार होला भन्नानिमित्त बहुधा लेषनुछोड्याको हो यस्तो वाक्य लेखेका छन् । तर विशेष प्रख्यात नभएका मानिसहरूको भने नाम लेखी उनीहरूले पाएको दण्डसमेत सुन्दरानन्दले खुलाएर लेखेका छन् । यसो गर्नाको कारण राजेन्द्रविक्रम शाह बढ्दै गएपछि उनको र उनका जेठा महारानी साम्राज्यलक्ष्मीको समेत प्रिय बन्दै गएका रणजङ्ग पाँडे (दामोदर पाँडेका छोरा)हरूको कुदृष्टि आफूमाथि नपरोस् भन्ने सुन्दरानन्दको भाव देखिन्छ ।
रणबहादुर काशीतिर लागेपछिको वर्णनमा पनि दामोदर पाँडेहरूको नाम नलिई सो विस्तार नुवाकोटमा पुग्दा कूटसचिवहरू सबै कृतार्थ भै बालष श्री ५ मन्महाराजाधिराजकन कांतीपुर राजधानीविषे ल्याई विराजमान गराउँदा भया. कूटसचिवहरूका थरघरकन इहा लिषेनछ. यस्तो लेखेको देख्ता सुन्दरानन्दको सो भाव स्पष्टै बुझिन्छ । यसरी सच्चा इतिहासकार बन्नुभन्दा आफ्नो काम पट्ट्याउने चेष्टा सुन्दरानन्दले गरेको देखिन्छ ।
यसै गरी श्रीपृथ्वीनारायण साहका द्वितीय पुत्र श्रीबहादुर साहबाट विना अपराध शासना गर्दा कांतीपुरदेखि कपिलासमेत निकालिदियाका काशी सहर बसी डिल्लीश्वर बात्साहका हुकुममा षुसि तुल्याउन्या व्रजनाथ पण्डित रङ्गनाथका बाबुले पाएको दण्ड विनाअपराधको हो, उनले नेपाल छोड्नुपरे तापनि दिल्लीका बादशाहबाट मान पाएका थिए भनी प्रशंसा गर्ने सुन्दरानन्दले भीमसेन थापाको शासनकालमा उच्च पदमा पुगेका रङ्गनाथ गुरुज्यूलाई प्रसन्न पार्न उद्योग गरेको स्पष्ट छ ।

५४. यी जोगी नानकसम्प्रदायका हुन् भनी सुन्दरानन्दले बोलेका छन् ।

रणबहादुरबाट भीमसेन थापाले जिउताभरका लागि मूल कजाइँको पद र कम्पू (सेना)को सारा अधिकार पाए । भीमसेन थापाको मार्फत नपरेको लालमोहर प्रमाण नलाग्ने भयो । भीमसेन थापाका हजुरिया भई मुलुकी बन्दोबस्तको काम गर्ने गुणवन्त श्रेष्ठ भए । कागतको एकहटी ठेक्का भयो ।

कान्तिमतीको विरहव्यथाको झोकमा आफूले बिगार्न लाएका देवमन्दिरहरूको जीर्णोद्धार रणबहादुरले गर्न लगाए । ती देवताहरूको बन्द गरिएका सरकारी गूठी पूजाहरू पनि खोलिदिए ।

बिफर आइरहेका र काँचा (नखोपाइएका) केटाकेटीहरूबाट बिफरको रोग सरी बढ्ला भन्ने शङ्काले सिपाही लगाई त्यस्ता केटाकेटीहरूलाई शहरबाहिर पुऱ्याउने प्रबन्ध भयो । केटाकेटीका साथमा उनका आमा बाबुहरू पनि जानु स्वाभाविक थियो । पायकको ठाउँ हेरी तिनीहरू एकै ठाउँमा गोल मिलाई बस्तथे । कोही तामाकोशीको किनारमा पुगेका थिए । कोही ठिगन पुगेका थिए । कोही मणिचूड पुगे । यस किसिमबाट धपाइएका परिवारलाई कष्ट हुनु स्वाभाविक थियो । रोग पनि हुँदा केही मरे । बचेकाहरू केही कालपछि घर फर्के ।

वि.सं. १८६३ मा त्रिभुवनको घरमा श्री ५ स्वामी रणबहादुरलाई उनका सौतेने भाइ चौतरिया शेरबहादुरले तरवारले हानी मारे । शेरबहादुर पनि त्यहीँ मारिए । शेरबहादुरका मतियार ठहरिएका राजा पृथ्वीपाल सेन रणबहादुरका सौतेने भाइ चौतरिया विदुर शाह काजी नरसिंह गुरुङहरू काटिए । शेरबहादुर पृथ्वीपाल विदुर शाह नरासिंहहरूका लासलाई डोरीले बाँधी पोडेहरूले घिसार्दै विष्णुमतिपारि पुऱ्याई फालिदिए । दाहसंस्कार गर्न दिइएन । कुकुर स्याल गिद्धहरूले लास खाए । उनीहरूका स्वास्नी छोराछोरी कमारा कमारीसमेतलाई च्यामे पोडे सार्की दमाइहरूलाई सुम्पी त्यही जातमा मिलाइदिए ।

रणबहादुर मारिएकै दिन सो समाचार लिई घोडचढी सवार हेलम्बुमा राजराजेश्वरीकहाँ गए । रणबहादुर मारिएको सातौँ दिनमा[५५] राजराजेश्वरी काठमाडौँ आइपुगिन् र पशुपति आर्यघाटमा सती गइन् ।

---

५५. तात्कालिक लेखमा नवौँ दिनमा राजराजश्वरी काठमाडौँ आइपुगिन् र सती गइन् भनी लेखिएको छ । मूलको टिप्पणी हेर्नुहोस् ।

गीर्वाणयुद्धविक्रम हात्ती चढेर शहर घुम्दा भीमसेन थापा सोही हात्तीमा हुन्थे ।

भीमसेन थापाले गीर्वाणयुद्धलाई पौडी खेल्नु तारो मार्नु आदिको शिक्षा दिलाए ।[५६] शिकार खेलाउन भनी भीमसेन थापाले राजालाई नुवाकोट लगे, केही महीनापछि काठमाडौँ फर्काए ।

तलेजुको मन्दिरमा बसी गीर्वाणयुद्धले चङ्गा उडाउँदा भीमसेन थापा धागो समातिदिन्थे । सो तमाशा धेरैले हेर्थे । राजाका चङ्गाले आफ्नो चङ्गा काटिँदा दिक्क भएका शहरिया साना केटालाई बोलाई भीमसेन थापाले रुपियाँ दिई बुझाएथे ।

मल्ल राजाका पालामा बनाउँदा बनाउँदै त्यसै छाडी अपूरो भई रहेको देवल (मजाकदेवल=नसिद्धिएको देवल)लाई भीमसेन थापाले कोतभित्र पारी चूनहरू लाई सैनिक अखाडा बनाए ।

भीमसेन थापाले वाग्वतीको पुल बनाए । पुलको आसपास फलैंचा भएका पाटी धर्मशाला बगैँचा बनाए । यस कामका लागि गूठी राखे । गाउँ बसाले । त्यस ठाउँको नाउँ स्वामिगञ्ज भन्ने राखे । यसबाट काठमाडौँ र पाटनका बासिन्दाहरूलाई आवतजावत गर्न सजिलो भयो ।[५७]

---

५६. वाग्वतीको स्तम्भलेखमा पनि यो कुरा लेखिएको छ । हेर्नुहोस् ।

५७. कान्तिपुर र ललितपुर प्रतिद्वन्द्वी छिमेकी राज्यको रूपमा अढाइ शय वर्ष जति रहे । बीचबीचमा शिवसिंह मल्ल महीन्द्रसिंह जयप्रकाश यी तीन जना कान्तिपुरका राजाहरूले ललितपुरको सिंहासनमा पनि बस्न पाए तापनि यी दुइ राज्य एउटै हुन सकेका थिएनन् । यी दुइ राज्य बराबर लड्थे । यस कारण यी दुइ राज्यले आफ्नो सीमाको रक्षाको प्रबन्ध गर्नु स्वाभाविक थियो । वाग्वतीले यी दुइ राज्यलाई छुट्ट्याएको हुनाले यी दुइ राज्यका शासकहरू दुवै राज्यसँग सम्बन्ध राख्ने विशेष काम पर्दा वाग्वतीको किनारा टेकुमा आई भेटघाट गर्थे ।[1] त्यस वेला टेकुको बाटो नै दुइ राज्यमा जाने बाटो थियो ।

---

१. सं. ८०६ ज्येष्ठकृष्ण द्वादशी सोमवार थ्व कुन्ह श्रीनिवास मल्ल जुजु वयाओ स्व नगर र चारकु तेखुस स्वह्मं राजांभेत जुयाओ (ठ्यासपुबाट । यसको परिचय इतिहास -संशोधन ५० क्रमागत संख्यामा हेर्नहोस् ।)
(ने.सं. ८०६ (वि.सं. १७४३) ज्येष्ठकृष्ण द्वादशी सोमवारका दिन श्रीनिवास मल्ल राजा आई तीनै शहरका बाटा खुलाए । टेखुमा तीनै राजाले भेट गरेर)

गीर्वाणयुद्धबाट भीमसेन थापाले जनरल भन्ने पद पाए । यसबाट उनको विशेष रवाफ बढ्यो ।

शहरमा बिफर आउँदा गीर्वाणयुद्ध दरबारबाट बाहिर ननिस्की भित्रै बसी राजकाज चलाउन लागेका थिए । यसो गर्दा पनि दरबारभित्र बिफरको रोग पस्यो र सोही रोगले वि.सं. १८७३ मा गीर्वाणयुद्धविक्रमको मृत्यु भयो ।

गीर्वाणयुद्धको मृत्यु भएपछि उनका बालक छोरा (३ वर्षका) राजेन्द्रविक्रमलाई गद्दीमा राखी भीमसेन थापा अघिजस्तै राजकाज गर्न लागे । महारानी ललितत्रिपुरसुन्दरीले बालक राजा राजेन्द्रविक्रमको हेरचाहको अभिभारा लिइन् ।[५८]

राजेन्द्रविक्रमको पालामा हनूमान्ढोकाको जीर्णोद्धार भयो ।

राजेन्द्रविक्रमको वशमा अंग्रेजहरू परेका छन् भन्ने प्रचार थियो ।[५९]

पृथ्वीनारायणले कान्तिपुर तथा ललितपुरलाई एउटै राज्यमा मिलाउन सके तापनि पुरानो बाटेको ठाउँमा दुवै राज्यमा ओहोरदोहोर गर्न सजिलो पर्ने बाटो बनाउन सकेका थिएनन् । पृथ्वीनारायणपछिका कर्मठ शासक बहादुर शाहको शासनकाल पूर्व पश्चिम उत्तरको लडाइँमा नै बितेको थियो । बहादुर शाहपछिका कर्मठ शासक भीमसेन थापा नै थिए । राज्यमा एकाधिकार गरेका हुनाले आफ्नो इच्छाअनुसार काम गर्न उनी समर्थ पनि थिए । यस कारण कान्तिपुर र ललितपुरलाई एकतामा जोड्ने राजमार्ग हुनु आवश्यक परेको कुराको अनुभव गरी भीमसेन थापाले वाग्वतीको यो पुल बनाउन लाए । यस काममा धर्मात्मा महारानी ललितत्रिपुरसुन्दरीको हातबाट संकल्प गराई स्वामी महाराज रणबहादुरको दुर्गत मृत्युको उद्धार गराउन पनि भीमसेन थापा समर्थ भएका हुनाले भीमसेन थापाको यो काम एका क्रिया द्व्यर्थकरी प्रसिद्धा भन्ने उक्तिको उदाहरण बनेको थियो । सो पुल बनाउँदा तेह्र शय हात लामो सडक (पुल तथा पुललाई उपयुक्त हुने गरी खेतमाथि बनाइएको बाटो) बनाइएको थियो ।[२]

---

२. वाग्वतीको स्तम्भलेख हेर्नुहोस् ।

५८. गीर्वाणयुद्धको साथमा उनका जेठा महारानी सिद्धिलक्ष्मी सती गएकी र त्यसको १४ दिनपछि गीर्वाणयुद्धका कान्छा महारानी गोरक्षराजलक्ष्मी (राजेन्द्रविक्रमका मुमा)को पनि मृत्यु भएकोले ३ वर्षका बालक राजेन्द्रविक्रम आमा बाबु नभएका टुहुरा भएका थिए ।

५९. यस्तो काममा सुन्दरानन्दहरू जस्ता अग्रसर थिए ।

वाग्वती र टुकुचाको दोभान भएको कालमोचनघाटमा ललितत्रिपुरसुन्दरीले आफ्ना स्वामी रणबहादुर शाहको उद्धारनिमित्त मन्दिर बनाई त्रिपुरेश्वर महादेव स्थापना गरिन् ।[६०] मन्दिरको चारैतिर सत्तल बनाइन् । मन्दिरमा सुनको जलप लागेका छाना, सुनको जलप लाएको गजूर हालिन् । मन्दिरको वरिपरि अरू देवताहरूका मूर्ति स्थापना गरिए । मन्दिरमा घण्टा त्रिशूल पनि चढाइए । मन्दिरमा सर्वतोभद्र भएको चँदुवा, रुद्राक्षमालाहरू टाँगिए । श्रीखण्ड कस्तूरी कुङ्कुम केशर आदि सुगन्धी वस्तु मिलाइएको पञ्चामृतले महादेवको महास्नान गर्ने व्यवस्था भयो । चौघराको नजीकै बगैँचा लाइयो । सत्तलमा बस्ने परदेशी र स्वदेशी साधुहरूलाई चाहिने चुलो अगेनाहरू बनाई दाल चामल घिउहरू हाँडीमा हाली दाउरासमेत तिनलाई दिने ढिकीहरू प्रबन्ध मिलाइयो । नाङ्ला पनि त्यहाँ राखिए । सो सत्तलमा जोगी बूढा तथा धर्मात्मा कहलाएका मानिसहरू पनि वास गरी बस्न लागे । काशी प्रयागतिरका जोगीहरू पनि त्यहाँ बसेका थिए । भजनियाहरू पनि त्यहाँ बस्थे । भजन हुन्थ्यो । महारानी ललितत्रिपुरसुन्दरी पनि कहिलेकहीँ केटीहरूसाथ भजन गर्थिन् । भजनमा जम्मा भएका भक्तहरू राजा राजेन्द्र, महारानी ललितत्रिपुरसुन्दरी, मन्त्री भीमसेन थापाको जयजयकार गरी भजन टुङ्ग्याउँथे ।

वि.सं. १८८० माघशुक्ल श्रीपञ्चमीका दिन (दश वर्षका) राजेन्द्रविक्रमको दुइवटा महारानीका साथ बालाजुमा विवाह भयो ।

वि.सं. १८८४ आषाढशुक्ल तृतीयाका दिन राजेन्द्रविक्रमले पशुपतिमा गई दर्शन गरी रत्न जडेको नाग चढाए ।

वि.सं. १८८६ ज्येष्ठकृष्ण द्वादशीमा राजेन्द्रविक्रम भक्तपुरमा गए ।

---

६०. ललितत्रिपुरसुन्दरीले आफ्ना पति रणबहादुरको सद्‌गति के गरेर हुन्छ भनी पण्डितहरूसँग सल्लाह गरी उनीहरूको रायले शिवलिङ्ग स्थापना गर्नु नै उत्तम ठहरिएकोले भीमसेन थापा र रङ्गनाथको प्रबन्धबाट वि.सं. १८७४ देखि १८७७ सम्ममा यो मन्दिर बनाइएको हो भनी त्यहाँ रहेको शिलापत्रमा लेखिएको छ । (यो शिलालेख ग परिशिष्टमा दिइएको छ ।) वि.सं. १८७९ मा सो मन्दिरको छाना आदिमा सुनको जलप लाउन १२५३४ रु. को सुन लागेको थियो । मूलको टिप्पणी हेर्नुहोस् ।

वि.सं. १८८६ आषाढकृष्ण अमावास्या मङ्गलवारका दिन राजेन्द्रविक्रम चोभार गणेशको दर्शन गर्न गए ।

राजा राजेन्द्रविक्रम मन्त्री भीमसेन थापालाई साथ लिई शहर घुम्थे तथा देवताका दर्शन गर्न जान्थे । राजेन्द्रविक्रम हात्तीमा हौदामा चढी डुल्दा जनरल भीमसेन थापा खवासीमा बस्थे र रत्नजडाउ सुनको डाँठ भएको छाता राजालाई ओढाउँथे ।

मूल ढुकुटी भीमसेन थापाको अधीनमा थियो ।[६१]

वि.सं. १८८६ श्रावणशुक्ल षष्ठी बुधवारका दिन राजेन्द्रविक्रम ललितत्रिपुरसुन्दरीसहित मणिचूडेश्वरको दर्शन गर्न गए । त्यहाँ मणिचूडदहको पनि पूजा गरे ।

वि.सं. १८८६ आश्विनशुक्ल सप्तमी रविवारका दिन राजेन्द्रविक्रमका जेठा छोरा सुरेन्द्रविक्रमको जन्म भयो ।

वि.सं. १८८८ भाद्रशुक्ल दशमीका दिन फर्पिङका प्रचण्डभैरवलाई खट-जात्रा गर्दै हनूमान्ढोकामा ल्याए । राजेन्द्रविक्रमले भक्तिपूर्वक दर्शन गरी पूजा गरे ।[६२]

वि.सं. १८८८ पौषशुक्ल पूर्णिमा मङ्गलवारमा राजेन्द्रविक्रमका माहिला छोरा (उपेन्द्रविक्रम)को जन्म भयो ।

वि.सं. १८८८ चैत्रकृष्ण दशमी सोमवारका दिन रणबहादुर शाहका कान्छा महारानी ललितत्रिपुरसुन्दरीको देहान्त भयो ।

---

६१. तात्कालिक कागतबाट पनि यो कुरा सिद्ध हुन्छ । मूलको टिप्पणी हेर्नुहोस् ।

६२. योभन्दा अगाडि फर्पिङका यी भैरवलाई काठमाडौँ ल्याउने चलन थिएन, मल्ल राजाहरूको पालामा पनि यस्तो हुँदैनथ्यो भनी सुन्दरानन्दले बोलेका छन् । फर्पिङ काठमाडौँका मल्ल राजाहरूको अधीन नभएको हुनाले उहाँको जात्रा यहाँ नआउने कुरा यसबाट बुझिन्छ ।

हात्तीसार

पुरानो हात्तीसार थोत्रो र सानो पनि भएको हुनाले राजेन्द्रविक्रमले चौघरा नयाँ हात्तीसार बनाए । सो हात्तीसारमा लक्ष्मीप्रसाद, हवडप्रसाद, देवीप्रसाद, मोतीप्रसाद, जहरवेष, अमरप्रसाद, श्रीप्रसाद इत्यादि नाम भएका हात्तीहरू थिए ।[६३] लक्ष्मीप्रसाद हात्तीको एउटा मात्र दाँत थियो । राजा राजेन्द्र, मन्त्री भीमसेन थापालाई देख्ता यो हात्ती आवाज गरी मौलाको वरिपरि घुम्थ्यो । राजा मन्त्री प्रायः लक्ष्मीप्रसाद, श्रीप्रसाद हात्तीमा चढ्थे । अमरप्रसाद हात्तीहरूमा मुख्य गनिन्थ्यो । बनैया हात्ती पक्रने काममा श्रीप्रसाद सिपालु थियो । हात्तीसारको मौलामा लागेका सिक्रीमा हात्ती बाँधिएका हुन्थे । गाग्रोमा पानी ल्याई हात्तीलाई नुहाइदिन्थे । पिपलको पात घाँस दान ऊखु मसाला त्रिकटु शूठो मरीच पिपला मह चाकु चिनी घिउ हालेको अन्न मुख्यमुख्य हात्तीलाई खुवाइन्थ्यो । राजाले पनि कहिलेकहीँ आफ्नै हातले हात्तीलाई खुवाउँथे ।

तबेला

चीनबाट ल्याएका टाँगन, भोटे, अरबी इत्यादि जातजातका घोडाहरू राजेन्द्रविक्रमका तबेलामा थिए । ती घोडाहरू टुँडिखेलमा (कवायद खेल्दा ?) प्रतिदिन भने जस्तै दौडाउँथे । मुख्य मुख्य घोडाका घाँटीमा रत्नजडाउ हैकलमाला लाइदिएको हुन्थ्यो ।

चिडियाखाना

काठमाडौँ टोलनजिकै हात्तीसारको बाहिरपट्टि मूल बाटोनिर बाघको खोर थियो । वि.सं. १८८६ जेठमा सो खोरमा बघिनीले २ बच्चा पाई । राजादेखि रङ्कसम्म लाखौँ मनुष्य तमाशा हेर्न गए । खोरमा हावा पस्ने प्वाल थुनी मासु चाकुहरू खुवाई सुत्केरी बघिनीको स्याहार भएको थियो ।

बाघको खोरनजिकै बाँदर गैँडा अर्नाहरू पनि पालिएका थिए ।

---

६३. यी हात्तीमध्ये केहीको उल्लेख तात्कालिक कागतहरूमा पनि पाइएको छ । मूलको टिप्पणी हेर्नुहोस् ।

छाउनी

भीमसेन थापाको प्रबन्धबाट विष्णुमतीपारि सैनिकको निमित्त छाउनी बनाइयो । सो छाउनीमा घरहरू पनि बनाइए । ती घरहरूमा कुनै शीशमहल (ऐनादार घर) कुनै रङ्गमहल कहलाएका थिए । सो छाउनीमा ठाउँठाउँमा पोखरी, कूवा, धाराहरू बनाइएका थिए । पोखरीमा रङ्गविरङ्गका कमलहरू लाइएका र माछाहरू पालिएका थिए। त्यहाँ बगँचा लाइएको थियो । सो बगँचामा फल-फूलहरूको बोट तथा लहराहरू लाइएका थिए । सो छाउनीमा हात्तीसार तबेलाहरू बनाइएका थिए । कालिगडहरू बसी काम गर्ने एक विभाग पनि त्यहाँ खुलेको थियो । पसलेहरूलाई त्यहाँ स्थायी पसल थाप्न लाइएको थियो ।[६४]

कविका समयको र त्यसभन्दा केहीअघिको लोकयात्रा

मल्लकालमा

पाटनका राजाहरू पाटन-दरबार (चौकोट दरबार)को सुनको झ्यालमा बसी सलामी दिन्थे ।

नेवार मल्ल राजपरिवार तथा नेवार भारादारहरूमा जार काट्ने चलन थियो ।[६५] पोइला गएकी स्वास्नीलाई नाक काटी धपाइदिन्थे । अरू नेवार जातिमा विधवाविवाह तथा मद्यपानको निषेध थिएन ।

तान्त्रिकहरू पूजामा पञ्च मकार (मद्य मांस मत्स्य मुद्रा मैथुन)को उपयोग गर्थे, तान्त्रिकहरू मन्त्र तन्त्र यन्त्रको प्रयोग, जम्भन स्तम्भन अञ्जनसाधन, गुटिकासाधन गर्थे, विष-औषधि जान्दथे ।

---

६४. तात्कालिक पत्रबाट यो कुरा बुझिन्छ । मूलको टिप्पणी हेर्नुहोस् ।

६५. अन्त उल्लेख भएका तात्कालिक प्रमाणबाट यिनीहरूमा एक पुरुषले धेरै स्त्रीहरूसँग विवाह गर्ने तथा सती जाने चलन पनि भएको बुझिन्छ ।

राजदरबार (हनूमान्ढोकाको पट्याङ्गिनी) मा रागको अभ्यास गरेका नटुवी भटिनीहरू र गबैयाहरू मृदङ्ग सितार गितार वीणाहरू बजाई नाच-गान गर्थे। त्यहाँ राजा रानीको स्तुति परेका गानाहरू प्राय: गाइन्थे।

महलका आसपासमा बगैँचा थिए। बगैँचामा नाना प्रकारका फलफूलका रूख थिए। बगैँचाभित्र तथा अन्त पनि पोखरी थिए। पोखरीमा राता काला सेता माछाहरू तथा अरू जलजन्तुहरू पनि पालिएका थिए।

राजाहरूका विवाह धूमधामसँग हुन्थे। त्यहाँ विभिन्न बाजाहरू बजाइन्थे, इनाम बाँडिन्थे। विवाहको जात्रा हेर्न धेरै मानिस जान्थे। बूढापाकाहरू अहिले विवाह भएका राजाका बाबु बाजे बराजुहरूलाई पनि हामीले देखेथ्यौँ, अघि यस्तो भएथ्यो, उस्तो भएथ्यो भनी कुरा गर्थे।

जात्रामा राजा हात्ती चढी शहर घुमी रुपियाँ छर्थे। विशेष काममा देवस्थलहरूमा जाँदा पनि राजा बाटामा रुपियाँ छर्थे। बाटामा रहेका मानिसहरू सो रुपियाँ टिप्थे। शहरका आइमाईहरू सँगिनीसहित भई सिँगारिई आफ्ना केटाकेटी लिई झ्यालझ्यालमा बसी रमिता हेर्थे।

पाटन भादगाउँतिर राजा जाँदा शहरका ढोका पाटीमा हातमा बालेको धूप लिएका शहरियाले राजाको स्वागत गर्थे।

राजा शहर घुम्दा शहरका (पाटनका) आइमाईहरू ढोकामा बसी राजालाई हात जोडी तमाशा हेर्थे। गोरखाली राजाले केही कुरा सोद्धा भाय् मसीया, सेवा जुजु महाराज (महाराज हाम्रो सेवा छ, हामीले कुरा बुझेनौँ) भनी हाँसी भन्थे।

परदेशबाट फर्केका राजा शहरमा दरबारभित्र पस्ता कालिगडद्वारा शहरका मुख्य मुख्य ठाउँ सिँगारिन्थे। राम्रो साइत पारी पूर्ण घडा दही फलफूल दूबो शङ्खहरूबाट मङ्गल गरी छाता ओढेका चमर पङ्खाले हम्किएका राजा दरबारभित्र पस्तथे। सो वेला शहरियाहरूले लावा अक्षता छर्दथे, बत्ती तथा बास्ना आउने धूप बाल्दथे, जयजयकार गर्दथे।

राजदरबारमा ढोकामा केही कुरा आएको खबर भित्र पुऱ्याउने द्वारे केटी भण्डारीहरू हुन्थे।

राजदरबारमा सभाहरू हुन्थे ।[६६]

लडाइँमा मारिएका वीरपुरुषका हतियारहरू देवताका स्थानमा टाँसी राखिन्थे ।[६७]

सिपाहीहरू सधैँ कवायद खेल्थे, त्यसमा व्यहूरचनाको पनि अभ्यास गर्थे ।

लडाइँमा जाँदा देवताहरूलाई सम्झी साइत गरीकन जान्थे ।

महामारीबाट मरेका मानिसको गणना चौकीदारले सरकारमा पुऱ्याउँथे ।

पाटनका मछिन्द्रनाथको जात्रा गर्ने दिन ज्वानुसँग पलाशको बियाँ पिनी षडक्षरी मन्त्र जपी खायो भने वर्ष-दिनसम्म विषको दोष लाग्दैन भनी १२ वर्षसम्मका केटाकेटीलाई खुवाउँथे ।

अचलासप्तमी (माघशुक्ल सप्तमी)को दिन लौकामा बत्ती बाली नदीमा बगाइन्थ्यो ।

देवस्थानमा पाठ-पूजा हुन्थे । बौद्धहरू प्रज्ञापारमिताको पाठ गर्दथे । ब्राह्मणहरू दान पाउँथे । रोग लागेमा त्यसको शान्तिको निमित्त गाई दान, देवता पीठहरूको पूजा, रुद्री पाठ गराइन्थे । पिपलका पातमा ॐकार लेखी बगाइन्थे ।

भूत-प्रेत लाग्यो भन्ने सम्झदा ज्योतिषीहरूलाई देखाई उनीहरूले भनेअनुसार शान्तिस्वस्ति गर्थे ।

ब्राह्मण गुभाजू कर्माचार्यहरूद्वारा शान्तिस्वस्ति गराइन्थे । राजाबाट पनि यस किसिमको शान्तिस्वस्ति गराइन्थ्यो । शान्तिस्वस्ति गर्नेहरू दक्षिणा पाउँथे । विशेष काममा बिर्ता पनि पाउँथे ।

---

६६. धर्मविषयका सभा (इन्द्रयात्रा आदिमा ?) कामविषयका सभा (फागु आदिमा ?) धर्मराजी सभा (मुद्दामामिलाविषयका सभा ?) वीरसभा (पल्टनविषयको सभा ?) शास्त्रार्थ सभा (पण्डितहरूका सभा) यी पाँच थरी सभाको वर्णन सुन्दरानन्दले गरेका छन् ।

६७. कीर्तिपुरको लडाइँमा कालु पाँडे मारिएपछि उनका हतियार कवचहरू कीर्तिपुरेहरूले बाघभैरवमा लगी टाँसी राखे भनी वंशावलीमा लेखिएको छ । कीर्तिपुरविजय भएपछि पृथ्वीनारायणले लडाइँमा मारिएका सिपाहीहरूका हतियार कवच देवलमा टाँसे भनी सुन्दरानन्दले लेखेका छन् ।

जग्गा दिँदाखेरि त्यसको सिमानामा लुहकील (सानो ढुङ्गे खामो) गाडी सिमाना छुट्ट्याई जग्गा दिन्थे ।

देवता-स्थानका केही नैवेद्य पुजारीले माग्न आउने गरीप केटाकेटीहरूलाई बाँडिदिन्थे ।

सदावर्त पाइन्छ भनी आफ्ना पेटका लागि वेष लिएका (जोगी भएका) प्रपञ्ची मनुष्यहरू थुप्रै थिए ।

घर बनाउँदा जग्गाको परीक्षा गरी वास्तु-नागकन पूजा गर्थे ।

वैद्यहरूकहाँ पुष्टकारी पाइन्थ्यो ।

श्रीखण्ड जटामसी अगुरु कपूर कस्तूरीहरू घोटी मिलाई गर्मी हटाउने शीतल सुगन्धी जल तयार गरिन्थ्यो ।

सुन चाँदी तामा पारो आदि धातुका नामले र हीरा मोती मुगा आदि रत्नका नामले बिक्री हुन्थे ।

कपासबाट लुगा बुनी जीविका गर्ने मानिसहरू थिए। पर्वततिरबाट नेपालखाल्डोमा कपास आउँथ्यो ।

भुइँ खन्दा कल्याणधन पाइन्थ्यो ।

अर्ना साँगाका सिङमा रुपियाँ पैसा हाल्ने चलन थियो ।

वेषभूषा

नेवार्नीहरू कपालमा जुरो पार्थे, निधारमा रातो टीका (गुजराती सिन्दूर) लाउँथे, फूलले सिँगारिन्थे ।

धनी आइमाईहरू हीरा मोती मणिकहरू जडेको मुचिया लाउँथे ।,

धनीहरू चीनमा बनेका कुचिन साल दोसाल बनात पाटपटंवरहरू लाउँथे ।

मगर्नीहरू पिठ्यूँमा डोका बोक्दथे ।

खाने कुरा

नेपालउपत्यकाका बजारमा धान, गहुँ, जौ, मास, केरा, मुंग, भटमास, सर्स्यूँ रायो, तिल, मूला, सागपातहरू तथा ऊखु, चाकु, सखर, दूध, दही, हिङ,

जीराहरूको किनबेच हुन्थ्यो, यहाँको बासिन्दाहरू यी पदार्थहरू खाने कुराको रूपमा प्रयोग गर्थे ।

हातहतियार

धनु, बाण, ठोक्रो, ढाल, तरवार, खुँडा, खुकुरी, छुरी, कटारी, फर्सा, बर्छा, भाला, त्रिशूल, द्विशूल, एकशूल, बन्दूक, तोप, गोला ।

कैँची, रण्डा, टंक (छिनो), घन, मुग्रो, तीनखुट्टे कीलो, चिम्टा, सिक्री, खन्ती । लडाइँका कामका लागि यी ज्याभलहरू सङ्ग्रह गरिन्थे ।

लडाकाहरू कवच लाउँथे ।

बाजाहरू

नगरा, ढोलक, तमोरा, सारंगी, सितार, गितार, कठताल, बासुरी, मृदङ्ग, झ्याली, तुरही ।

विशेष घर बनाउने सामान

ढुङ्गा स्फटिक हस्तिहाड सीसा इस्पात फलाम विभिन्न रङका वज्रलेप किसिमकिसिमका रङहरू ।

लोकविश्वास

सपना देखेपछि फेरि सुन्यो भने सपना निष्फल हुन्छ ।

मसानमा भूत-प्रेत रहन्छन् । मूडकट्टाहरू राति यताउति हिँड्छन्, तिनमा कसैको हातमा तरवार पनि हुन्छ, तिनीहरू आफू मुडकट्टा नहुँदै गरेको कुरा पनि गर्दछन् ।

देवताका मूर्तिमा आएको पसीनाबाट शुभाशुभ फल हुन्छ ।

परिचित मनुष्य पनि अकस्मात् क्षणभर देवरूपको हुन जान्छ । त्यसबाट शुभाशुभ फल हुन्छ ।

भाग्यमा लेखेको कुरा कसैले टारेर टर्दैन ।

पूर्वजन्मका तपस्याले यस जन्ममा ठूलो पद पाइन्छ ।

राजा भनेका विष्णु तथा शिवका अंश हुन् । यस कारण राजाको दर्शनले पशुपतिको दर्शनले जस्तै पाप काटिन्छ ।

ब्रह्मा विष्णु महादेव एकै हुन् ।

परम्परागत स्थितिसँग (रूढिसँग) विरोध खाने शास्त्रवचन प्रामाणिक हुँदैन । शास्त्रवचनभन्दा देशाचार कुलाचार प्रमाण हुन्छ ।

जिउँदो मत्ता हात्तीको दाह्रामा कुशासन हाली त्यसमा बसी जप गर्न सके ठूलो सिद्धि हुन्छ ।

स्याल करायो भने अपशकुन हुन्छ ।

सुन्दरानन्दले विशेष वर्णन गरेका देव-देवीहरू

पशुपति,

स्वयम्भूनाथ- नेपालखाल्डाका मुख्य देवता

मछिन्द्रनाथ (पाटनका)- यिनी पनि नेपालखाल्डाका मुख्य देवता हुन् । यिनलाई शैवहरू शिव, बौद्धहरू मत्स्येन्द्रनाथ, वैष्णवहरू विष्णु, शाक्तहरू शक्ति, सौरहरू सूर्य भनी पूजा गर्छन् । यिनको नाम करुणामय लोकेश्वर भनी प्रख्यात छ । बाह्र वर्षमा एकपल्ट बुङ्मतीदेखि यिनको रथयात्रा गरी पाटनमा ल्याउँछन् तथा बुङ्मतीमा लैजान्छन् । अरू वर्षमा पाटनमा मात्र मछिन्द्रनाथको रथजात्रा गरिन्छ । पाटनमा मीननाथको पनि साथै रथजात्रा हुन्छ । यस जात्रामा ठूलो खलबल हुन्छ । भजन गर्ने खूप हुन्छन् । अनेक थरी बाजाहरू बजाइन्छन् । जात्रामा सिंहमुखी आदि अष्टमङ्गलका सुवर्णध्वज र सुवर्णछत्र ल्याइन्छन् । रथमा राजा र राजपुरोहित पनि बस्छन् । रथ काठ र बेतले बनाइएको, झ्याउले छोपिएको हुन्छ । विमान (बस्ने ठाउँ)मा चाहिँ सुनौला पाताले मोरिएको हुन्छ । मुहुडाको काठमा सुनौला हयग्रीवको मुख राखिएको हुन्छ ।

गुह्येश्वरी- यिनको कुण्डको पानी छिनछिनमा फरक भइरहन्छ ।

हरिसिद्धि- यिनको नाच प्रसिद्ध छ ।

वज्रयोगिनी- यहाँका पुजारी बाँडा हुन्छन् ।

गोरखनाथ- गोरखाका मुख्य देवता

लुमडी

भद्रकाली- वैद्यशास्त्रमा पारङ्गत भएकी देवी हुन् भनी यिनको पूजा हुन्छ। यिनको नामान्तर लज्जापीठ हो ।

वज्रतुण्डी- भद्रकालीनिरकी देवी

महाङ्काल- यिनको नामान्तर टुँडिभैरव हो । यिनको (शिरमा) अक्षोभ्यमूर्ति छ । यिनले हातमा खप्पर र खट्वाङ्ग लिएका छन् ।

सङ्क्य- देव-देवीका (स्त्रीपुरुषका) संयुक्त मूर्ति हुन् ।

बाघभैरव- कीर्तिपुरका प्रसिद्ध देवता

हारती- स्वयम्भूस्थानकी प्रसिद्ध देवी

त्रिपुरेश्वर- ललितत्रिपुरसुन्दरीले स्थापना गरेका महादेव

कुम्भेश्वर- पाटनका प्रसिद्ध देवता

आनन्दादि

लोकेश्वर- चोभारका प्रसिद्ध देवता

प्रचण्डभैरव- फर्पिङका प्रसिद्ध देवता । यिनको खट-यात्रा हुन्छ ।

यीबाहेक नरदेवीका श्वेतकाली, चोभारका गणेश, टौदहका कर्कोटक, लेलेका ट्याङभैरव, चापागाउँका वज्रवाराही, नुवाकोटका भैरव-भैरवी, शाक्यसिंह, पाटनका कृष्ण भीमसेन तथा बहालबहालका देवता इत्यादिको नामोल्लेख भएको छ ।

सुन्दरानन्दले विशेष वर्णन गरेका स्थानहरू

ललितपुर- यहाँका मछिन्द्रनाथ र उनको रथजात्रा, कृष्ण, भीमसेन, बहालहरूका देवता, यहाँको पछिल्लो मल्लकालको इतिहास, यहाँका आइमाईहरूको वेषभूषा, गोरखाली राजा यस शहरमा घुम्दाको वर्णनसमेत सुन्दरानन्दले गरेका छन् । ती वर्णन यस उपोद्घातको तत्तत् स्थानमा प्रसङ्ग मिलाई दिइएका छन् ।

कान्तिपुर– कान्तिपुरमा नानादेवताका देवल, रंग-विरंगका महल, चून लाएका निकै घरहरू, कोटहरू थिए । कान्तिपुर शहरमा पसलका लङ थिए । बाटामा किनमेल गर्ने र बटुवाहरूको प्रायः घुइँचो हुन्थ्यो । सिपाहीहरू कोतबाट बन्दूक लिई टुँडिखेलमा कवाज खेल्न जाँदा र कवाज खेली बन्दूक थन्क्याउन कोततिर फर्कँदा त बाटो काटी हिँड्नै सकिँदैनथ्यो । कान्तिपुर श्वेतकाली (नरदेवी)को मन्दिर भएको टोल=नेतटोलमा काशीबाट आएका वैद्य तथा पण्डित पेशा भएका सपत्नीक भट्ट मिश्र घाटेहरूका घर थिए । कान्तिपुरभित्र प्रसिद्ध असनबजार छ । त्यहाँ अन्नपूर्णाको मन्दिर छ । चून लाएको ढोका, धर्मशाला सत्तल मठहरू पनि त्यहाँ थिए ।

टुँडिखेल– प्रत्यङ्गिरादेवी र वज्रभैरवले वज्रतुण्डी देवीलाई दाइजो दिएको ठाउँ हुनाले तुण्डीक्षेत्र=तुण्डीखेल भनी कहलाएको हो । टुँडिखेलमा भद्रकालीनजीकै घोडेजात्रा गरिन्छ । यस यात्रामा घोडा दौडाउने चलन मल्ल राजाहरूको पालामा पनि थियो ।

पाटन जाने
वाग्वतीको पुल– यस पुललाई भीमसेन थापाले बनाएका हुन् । यस पुलको बाटो पाटनतिरबाट सागपात दही दूधहरू, काठमाडौँमा आउँथे ।

कीर्तिपुर– यो अग्लो ठाउँमा रहेको छ । यहाँ बाघभैरवको मन्दिर छ ।

नुवाकोट– यहाँका भैरव-भैरवी प्रसिद्ध छन् ।

काशी– यहाँका विश्वेश्वर ढुण्डिराज भैरव लोलार्क (कुण्ड) प्रसिद्ध छन् ।

चीन– सुन्दरानन्दले चीनलाई महाचीन भनी लेखेका छन् ।

बासट्ठीहरण र सुन्दरानन्द

बासट्ठीहरणमा गूठी जग्गा पनि परेको थियो । त्यसबाट पुजारीवर्गलाई हानि भएको थियो । बासट्ठीहरणको विषयमा बोल्दा भीमसेन थापा रिसाउने कुरा स्पष्ट थियो । यस कारण बासट्ठीहरणका विषयमा सुन्दरानन्दले केही बोलेका

छैनन् । आफ्नो प्रत्यक्ष हानिलाई बिर्सन पनि सुन्दरानन्द सक्तैनथे । यस कारण भीमसेन थापाको प्रबन्धबाट वाग्वतीको पुलमा रहेको गूठीको प्रशंसा गरी

गूठी भन्याका एस्तै हुन्छ

स्वदत्तां परदत्तां वा यो हरेत्सुरविप्रयोः ।

षष्टिवर्षसहस्राणि विष्ययां जायते कृमिः ।।

यस्तो बोली पुजारीवर्गका सुन्दरानन्दले मन शान्त पारेका छन् ।[६८]

श्री ५ पृथ्वीनारायण शाह र भीमसेन थापा

पृथ्वीनारायण शाहले ३२ वर्ष शासन गरी छिन्नभिन्न भइरहेको नेपाल राज्यलाई जोडी एउटा बलियो राज्य खडा गर्ने कामको उठान गरे । पृथ्वीनारायणपछि नेपालमा कुनै पुरुषले पनि यति लामो कालसम्म शासन गर्न सकेनन्। पृथ्वीनारायणको मृत्युको ३२ वर्षपछि हर्ताकर्ता हुन आएका भीमसेन थापाले फेरि ३१ वर्षसम्म नेपालमा लामो शासन चलाए । यस कारण पृथ्वीनारायण र भीमसेन थापा नेपालमा लम्बे शासन गर्ने पुरुषहरूको पङ्क्तिमा लगत्तै जोडिन आएका देखिन्छन् । यी दुवै पुरुष आफ्नो चातुर्यले आफ्ना बाबु बाजेभन्दा प्रशस्त ठूलो स्थामा पुगेका थिए । आफ्नो योग्यताले गर्दा दुवैले आफ्नो नामलाई अमर पारेका छन् । पृथ्वीनारायण शाहदेखि उठान गरी भीमसेन थापामा बैठान गर्ने सुन्दरानन्दको ग्रन्थको उपोद्घातमा यी दुइ राजनीतिज्ञको तुलना गर्नु प्रसङ्ग मिल्दो हुन आउँछ भन्ने सम्झी अब यस विषयमा कलम चलाउँछु ।

---

६८. पण्डितराज रङ्गनाथ पनि यही बाटोमा हिंडेका छन्–
देवब्रह्मस्वपुष्यनि सैन्यानि पृथिवीपतेः ।
युद्धकाले विशीर्यन्ते सिकतासेतवो यथा ।।२०२।।
(राजविधानसार द्वितीयाविलास । यो पुस्तक वीरपुस्तकालयमा छ । मेरो प्रेरणाले धनवज्रले यो उद्धरण ल्याएका हुन् ।)
[देवता, ब्राह्मणका सम्पत्तिद्वारा राजाले पालिएका सिपाहीहरू बालुवामा बनाएको पुल जस्तै लडाइँको वेलामा नष्ट हुन्छन् ।]

चेपे त्रिशूलीका बीचको गोरखा राज्यलाई पृथ्वीनारायणले आफ्नो पुर्खाबाट पाएका थिए। त्यसदेखि पूर्वपट्टि रहेको नेपाल राज्यको वर्तमान प्रदेशलाई एकतामा बाँध्न पृथ्वीनारायणले ३२ वर्षसम्म निरन्तर परिश्रम गर्नुपरेको थियो। २० वर्षसम्मको परिश्रमले मकवानपुर राज्यलाई पृथ्वीनारायणले आफ्नो बनाउन सके। यत्तिकैमा भारतबाट अस्ताउन लागेको मुसलमानी शक्ति र भारतमा उदाउन लागेको अङ्ग्रेजी शक्तिले क्रमैसँग पृथ्वीनारायणको उच्छित्तो गर्न भरसक उद्योग गरे। पृथ्वीनारायणले आफ्नै खुट्टाको भरले ती दुवैसँग लडी तिनलाई धपाउनुपऱ्यो। यति गरिसकेपछि नेपालखाल्डाका कान्तिपुर, ललितपुर, भक्तपुर यी तीनलाई राज्य तथा किरात प्रदेशका चौदण्डी विजयपुर यी दुइ राज्यलाई आफ्नो राज्यमा मिलाउन पृथ्वीनारायण समर्थ भए। यसरी चेपेदेखि टिष्टासम्मका प्रदेशलाई एकतामा मिलाउनामा नै पृथ्वीनारायणको सारा जीवन बित्यो।

२३ वर्षको उमेरमा डेढ वर्षका आफ्ना छोरालाई गद्दीमा राखी रानीका साथ जोगी तथा भोगी भएका रणबहादुर आफ्नो दुर्विनयले नेपालमा टिक्न नसकी काशी पुगे। रणबहादुरको पछि लागी उनका दौँतरी चाकडीदार भीमसेन थापा पनि काशी पुगे। रणबहादुरलाई काशीमै रोक्न दामोदर पाँडेहरू तत्पर थिए। यस कामका लागि अङ्ग्रेजी शक्तिको सहायता उनीहरूलाई चाहिन्थ्यो र सो उनीहरूले खोजे। नेपालभित्र पसी आफ्नो व्यापार तथा शक्ति बढाउन अंग्रेजहरूले मौका खोजिरहेकै थिए। यसै सूत्रबाट अंग्रेज दूत नक्स नेपाल आए। नक्स नेपालमा आफ्नो खुट्टा पसार्न चाहन्थे। पृथ्वीनारायणको शिक्षा पाएका दामोदरहरूको नीतिले नक्स सफल हुन सकेनन्।[६९]

नक्स नेपालबाट फर्के। रणबहादुरलाई बाहिर रोक्ने बन्धन भएन। भीमसेन थापाका प्रबन्धबाट उनी काठमाडौँ उत्रे। दामोदरहरूको सर्वनाश भयो। आफ्ना

---

६९. इन् १८०१ क्याप्टेन् नक्स् विशड् टु टेक् दामोदर् पाँडे यान्ड् सम् अफ् हिज् कालीग्स् इन्टु आउर् पे; बट् दे वुड् नाट् लिस्न् टु द प्रोपोजल्.

(ओल्डफील्डको स्केचेज् फ्रम् नेपाल्को २९६ पृ.)

[ई.सं. १८०१ (वि.सं. १८५८) मा नक्सले दामोदर पाँडे र उनका केही सहयोगीहरूलाई पैसा खुवाएर हाम्रो (अंग्रेजको)पक्षमा मिलाउन खोजे। तर उनीहरूले यस कुराको वास्ता राखेनन्।]

छोरा बालक राजालाई काखमा लिएका रणबहादुर भीमसेन थापाको सल्लाहले राजकाज गर्न लागे । दुइ वर्ष जति यो अवस्था रह्यो । यसपछि रणबहादुर शाह आफ्ना भाइका हातबाट मारिए । राजा गीर्वाणयुद्ध नौ वर्षका थिए । भीमसेन थापाले यो मौका छोपी आफू हर्ताकर्ता बन्ने काममा बाधक जस्ता सम्भेका भारादारहरूलाई रणबहादुरलाई मार्ने कामका मतियार हुन् भन्ने दोष लाई निर्दयतापूर्वक मराए । आफ्ना बाबु आफ्ना चार भाइ तथा आफूसमेत ६ वटा पुरुषले नै राजाको तथा सारा नेपाल राज्यको रक्षा गरिरहेछन् भन्ने कुरा[७०] फैलाई ३१ वर्षको उमेरमा भीमसेन थापा शतद्रुदेखि टिष्टासम्म पुगेको नेपाल राज्यको (पृथ्वीनारायणले छाडेको राज्यको तेबर चौबरको) हर्ताकर्ता हुन पुगे ।

यसरी पृथ्वीनारायण शाह र उनका शिक्षा पाएका उनका भारादारहरूले ६० वर्षभन्दा बढ्ताको परिश्रमले जोडेको राज्यरूप सम्पत्तिको सर्वाधिकार भीमसेन थापाले ६ वर्षसम्म चाकडी तथा जालभेल गरी हात लाए ।

आफ्ना बाबु-बाजेदेखि आँट्तै आएको कामले (पूर्वतिर बढ्ने इच्छाले)[७१] मकवानी युवराज दिग्बन्धन सेनसँगको कलह र चन्द्रागिरिको टाकुराबाट नेपाल-

---

७०. वाग्वतीको भीमसेन थापाको स्तम्भलेख हेर्नुहोस् ।

७१. पृथ्वीनारायण शाहका प्रपितामह पृथ्वीपति शाह उत्साही पुरुष थिए । पृथ्वीपति शाहले दुइ पटक नेपाल -उपत्यकाको यात्रा गरी त्यहाँका मल्ल राजाहरूसँग मित्रसंबन्ध जोडको उल्लेख तात्कालिक ठ्यासपुमा पाइन्छ-

सम्वत् ७९८ आश्विनशुक्ल दशमी आदित्यवार... थ्व कुन्हु चारण याय धुनकाओ मोहनचुकस श्रीश्रीजयनृपेन्द्र मल्ल महाराजाओ गोरखाया प्रिथिपति साहिओ मित्रसंबन्ध याङ त्वाच चिनका यँरया खप्वया प्रमाणपनि दयकाओ त्वाच चिनका जुरो

[ने.सं. ७९८ (वि.सं. १७३५) आश्विनशुक्ल दशमी आदित्यवार... यस दिन चारण (खड्गचालन आदि विधान) सिद्ध्याइसकेपछि मोहनचोकमा श्रीश्रीजयनृपेन्द्र मल्ल महाराज र गोरखाका पृथ्वीपति शाहले ललितपुरका भक्तपुरका समेत भारादारहरूको समक्ष मीत लाइयो ।]

सं. ८०६ पौषकृष्ण सप्तमी बुधवार थ्व कुन्हु श्रीश्रीपार्थिवेन्द्र मल्ल खप्वया श्रीश्रीजयजितामित्र मल्ल नेह्म फुकिजं गोरखाया राजा पृथिपति साहि मोहनचुकस भेत जुव एल याकात

[ने.सं. ८०६ (वि.सं. १७४२) पौषकृष्ण सप्तमी बुधवारका दिन श्रीश्रीपार्थिवेन्द्र मल्ल भक्तपुरका श्रीश्रीजयजितामित्र मल्ल दुवै दाजुभाइले गोखाका राजा पृथ्वीपति शाहसँग मोहनचोकमा भेट गरे । ललितपुर एकलै पऱ्यो ।]

खाल्डोको दर्शनपछि पृथ्वीनारायण शाहको मनमा गहिरो जरो हाल्यो । सो कामलाई पूर्ण गर्न पृथ्वीनारायणले आफ्ना भारादार र आफ्ना मामासँग राजनीति विषयमा

नेपाल-उपत्यकाका मल्ल राजाहरूमा परस्परमा कलह हुँदा कहिले कसैको, कहिले कसैको मदतगार बनी नेपाल उपत्यकाको राजकाजमा हात हाल्ने प्रयास पृथ्वीपतिले निकै गरेको देखिन्छ । वि.सं. १७५८ मा ललितपुरमा राजा योगनरेन्द्र मल्ल भक्तपुरका राजा भूपतीन्द्र मल्ललाई लेखिदिएको धर्मपत्रबाट पृथ्वीपतिको यो प्रयास स्पष्ट बुझिन्छ ।

श्रीश्रीजयभूपतीन्द्र मल्लदेवस्त... श्रीश्रीवीरजययोगनरेन्द्र मल्लदेवसन तावापत्र चोस्य प्रसन्न जुयास भाषा, थ्वते भाखा ञल खपो गोर्षा मोकांपुर उपाध्या थ्व ङाह्म संगुतान एकान मित्र एकान शत्रु याङाव चोस्यं तया भाषा ञलन खपो व विनासाहुतिन यं व बोलय यातसा मोहर टंका पियदोल ४०००० खपो गोर्षा मोकांपुर उपाध्या थ्व पेह्मस्यन ञलस छेकय याङाओ काय जुरो... सम्वत् ८२२ मार्गशिरकृष्णनवम्यान्तिथौ । (यो ताम्रपत्र भक्तपुर मूलचोकमा छ । रामजी, देवीप्रसाद, भोलानाथ, शङ्करमान, धनवज्र, गौतमवज्र, महेशराज, नयनाथले सो सारेर ल्याएका हुन् । ऐतिहासिक-पत्र-संग्रह (दोस्रो भाग) मा सविवरण यो पत्र दिइएको छ ।)

[श्रीश्रीजयभूपतीन्द्र मल्लदेवलाई श्रीश्रीवीरजयोगनरेन्द्र मल्लदेवले प्रसन्नतापूर्वक लेखिदिएको ताम्रपत्रको बेहोरा यस प्रकारको छ । ललितपुर, भक्तपुर, गोरखा, मकवानपुर, उपाध्या (?) यी ५ मित्र राज्यहरूले एकानि मित्र एकानि शत्रु गरी लेखिएको बेहोरा, ललितपुरले भक्तपुरको सल्लाह नलिइकन कान्तिपुरसँग गुहार माग्यो भने ४०००० चालीस हजार मोहर भक्तपुर गोरखा मकवानपुर उपाध्या यी चार देशका राजाले ललितपुरलाई अँठ्याई लिनू ।... ने.सं. ८२२ (वि.सं. १७५८) मार्गकृष्ण नवमीमा]

पृथ्वीपतिको यस नीतिको झलक वंशावलीमा पनि पाइन्छ–

केहि दिन त्यस्तै तरहसित रहँदा त्यस्ता बषतमा मकवानीसित नवाफको इतराजी परेछ र मकवानपुरको तराहिमा नवाफको लस्कर चढदा मकवानि राजाले एस बखतमा ... बडो प्रचण्ड तेज भयाका राजा ता गोर्षै छन्... तहाँ बल माग्या हाम्रो कार्य सिद्ध होला भन्या एस्तो ठहराई बल मागी पठाया... अतिबल साह हरिचरण पाँडे दलमुषि भै बलिया शूरा छाटि छाटि एघार बिश जवान् सिपाहि साथ लि बिदा भै गया... धना ठोक्रा लि ढाल षुडा षुकुरी बाँधि एघारै बिश जवान् तयारी भै अर्धरात्रीका विषयमा सबैलाई निद्रा भयाको वेलामा गया. नवाफ भयाको ठाउँमा पुग्या र तडातड धनु चढाइ हान्या. नवाफका लश्करमा ठूलो हल्ला भयो र लश्करमा भिडिया र तरबार षुडा षुकुरिले झडाझड हान्न लाग्या. निद्राको झोक हुनाले आफु आफु पनि काटाकाट पनि गर्न लाग्या. कोही भागन लाग्यो. तेस्तो हुदामा नवाफ ठहर्न सकेन र जो साबुद भयाको लस्कर पनि सबै भाग्यो. तहादेखिन् गोर्षाका

छलफल गरे । त्यसबाट लमजुङसँग सन्धि गर्नु आवश्यक छ भन्ने कुरा सम्झी यसतर्फ उनी लागे । सो कामको साफल्य पाउन पृथ्वीनारायणलाई निकै उकाले

लस्कर पनि फिरि आया. मकवानि राजाका हजुरमा आइपुग्या र हजुरको वैरिलाई हामिले काटि धपाइ आयाँ भनि सब विस्तार बिन्ति गऱ्या... श्रीअतिबल साह हरिचरण पाण्डे प्रभृति एघारै बिश २२० जवान् लस्करले बिदा भै गोर्षा आइपुग्या र श्री ५ पृथ्वीपति साह महाराजका हजुरमा सरसौगात षलितापत्र चढाइ दर्शन गरि सब विस्तार बिन्ति गऱ्या.

(योगप्रचारिणी काशी गोरक्षटिल्लाद्वारा प्रकाशित गोरखावंशावलीका ७९-८२ पृ.)

यो घटना कुन सालमा भएको हो, यहाँबाट खुल्दैन । तात्कालिक ठ्यासपुमा वि.सं. १७३९ मा कान्तिपुर ललितपुर भक्तपुर लमजुङका साथै गोरखा पनि मकवानपुरको सहायक भई लड्न गएको घटनाको ल्लेख पाइन्छ -

सम्वत् ८०३ कार्त्तिककृष्णः। दशमी हस्तनक्षेत्र अंगारवार थ्व कुन्हया वेला घटि ६ बेङाव १० थ्वतेनङ्हा विष्टिसं खिव क्तान दिन बियाव मुकानपुलि हथार ङ्ह्याङा यँया यँरया खप्वया गोरखारि लन्त्रजुंङ्या थ्वतेया राजा मुंङाव हथार वंङ जुरो।

सम्वत् ८०३ फाल्गुणशुक्ल । चतुर्थी प्रपञ्चमी अश्विनीप्र भरणीनक्षेत्र अंगारवार कुन्हुया रात्रीस मुकानपुलि चार दिन ।।

[ने.सं. ८०३ (वि.सं. १७३९) कार्तिककृष्ण दशमी हस्तनक्षात्र मङ्गलवारका दिन ६ घडीपछि १० घडी अगाडि भद्रामा अँध्यारो सिद्धिएपछि दिन (साइत) दिएकोले मकवानपुरमा लडाइँ गर्न गए। काठमाडौं, पाटन, भक्तपुर, गोरखा, लम्जुङका राजाहरू मिली लडाइँमा गए ।

ने.सं. ८०३ (वि.सं. १७३९) फाल्गुनशुक्ल चतुर्थीउप्रान्त पञ्चमी अश्विनीउप्रान्त भरणीनक्षात्र मङ्गलवारका दिन राति मकवानपुर खुल्यो ।]

यही घटनालाई लिई माथि गोरखावंशावलीमा गोरखालीलाई ठूलो पारी वर्णन गरेको देखिन्छ ।

पृथ्वीपतिपछि गोरखाको गद्दीमा बसेका नरभूपाल शाहले पनि नेपाल-उपत्यकामा मल्ल राजाहरूको कलहमा भाग लिई फाइदा उठाउने चेष्या गरेका थिए। वि.सं. १७८८ मा रणजित् मल्ले भक्तपुरका प्रजाका नाउँमा गरिदिएको ताम्रपत्रबाट त्यस वेला कान्तिपुर र ललितपुरको सहायकको रूपमा गोरखा देखा पर्दछ–

श्रीश्रीजयरणजिन्मल्ल देव प्रभू थाकुलसन प्रजापंचयाता ञ ञला गोर्षा सोह्म राजाया सोमलिंगस थाना भाचय याङाव वाभु लितेला बेलस छपुरुस दाहा प्रसन्न जुया जुरो... सम्वत् ८५१ चैत्रकृष्ण एकादशी बुधवार कुन्हु

(भक्तपुर मूलचोकमा रहेको यो ताम्रपत्र रामजी, देवीप्रसाद, भोलानाथ, शङ्करमान, धनवज्र, गौतमवज्र, महेशराज र नयनाथले सारी ल्याएका हुन् । यसको विशेष विवरण ऐतिहासिक पत्रसंग्रह दोस्रो भागमा हेर्नुहोस् ।)

परेको थियो । सो काम राम्रोसँग मिलाइदिएका हुनाले कालु पाँडेको योग्यतालाई पृथ्वीनारायणले देखे । सोही योग्यताको कदर गरी प्रजाको समेत राय लिई पृथ्वीनारायणले कालु पाँडेलाई आफ्ना मन्त्री बनाए । यसो गर्दा उनले आफ्ना मन परेको मानिसलाई मन्त्री बनाउन पाएनन् ।[७२] यसबाट आफ्नो व्यक्तिगत इच्छाभन्दा

[श्रीश्रीजयरणजित् मल्लदेव प्रभु ठाकुरले कान्तिपुर ललितपुर गोरखा तीन राजाको सोमलिङ्गमा ठाना भाँची ओभू फिर्ता गराएको अवसरमा प्रजापञ्चलाई एउटा दाहा निगाह गरिदिइयो । ने.सं. ८५१ (वि.सं. १७८८) चैत्रकृष्ण एकादशी बुधवारको दिन]

नरभूपाल शाहले कान्तिपुर राज्यअन्तर्गत रहेको नुवाकोट जित्न ठूलो प्रयत्न गरेका थिए–

काजी महेश्वर पन्थ काजी जयन्त राना ई प्रमुष भै सब लस्कर लि नुवाकोट हान्न बिडा उठाई गोर्षादेषिन् आया. आउदामा कटुन्ज्यामा डेरा पऱ्यो. क्टुंज्यादेषिन् साम्रिसम्मका घल्या भोट्याहेरुले... रात्रिमा कुल गरिदिदामा... हटि गोर्षा आउदा भया. वाहादेषिन् फेरि शुभ साइत ठहराई भारि लस्कर लि... त्रिशूलगङ्गा तरि नुवाकोट चढि ठुलो लडाञी गर्दा भया. ठुलो लडाञी हुँदा नेपालतरफको ठूलो लस्कर भयो र लडाञी गर्दा बल नपुकि हटि त्रिशूलगङ्गाको साघु पोलि त्रिशूलगङ्गाको साँध लाई काजि महेश्वर पन्थ काजि जयन्त राना सब लस्कर लि फिऱ्या. वाहाँदेषिन् श्री ५ महाराज नरभूपाल साहका हजुरमा काजि महेश्वर पन्थले बिनति गर्दा भया.

(गोरखावंशावलीका १२२-१२३ पृ.)

७२. चेप्याको षावा लिगूलीगूको आड गरि राषेका मेरा तीन विर छन्. तिनलाई बोलाहटको रुका लेषन जैसि भन्दा तिनको नाउ के के हो भनि सुध्याया र रणजित् बस्न्या मानसिं रोकाहा विरभद्र पाठक् मैधिमा रात दिन गरी आई पुक भनि लेषी पठाञा र आइपुगे र तिनछेउ यकान्त गऱ्या. भनें दिकबन्द सेनसित हाक दि आञा नेपाल पनि देषि आञा हान्नाको मनसुवा पनि राषी आञा. तिमिहरू क्या भन्छौ भनि मैले भन्दा हान्नुहवस् महाराज भनेर सल्लाह दिया... यकान्तबाट उठि गोर्षा गयउँ र पुगेपछि मामाज्यू पनि श्रीगोरषनाथको दर्शनलाई गोर्षामा आउनुभयो र दर्सन भयापछि मसित भेट भयो र मैले भन्या. मामाज्यू मकवानपुर पनि पुगि आञा. नेपाल पनि देषि आञा. हान्नाको मनसुवा पनि राषि आञा. कति कुराले मेरो काज फत्ये होला अर्ति बक्सुनभया हुंदो हो भनि मैले भन्दा लमजुन् भन्याको गरुड हो. गोर्षा भन्याको सरप हो. नेपाल भन्याको भ्यागुतो हो. अघी गरुडको आषा छल्नु. तब सर्पले भ्यागुतो षान पाउँछ... भनि अरु ढेरै कुराको अर्ति दि जानुभयोथ्यो. उनै अर्ति लिञा र लमजुंग्या राजा रिपुमर्दन साहसित भेट गर्न भनि गया र चेपेघाटमा भेट भयो र घाहाघरेसका बात गर्दा जौना कुराले घाहा बाधुला भंने जढ कुरो मेरो पेटमा थियो. सोहि जढ कुरो कालु पाँडेले गऱ्यो र घाहा बलियो बस्यो

राजनीतिको घटना र प्रजाको मनसायअनुसार चल्नु नै राजनीतिज्ञता हो भन्ने आचार्य कौटल्यको

प्रजासुखे सुखं राज्ञः प्रजानाञ्च हिते हितम् ।
नात्मप्रियं हितं राज्ञः प्रजानां तु प्रियं हितम् ।।३९।।

(कौटलीय अर्थशास्त्र १।१९)

[दुनियाँलाई सुख भएमा राजाले आफ्नो सुख सम्भनुपर्छ । दुनियाँलाई हित भएमा राजाले आफ्नो हित सम्भनुपर्दछ । आफ्नो मन लागेको गर्दा राजालाई हित हुँदैन । दुनियाँलाई मन लागेको गर्दा राजालाई हित हुन्छ ।]

यस उक्तिलाई चरितार्थ गराई पृथ्वीनारायणले आफ्नो बल बढाए ।

अनुभव तथा योग्यता भएका उमेर पुगेका भारादारहरूलाई भन्दा अनुभव नभएका अधकल्चा आफ्ना मानिसलाई माथिल्लो पदमा पुऱ्याउने नीति भीमसेन थापाले लिए ।[७३] पुराना भारादारहरूलाई सकभर राजकाजमा हात हाल्न नदिने

र मलाई आसर्जे लाग्यो र तर मलाई ता रिझायो. दुनियाँ जस्देषि राजि रहन्छन्. उसैलाई कजाई दिनु भन्ने सास्त्रमा पनि कहेको छ. दुनियाँमा बुझि हेरुँ भनि बुझि हेर्दा दुनियाँबाट पनि कालु पाँडेको चाहा रहेछ र कालु पाँडेलाई कजाई दिनुभया हामी दुनिञादारमा छाहारि रहदो हो भंन्या सल्लाहा दिया... मेरा मनमा ता विराज बषेतिलाई कजाई दिनू आटेको थियो. तर ज्याधा बुद्धी कालु पाडेकै ठहऱ्यो र कालु पाडेलाई कजाञि भयाको हो.

(पृथ्वीनारायणको उपदेशबाट)

७३. छोराको (भीमसेन थापाको) चकचकीमा पाल्पामा सर्वाधिकारी बनेका जनरल अमरसिंह थापा वि.सं. १८७१ आश्विनशुक्ल अष्टमीका दिन ५५ वर्षको उमेरमा दिवङ्गत भएका थिए–

श्रावणशुक्लनवम्यां जन्मोत्सवदिनम्

श्रीसंवत् १८७० श्रावणमासदिन १ गते भौमवासरे श्रीसूर्योदयाद् गतघटी ३५ पलेषु ४९ श्रीमदरसिंहनाम्नो गताब्दः (५)४ अस्मिनब्दे आश्विनशुक्लाष्टम्यां मृतः श्रीज(नरलः)

(लक्ष्मीपतिका छोरा लीनानाथले गणना गरेका वर्षप्रवेशका कागतबाट । यी मोहननाथ पाँडेसँग छन् । यी कागतपत्रहरूको विषयमा म अर्को निबन्धमा लेख्नेछु ।)

उजीरसिंह थापा (भीमसेन थापाका भतिजा)को जन्म वि.सं. १८५२ चैत्रमा भएको र मृत्युचाहिँ वि.सं. १८८१ मार्गमा भएको हो । यो पनि लीलानाथको कागतबाट पत्ता लागेको हो । यसबाट वि.सं. १८७१-१८७२ को अंग्रेजको लडाइँमा पाल्पामा सर्वाधिकारी भई बसेका उजीरसिंह थापा १९ वर्षका देखिन्छन् ।

अठोट भीमसेन थापाले गरेका थिए । उनको यस नीतिको परिणाम अनुभवहीन मनुष्यको हातबाट राजकाज चल्न थाल्यो । काङडाको लडाइँमा बूढा काजी अमरसिंह थापाले गरेको कामलाई छोपी भीमसेन थापाका भाइ काजी नयनसिंह थापाले गरेको कुराको खूप प्रख्यापन गरियो ।[७४] लड्दालड्दा जीवन बिताएका अरू भारादारहरूको नाम नलिई भीमसेन थापाले मेरा बाबु (साना) अमरसिंह थापाले अंग्रेजको बललाई रोकिरहेछन् भन्ने कुराको प्रख्यापन गराई[७५] आफूलाई र आफ्ना बाबुलाई जनरल बनाई आफ्नो वंशबाहेकका अरू भारादारहरूलाई होच्याउने प्रथाको श्रीगणेश गरे । अंग्रेजसँग उठेको सीमाको कलहलाई लिएर अहिले आफ्नो अनुकूल समय नहुनाले अंग्रेजसँग लड्नु ठीक छैन भन्ने राय बूढा अमरसिंह बम शाह आदि अनुभवी भारादारले दिएका थिए ।[७६] जनरल साहेब

---

७४. **स्वाम्यर्थाय हि जीवनं भवति तद् भ्रातर्व्रज त्वं युधी-**
त्याज्ञप्तो रणसंमुखे नयनसिंथापा यदीयोऽनुजः ।
स्वप्राणानजहाद्रिपून् भुजबलादाक्रम्य काङ्डाह्वये
कोटे क्लिष्टपथे प्रवेशसमये मन्त्री स यस्यास्त्यसौ ।।२०।।
जस्का भाइ नयसिंह थापाले पनि काङ्डा कोटमा प्रभुका निमित्त लडाइँमा प्राण दिया.

(वाग्वतीको स्तम्भलेखबाट)

७५. **यन्मन्त्रान्मनसापि नेच्छति भियाऽऽक्रान्तुं प्रवृद्धोप्यरिः**
ताम्रास्योऽमरसिंहमन्त्रिवरतः सीम्नि स्थिताद् यत्पितुः ।।
जस्का मंत्रणाले आफ्ना बाबा अमरसिंह थापा काजीलाई सिमानामा राषनाले बढ्याको फिरंगी पनि आकन शकदैन.

(वाग्वतीको स्तम्भलेखबाट)

७६. हामीसँग भयेको हाम्रो आफ्नो राज्यको बन्दोबस्त गर्दैमा हामीलाई प्रशस्त भयेको छ । अवस्थाले गर्दा अङ्गरेजसँग लडाइँ गर्न हामीलाई कर लाग्यो भने राज्यका प्रतापले हामीले लडाइँ गरी जित्लेछौँ, तर यो मौका राम्रो छैन । मौका बुझी अङ्गरेजहरू चोट पाये जस्ता भयेका छन् औ अहिले लडाइँ थाले ठूलो लडाइँ हुनेछ । उनीहरू आफ्नो अधिकार स्थापित नगरेसम्म सन्तुष्ट हुने छैनन् औ हामीले निकालेका पहाडी राजाहरूसँग मिल्नेछन् । अहिलेसम्म हामीले मिर्गको शिकार गरेका छौँ तर यो लडाइँ गरी हामीले बाघको शिकार गर्न तयार हुनुपर्छ । यो लडाइँ हुन नपाओस् भनी हामीले दखल गरियेका सब जग्गा छोडियुन् भन्ने हाम्रो महाराजाधिराजसँग प्रार्थना छ । अंग्रेजसँग राम्रै झगरा पर्‍यो भने हाम्रो राज्यका सम्पूर्ण व्यवस्था बिग्रनेछ । यो इलाकाको अवस्था राम्रो छैन । गोर्खा राज्यका अरू

भएका भीमसेन थापाको विशेष उत्साहले अंग्रेजसँग लडाइँ चल्यो । तर लडाइँ बिग्रेपछि भीमसेन थापाले यो दोष अरूका टाउकोमा हाल्ने चेष्टा गरे ।[७७] भीमसेन थापाको यस कामले उनमा राम्रो गुणज्ञता थिएन भन्ने देखाउँछ ।

यसरी गुणको कदर गर्ने परम्परा छाडिदिएकाले भीमसेन थापा आफू पनि कमजोर भए, राज्यलाई पनि कमजोर बनाए ।

भारतको मैदानका धनी शासकहरूलाई अंग्रेजले जित्दै लगेको र आफूले अंग्रेजका बललाई रोक्न सकेको कुरा पृथ्वीनारायणले प्रत्यक्ष गरेका थिए । यसको कारणमा धनीहरू ज्यानको आशा मारेर लडाइँको मैदानमा अड्न सक्ता रहेनछन् भन्ने पृथ्वीनारायणले बुझे । हामीले अंग्रेजसँग लडेनौँ भने हाम्रो देश स्वतन्त्र रहन सक्तैन । त्यस कारण हामीले धनी बन्नुभन्दा वीर बन्नुमा उद्योग गर्नुपर्छ भन्ने कुराको निश्चय पृथ्वीनारायणले गरेका थिए । परन्तु धन नभई लडाइँ खेल्न सकिँदैन भन्ने कुराको अनुभव पनि पृथ्वीनारायणलाई थियो । यस कारण धनको आशा मार्न विजिगीषु पृथ्वीनारायण सक्तैनथे । यसैले उनले दुनियाँहरू गरीब नहोऊन् तथा भारादारहरू धनी नबनून् भन्ने उपाय खोजे ।

अरू भागमा पनी झगरा हुनेछ । लडाइँ गर्नुपर्छ भन्ने जो मानीस हो, सो दरबारमा बढेको हो औ सैनिक जीवनको गाहारो साङ्गुरोको कुरा उसलाई थाहा छैन । अंग्रेजसँग अहिले लडाइँ गर्ने कि नगर्ने भनी नेपाल सरकारले सोधि पठाउँदा चौ. बम शाह अमरसिंह थापा हस्तदल शाहीले यो विचार प्रकट गरेका हुन् ।

(सूर्यविक्रम ज्ञवालीको अमरसिंह थापाको ६० पृ.)

७७. (श्री ५ राजेन्द्रको प्रशस्ति)

आगे श्रीजनरल भीमसेन थापाके... तस्तै पैल्हे फिरंगीसित सिमानामा तक्रार हुन जांदा सानु कुराको मोकदमा छ. २।३ बादसाह दबाई अंगरेज ठूलो भयाको छ. त्योसंग बिगार गर्न्या होइन भनी तिमिले समझायाका रह्याछौ. उस बषतमा २।४ जना भारा पाँचले कबुल नगर्दा र गोल्दार सर्दार मोहडाका भारादारले अहंकार गर्दा तुल हुन गै लडाञी जोडियेछ. तेस बषतमा पनी तिमिले कनका तिष्यलगायेत सतरुद्रातक भारादार सिपाहि फौज षजाना अनाज बरोबर चाजा मिलाई राष्याका रह्याछौ. मोहोडाका भारादारले झक मारी बखतको चाजासूर बिराइदिंदा उठ्ठा लागी सतरुद्राको लस्कर महाकाली आईपुगेछ.

(ज. भीमसेन थापा र तत्कालीन नेपालको २४७ पृ.)

त्यस कारण भारादारहरूले एक माना खान र सामान्य गृहस्थ चलाउन पुग्ने पैसा पाउने तथा आफ्नो देशमा खेती वस्त्रकला निकासी व्यापार खानिहरूको विकास गरी दुनियाँलाई खान पुग्ने बनाई तिनबाट आएको करले आफ्नो बल बढाउने नीति पृथ्वीनारायणले लिए । यसका लागि बाली हुने खेतलाई नमास्नु, बाली हुने खेतमा घर भए पनि त्यसलाई पर सारिदिनु, विदेशी वस्त्रको वहिष्कार गर्नु, आफ्ना देशका राम्रा नराम्रा जस्ता हुन्छन् तिनै कपडाले निर्वाह गर्नु, विदेशी नाचगानको वहिष्कार गर्नु, दहचोकको बाँफ्रो डाँडोमा राजदरबार बनाई त्यसका वरिपरि भारादारहरूको घर बनाई नयाँ बस्ती बसाउने योजना गर्नु यी कुराहरू पृथ्वीनारायणका बुद्धिमा फुरे ।[७८] उनले विलासमन्दिर भनी बनाएको वसन्तपुर दरबारले विलासी पुरुषलाई सन्तुष्ट पार्न गाह्रो छ । सो दरबार पनि पुरानो मल्ल

---

७८. क्या चुनी सिपाई भया क्या भैभारादार भया इनलाई दवलथ कमाउन नदिनु. आदमी हेरी हुर्मत् मात्रै राषीदिनु. क्यान भनौला दवलथ भयाकाले तरबारमा पनि मर्न मार्न सकैनन् र हरिपको चपक हुन्छ... देसका महाजनलाई गोडप्रसाहदेषी उभ आउन नदिनु. देसका महाजनहरू हाम्रो मुलुकमा आया भन्या दुनिञा कंगाल गरिछाड्दछन्. देशका कपरा लगाउनालाई मन्हाई गरिदिनु. आफ्ना देसका कपरा बन्न जान्यालाई नमना देषाई सधांउनु र बन्न लाउनु र यस्व भया नगद विदेस जादैन. आफ्ना देसका जिनीस जरिबुटि देस लैजानु र नगद षैचनु. नगद षैचीराषनु र प्रजा मोटा भया दर्बार बलियो रहन्छ. राजाका भंडार भन्याका रैतानहरू हुन्... षानी भयाको ठाउँमा गाउ भया पनि गाउ अरू जग्गामा सारि कुलो काटि षेत बनाई अबाद गर्नु... मलाई यवटा कुराको संध्यह लागिरहेछ. कुन्कुरो भन्यो मुग्लाना नजिकै रहेछ. त्यस जग्गामा छोकडा पत्रीया रह्याछन्. चित्रकार भन्याका कोठामा ढोलक सितार रागतानमा भुल्नन्. रागतान्मा बडो ठुलो मोहो हुन्छ र दवलथ पनि षोलिन्छ. देसको भेद पनि तिनैले लैजान्छन् र हरिपले दगा गर्छ. रागको अभ्यास पनि कसैले नगर्नु. तिन जातलाई पहाड आम्फदरफ पनि कसैले नषोलनु अथवा फागुलाई यक दुई गरी भिकि चाँडै बिदा गराईदिनु र देशको भेद पनि पाउँदैनन्. आफ्ना स्वपसयललाई ता सास्त्रबमोजिमको तिनै सहर नेपालको नेवारहरूको नाच भिकाई हेऱ्या पनि हुन्छ. यिनमा ता दियाको पनि आफ्नै देसमा रहन्छ. यस्व भया आफ्नु देस गमन रहन्छ... मेरो मनसुवा ता दहचोकमा दरबार बनाउँला र चारै दिसा थरघरको गुरुप्रोहित भैयाद भारादार मिर उमराउको घर बनाई छुट्टा दरबार बनाउला र... भन्या... थियो.

(पृथ्वीनारायण शाहको उपदेशबाट)

दरबारको एक अङ्ग भई एक चोक थपिदिएर बनेको थियो । पृथ्वीनारायणले आफ्ना अत्यन्त प्रिय भारादारलाई पनि काठमाडौँमा घर दिएको थाहा पाइएको छैन ।[७९]

---

७९. पूर्व किरात प्रदेश विजय गर्ने काममा अभिमानसिंह बस्नेतले प्रशस्त काम गरेका थिए । परन्तु पृथ्वीनारायण छउन्जेल उनीबाट अभिमानसिंह बस्नेतले घर खेत पाएको देखिएको छैन । पृथ्वीनारायणको मृत्युको एक वर्षपछि मात्र अभिमानसिंहले प्रतापसिंहबाट घर खेत पाएका थिए–

(श्री ५ प्रतापसिंहको प्रशस्ति)

आगे अभिमानसिंके अघि हाम्रो काठमाडौँ प्रवेश हुँदैदेषि आफु बस्याको केलटेलको भाजुदेव ब्राह्मणको घर सहरबाटेदेखि पश्चिम सिंजु कसाल दान-कसालका घरदेखि उत्तर भीमदेव मुकुन्दहरिको घर सुइकारननीदेषि पूर्व बुढा दलमर्दन साहको घर मिश्रज्यूको बारी भाजुदेउ उदासको घरदेषि दक्षिण सहरबाटेदेषि पूर्व छुंली कसालका घरसमेत एति चार किला साँधभित्रको घर जगा षा ५१ जवा १ हात १ चोक पाताल षा २९ जवा २ हात २ बिर्ता १ बारी षा ३२ जवा १ हात २२ पुनः महासंगालवारी पूर्व बेषासि महानको घर पश्चिम मुगल बाटो दक्षिण बोहोराको बारी उत्तर सिठी महानको घर एतिभित्र बारी षा ३४ जवा २ हात २६ सिगलको बारीसमेत एति घर बारी सुनाबिर्ता गरीबक्स्यौँ. तस्को मोल रुपैया ३५३२ तस्को छैटि रुपैया ५८७ सर्कार दाषिल भयो. बेचनु किन्नु आफ्नु मनोग्य गर्नु. इति सम्वत् १८३२ साल मिति पौषशुदि ८ रोज ६ मुकाम काठमाडौँ शुभम्

(वैद्य दिव्यवज्र वज्राचार्यसँग रहेको नक्कलबाट यो उद्धरण यहाँ दिइएको हो ।)

केहरसिंह बस्नेतले लडाइँमै प्राण दिएका थिए । यसैले उनका छोरा जहरसिंहहरूलाई पृथ्वीनारायणले मरवट दिएका थिए–

(श्री ५ रणबहादुर शाहको प्रशस्ति)

आगे केहरसिंहले हाम्रा निमक बुझि जिऊ दिन्दा फटकसिला मरवट गरि हिजो श्रीजिज्यूबाज्याले केहरसिंहका सन्तानलाई बक्स्याको रहेछ. आज हामीले... थामिबक्स्यौँ..

इति सम्वत् १८४३ साल मिति चैत्रशुदि ७ रोज ४ शुभम्

(श्रीबखतमानसिंह बस्नेतबाट यो पत्रको नक्कल हामीले पाएका हौँ ।)

यसरी पृथ्वीनारायणले केहरसिंहका सन्तानलाई मरवट दिएका थिए तापनि पृथ्वीनारायण छउन्जेल विशेष घर खेत उनीहरूले पाएको देखिएको छैन ।

सैनिकहरूलाई चित्रकार भरेका घरमा बस्न नदिनु नै पृथ्वीनारायणले असल सम्झेका थिए । यिनै कुराको परिणाम थोरै आवश्यकता भएका भारादारहरू राजभक्त र साहसी भए । गोरखाली शासनप्रति प्रजाको मनमा अनुराग रह्यो ।

पृथ्वीनारायणका नाति रणबहादुर पृथ्वीनारायणको नीतिभन्दा उल्टो नीति भएका भएर निस्के । पृथ्वीनारायणले बहिष्कार गरेको गानविद्याका उनी विशेषज्ञ बनेका थिए ।[८०]

उनी राजदूतलाई खटाई प्रशस्त मोल तिरेर साँढे कुकुरहरू झिकाउँथे ।[८१] रणबहादुरका यी काम तरङ्गका रूपमा उठेका थिए । उनका सेवक भीमसेन

पृथ्वीनारायणको मृत्युपछि वि.सं. १८३४ मा मात्रै जहरसिंहले घर खेत पाएका थिए–
स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का-----
आगे देवान जहरसिंकन सहर काठमाडौँमहाँ चिकटि आचारका दुवै २ चोकसमेत घर एस् घरको लगपात बारि ज्या हो. सो सब बक्सिउँ. षातिर्जामासित घरमहाँ बस. लगपात भयामाफिक भोग्ये गर. सम्वत् १८३४ साल चैत्रवदि ७ रोज ६ मुकाम काठमाडौँ सहर शुभम्
(इतिहास-प्रकाश २।३ को ५९६ पृष्ठमा योगी नरहरिनाथद्वारा यो प्रकाशित भएको छ ।)

८०. **प्रादुर्भूतोऽप्यमुष्माज्जगति रणबहादूरराजाधिराजः ।**
दाता पातानुशास्ता निखिलगुणनिधिर्गानविद्यादिविद्याऽभिज्ञः..

इनका पुत्र... शस्त्र शास्त्र संगीत तंत्रादि सकल विद्याका निधान श्रीरणबहादुर साह महाराजाधिराज... हुनुभयो.

(वाग्वतीको स्तम्भलेखबाट)

८१. (श्री ५ रणबहादुरको प्रशस्ति)

श्रीसुब्बा दिनानाथ उपाध्यायके... आगे... ठुलाठुला असल कुकुर पठाइदिनु भन्या क्या कारन्ले पठाएनौ. चांडो गरि पठाइदेउ... विजैनगर सहरमा विजैराम राजा रह्याछन्... उन राजाले आफ्ना सौषका निमित्य मछेलिवंदरका कुंड बेठसिमाबाट आँड्र बएल जोडा एक झिकायाको एस जोडामा एक त बहुत ठूलो अग्लो छ भनि वैजनाथ दषिनी भट्टले बिंति गऱ्या. त्यो बयेल झिकाउन्या राजा पनि मऱ्याछन्. राज्य भन्या फिरंगिको ताबे भयाको छ गरे. त्यो ठूलेचाहिँ साढ्या झिकाउनफ्यो. तसनिमित्य तेताबाट तिमिले दुइ गोटा जान्या मानिस षटाई विजैनगर सहरमा पठाई आफुले जान्याको जुक्ति बुद्धि लाई सक्यभर गरि त्यो ठूलो साँड्या झिकाहि षर्च लाग्न्या

थापाले मालिकका साथमा राजसी विलासको स्वाद चाखिराखेका थिए । भीमसेन थापा प्रतिभाशाली पुरुष थिए । यस कारण विलासका लागि उनले राम्रोसँग प्रबन्ध गरे । आफूलाई विलास गर्न दुनियाँको प्रशस्त घर-खेत लिई,[८२] नानाभाँतिका

भया षर्च लाई पनि कृतसक्यभरि झिकाउनु. एकलै ल्याउ नभया उहिँको गाई बेस अग्लो एक बियानू बाधासमेतको षरिद गरि नाउमा चढाई दाना घाँस मसाला पनि चोरा डाँकु बेथाको ओषतिसमेत ताकित गरि बहुतै बहुतसंग संभार गरि हर्तरहसंग पनि ल्याउन्या काज गर्नु. त्यो साँढ्या ल्याई पुऱ्यायाका दिन तिमिदेषि... षुसि हुन्याछौ. त्यो ल्याउनाको ताकिति तिमिले चित्त लाईकन मिहिनत् नगऱ्या अघिपछि परेवा हाँस ल्याउँदा जस्तो गरि एस पाला ढाँट्यादेषि लाईकन बनाईकन बुझौला. इति संवत् १८५३ साल पौषवदि १५ रोज ७ मुकाम कान्तिपुर शुभम्

(ऐ.शि. बाबुराम आचार्यबाट यस पत्रको उतार हामीले लिएका हौँ । ग परिशिष्टमा सम्पूर्ण यो पत्र दिइएको छ ।)

८२. (श्री ५ गीर्वाणयुद्धविक्रमको प्रशस्ति)

आगे काजी भीमसेन थापाके... तपसिलबमोजिमका असामीलाई आप्नाआप्ना घरबारीको साटे जग्गा र नगदी रुपैया बक्सि राजी गराई रैकर तुल्याई ज्मा घर २८... पाताल ज्मा षा १०... बारी पाताल ज्मा षा ८३... घर बनाउनालाई थप आफ्ना पुरानु घरस्मेत बिर्ताबितलप पिकदार गरिबक्स्याँ.

तप्सील

वीरभद्र पंथ सर्दारको घर...बारी	वियानन्द बाडाको घर... बारी
अमितमुनि बाँडाको घर...	धंचा मुनिहरूको बारी
दुर्गादास धंजुको घर... बारी	...वैद्यको घर बारी
धंचा बाडाका छोराहरूको घर... बारी	विरमान नेवारको बारि
देवानन्द बाँडाको... बारी	सुनारको घर
विदनुनरसिंको बारी	भान्नरसिंहको बारी
... नेवारको घर	धिर्जनारायणको घर
धर्मनारायणको घर	वैलोचन भगवान्‌को पाताल
जग्यनारायण झाहरूको घर	राजिन्द्रको घर

इति सम्वत् १८६८ साल मिति चैत्रसुदि १५ रोज ६ मुकाम कान्तिपुर शुभम्

(ज. भीमसेन थापा र तत्कालीन नेपालका २६४-६८ पृष्ठमा प्रकाशित पत्रबाट)

बिरुवा लाई, पोखरी बडे भारी महल बनाई[८३] नेपालमा विलासीहरूको लागि आदर्श खडा गरिदिए। सैनिकहरूलाई बस्न पनि तडकभडकको घर बनाउन लाए।[८४] विदेशी पोशाक विदेशी ढाँचाकाँचामा डुबेका, जनरल साहेब बनेका भीमसेन थापाले नेपालीहरूका मनमा भाग्यै भए मात्र यस्तो मोज गर्न पाइँदो रहेछ भन्ने भाग्यवादको निराशालाई जमाइदिए। यसको परिमाण नेपाल राज्यले मुटु थर्काउन छोड्यो। केही चतुरा झेलीहरूको भोग्यभूमि सम्पूर्ण देश बन्न गयो।

लडाइँको मैदानमा नाउँ कमाउँदै आएका मनुष्यहरू पृथ्वीनारायणका पालामा क्रमैसँग माथितिर उक्लन्थे।[८५] भीमसेन थापाले कुनै लडाइँमा बहादुरी गरेको अहिलेसम्म सुनिएको छैन। उनका प्रशंसकहरूले पनि काशीबाट रणबहादुरलाई फिर्ता ल्याउनु र रणबहादुरका हत्यारा ठहरिएकाहरूलाई मार्नु नै भीमसेन थापाको ठूलो पुरुषार्थ हो भनी बयान गरेका छन्।[८६] भीमसेन थापाले आफ्नो नाउँमा गराएको लालमोहरमा पनि यिनै कुरा लेखाएका छन्।[८७] भीमसेन थापाका भाइहरूले दाजुको उदय नभएसम्म कतै बहादुरी गरेका थिए भन्ने सुनिएको छैन।

---

८३. त्रिरत्नसौन्दर्यगाथा क परिशिष्टका १६-१९ श्लोक हेर्नुहोस्।

८४. स्वस्ति श्रीमन्महारजाधिराजकस्य रुक्का····
आगे छाउनीमा रहन्या जंगी लस्कर गैह्रप्रती. छाउनीमा कर्नेल कप्तान लेफ्टेन षरिदार सुबेदार ज्मादार मेजर कोत्या अजीटन हुद्दा सिपाही लाजिमा गैह्र जंगी लस्कर बस्नालाई बनाइबक्स्याका घरमा जो जो बस्तछन्. पगरीका दर्जाअनुसार र आफ्ना मनसुवमाफिक घरमा रंगविरंग चित्रकार गरी सीसाका झ्याल ऐना गैह्र लगाई झाड तस्वीर टाँसि बन्या नबन्याको घर तबेला बनाउन्या सिगार्न्या काम गर्नु... इति संवत् १८८२ साल मिति फागुनसुदी ८ रोज ६ शुभम्
(ज. भीमसेन थापा र तत्कालीन नेपालका ९०-९१ पृष्ठमा यो पत्र छापिएको छ।)

८५. पजनि गर्दामा पनि सयेनालका कम्पनी जमाउनु र सयेनालका सुबेदार चार पाँच लडाञीमा जस पाई आयाका यस्ता आफुले जाँचि सुबेदार हाल्नु. सुबेदारले पनि सातपगरि दुईचार बाढ षायाका यस्ता सातपगरि हाल्नु. सातपग्ररिले स्वह हुदा हाल्दा आफुसित मर्ने मार्न्या जाची १६ हड्डा हाल्नु. १६ हुद्दाले पनि आफुसित मर्ने मार्न्या जाँची सिपाही हालि आफ्नापट्टि भर्ना गर्नु.
(पृथ्वीनारायणको उपदेशबाट)

८६. त्रिरत्नसौन्दर्यगाथाका १३०-१३४, १८५-१८८ श्लोक हेर्नुहोस्।

८७. ग परिशिष्टमा दिइएको वि.सं. १८९२ सालको लालमोहर हेर्नुहोस्।

परन्तु भीमसेन थापा हर्ताकर्ता बनेपछि भीमसेन थापाको वंश नै ठूलाठूला वीरहरूभन्दा पनि माथिल्ला पदमा पुगेका देखिन्छ ।[८८] यो पृथ्वीनारायणको परम्पराको विरुद्ध थियो तथा देशलाई उद्योगविमुख बनाउने काम थियो । यसको परिणाम पृथ्वीनारायणले जितिएका अंग्रेजले नेपाली जितिए । भीमसेन थापाले आफूले बहाली गर्दा पाएको नेपाल राज्यको एकतिहाइ भाग गुमाए ।

भीमसेन थापा विलासी तथा स्वार्थी पुरुष थिए तापनि उनको हृदयमा देशभक्तिले पनि ठूलो स्थान पाएको थियो । यसैले उनले बाँकी रहेको नेपाल राज्यलाई बचाउन र मौकामा अंग्रेजसँग बदला लिन शक्तिले भ्याएसम्म जीवनभर उद्योग गर्दै रहे ।[८९] यसैले गर्दा वर्तमान नेपाल राज्यले आफ्नो अस्तित्वलाई संसारमा राख्न सक्यो ।

भीमसेन थापाको पतन

यस ग्रन्थमा वि.सं. १८८८ सम्मका घटना मुख्य रूपले दिइएका छन् । श्री ५ रणबहादुरका कान्छा महारानी ललितत्रिपुरासुन्दरीको मृत्युको वर्णन अन्तिम घटना परेको छ ।[९०] यस ग्रन्थको अन्तिम वर्णनमा पनि भीमसेन थापा हर्ताकर्ताकै रूपमा देखा परेका छन् ।[९१] यसपछि भीमसेन थापाको जे भयो, त्यो कुरा इतिहासमा प्रसिद्ध छ । यस कारण यसपछिको भीमसेन थापाको वर्णन गर्नु यस ग्रन्थको उपोद्‌घात लेख्न बसेको मनुष्यको काम होइन भन्ने देखिन आउँछ । तर भीमसेन थापाको २५ वर्षको लामो शासनको इतिहास सुन्दरानन्दले जति जसरी दिएका छन्, मैले देखेका अरू ग्रन्थकारले त्यति त्यसरी दिन सकेका छैनन् तथा भीमसेन थापालाई जुन घटनाले हर्ताकर्ता बनायो तथा जसरी उनी हर्ताकर्ता भए

८८. वाग्वतीको स्तम्भलेख हेर्नुहोस् ।
८९. यसको विशेष वर्णन गल्लीमा फ्याँकिएका कसिंगरको उपोद्‌घातमा मैले गरेको छु ।
९०. यसपछिका दुइ वर्षको (वि.सं. १८९० सम्मको) फाटफुट घटनाको वर्णन पर्न गएका छन् तापनि मुख्य रूपले वि.सं. १८८८ सम्मका घटनालाई नै सुन्दरानन्दले वर्णन गरेका छन् ।
९१. २७३-२७५, २७७ श्लोक हेर्नुहोस् ।

भन्ने कुराको वर्णन पनि यस ग्रन्थले अलि घुमाउरो पारेर दिएको छ । यस कारण भीमसेन थापाका बाँकी रहेका छ वर्षको शासन र त्यसपछिका २ वर्षको उनको दुःखी जीवन तथा दयनीय मृत्युको[१२] नजीकमा सुन्दरानन्दले हामीलाई परोक्ष

---

१२. (श्री ५ राजेन्द्रविक्रमको प्रशस्ति)

उप्रान्त राजद्वारमा विषाधी औषधी नगर्नु भंन्या सास्त्रमा पनि छ. अघिदेखि हाम्रा दरबारमा विषाधि औषधि नगर्नु भंन्या उर्दि पनि भयाको थियो. मनाही भयाको छदाछदै हाम्रा कांछा नानीलाई ९४ सालका आषाढ महीनामा बेराम हुन गयाको श्रावण महीनाको ११ दिन जांदा मुक्त भया. इनै मुक्त भयाकालाई इलाज दिदामा भाजुमन वैद्यले हाम्रा हजुरमा बिन्ति नगरि अफिम धतुरो विष पऱ्याको औषधि खुवाई यस्तो हुन जांदा त्यो विष पऱ्याको औषधि खुवाउदामा भीमसेन थापा एकदेव वैद्य सिवानन्द भवानी इनहेरुको समेत सल्लाहको भनी येही वैद्यले बिंती गर्दा इन्हेरुको धन माल जफत गरी कैद गरी राष्याको थियो. अघिदेषिको कुरा षोजिदै थिया. एकदेव वैद्यलाई ल्याइ षारषेर गर्दा हजुरका कांछा नानीलाई विष पऱ्याको औषधि दिन्या कुरामा भीमसेन थापाका र मेरा सल्लाहाले हो भनी बक्ता उसै कुरामा पनी कायेल हुँदै आयाको मुखले बक्नु मात्र बाकि रह्याको थियो. पछि पनि विष पऱ्याको औषधि नगर्नु भनी मनाही गऱ्याको थियो. बिचमा एकसूर्य वैद्यले एकदेव वैद्यका सल्लाहसंग हाम्रा हजुरमा बिंती नगरी विषसमेत मिलाई हरिताल पाऱ्याको औषधि यो औषधि बढिया छ भनी भुक्याइ औषधिको पोको हाम्रा हजुरमा चढाउन आयाको रहेछ. सो कुरा प्रकाश हुन जांदा मनाही भयाको कुरामा विषसमेत मिलाई हरिताल पऱ्याको औषधिको पोको किन चढाउन आयिथिस् भनी भंदा जानिन बिरात्रा भनी कायल भयो र येस वैद्यलाई पनि कैद गरी राष्याको थियो. फेरि पछि कैद भयाको एकदेउलाई झिकी षारषेर गर्दा हजुरका कान्छा नानीलाई पनि विष पाऱ्याको औषधि षुवाउँदा मेरो र भीमसेन थापाको सल्लाह हो. अघि हजूरका श्री ५ मुमाज्यू र श्री ५ बुबाज्यूलाई पनि विराम हुंदा भीमसेन थापाको सल्लाहले विष औषधि षुवार वैकुण्ठवास गरायाको हो भनी कायल भयो र भीमसेन थापासँग जोरी पुर्पक्ष गर्नपर्ला भनी उसै कयदमा रहन गयाको थियो. पुर्पक्ष भयाको थियन. तेस्तै बिचमा एकदेउ वैद्यले यो अघि पछिको सबै कुरा बक्याको थाहा पायेछ र आफुले गऱ्याको अघिको र पछिको कुकर्म प्रकास हुन लाग्यो भंन्या डरले कसैले थाहा नपाई हतियार मगाई ९६ साल श्रावण महीनाका दिन ८ जाँदा हतियारले आफ्नु गला आफैले काटी अपहत्या गरी ९ दिन बाँची श्रावण महीनाका १६ दिन जाँदा भिमसेन थापा मऱ्यो. अघि पछिको यस्तो कुकर्म गऱ्या वैद्यहरू पनि जो जो थियो. सबैलाई

रूपमा पुऱ्याइदिए जस्तो मलाई लाग्छ। यस कारण यो ग्रन्थ पढ्दा भीमसेन

बिराउमाफिक जो जो सासना गर्नुपर्ऱ्या हो. सो सो सासना भयो...
इति सम्वत् १८९६ साल श्रावणशुदि ३ रोज २ शुभम्
(ज. भीमसेन थापा र तत्कालीन नेपालका २७९-२८० पृष्ठमा यो पत्र छापिएको छ)
(श्री ५ राजेन्द्रविक्रमको प्रशस्ति)
आगे जनरल रणवीरसिंह थापा जनरल मातवरसिंह थापा काजि त्रिविक्रमसिंह कम्यान्डर कर्नेल सेरजङ्गबहादुर थापा तम्रा भाइ दाज्यू छोरा भतिजा पर्ऱ्या दसाहा भाइ विरादर गैह्रप्रति... कांछा साहेबज्यू छ मैन्हाका उमेरमा कालवसले ९४ सालका श्रावण मैन्हामा परलोक हुंदा दुष्ट कुबुद्धि भयाका अघिका निगुता नसमभन्या कृतघनी निमकहरामी करवीऱ्या रणजंग्या रणदल्या कुल्या पाँडे र इन्द्रविऱ्या रनबम्या थापा कनसिंग्या बस्न्यात कासिनाथ्या बाहुन कुलचन्द्र साहि रंगु अर्ज्याल जगत नैनी केटि चीत्री केटी वंस्या बस्न्यात् बोधमान्या कार्कि यति जनाले मतलब मिलाई जालसाजिको षेल उठायाछन् र श्रीजनरल कम्यान्डर इन चीफ भीमसेन थापाले वैद्यलाई मतलब दि विषसंबन्धको इलाज ज्यूनार गराई परलोक हुनुभयाको हो कालवसले होइन भनी इ दुष्टहरूले हाम्रा र हाम्रा श्रीजेठा रानिका हजुरमा चुक्ली पारि श्रीजनरल कम्याण्डर इन चीफ भीमसेन थापा इनका भाइ छोरा भतिजा दसाहा भाई बिरादर रकमी कारबारीसमेत पक्री कयेतमा तिमिहरूलाई हलाया. तम्रा चेलि बेटिसमेतको सबै आल्माल धन दौलत जिमी जगा हातहतियार सबै सर्वस्व हरण गरि लिया. तिमीहरू सबैलाई नानातरहका व्यहुर्मतको सासना गऱ्या. तेस वेलामा तिमीहरूसमेत श्रीजनरल कम्यान्डर इन चीफ भीमसेन थापा बिन्ति गर्थ्यौं. हामिले सर्कारको कुभाउदो कौनै बातको गऱ्याको छैन. हामी निसाफ पाउँ भनी बारंबार बिन्ति गर्दै थियौ. दुष्ट बुद्धि भयाका निमषहरामीहरूले कृत्या कागत बनाई कायल भया भंन्या बेहोराका चुल्कि गर्थ्या. पछि हामिबाट बुझिबक्सदा श्रीजनरल कम्यान्डर इन चीफ भीमसेन थापाप्रभृति तिमिहरू सपै जनाले हाम्रा गातगादिमाथि कौनै बातको बिगार नचितायाको हाम्रा निमकको सोझो षरष्वाइमा रह्याको ठहराज्यू र श्रीजनरल कम्याण्डर इन चीफ भीमसेंन थापाप्रभृति कयेतमा रह्याका तिमीहरू सबैलाई फोइबक्स्यौँ. केहि तम्रो धन दौलत जिमिजगा पनी फिराईबक्स्यौँ. श्रीजनरल कम्यान्डर इन चीफ भीमसेन थापा हरहम्यास हाम्रा हजुरमा रह्या. जनरल मातवरसिंह थापालाई हाम्रा कामनिमित्य लाहुर पठाईबक्स्यौँ. सबै बात बिबस्ता भैरह्याको थियो. ई दुष्टबुद्धि भयाका अघिको निगुता नसंभन्या कृतघ्नी निमकहरामी रणजंग्याप्रभृतिहरूले फेरि थापाहरूको बन्न लाग्यो. हामिले आँट्याको मनसुवा पुगेन भन्या ठहरायाछन् र फेरि जालसाजको षेल गरि हाम्रा २ सर्कारमा विरोध पारि थापाहरूले

सर्कारको बिगार गऱ्यैका छन् भनि तिमि थापाहरूको चुकली पाऱ्या र श्रीजनरल कम्यान्डर इन चीफ भीमसेन थापालाई फेरि पक्राई कयेतमा हाल्या. हामीबाट बक्सीस भयाको धन दौलत फेरि सर्वस्व गरिलीया। जालसाजीका अर्जि कृत्या कायल्नामा आफुले लेषि थापाले यो बेहोरा गऱ्याका रह्याछन् भन्या बेहोरा पारि कृत्या कागत हाम्रा दुईसर्कारमा नजर गराई ई दुष्टहरूका चुल्किमा हाम्रा चित्त विरोध गराई पत्यार पाऱ्या. हामीबाट हुकुम भयाको छ भन्या बेहोरा पारि श्रीजनरल कम्यान्डर इन चीफ भीमसेन थापा प्रभृतिहरूलाई नानातरहको सासना ब्येहुर्मत् गराया. कान्छी मुख्यरानिलाई विपर्दा गराई सासना गर्नु श्रीजनरल कम्यान्डर इन चीफ भीमसेन थापालाई देखाउनु भनी हुकुम भयाको छ भनी आफुले कल्पना गरि श्रीजनरल कम्यान्डर इन चीफ भीमसेन थापालाई सुनायाछन्. यस्तै बेहुर्मत्को भय सुनाइदिंदा दुष्टहरूले विनाअपराध यकेदेउ वैद्यको अजात गराया. ब्राह्मणलाई यो फजियत गर्न्याले हामिलाई पनि इ दुष्टले ब्येहुर्मत् गर्न्यैछन्. यो बेहुर्मत् मैले हेर्न योग्य छैन भनी हाम्रा हजुरमा नपारी इनै दुष्टका कुराको पत्यार मानी बेहुर्मत्का भयले श्रीजनरल कम्यान्डर इन चीफ भीमसेन थापाले आफ्नै हातबाट हतियार चलाई प्राणत्याग गऱ्या. यसपछि ई दुष्ट निमकहरामिहरूको बल बढ्यो र रणजंग्या प्रभृतिहरूले कार्यसिद्धि भयो भन्या ठहराइ तिमि थापाहरूलाई जनै झीकि पानीसंमको अजात गराई चोकसम्म गै मागि षानु कसैका भऱ्यां नउक्लनु भनि उर्दि फिराया. प्रजा भयौ भनी सुनाया. तम्रा जनाना आईमाईहरूलाई तिलंगा प्यादा लाई बिहुर्मत् गरी नङ्गा पयरसित हिडाई हेल्मु भोट पुऱ्याया. वाहाबाट फिराई यस्तै बिहुर्मतसित बोर्लां बुंकोट पहाड डुलाया.

(इतिहास-प्रकाश १।१ का ४१-४६ पृष्ठमा योगी नरहरिनाथद्वारा यो प्रकाशित भएको छ।)

यस्तै समयमा दैवइच्छा जेठा रानीतिरका कान्छा साहेबज्यू देवेन्द्रविक्रम शाह ६ महीनाका बालकलाई बिरामी भै ९४ साल श्रावणका ११ दिन जाँदा सोमवारका दिन आर्याघाटमा मुक्त भया... त्यहाँपछि श्रीजेठी बडामहारानी बहुतै क्रोध गरी... कुमंत्रीका कुरापछि लागि रीस गरी... जुठैभित्रमा मन्त्री भीमसेन थापा इनका भाइ छोरा दशाहा भाइ चाकरवाकरहरूका घरमा तिलङ्गा लगाई घरमा घेरा दिई बन्द गरी राष्या. सबैका सर्वस्व पनि लिया. रणजंग पाँडेलाई देवान भंन्या नाउ दी मुक्तियारी दिनुभयो... भीमसेन थापा बन्धनैमा थिया. ८ महीनापछि छोडिदिया र आफ्नै घरमा बसिरहेका थिया. त्यहाँपछि फेरि श्री ५ महाराजा महारानीबाट हुकुम भई दरबारमा आउनु भंन्या दरबारमा जाँदै गर्थ्या. खाना खर्च पनि दिंदै थिया... त्यहाँपछि फेरि थापामाथि खेदो गर्न्या पाँडेहरू सबै मिली

आइरहन्छ तथा भीमसेन थापाको त्यस दयनीय अवस्थाको कारण अरूअरू ग्रन्थकारले गरे जस्तो[९३] अरूका टाउकामा दोष हाल्न मलाई कौटल्यले दिँदैनन्। किनभने जुन परिस्थितिमा भीमसेन थापा हर्ताकर्ता हुन पाएका थिए, त्यो स्थिति यो ग्रन्थ समाप्त हुँदा थिएन।[९४] अब पनि साबिकबमोजिम हर्ताकर्ता भई बस्न भीमसेन थापाले अर्कै बाटो लिनुपर्थ्यो।[९५] तर अधिकार हातमा लिई ३१

थापाहरूलाई फेरि नगिराया त राजालाई एक दिन अवश्य रिझाउन्याछन्. देशदेशावरमा पनि इनैका नाम जाहेरै छ. ३४ वर्षसम्म मुक्तियारी चलायाका हुनाले फौज दुनियाँहरू पनि इनका हात चढ्याकै छ. अचेल दरबार बराबर गर्न लाग्याका छन्. पछि हामीहरूको अवश्य खराप हुन्याछ भनी जालखेल गरी राजा जेठी रानीसंग फेरि चुक्ली पारी फेरि ९६ सालमा भीमसेन थापाको घरलाई घेरा दिई तिलङ्गा लगाई नेलसमेत हाली आफ्ना जहान सबै बोर्लाङमा पठाइदिया र उहीं बन्धनैमा थिया. फेरि केही महीनापछि राजाबाट भीमसेन थापालाई नेपाल झिकायाका थिया. कुलराज पाँडे बस्याकै घर गई बेहुर्मत लज्जाको भय देखाई आयाको रहेछ. यही दिन दिउँसो राजाबाट हुकुम भई बोलाहट आउँदा आउँछु भनी कोठामा पसी मनमा बहुतै दिकदार गरी... अविवेकी राजाले मेरो दम छन्ज्याल फेरि बेइज्जत गरी दुःख दिन्याछ. बरु मैले मर्नु बढिया हो भनी विरक्त भई... खुकुरी लिई आफ्ना हातले गलामा प्रहार गऱ्या. प्राण गएको थिएन. ९ दिनपछि ९६ सालमा श्रावणवदि ४ रोजमा मन्त्री भीमसेन थापाको प्राण मुक्त भयो. भारादारहरू सब आई हेरी दागबति गर्न पनि नदिई भीमसेन थापालाई विष्णुमतीमा अफाली चप्रासी पहरा केही दिनसम्म पनि राख्न लाया... थापा खलकहरूलाई जनै पनि झिकीदिया.

(भाषावंशावलीबाट)

९३. चित्तरञ्जन नेपालीले भीमसेन थापाको पतनको कारण पजनी प्रथा हो भन्ने देखाउनुभएको छ (भीमसेन थापा र तत्कालीन नेपालको ३७ पृष्ठ हेर्नुहोस्)।

९४. वि.सं. १८६३ मा राजा गीर्वाणयुद्धविक्रम ९ वर्षका बालक थिए। रणबहादुरका कान्छा महारानी ललितत्रिपुरसुन्दरीको हातमा राजकाज पर्न गएको थियो। ऊ महारानीका विश्वासपात्र भीमसेन थापा हुन सकेका थिए। यो ग्रन्थ समाप्तिको अवस्थामा राजा राजेन्द्रविक्रम २० वर्ष जति पुगिसकेका थिए। उनका युवति रानीहरूलाई भीमसेन थापाले रिझाउन सकेका थिएनन्। भीमसेन थापा जसका विश्वासपात्र बन्न सकेका थिए, ऊ महारानी ललितत्रिपुरसुन्दरी स्वर्गे भइसकेकी थिइन्।

९५. जङ्गबहादुरले गरे जस्तै पुराना भारादारहरूलाई सखाप पारी राजालाई निरस्त्र पार्नु। यस विषयको विचार अर्को निबन्धमा गरिनेछ।

वर्षसम्म राज्यको हर्ताकर्ता भई काम गर्दै आएका ६२ वर्ष पुगेका भीमसेन थापाले त्यस वेला अकस्मात् त्यो बाटो लिनु पनि सजिलो थिएन । यस कारण भीमसेन थापाले आत्मरक्षा गर्न कौटल्यले भने जस्तै एउटा मात्र बाटो थियो भन्ने कुरा मेरो मनमा खेलिरहन्छ । कौटल्यको आँखाले भीमसेन थापाको विषयमा अरूहरूले विचार गरेको पनि मलाई थाहा छैन । यस कारण कौटल्यका सूत्र र भीमसेन थापाको जीवनलाई मिलाई राजनीति दर्शनको एउटा उदाहरण प्रस्तुत गर्न मेरो मनमा उठेको विचारलाई अहिले यहाँ लेख्ता अप्रासङ्गिक होला जस्तो मलाई लाग्दैन ।

पृथ्वीनारायण शाह आफ्नो ५२ वर्षको उमेरमा २५ वर्षका आफ्ना जेठा छोरा प्रतापसिंहलाई छाडी परलोक गए । यस उमेरमा प्रतापसिंह आफ्ना भारादारको सहायताले बाबुको राज्य थामी खान सक्तथे । आफ्नो २८ वर्षको उमेरमा २ वर्षका छोरा रणबहादुरलाई छोडी प्रतापसिंह स्वर्ग गए । यस कारण रणबहादुरको राज्य उनकै नाममा चले तापनि उनको बुद्धिबाट चल्नु सम्भव थिएन । यस्तो अवस्थामा राज्यको अभिभारा अर्काको हातमा नगई छोड्दैन । यस्तो अवस्थालाई राजव्यसन भनी भन्दछन् । रणबहादुरको राज्य कहिले उनका मुमा महारानी राजेन्द्रलक्ष्मीको हातबाट, कहिले उनका कान्छा बाबु राजकुमार बहादुर शाहको हातबाट चल्यो । यो अवस्था दैवले पारेको थियो ।

रणबहादुरले आफ्नो तेइस वर्षको उमेरमा आफ्ना डेढ वर्षका छोरा गीर्वाणयुद्धविक्रमलाई राजा बनाएर आफैँले जानाजान राजव्यसन खडा गरे । आफैँले बालेको राज्यव्यसनको आगोको राप सहन नसकेर रणबहादुरले काशी भाग्नुपऱ्यो । यही राज्यव्यसनले कीर्तिमानसिंह बस्नेत दामोदर पाँडेहरूलाई हर्ताकर्ता बनायो तथा मरायो । ननिभेको यही राजव्यसनको आगोको रापले ९ वर्षका आफ्ना छोरा गीर्वाणयुद्धविक्रमलाई छोडेर ३१ वर्षको अवस्थामा आफ्नो भाइका तरवारका चोटले रणबहादुर परमधाम गए । प्रतिभाशाली भीमसेन थापाले त्यो राजव्यसनको आगोलाई आफ्नो अनुकूल बनाएर त्यसबाट काम लिई आफू हर्ताकर्ता भई ३१ वर्षसम्म नेपालको एकलौटी शासन गरे ।

२४ वर्ष पुगेका जवान राजा राजेन्द्रविक्रम, उनका दुइटा तरुनी रानी, उनका छोराहरूलाई ६० वर्ष नाघिसकेका भीमसेन थापाको व्यवहार उपयुक्त लागिरहनु

सम्भव थिएन। यस अवस्थामा भीमसेन थापाले राजालाई सुरुक्क राज्यको अधिकार सुम्पी आफू पर सर्नुपर्थ्यो। भीमसेन थापाको मनमा राजेन्द्रविक्रम राजकाज गर्न राम्रो जान्दैनन् तथा उनले राज्यमा अण्डबण्ड पारी अव्यवस्था फैलाउनन् भन्ने डर हुँदो हो भन्ने कुरा कोहीकोही भन्न सक्छन्। तर कौटल्यले भने जस्तै भीमसेन थापाले अघिबाटैदेखि यसको प्रबन्ध गर्नुपर्थ्यो र राजालाई राजकाज गर्न सक्ने शिक्षा दिलाउनुपर्थ्यो। राजकाजको शिक्षा दिने परम्परा नभएको र आफ्नो थर पौडेल लेख्न छाडी पण्डितराज तथा पण्डितज्यू लेख्न लागेका[९६] गुरुज्यू रङ्गनाथले र पौरोहित्य र अध्यापकत्वको भेद देख्न नसक्ने विद्वान्हरूले राजालाई पाठपूजाहरू सिकाएर[९७] आफ्नो र आफ्ना परिवारको दुनो सोझ्याउने वा

---

९६. स्वस्ति श्रीगुरुपण्डितराजश्रीरंगनाथपण्डिकस्य पत्रम्---
आगे चैनपुरमा झारा मेगजीं साउन्या फागुको रकम उठाउन जान्या रकमी कलमी अमाली गैह्रके यथोचित्. उप्रान्त बस्न्यात काजीको बषत सुन्दरहिटी बघैंचाको जगेरा गुठीको जगा धनपति पाध्याका गाउँ घरभित्र झारा मेगजीन साउन्या फागु लालमोहरबमोजिम् माफ भयाको जाँचमा पनि सोहीबमोजिम थामियाको रहेछ. ताहाँ तिमीहरूले टंट्य तक्रार नगर. छाडिदेऊ.
संवत् १८९४ कार्तिक शुदि १५ रोज १ शुभम्
(यस पत्रको नकल हामीले श्रीबखतमानसिंह बस्नेतबाट पाएका हौँ)
स्वस्ति श्रीमन्महारजाधिराजकस्य रुक्का---
आगे विरभद्र पाध्याप्रति तिमिलाई हाम्रा हजूर आउ भंन्या बोलाहटको श्रीगुरु पण्डितराज श्रीरङ्गनाथ पण्डितज्यूबाट चिठि लेषि अघि गयाको हो. अब र लालमोहर पुग्नीमात्र येक छिन विलंव नगरि चाँडो हाम्रा हजूर आउन्या काम गर.
इति सम्वत् १८९४ साल मिति भाद्रवदि २ रोज ६ शुभम्
(ऐ. शि. बाबुराम आचार्यबाट यस पत्रको उतार हामीले लिएका हौँ।)

९७. नानानिबन्धनविलोकनखेदशान्त्यै
संगृह्य धर्मनयमूलवचो विभाव्य।
सारं निगृह्य नृपशिक्षणकौतुकाय
श्रीरङ्गनाथकृतिना रचितो निबन्धः ॥२॥
(राजविधानसार प्रथम विलास)
प्रातरुत्थाय शिरसि ध्यात्वा गुरुमतन्द्रितः।
नत्वा च देवं हृत्कुञ्जे स्तुवीत च यथामति ॥११॥
आवश्यकं च सम्पाद्य दन्तकाष्ठमनिन्दितम्।
आयुर्बलं यशो वर्चः प्रजाः पशुवसूनि च ॥१२॥

देशलाई अकर्मण्य बनाउने शिक्षालाई जानेर वा नजानेर फैलाइरहेको देशमा एकला भीमसेन थापालाई मात्र हामीले दोष दिनुहुँदैन भन्ने तर्क मेरो मनमा उठ्छ तापनि २२ वर्ष पुगिसकेका राजा राजेन्द्रविक्रमलाई राजकाजबाट पर राखी अघि जस्तै अधिकार हत्याउँदै रहुँला भन्ने भीमसेन थापाको उद्योग[९८] प्रत्यक्ष देखेपछि उनको दयनीय मृत्यु उनकै नीतिको कुपरिणाम थियो भनी भन्दा भीमसेन थापाप्रति अन्याय होला भन्न म सक्तिनँ। हो, राजनीतिको पठन-पाठनको परम्परा टुटेको हुँदा भीमसेन थापाले कौटल्यहरूका विचारलाई बुझ्न पाएका थिएनन् भन्ने कुरामा भने हामीले आफ्नो देशको पठन-पाठनको परम्परालाई दोष नदिई भीमसेन थापाको टाउकोमा मात्र दोष हाल्न सक्तैनौँ।

राजव्यसनलाई कसरी हटाउनुपर्छ तथा सो हटाइसकेपछि के गर्नुपर्छ भन्ने विषयमा कौटल्यको विचार अब दिइन्छ–

राजव्यसनमेवममात्यः प्रतिकुर्वीत ।।१।। राजपुत्रमात्मसंपन्नं राज्ये स्थापयेत् ।।३८।। संपन्नाभावे व्यसनिनं कुमारं राजकन्यां गर्भिणीं देवीं वा पुरस्कृत्य महामात्रान्सन्निपात्य ब्रूयात् ।।३९।। अयं वो निक्षेपः ।।४०।। पितरमस्योवेक्षध्वं

धर्मं प्रज्ञां च मेधां च त्वन्नो धेहि वनस्पते ।
मन्त्रेणानेन संशोध्य दन्तधावनमाचरेत् ।।१३।।
मुखं प्रक्षालयेत् स्नायाद् वारुणामदिविधानतः ।
सन्ध्याग्निहवनादीनि नित्यकर्माणि साधयेत् ।।१४।।

(राजविधानसार द्वितीय विलास)

[धेरै ग्रन्थ हेर्नुपर्दा हुने दुःख नहोस् भन्नाका लागि श्रीरङ्गनाथ पण्डितले धर्मशास्त्र नीतिशास्त्रका मूलवचनलाई विचार गरी सार झिकी राजालाई शिक्षा दिने इच्छाले संग्रहको रूपमा यो निबन्ध बनाइएको हो ।।२।।... बिहान उठेपछि आलस्य नगरीकन मनले गुरुको ध्यान गर्नू. मनैले देवतालाई नमस्कार गर्नू तथा आफूले जानेको स्तोत्र पाठ गर्नू ।।११।। आवश्यक काम (दिसा पिसाप गर्नु आदि) सिद्ध्याइसकेपछि असल जातको दतिवन बनाउनू र हे वनस्पति तिमी मलाई आयु, बल, जस, तेज, सन्तान, वस्तुभाउ, सम्पत्ति, धर्म, बुद्धि, स्मरणशक्ति देऊ भन्ने यस मन्त्रले दतिवनलाई सफा गरेर दाँत माझ्नु ।।११-१३।। मुख धुनू, वरुण आदिका विधानपूर्वक नुहाउनू, सन्ध्या हवन आदि नित्यकर्म गर्नू ।।१४।।]

९८. श्री ५ राजेन्द्रबाट वि.सं. १८९२ मा भीमसेन थापाले आफ्नो नाउँमा गराएको लालमोहर हेर्नुहोस्। यो पत्र ग परिशिष्टमा दिइएको छ।

सत्त्वाभिजनमात्मनश्च ॥४१॥ ध्वजमात्रोऽयं भवन्त एव स्वामिनः ॥४२॥ कथं वा क्रियतामिति ॥४३॥ तथा ब्रुवाणं योगपुरुषा ब्रूयुः ॥४४॥ कोऽन्यो भवत्पुरोगादस्माद् राज्ञश्चातुर्वण्यमर्हति पालयितुमिति ॥४५॥ तथेत्यमात्यः कुमारं राजकन्यां गर्भिणीं देवीं वाधिकुर्वीत ॥४६॥ बन्धुसंबन्धिनां मित्रामित्रदूतानां च दर्शयेत ॥४७॥ भक्तवेतनविशेषममात्यानामायुधीयानां च कारयेत् ॥४८॥ भूयश्चायं वृद्धः करिष्यतीति ब्रूयात् ॥४९॥ एवं दुर्गराष्ट्रमुख्यानाभाषेत ॥५०॥ यथार्ड च मित्रामित्रपक्षम् ॥५१॥ विनयकर्मणि च कुमारस्य प्रयतेत ॥५२॥ कन्यायां समानजातीयादपत्यमुत्पाद्य वाभिषिञ्चेत् ॥५३॥ मातुश्चित्तक्षोभभयात्कुल्यमल्पसत्त्वं छात्रं च लक्षण्यमुपनिदध्यात् ॥५४॥ ऋतौ चेतां रक्षेत् ॥५५॥ न चात्मार्थं कञ्चिदुत्कृष्टमुपभोगं कारयेत् ॥५६॥ राजार्थं तु यानवाहनाभरणवस्त्रस्त्रीवेश्मपरिवापान्कारयेत् ॥५७॥

यौवनस्थं च याचेत विश्रमं चित्तकारणात् ।
परित्यजेदतुष्यन्तं तुष्यन्तं चानुपालयेत् ॥५८॥
निवेद्य पुत्ररक्षार्थं गूढसारपरिग्रहान् ।
अरण्यं दीर्घसत्रं वा सेवेतारुच्यतां गतः ॥५९॥
मुख्यैरवगृहीतं वा राजानं तत्प्रियाश्रितः ।
इतिहासपुराणाभ्यां बोधयेदर्थशास्त्रवित् ॥६०॥
सिद्धव्यञ्जनरूपो वा योगमास्थाय पार्थिवम् ।
लभेत लब्ध्वा दूष्येषु दाण्डकर्मिकमाचरेत् ॥६१॥

(कौटलीय अर्थशास्त्र ५।६)

[राजव्यसनलाई मन्त्रीले यसरी हटाउनू ॥१॥ आत्मवत्ता (आफ्नो भलोलाई बुझ्न सक्नु आदि शासकमा हुनुपर्ने गुण) भएका राजकुमारलाई गद्दीमा राख्नू ॥३८॥ आत्मवत्ता भएका राजकुमार नपाइएमा व्यसनी (दोष भएका) राजकुमारलाई अथवा राजकुमारीलाई अथवा गर्भिणी महारानीलाई अघि सारी भारादारहरू जम्मा पारी भन्नू ॥३९॥ यहाँ यहाँहरूकै नासो हुनुहुन्छ। यहाँका पिताजीलाई सम्झनुहोस् तथा आफ्ना पराक्रम र कुललाई पनि सम्झनुहोस्। यहाँ त देखौवा मात्र हुनुहुने हो, राज्यका मालिक त यहाँहरू नै हुनहुन्छ। अब यहाँ के गरे बेस होला ॥४०-४३॥ मन्त्रीले यसो भन्दा योगपुरुष (पहिले नै कुरा मिलाइराखेका मानिस) हरूले भन्नू ॥४४॥ "यहाँको देखरेखमा रहनुभएको यहाँ (राजा वा रानी) सिवाय लोकको रक्षा गर्न अरू

कसले सक्ला ? ।।४५।। अनि हुन्छ त भनी मन्त्रीले राजकुमार वा राजकुमारी वा गर्भिणी महारानीलाई गद्दीमा राख्नू ।।४६।। गोतिया नातादारहरू र परराष्ट्रका दूतहरूलाई (राजाको) दर्शन गराउनू ।।४७।। मन्त्रीहरूको सैनिकहरूको जागीर भत्ता बढाइदिनू ।।४८।। यहाँ ठूलो हुनुभएपछि फेरि बढाइदिनुहुनेछ भनी भन्नू ।।४९।। यसरी नै किल्ला र राष्ट्रका ठूलठूला मानिससँग भन्नू ।।५०।। परराष्ट्रका पक्षका मानिससँग पनि जस्तो ठीक पर्छ, त्यस्तै भन्नू ।।५१।। राजकुमारलाई शिक्षा दिलाउन कोशिश गर्नू ।।५२।। राजकुमारीमा चाहिँ जात मिल्दो पुरुषबाट सन्तान पैदा गराई गद्दीमा राख्नू ।।५३।। आमाचाहिँको मन बिग्रने डर हुँदा कुलीन निर्बल लक्षणले युक्त भएको विद्वान्‌लाई नजीकमा राखिदिनू ।।५४।। ऋतुकालमा यिनको रक्षा गर्नू ।।५५।। आफ्नो लागि कुनै विशेष भोगविलासको व्यवस्था नगर्नू ।।५६।। राजाको लागि चाहिँ सवारी (बग्गी आदि) र घोडा हात्ती आदि पोशाक गहना आइमाई महल तथा सरसामानहरूको राम्रो व्यवस्था मिलाइदिनू ।।५७।। चित्त सधैँ एकनास नहुने हुनाले राजा तरुना भएपछि म विश्राम चाहन्छु भनी राजासँग भन्नू । भइगयो, जाऊ भनी भने सुरुक्क छोडिदिनू । होइन, तिमीले नै चलाइरहनू भनी भनेमा काम गर्दै गर्नू ।।५८।। आफू राजाका मन पर्न छोडेमा आफ्नो सन्तानको रक्षाको लागि गुप्ती कुरा ढुकुटी सरसामान आदि राजालाई बुझाई जङ्गल पस्नू, अथवा धेरै काल लाग्ने यज्ञ गर्न थाल्नू ।।५९।। दण्डनीति जान्ने मन्त्रीले मुख्य मानिसहरूको वश परेका राजालाई तिनका प्यारा मानिसको आश्रय गरी इतिहास र पुराणका कुरा सुनाई बुझाउनू ।।६०।। अथवा सिद्धको रूप लिई उपायद्वारा राजालाई आफ्नो वशमा गराई आफ्ना विरोधीहरूको दमन गर्नू ।।६१।।]

कौटल्यले भने जस्तै गरी राजेन्द्रविक्रमलाई सानैदेखि राजकाजको शिक्षा दिलाउने प्रबन्ध मिलाई उमेर पुगेका राजा राजेन्द्रविक्रमको हातमा राजकाज सुम्पी भीमसेन थापा पर सरेका भए आफ्नो अधिकार सुरुक्क आफ्नो हातमा आएको हुनाले राजा रानीहरूले भीमसेन थापालाई बिगार्न जाल[९९] रच्नुपर्दैनथ्यो । रणजङ्ग

९९. भीमसेन थापाले विष खुवाई राजकुमारलाई मराएका हुन् भन्ने कुरालाई राजेन्द्रविक्रमले माथि उद्धृत गरिएको ९६ सालको लालमोहरमा समर्थन गरेका र अर्को लालमोहरमा खण्डन गरेका छन् । यसबाट सो विष मुद्दा किन उठेको रहेछ भन्ने कुरामा विचार गर्न बाटो पाइन्छ ।

पाँडेहरू पनि भीमसेन थापाको प्रभावबाट आफ्नो उन्नतिमा तगारो लाउन छोडेपछि उनको नाश गर्नुभन्दा आफ्नो उन्नति गर्नुतर्फ नै विशेष जोड दिन्थे। भीमसेन थापाको परोक्ष इमानदारीको प्रशंसा दुनियाँमा फैलिन्थ्यो र सेनाका प्यारा भीमसेन थापाको प्रभाव सेनाका मनमा रहिरहन्थ्यो। यसबाट भीमसेन थापाको दयनीय मृत्यु हुने सम्भावना कम हुन्थ्यो।

राता मछिन्द्रनाथको जात्रा

पृथ्वीनारायण शाहले आफ्नो अन्त्य कालमा आफ्नो जीवनसम्बन्धी केही कुरा र गर्नुपर्ने राजकाजका विषयलाई लिई आफ्ना भारादारहरूलाई उपदेश दिएको कुरा प्रख्यात छ। पाटनका बासिन्दा सुन्दरानन्दले पृथ्वीनारायण शाहले आफ्नो अन्त्य कालमा नेपालखाल्डोको विशेष गरी पाटनको मछिन्द्रनाथको रथजात्राको वर्णन गरे भनी लेखेका छन्। पृथ्वीनारायण शाहले अन्त्य कालमा दिएको उपदेशको कुरा सुनेका, पौरोहित्यवृत्तिका सुन्दरानन्दले पृथ्वीनारायणको मुखबाट पनि आफ्नो जन्मभूमिका जात्राहरूको वर्णन गराउनु उनको योग्यताअनुसारको हो भनी भन्न सकिन्छ।

विक्रमको पाँचौँ शताब्दीमा भारतमा आएका चीनियाँ यात्री फाहियानले गुप्तहरूको राजकाजतिरको वर्णन नगरी धार्मिक कुराहरूको वर्णन गरेको कुरा यस प्रसङ्गमा मलाई संझना भयो। यसबाट पाटलिपुत्रमा चलेको रथजात्राको अनुकरण गरी नेपालमा मछिन्द्रनाथको[१००] रथजात्रा चलेको हो कि भन्ने मेरो मनमा आभास

---

१००. मछिन्द्रनाथको विषयमा यस्तो अनुश्रुति पाइन्छ–

अतीतकलिवर्षेषु शून्यद्वन्द्वरसाग्निषु।
नेपाले जयति श्रीमानार्यावलोकितेश्वरः ॥

[कलिगतवर्ष ३६०० (वि.सं. ५५६)मा नेपालमा आर्यावलोकितेश्वर (मछिन्द्रनाथ) पूज्य हुनुहुन्छ।]

यताबाट विक्रमको छैटौँ शताब्दीमा नेपालमा मछिन्द्रनाथको पूजा चलेको देखिन्छ। विक्रमका आठौँ शताब्दीका नेपालका राजा द्वितीय जयदेवको पशुपतिको अभिलेखमा कमलको वर्णनको प्रसङ्गमा

परेकोले फाहियानले दिएको रथयात्राको वर्णन र सुन्दरानन्दले दिएको रथजात्राको वर्णन तुलनाको निमित्त यहाँ प्रस्तुत गरिन्छन् ।

पाटलिपुत्रमा... प्रतिवर्ष रथजात्रा हुन्छ । दोस्रो महीनाको आठौँ तिथि (चैत्रशुक्ल अष्टमी)का दिन जात्रा निस्कन्छ । चार पाङ्ग्रा भएको रथ हुन्छ । यूप (यलसिं=बीचमा ठड्याउने लामो काठ) हालिन्छ । त्यहाँ धुर (पाङ्ग्रा अड्याउने काठ=अग्लो)र हरिस (घःमा=मुढ्या काठ) रथमा हालिएको हुन्छ । रथ २० हात अग्लो तथा स्तूपको आकारको हुन्छ । सफा चमकदार ऊनी कपडाले माथिदेखि रथ ढाकिन्छ । किसिमकिसिमका रङले सो सिँगारिएको हुन्छ । सुन, चाँदी स्फटिकहरूमा देवताका राम्रा मूर्ति बनेका हुन्छन् । रेशमी ध्वजा चँदुवा टाँगिन्छन् । चार कुनामा कल्की हालिएको हुन्छ । बीचमा बुद्धको मूर्ति हुन्छ । नजीकै बोधिसत्त्व राखिन्छन् । बीसवटा रथ हुन्छन् । ती रथहरू एकसेएक राम्रा, भड्किला तथा भिन्नभिन्न रङका हुन्छन् । आफ्नो नियत दिनमा वरिपरिका भिक्षु र गृहस्थी गाउने बजाउने मानिससाथ जम्मा भई फूल चन्दनले पूजा गर्छन् । ब्राह्मण आईकन बुद्धलाई शहरमा पाल्नुहुन निम्ता दिन्छन् । पालोपालोसँग शहरमा प्रवेश हुन्छ । यसमा दुइ रात बित्छन् । रातभर बत्ती बालिन्छ । गानाबजाना हुन्छ । पूजा हुन्छ । जनपद जनपदमा यस्तो हुन्छ ।

(जगन्मोहन वर्मामो फाहियानका ६०-६१ पृ.)

नेपालमा बुगमती भन्या अमरावती नाम भयाका देशदेषिन् श्रीमत्छेन्द्रनाथको यात्रा बाह्र वर्षका मेला हुंछन्. अघि पछि पाटनमा मात्रै यात्रा हुन्छन् ।।७२।।

श्रीमत्स्येन्द्रनाथकन कोही विष्णु भन्दछं. कोहि शैवले शिव भनि भजन गर्छ. कोहि शाक्तिकले देवी काली तारा भंछं. कोही विरिंचि नारायण भंछं. कोही आदित्य भंछं. कोही ब्रह्म भनि भंछं. कोहि मत्स्येन्द्रनाथ भंछन्. कोहि लोकेश्वर भनि भंदछं. कोहि करुणामय वुंगदेव भन्छन्. एस्ता प्रकारका भजन् गरिकन यात्रामा महाअल्लोलकल्लोल गरि भजन् गर्छन्... ।।७३।।

पद्मं कि करुणाकरस्य करतो लोकेश्वरस्यागतम्

[करुणामय लोकेश्वरको हातबाट आएको कमल पो यो हो कि ?]

भन्ने देखिएकोले त्यस वेला करुणामय (राता मछिन्द्रनाथ)को अस्तित्व नेपालमा भएको अनुमान हुन्छ ।

यात्रा गर्न्या वेलामा सिंहमुखी आदि भयाका अष्टमंगलका सुवर्णध्वजा अगाडि ल्याउछन्. पछाडि सुवर्णछत्र ल्याउंछन्. बडा ठूला सोरका डिंडिम बाजा बजाउंछन्. तत्कालैमा लोक लाषौं बटोल्छन् र रथका मुढ्या काठमा सुनका हयग्रीव भैरवको मुख दि गास्याका काठमा सुनका नाग छत्र समाइ दुइ जना ब्राह्मण ब्रह्मा र नारदमुनि खडा भै बस्न आउंछन् र बेतका मुष्टिग्राह्य डोरि तानिकन दाहिनापट्टि वामापट्टि घिसार २ भनि जुक्ति जान्याले जुक्तिसंग भनिदिन्छन् र है है है हा हा हा भनि उच्च सोरले मेघ गर्न्याका भैं गरि रथकन घिसार्छन्... ।।७५।।

अकस्मात् रथको आग्लो भाँच्छ तपनि सुस्त २ आग्लो चल्दछन्. धृतराष्ट्र विरूपक विरूपाक्ष वैश्रवण इ चार दिक्पालले साक्षात् रथकन बोक्छन्. हरिया घांसले छोपियाका शोभायमान ३२ बत्तिस लक्षणका रथ बांगो हुन्छ तपनि सुनका विमानमाझ बस्याका राजा पुरोहित स्थिर भै रहंछन्. सारथि ब्राह्मणले नागयष्टिकन समाइ डरलाग्दो जस्तो बस्ता ठुलाठुला डिंडिम बाजा र कांसका झ्याइ बजाउंदा हाहा हूहू गरि तुरुंत आग्लो तयार हुंछ र रथमाथिका बेतका ब्रह्माण्ड ठाउं रहन्छ. फेर यात्रा जाहाको ताहा पुऱ्याउंछन्... ।।७६।।

(त्रिरत्नसौन्दर्यगाथा)

शक्तिवल्लभ र सुन्दरानन्द

सुन्दरानन्दलाई नेपाली भाषाका गद्य-रचयिता रूपमा हामीले विशेष गरी पाएका छौँ । हुनत विक्रमका पन्ध्रौँ शताब्दीदेखिका नेपाली भाषाका फाटफुट गद्य पाइएका छन् । तर त्यताबाट विशेष काम लिन अहिलेसम्म मैले सकेको छैन । सुन्दरानन्दभन्दा चालीस वर्षअगाडि वि.सं. १८४९ मा राजपुरोहित शक्तिवल्लभ अर्ज्यालले जयरत्नाकरनाटक बनाएका हुन् । उनैले बनाएको हास्यकदम्बक[१०१] भन्ने संस्कृत नाटक पनि पाइएको छ । सो संस्कृत नाटकको नेपाली अनुवाद पनि पाइन्छ । शक्तिवल्लभ संस्कृतभाषामा राम्रो लेखपढ गर्न सक्थे भन्ने इत्यादि कुरा

१०१.राष्ट्रिय पुस्तकालयका अध्यक्ष पं. गङ्गाधर पराजुलीको सौजन्यबाट त्यस पुस्तकको अलिकता उद्धरण गौतमवज्र वज्राचार्य र महेशराज पन्तले ल्याएका हुन् ।

जयरत्नाकरनाटकको उपोद्घातमा मैले बोलिसकेको हुनाले त्यसको चर्चा गरिरहनु यहाँ आवश्यक म देख्तिनँ । हास्यकदम्बकको अनुवाद शक्तिवल्लभले नै आफैँ गरेका हुन् वा होइनन् भन्ने कुरामा मूल संस्कृत र नेपाली अनुवाद कतैकतै नमिलेको देख्दा विवाद उठ्न गएको देखिन्छ । परन्तुप त्रिरत्नसौन्दर्यगाथाको उपोद्घात लेख्न बसेको मनुष्यको लागि सो विवादमा पर्नु प्रसङ्ग मिल्दो हुन आउँदैन । यस कारण शक्तिवल्लभको ग्रन्थको सो अनुवादको भाषामा र सुन्दरानन्दको नेपाली भाषामा के कति अन्तर परेको छ भन्ने कुरामा यहाँ अलिकति विचार गरिन्छ ।

शक्तिवल्लभको हास्यकदम्बकमा रणबहादुर शाह राजगद्दीमा बसिरहेको कुराको उल्लेख छ । यस कारण वि.सं. १८५५ भन्दा पछि सो ग्रन्थ बनेको हुन सक्दैन । त्यसको अनुवाद सोही कालमा वा पछि पनि हुन सक्छ तापनि सुन्दरानन्दभन्दा ४० वर्ष जतिअघि शक्तिवल्लभ देखिएका हुनाले अहिले विशेष ऊहापोह गर्न नपाएसम्म ४० वर्षको अन्तरका यी २ भाषा हुन् भनी भन्दा उस्तो फरक पर्दैन । यस कारण हास्यकदम्बकको अलिकता उद्धरण दिई त्यसको भाषासँग सुन्दरानन्दको भाषाको अलिकता तुलना यहाँ गरिएको छ ।[१०२]

पूर्ण सामग्री तयार भयो. नटुवाहेरु सबै जना नानाप्रकारका चन्दन सिन्दूर पोसाक पहिरिकन तयार भया. ताँहाँउप्रांत रंगभूमिमा जाईकन गाउन्या बजाउन्या प्रभृति नाच नचाउन्या षलक सबै जना मिलिकन नान्दी मंगलाचरण गर्‍या ।। अब ढेरै प्रसंग कहिरहेको केही प्रयोजन छैन. नान्दी मंगलाचरण भएपछि सबै नाचन्या नटुवामध्ये पहिले रंगभूमिमा निस्कन्या सूत्रकार भन्याको नटुवा जो छ सो संपूर्ण पृथ्वीमंडल विषे जति देश छन्. ति संपूर्ण देशका तिलक जस्तो भयाको नेपाल देशका अधिपति नेपालेश्वर श्रीमन्महाराजाधिराज रणबहादूर साह आफै विराजमान हुनाले अति उज्वल भयाको बढिया भयाको साभामा प्रवेश गरिकन हे माहा(रा)ज जयजयकार रहोस् भनि श्रीराजाधिराज महाराजाकन प्रणाम गर्दो भयो ।। ताँपछि सूत्रधारले आकाशतिर कान् थापिकन केही शब्द सुन्यो र बोल्नुलाग्यो. अहो मेरी प्राणपियारी नटी नभैकन ञाहाँ कसो गरि बस्नु सकिएला एति भनिकन डंवलीमा नाचन्याहेरु पहिले राषँन्या पर्दातिर हेरि नटीकन बोलाउदो भयो ।। हे कुरंगनयने

---

१०२. मेरो प्रेरणाले गौतमवज्र र महेशराजले यो तुलना गरेका हुन् ।

नटि. आजु आकाशतिर कान थापि सुन्दाषेरि सकल भूमंडलमा जति भयाका राजाहेरूमध्ये नायक भयाका हीनप्रताँ सेन भन्याका महाराजाधिराजका बढिया कथाकन मैले सुन्याँ. तस्अर्थ सोही कथाको प्रस्ताव गरिकन हामिहेरू सबै जना मिलिकन नाचौँ. रंगभूमिमा पर्दा टाँगी तयार गऱ्या. आफ्ना साजबाज सामाजिकहेरू सबै जनाले संयुक्त भया हुंदि ञाहाँ रंगभूमिविषे प्रवेश गर ।। हे कमलनयने हे कामदेखका अहंकारले परिपूर्ण भयाका सुन्दर भयाकी हे श्रीषंडचन्दन कस्तूरी इत्यादि... [३ प.]

अबउप्रांत कथाका प्रस्ताव चलाउनाकन श्रीगणेशका स्तुति गर्छन् ।। श्रीगणेश जो छन् सो सबै अर्थले जयजयकार भयाका छन्. कस्ता गणेश भन्या उप्रांत आफ्ना भक्तहेरूकन संसाररूपी समुद्रदेषिन् सुषले तार्‍या भयाका संपूर्ण देवताहेरूले जन्का चरणकमलका सेवा गर्दछन्. फेरि शत्रुस्वरूपी वनको वन्चरा जस्ता भयाका कंठदेषिन् हृदयसंम लंबायमान भयाको पारिजात फुलका मालाले शोभित भयाका गजासुरकन विदारण गर्‍या भयाका तिन् प्रकारका तापकन नाश गर्‍या भयाका छ मुख भयाका कुमार सहोदर भयाका देदीप्यमान भयाका एस्ता लंबोदर जो छन्. सो जय २ कार छन् ।।।। अबउप्राँतँ नाचको प्रबंध कहंछन् ।। ।। हिमालय पर्वतका निकटविषे पुण्यकुठारा पुण्यकन काट्न्या वन्चरा जस्ता भयाकी भन्याकी कोही एक नदीका तीरमा महारण्यपुर भन्याको सहर छ. ताँहाँ हीनप्रताप सेन भन्याका राजा छन्. तन्का दीपमालिका भन्याकी पटबंधा रानी छन्. तन्का पुत्र अद्भुतदर्शन भन्याका युवराज भया ।। ताँहाउप्रान्त कोही एक दिनमा दर्बारभित्र रहन्या बसन्या फिर्‍या भयाका केटीहरू जाईकन साभामंडलकन बढारि लिपि पोति तयार गऱ्या. ताँहापछि द्वारपालहेरूले ताँहाँ साभाविषे बिछाउनाके तयारी गर्नुलाग्या. राजाका सिंहासन ल्याईकन साभामा राष्या. फेरि जगा २ मा मसलंद बालिष्ट नाना प्रकारका चँदुवा पर्दा इत्यादि वस्त्रकन विस्तार गरि साभाको शोभा गर्नु लाग्या ।। तांहाउप्रांत छत्र चँवर आसागुर्जा इत्यादि राजलक्षाण राजचिन्तले युक्त भयाका राजाधिराज श्रीहीनप्रताप सेन महाराजा जो छन् सो साभाविषे सिंहासनमा जाइकन बस्दा भया ।। ।। राजाका बाँउँपट्टिमा दीपकलिका रानी बस्दी भईन्. दाहिनुतिर अद्भुतदर्शन् जुवराज बस्दा भया ।। ताँहापछि जथाजोग्य प्रकारले राजाका भैयादहेरु गुरु पुरोहित मंत्री सेनापती षजांची कपर्दार वैद्य रथी सारथी सवारी दरोगा

ज्योतिषी लेषक देवान द्वारपाल चोपदार कोटवाल भाट नाउप्रभृति सबैजना आईकन आफ्नाआफ्ना जग्गामा जथाक्रमैले बस्दा भया. राजाका सहोदर भाईहेरु कस्ता भन्या उप्रांत सर्वांगमा षरानि घस्याका बाँदरहेरूले सहित भयाका मद्यपान गरिकन मत्त भयाका सङ्ग्रामदेषिन् फर्कन्या भयाका कामशास्त्रकन बहुतै अभ्यास गऱ्याका अर्काको द्रोह गर्नाविषे तत्पर भयाका अतिधर्मी भयाका एस्ता तैरहका भाईहेरु आईकन सभामा बस्दा भया ।। ताहापछि भैयादहेरु कस्ता भन्या उप्रांत युद्ध गर्नाविषे तत्पर भयाका एस्ता भाई बंधुहेरु आईकन कचहरीमा बस्दा भया ।। ताँहापछि रौरव मिश्र भन्याका गुरु आया. ति गुरु कस्ता भन्या उप्रांत मल्लशास्त्र कुस्ति गर्न्या कामविषे निपुण भयाका. (९-१० प.)

शक्तिवल्लभले प्रयोग गरेका रूप	सुन्दरानन्दले प्रयोग गरेका रूप
आजु	आज
ढेरै	ढेरै
तस्	तस, तेस्
ताँ, ताँहाँ	तहाँ, ताँहाँ
दर्बार	दर्बार
देषिन्	देषि, देषिन्, देषीन्
पोसाक	पोसाक
साभा	सभा

सम्पूर्ण हास्यकदम्बक हेर्न नपाइएकोले अहिले विशेष कुरा भन्न सकिएन ।

पछिल्लो मल्लकालमा नेपालखाल्डोमा नाटक भनी चलेका ग्रन्थमा देशवर्णन गर्ने चलन चलेको थियो । त्यसैको नक्कल गरी शक्तिवल्लभले आफ्नो ग्रन्थमा पनि देशवर्णन पारेका थिए ।[१०३] यही परम्परामा सुन्दरानन्दले पनि आफ्नो ग्रन्थमा देशवर्णन घुसाएका छन् ।[१०४]

---

१०३. जयरत्नाकरनाटकको उपोद्घातको २२ पृष्ठ हेर्नुहोस् ।

१०४. त्रिरत्नसौन्दर्यगाथाका २२२-२२७ श्लोक हेर्नुहोस् ।

वाणीविलास र सुन्दरानन्द

वि.सं. १८६८ मा भीमसेन थापाको प्रशंसा गर्न पण्डित वाणीविलास पाँडेले वाग्वतीको स्तम्भलेख लेखे । त्यसमा संस्कृतको छोटकरी भावार्थ नेपालीमा दिन

अतः परं संस्कृतवाणीमजानानामपि झटित्यर्थबोधाय स एवार्थः संक्षिप्य भाषया प्रकटीक्रियते

[अब संस्कृत भाषा नबुझ्नेले पनि चाँडै बुझून् भन्नाका लागि त्यही कुरा छोटकरीमा भाषामा दिइन्छ ।]

वाणीविलासले यति भूमिका बाँधेका छन् । वाग्वतीको सो स्तम्भलेख सुन्दरानन्दले देखेका थिए ।[१०५] वाणीविलासकै बाटोमा पाइलो हाली सुन्दरानन्दले पनि संस्कृत तथा नेपाली भाषा दुवैलाई अँगालेको देखिन्छ ।[१०६]

पण्डित वाणीविलास राजपरिवारसँग अघिदेखि सम्बन्ध भएका पुरुष थिए । बहादुर शाहको आज्ञाले उनले ग्रन्थ पनि बनाएथे । बस्नेत पाँडेहरूसँग र सेन राजाहरूसँग पनि उनको पुख्र्यौली सम्बन्ध थियो । आफ्ना जजमानहरूको प्रशंसात्मक निबन्ध लेखी शिलापत्रमा राख्न लगाइदिनु त वाणीविलासको पेशा जस्तै थियो ।[१०७]

भीमसेन थापाको ठूलो पुरुषार्थ दामोदर पाँडेले काशीमा रोकेका रणबहादुर शाहलाई नेपालमा भित्र्याउनु थियो । यो कुरा भीमसेन थापाले बारंबार बोले बोलाएका छन् ।[१०८] यहाँनेर भीमसेन थापाको प्रशंसा गर्दा दामोदर पाँडेहरूको निन्दा नगरिहुँदैनथ्यो । यस कारण यो कुरालाई वाणीविलासले छलेका छन् ।[१०९]

---

१०५. त्रिरत्नसौन्दर्यगाथाका १९३-१९९ श्लोक हेर्नुहोस् ।

१०६. मल्लकालका अभिलेखहरूमा संस्कृतमा राजनीतिका घटनालाई र भाषामा गुठीलाई प्रधान गरी लेख्ने चलन प्रायः थियो ।

१०७. वि.सं. २०१७ आश्विनको जयतु संस्कृतम्‌मा छापिएको वैक्रम्या एकोनविंश्या शताब्द्या नैपालकास्त्रयो ग्रन्थकाराः भन्ने निबन्ध हेर्नुहोस् ।

१०८. ग परिशिष्टमा दिइएको वि.सं. १८९२ को लालमोहर तथा त्रिरत्नसौन्दर्यगाथाका १३०-१३४ श्लोक हेर्नुहोस् ।

१०९. वाग्वतीको स्तम्भलेख हेर्नुहोस् ।

आफ्नो मनमा लागेको कुरा संस्कृतमा लेखी नेपालीमा चाहिँ भीमसेन थापाहरूले सुन्दा उनीहरूलाई राम्रो लाग्ने कुरा वाणीविलासले लेखिदिएका छन्। जस्तै–

प्रादुर्भूतो ऽप्यमुष्माज्जगति रणबहादूरराजाधिराजः ।
बालमालावशी... निखिलगुणनिधिर्गानविद्यादिविद्याऽभिज्ञः (६-७ श्लो.)

(वाग्वतीको स्तम्भलेखबाट)

यसको ठीक भावानुवाद यस्तो हुन्छ–

उहाँ (प्रतापसिंह) बाट रणबहादुर महाराजाधिराज पैदा हुनुभयो । उहाँमा सम्पूर्ण गुण थिए । तरुनीहरूका समूहलाई उहाँ वश पार्न सक्नुहुन्थ्यो । संगीतविद्या आदि सबै विद्यालाई उहाँ जान्नुहुन्थ्यो ।

वाणीविलासले चाहिँ यसको नेपाली भाषानुवाद यसरी दिएका छन्–

इनैका पुत्र अतिसुन्दर मूर्ति भयाका... शस्त्र शास्त्र संगीत तंत्रादि सकल विद्याका निधान श्रीरणबहादूर साह महाराजाधिराज

वाणीविलास संस्कृतमा लेख्न अत्यन्त निपुण थिए ।[११०] उनी शब्दलाई राम्ररी खेलाउन सक्तथे । जस्तै–

यो दक्षं लक्ष्यवेधे रुचिरहरिकथाकर्णनैकाग्रचित्तं
तुङ्गं रिङ्गत्तुरङ्गं व्यधित वशयितुं संप्रवीणं प्रभुं स्वम् । (१७ श्लो.)

(वाग्वतीको स्तम्भलेखबाट)

वाणीविलासको वंश राजदरबारसँग सम्बद्ध थियो । उनीभन्दा अघिका र पछिका उनका वंशजहरूले राजकाजमा हात हाली ठूलो पद प्राप्त गरे । परन्तु वाणीविलासले जन्मभर विद्याभ्यासमा लागी राजकाजसँग आफूलाई मुछेनन् । बहादुर शाहका पालादेखि प्रशस्त हेरफेर हुँदै भीमसेन थापा सर्वेसर्वा हुन आइपुगे । यस अवधिमा राजकाजमा लागेका विद्वान्हरूको पनि उत्थान र पतन भयो । जस्तै

---

११०. कतैकतै उनको लेखमा पनि त्रुटि पाइएको छ ।

दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको ।[१११] यस अवस्थामा पनि वाणीविलास सबै मन्त्रीहरूसँग पण्डितको हैसियतबाट मिली आफ्नो विद्या बढाउँदै गएका देखिन्छन् ।

वाणीविलास आफ्नो लेखको शुद्धताको विषयमा अत्यन्त सावधान रहन्थे भन्ने कुरालाई नक्साल नन्दिकेश्वर बहालको वि.सं. १८६५ को रानी सुवर्णप्रभा (रणबहादुरका रानी)को वाणीविलासले लेखेको अभिलेख अशुद्ध कुदिँदा त्यसको संस्कृत भागलाई फेरि अर्को ढुङ्गामा शुद्धसँग कुँदाई त्यहीँ राख्न लाइएको कुराले देखाउँछ ।

वाणीविलास स्तुति गर्थे तापनि आफ्नो हीनतालाई देखाउँदैनथे । गुरुले अधिकार सम्पन्न आफ्ना चेलासँग बोले जस्तै[११२] वाणीविलासका वाणी छन्–

---

१११. वि.सं. २०१७ आश्विनको जयतु संस्कृतम्‌मा छापिएको वैक्रम्या एकोनविंश्याः शताब्द्या नैपालकास्त्रयो ग्रन्थकाराः भन्ने निबन्ध हेर्नुहोस् ।

११२. वि.सं. १८५४ देखि (गीर्वाणयुद्ध गर्भमा रहेदेखि) वि.सं. १८६३ सम्म नेपालमा ठूलाठूला नरहत्या भए । त्यसले गर्दा वाणीविलासका धेरै आप्त पुरुषहरूले प्राण छोड्नुपर्‍यो । यस कुरालाई वाणीविलास बिर्सन सक्तैनथे । यस कारण आफ्नो मनोभावलाई

प्रायो भूयोऽपि भूयोद्‌भुतकलिमहिमोद्‌भूतभूभारहेतु-
ध्वस्त्यै कृष्णोवतीर्णोऽयमियमपि मुदे रुक्मिणी सत्यभामा ।

कलियुगका महिमाले फेरी भूमीमा जो जो भारका कारण छन्. तन्को विनाश गर्नानिमित्त कृष्णजीको अवतार महाराज रुक्मिणीजीको र सत्यभामाजीको अवतार ई दुई महारानी हुन् भनि लोक यस्तो तर्कणा गर्दछन्.

(वाग्वतीको स्तम्भलेखबाट)

यसरी प्रकट गरी वाणीविलासले चित्त बुझाएका छन् ।

महाभारतका पात्रहरूमा भीष्मको जीवन विचित्र रूपको छ । अधबैँसे कामुक आफ्ना बाबु शन्तनुलाई तरुनी सुन्दरीसँग विवाह गराउन आफ्नो राज्यको हक छोडी जन्मभर ब्रह्मचर्यमा रहने प्रतिज्ञा भीष्मले गरे । सानीआमापट्टिका भाइ भतिजा नातिहरूको पालासम्म पनि उनी राजकाजबाट पर हटेनन् । आखिरमा सानीआमापट्टिका दुइटा भतिजाका छोराहरूको (नातिहरूको) राज्यको अंशमुद्दामा एकापट्टिको सेनापति भई लडी भीष्म घाइते भई पछारिए । यो लडाइँ हुन नपाओस् भनी भीष्मले हुनेसम्म प्रयत्न गरेका थिए । तर आफूले मानेका राजाको आज्ञा मानेर उनी लडाइँमा उत्रे । अन्यायी राजालाई मान्नुहुँदैन भनी उनलाई कतिले भड्काएका पनि थिए । तर उनले राजाको आज्ञाको विरुद्ध म जान्नँ भनी

एषा भागवतार्थमन्तसमये वाणीविलासाद् बुधा-
दाकर्ण्यैव हरिं निधाय हृदये लीना परब्रह्मणि ।।९।।

श्रीकान्तिमती... अंतकालविषे... वाणीविलास पण्डितका मुखदेखिन् संपूर्ण श्रीभागवत पुराणका अर्थ श्रवण गरी नारायणकन हृदयविषे राखी परमधाममा प्राप्त हुनुभयो.

(वाग्वतीको स्तम्भलेखबाट)

स्पष्ट जवाफ दिएका थिए । ठूलो लडाइँ भयो । दुवै पक्षका लाखौँ मनुष्य मरे । एक पक्षको सत्यानाश भयो । जित्ने पक्षका एक जना नाति युधिष्ठिर मरणासन्न रूपमा रहेका भीष्मकहाँ गई उनीसँग कुरा गर्न लागे । त्यस वेला भीष्मको शरीरका घाउबाट रगत बगिरहेको थियो । मैले गर्दा हजूरलाई यस्तो दुःख भयो, के गर्नु, त्यस अधमले मानेन र यस्तो भयो भनी युधिष्ठिरले भन्दा जे हुनु थियो, सो भयो, यो कसैको दोष होइन, महाराज हजूरको दोष पनि होइन, उहाँ महाराजको दोष पनि होइन भनी भीष्मले जवाफ दिएथे । जस्तै–

युधिष्ठिर उवाच ।।
शराचितशरीरं हि तीव्रवव्रणमुदीक्ष्य च ।
शर्म नोपलभे वीर दुष्कृतान्येव चिन्तयन् ।।३।।
रुधिरेणावसिक्ताङ्गं प्रस्रवन्तं यथाचलम् ।
त्वां दृष्ट्वा पुरुषव्याघ्र सीदे वर्षास्विवाम्बुजम् ।।४।।
अतः कष्टतरं किं न मत्कृते यत्पितामहः ।
इमामवस्थां गमितः प्रत्यमित्रै रणाजिरे ।।५।।
तथा चान्ये नृपतयः सहपुत्राः सबान्धवाः ।
मत्कृते निधनं प्राप्ताः किं नु कष्टतरं ततः ।।६।।
वयं हि धार्तराष्ट्राश्च कालमन्युवशं गताः ।
कृत्वेदं निन्दितं कर्म प्राप्स्यामः कां गतिं नृप ।।७।।
इदं तु धार्तराष्ट्रस्य श्रेयो मन्ये जनाधिप ।
इमामवस्थां संप्राप्तं यदसौ त्वां न पश्यति ।।८।।
सोऽहं तव ह्यन्तकरः सुहृद्वधकरस्तथा ।
न शान्तिमधिगच्छामि पश्यंस्त्वां दुःखितं क्षितौ ।।९।।
दुर्योधनो हि समरे सहसैन्यः सहानुजः ।
निहतः क्षात्रधर्मेऽस्मिन् दुरात्मा कुलपांसनः ।।१०।।
न स पश्यति दुष्यत्मा त्वामद्य पतितं क्षितौ ।
अतः श्रेयो मृतं मन्ये नेह जीवितमात्मनः ।।११।।

यसरी वाणीविलास आफ्नो कुलले रफत गरेको राजकाजको मार्गबाट हटी विद्याको मार्गमा अग्रसर हुन खोजेका देखिन्छन् ।[११३]

अहं हि समरे वीर गमितः शत्रुभिः क्षयम् ।
अभविष्यं यदि पुरा सह भ्रातृभिरच्युत ।।१२।।
न त्वामेवं सुदुःखार्तमद्राक्षं सायकार्दितम् ।
नूनं हि पापकर्माणो धात्रा सृष्यःस्म हे नृप ।।१३।।
भीष्म उवाच ।।
स्वकर्मप्रत्ययाँल्लोकान् सर्वे गच्छन्ति वै नृप ।।८१।।
नैव त्वया कृतं कर्म नापि दुर्योधनेन वै ।
कालेनैतत् कृतं विद्धि निहता येन पार्थिवाः ।।८२।।

(महाभारत अनुशासनपर्व पहिलो अध्यायबाट)

[युधिष्ठिरले भने–हे वीर ! बाणले शरीर छियाछिया परेका, ठूलठूला घाउ लागेका (हजूरलाई) देख्ता र आफ्ना कुकर्म सम्झँदा मलाई चैन हुँदैन ।।३।। हे महापुरुष ! पहाडबाट छहरा जस्तै रगत चुहिरहेका हजूरलाई देखेर वर्षाकालको कमल जस्तै म गलिरहेछु ।।४।। बुबा ! मेरो लागि शत्रुहरूले लडाइँमा हजुरलाई यो दशामा पुऱ्याए, योभन्दा ठूलो दुःख के होला तथा छोरा भैयादसहित कति अरू राजाहरूले मेरो लागि प्राणत्याग गरे, योभन्दा ठूलो दुःख अरू के होला ।।५-६।। महाराज ! कालको झोकमा परी यो निन्दित काम गरेका हुँदा हामीहरू र धृतराष्ट्रका छोराहरूको कुन गति हुने होला ।।७।। महाराज ! धृतराष्ट्रको छोराले (दुर्योधनले) हजूरको यो दशा हेर्नुपरेन। यसैले बरु त्यही भाग्यमानी रहेछ भन्ने मलाई लाग्छ ।।८।। म हजुरको र अरू इष्टमित्रहरूको नाशको कारण बनेँ । हजूर भुइँमा छटपटाइरहनुभएको देख्ता मलाई अशान्ति हुन्छ ।।९।। दुष्ट कुलाङ्गार दुर्योधन भाइहरू र फौजसमेत लडाइँमा क्षत्रीको धर्मअनुसार मारियो । यसैले दुष्ट त्यसैले भुइँमा परेका हजूरलाई देख्नुपरेन । यस कारण म पनि बाँचेकोभन्दा मरेकै भए बेस हुने थियो ।।१०-११।। हे वीर ! मलाई पनि भाइहरूसाथ लडाइँमा शत्रुले मारेका भए आज बाणले छियाछिया पारिएका, वेदनाले छटपटाइरहनुभएका हजूरलाई मैले हेर्नुपर्ने थिएन। महाराज ! दैवले हामीलाई पापी नै सृष्टि गरेको रहेछ ।।१२-१३।। भीष्मले भने–हे महाराज ! सबै मनुष्य आफ्नो कर्मअनुसारको लोकमा जान्छन् । यो हजूरले गरेको पनि होइन, दुर्योधनले गरेको पनि होइन । यो सबै कालले गरेको हो। कालले नै राजाहरूलाई संहार गरेको हो ।]

यहाँनिर भीष्मले कसैलाई पनि दोष नदिएर जे हुनु थियो, भयो भनी चित्त बुझाएको कुराको प्रभाव परेका वाणीविलासले यसो लेखेका हुन् कि भन्ने मेरो तर्क छ ।

११३. यति भएर पनि वाणीविलासले विद्यावंश चलाउन किन सकेनन् ? भन्ने कुराको खोजी अर्को निबन्धमा गरिनेछ ।

वाणीविलासको नेपाली भाषा काव्यगुणले परिपूर्ण छैन । ऐतिहासिक सार पनि संस्कृतमा जति त्यहाँ छैन । यस कारण वाणीविलासको नेपाली भाषाले उनलाई माथि उकालेको छैन ।

वाणीविलास जस्तै सुन्दरानन्द पनि पेशाका रूपमा लेख लेख्ने जस्तै पुरुष थिए ।[११४]

सुन्दरानन्दले पनि वाणीविलासले जस्तै संस्कृत तथा नेपाली दुवैको आड लिएका छन् तापनि सुन्दरानन्द संस्कृतमा काँचा भएका हुनाले उनको नेपाली भाषाले नै उनलाई माथि उकालेको छ ।

सुन्दरानन्द चतुर पुरुष थिए तापनि उनको बुद्धिलाई विद्याले माझ्न सकेको थिएन भन्ने कुरा उनका संस्कृत श्लोकले स्पष्ट गराएका छन् ।

विद्याले मानिसलाई आत्मगौरव दिलाउँछ । विद्या भन्ने पदार्थ चतुरो मनुष्यको मनमा रहेन भने अपरिहार्य सांसारिक विषयको साधन भएको धनलाई जे गरेर भए पनि हात लगाऊँ भन्ने बुद्धि उदाउनु स्वाभाविक छ । यसै कारणले व्यवहारचतुर सुन्दरानन्दका कलमबाट ग्रन्थरचनाको हेतुमा माथि उद्धृत गरिएका गद्य पद्यहरू निस्केका हुन् भन्ने मेरो अडकल छ ।

---

११४. वि.सं. १८९० मा पाटन हिरण्यवर्णविहारका भाजुनरसिंहले सम्यग्भोजन खुवाउँदा राजेन्द्रविक्रमलाई चढाएको निमन्त्रणापत्र रूपको निबन्ध सुन्दरानन्दले लेखेको पाइएको छ । त्यस निबन्धको अन्त्यमा
कृतिरियं महाबुद्धोपासकसुन्दरानन्दस्येति
[यो रचना महाबुद्धका उपासक सुन्दरानन्दको हो ।]
भनी लेखिएको छ ।
(संस्कृत-सन्देश १।८ मा योगी नरहरिनाथद्वारा यो निबन्ध छापिएको छ ।)

उपसंहार

त्रिरत्नसौन्दर्यगाथा पाएकै दिनदेखि त्यसलाई प्रकाश गराउने इच्छा मलाई लागिरहेको थियो । नेपाल सांस्कृतिक परिषद्को सुदृष्टिबाट सो काम हुन आएकोमा मलाई हर्ष लाग्नु स्वाभाविकै छ । यस काममा परिषद्का कोषाध्यक्ष फील्डमार्शल श्रीकेसरशमशेर ज.ब.रा.ज्यूको प्राचीन विद्याको रुचिले सहायता नदिएको भए मेरो हातबाट यो काम अहिले हुन सक्ने थिएन । यस काममा रुचि देखाई प्रारम्भको प्रबन्ध मिलाइदिने काम सो परिषद्का कार्यसचिव प्राध्यापक ईश्वर बरालले गरिदिनुभएको हो ।

यस पुस्तकलाई सम्पादन गर्न चाहिने कारिन्दा खर्च मो. रु. २००।- (दुइ सय) सो परिषद्ले हामीलाई दिएको छ । पुस्तक प्रकाशन गर्ने अभिभारा सो परिषद्ले लिएको छ । प्रकाशित पुस्तकमध्ये १० (दश) थान हामीले पाउने भएका छौँ । पुस्तक-प्रकाशनमा सो परिषद्कै अधिकार रहनेछ । बजारमा पुस्तक सिद्धिएको तीन वर्षभित्र पनि परिषद्बाट पुनः संस्करण हुन नसकेमा यो पुस्तक प्रकाश गर्ने अधिकार नेपाली मात्रलाई रहनेछ ।

भाइ रामजी तेवारीले मसँग रही यो पुस्तक सारेका हुन् भनी माथि नै भनिसकेको छु । अहिले यस पुस्तकको सम्पादन नानी धनवज्र वज्राचार्यले गरेका छन् । यसमा अलिकति काम नानी ज्ञानमणि नेपालले पनि गरेका थिए । यो उपोद्घात लेख्ने काममा मेरो साथ रही मेरो इच्छा र विचारअनुसार धनवज्र वज्राचार्यले काम गरेका छन् । यसमा अलिकति काम रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्तले पनि गरेका छन् ।

यस काममा सहायता दिने सबैलाई यथोचित धन्यवाद दिनु मैले आफ्नो कर्तव्य सम्झेको छु ।

आफ्नो जन्म भयो जहाँ अनि बढेँ, त्यो देशको प्राक्तन
कस्तो रूप रहेछ, त्यैकन बुझूँ भन्ने लिई चिन्तन ।
भ्याए जत्ति विवेकले गहिरिई गर्दैछु नित्य श्रम
धेरै वर्ष बिते, परन्तु हुन गो साफल्य ज्यादै कम ।।

जे होला पछि दैवकै छ भरमा यो सप्रने बिग्रने
बाँधी हात बसे त निश्चय भयो त्यो आखिरी बिग्रने ।[११५]
यस्तो व्यास महर्षिको वचनमा आस्था म ता राख्तछु
धेरैलाइ अचम्मको हुन गई बाँचीरहेको म छु ।।
श्रीभीमसेनकन लक्ष्य गरेर बोल्ने
नेपालका विषयलाई निकै अँगाल्ने ।
यो ग्रन्थले पठन-पाठनमा प्रकाश
केही दियो, अलिकता म भएँ सहर्ष ।।

वि.सं. २०१८ मार्गसंक्रान्ति

(वि.सं. २०१९ मा काठमाडौँबाट नेपाल सांस्कृतिक परिषद्द्वारा प्रकाशित धनवज्र वज्राचार्यको त्रिरत्नसौन्दर्यगाथाका १-९३ पृ.)

---

११५. ऐकगुण्यमनीहायामभावः कर्म्मणां फलम् ।
अथ द्वैगुण्यमीहायां फलम्भवति वा न वा ।।
(महाभारत उद्योगपर्व १३५ अध्याय)

मिलीजुली काम गर्न खोज्नेले विचार राख्नुपर्ने कुरा

अल्पानामपि वस्तूनां संहतिः कार्यसाधिका ।
तृणै रज्जुत्वमापन्नैर्बध्यन्ते मत्तदन्तिनः ।।

– सुभाषित

[मिलिरहेका सानासाना चीजहरू पनि काम सिद्ध गर्ने हुन्छन् । डोरी बनाइएका झारपातहरूले मत्ता हात्तीहरू पनि बाँधिन्छन् ।]

ऐतिहासिक पत्रसङ्ग्रहको पहिलो भाग धनवज र ज्ञानमणिको सम्पादकत्वमा नेपाल सांस्कृतिक परिषद्बाट वि.सं. २०१४ मा प्रकाशित भएथ्यो । त्यसको दोस्रो भाग वि.सं. २०२१ मा अहिले प्रकाशित हुँदैछ ।

हिज हाइनेस अतिरथी श्रीकेसरशमशेर ज.ब.रा. ज्यूको पैसा, हाम्रा सम्पादकहरू (रामजी, देवीप्रसाद, भोलानाथ, शङ्करमान, धनवज्र)को परिश्रम, दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे (वि.सं. १८१५-१८८८) को पालादेखि वा अझ त्यसभन्दा अघिदेखिको सङ्ग्रह (मोहननाथको पुख्र्यौली सङ्ग्रह), ऐ.शि. बाबुराम आचार्यज्यू आदिको सङ्ग्रह[1], गौतमवज्र महेशराज नयनाथहरूको अन्वेषण, मेरो एकोहोरो स्वभाव, धनवज्र आदिले मेरो कुरा खानु, यी कुरा मिली यो प्रकाशन हुन लागेको छ ।

हुनत एक करोडजति मानिस भएको यत्रो विशाल देशको दुइ शय वर्षको इतिहासलाई प्रकाश गराउन २० वटा यी पत्र बिलकुलै अपर्याप्त छन् । तर पनि

१. पत्र दिने ती ती सज्जनका नाम ती ती पत्रसाथै परेका छन् ।

यस किसिमले मिली काम गर्ने बानी हामीले दीगो पारेर राख्न सक्यौँ भने मात्र हाम्रो देशको इतिहास प्रकाशमा आउनु सम्भव छ । यस कारण मिलीजुली काम गर्ने बानी हामीमा रहोस् भन्ने चेष्टा हामीले गर्नु आवश्यक छ भन्ने मेरो विचार छ । यही विषयमा अहिले म बोल्न लागेको छु ।

मेरो दृष्टि एकोहोरो छ भनी मैले माथि नै भनिसकेको छु । सो एकोहोरो दृष्टि मेरो जन्मजात गुण पनि हो । साँचो कुरा पढ्ने पढाउने, लेख्न लेखाउने उत्कट इच्छाले पनि मलाई एकोहोरो बन्न बाध्य गराएको छ । विभिन्न प्रश्नका उत्तर म लेखिरहन्छु । मेरो दृष्टिमा गम्भीर ठहरिएका प्रश्नहरू चतुरा मानिसहरूको दृष्टिमा अनुपयुक्त ठहरिने गरेकाले पनि मेरो दृष्टि एकोहोरिन गएको हो ।

बुद्धलाई मैले इतिहासको पुस्तकमा पहिले राम्ररी देखेको हुँ । हुनत बौद्ध विहार (बहाल)को दर्शन मैले अत्यन्त सानो उमेरदेखि नै गरेको हुँ । बहालपूजामा आएका मानिसहरूको रमाइलो दृश्यले मलाई बालककालदेखि नै आकर्षण गरेको हो । तैपनि बुद्धको मेरो मनमा अहिले रहेको रूप इतिहासका पुस्तकबाट नै मैले पाएको हुँ ।

नेपालको इतिहासलाई राम्रोसँग बुझूँ भनी चेष्टा गर्दा यस विषयका पुस्तकहरू सङ्ग्रह गर्नु मेरो दृष्टिमा आवश्यक भयो र बुद्धधर्मसँग सम्बन्ध राख्ने ग्रन्थहरूलाई पनि यही प्रसङ्गमा सकेसम्म मैले जोरेँ । तिनलाई राम्रोसँग पढूँ भनी मैले चेष्टा गरेँ । तर थोरै मात्र म सफल भएँ । सङ्ग्रह गरेका पुस्तकलाई पनि ऊहापोह गरी पढ्न अहिलेसम्म म समर्थ हुन सकेको छैनँ । यस कारण बौद्ध धर्मका प्रवर्तक श्रमण गौतम (भगवान् बुद्ध)को विचारलाई आधार बनाई अरूलाई उपदेश दिने काम मैले गर्न लागेँ भने निश्चय नै अनधिकार चेष्टा गरेको ठहरिनेछ । तैपनि इतिहासमा धेरैले उद्धरण गरेको र आफूलाई पनि राम्रो लागेको विषयलाई बोल्दा कसैसँग अर्घेलो गरेको होला जस्तो मलाई लाग्दैन ।

बौद्धधर्मको अधिकारी पुरुष त म होइन भनी मैले केही अघि नै लेखिसकेको छु । बौद्धधर्मको विषयमा मेरो सामान्य विचार यस्तो छ–

मारजित् !

बाल्ये स्वमातृविरहेण विदूनचित्तो
दुःखात्मकं जगदिदं किमु मन्यसे स्म ।
यस्मात् प्रियां शिशुसुतं पितरं गृहं च
हे मारजित् प्रभवसि स्म युवैव हातुम् ।।१।।
राजात्मजस्य युवराजपदे स्थितस्य
संन्यासमाश्रितवतो नवयौवनस्य ।
कष्टं तपश्चरितुमेव वनं गतस्य
धीरस्य ते सुविमला प्रससार कीर्तिः ।।२।।
बुद्धस्य ते सुमधुरां परिपीय वाणीं
भूयान् ययौ नरगणः कृतकृत्यभावम् ।
श्रद्धायुतास्तव कथामधुना पठाम-
स्त्वद्गीः पुनाति न पुरा न भविष्यतश्च ।।३।।
योगेन तत्त्वनिकषेण न संस्कृतोऽहं
धर्मं परीक्षितुमतः प्रभुतां न यामि ।
सक्तो विभिन्नविषयास्वहमेषणासु
दुःखात्मकं जगदिदं तु कथं वदानि ।।४।।
गोशृङ्गपर्वतगते नयनाभिरामे
पूज्ये पुरातनकथे सुगतालयेऽस्मिन् ।
हे मारजित् प्रतिकृती तव पश्यतो मे
चित्ते त्वदीयमनघं चरितं चकास्ति ।।५।।

(वि.सं. २०१७ मा प्रकाशित जयतु संस्कृतम्‌को पहिलो अङ्कमा मेरो यो कविता छापिएको छ ।)

[हे मारजित् (विषय वासनालाई जित्ने=भगवान् बुद्ध) !

बालककालमै आफ्नी आमासँग बिछोड भएको हुनाले मनमा चोट परेको हुँदा यो संसार नै दुःखमय छ भनेर तिम्रो मनमा लागेको हो कि, संसार दुःखमय छ भनेर नै आफ्नो पट्ठो उमेरमै स्वास्नी, बालक छोरा, बाबु, घरबार सबै छोड्न तिमीले सक्यौ ।

राजाका छोरा भई जन्मेका, युवराज बनिसकेका, भरखरको चद्दो उमेरमै संन्यास लिई कठोर तपस्या गर्न वन पुगेका र धैर्यशालीसमेत भएकाले तिम्रो सुयश जताततै फैलियो ।

ज्ञान प्राप्त गरी बुद्ध बनेका तिम्रा असल उपदेश सुनेर प्रशस्त मानिस उहिले नै कृतकृत्य भएथे । अहिले हामीहरू श्रद्धासाथ तिम्रा कुरा पढ्दैछौँ । भविष्यमा पनि तिम्रा उपदेशले मानिसहरूलाई असर पार्नेनैछन् ।

धर्मविषयक कुरा ठीक हो कि बेठीक हो भनी जाँच्ने कसी योग हो । योग गर्न म जान्दिनँ । यस कारण धर्मको परीक्षा गर्न म सक्तिनँ । विभिन्न विषयमा म लागेको छु । यसैले संसार दुःखमय छ भनी त म कसरी भनूँ ।

गोशृङ्गपर्वत (सिम्भूको डाँडो) मा रहेको, प्राचीन कालदेखि प्रसिद्ध भएर आएको, राम्रो तथा पूजनीय बौद्ध मन्दिरमा रहेको तिम्रो मूर्तिलाई हेर्दाखेरि मेरो मनमा तिम्रो पवित्र चरित्र खेल्न थाल्छ ।]

अब भन्न लागेको कुरा भन्दछु–

एवं मे सुतं । एकं समयं भगवा राजगहे विहरति गिज्झकूटे पब्बते । तेन खो पन समयेन राजा मागधो अजातसत्तु वेदेहिपुत्तो वज्जी अभियातुकामो होति । सो एवमाह– अहं हीमे वज्जी एवंमहिद्धिके एवंमहानुभावे उच्छेज्जामि वज्जी, विनासेस्सामि वज्जी, अनयव्यसनं आपादेस्सामि वज्जीति ।

अथ खो राजा मागधो अजातसत्तु वेदेहिपुत्तो वस्सकारं ब्राह्मणं मगधमहामत्तं आमन्तेसि– एहि त्वं ब्राह्मण येन भगवा तेनुपसङ्कम, उपसङ्कमित्वा मम वचनेन भगवतो पादे सिरसा वन्दाहि, अप्पाबाधं अप्पातङ्कं लहुट्ठानं बलं फासुविहारं पुच्छ, राजा भन्ते मागधो अजातसत्तु वेदेहिपुत्तो भगवतो पादे सिरसा वन्दति, अप्पाबाध अप्पातङ्कं लहुट्ठानं बलं फासुविहारं पुच्छतीति । एवञ्च वदेहि– राजा भन्ते मागधो अजातसत्तु वेदेहिपुत्तो वज्जी अभियातुकामो, सो एवमाह– अहं हीमे वज्जी एवंमहिद्धिके एवंमहानुभावे उच्छेज्जामि वज्जी, विनासेस्सामि वज्जी, अनयव्यसनं आपादेस्सामि वज्जीति, यथा च ते भगवा व्याकरोति त साधुकं उग्गहेत्वा ममं आरोचेय्यासि; नहि तथागता वितथं भणन्तीति ।

एवं भोति खो वस्सकारो ब्राह्मणो मगधमहामत्तो रञ्ञो मागधस्स अजानसत्तुस्स वेदेहिपुत्तस्स पटिस्सुत्वा भद्दानि भद्दानि यानानि योजापेत्वा भद्दं यानं अभिरूहित्वा भद्देहि भद्देहि यानेहि राजगहम्हा निय्यासि, येन गिज्झकूटो पब्बतो तेन पायासि, यावतिका यानस्स भूमि यानेन गन्त्वा याना पच्चोरोहित्वा पत्तिकोव येन भगवा तेनुपसङ्कमि, उपसङ्कमित्वा भगवता सद्धिं सम्मोदि, सम्मोदनीयं कथं साराणीयं वीतिसारेत्वा एकमन्तं निसीदि। एकमन्त निसिन्नो खो वस्सकारो ब्राह्मणो मगधमहामत्तो भगवन्तं एतदवोच- राजा भो गोतम मागधो अजातसत्तु वेदेहिपुत्तो भगवतो पादे सिरसा वन्दति, अप्पाबाधं अप्पातङ्कं लहुट्ठानं बलं फासुविहारं पुच्छतीति, राजा भो गोतम मागधो अजातसत्तु वेदेहिपुत्तो वज्जी अभियातुकामो, सो एवमाह- अहं हीमे वज्जी एवंमहिद्धिके एवंमहानुभावे उच्छेज्जामि वज्जी, विनासेस्सामि वज्जी, अनयव्यसनं आपादेस्सामि वज्जीति ।

तेन खो पन समयेन आयस्मा आनन्दो भगवतो पिट्ठितो ठितो होति भगवन्तं वीजमानो । अथ खो भगवा आयस्मन्तं आनन्दं आमन्तेसि–

किन्ति ते आनन्द सुतं वज्जी अभिण्हं सन्निपाता सन्निपातबहुलाति ।

सुतं मे तं भन्ते वज्जी अभिण्हं सन्निपाता सन्निपातबहुलाति ।

याव कीवञ्च आनन्द वज्जी अभिण्हं सन्निपाता सन्निपातबहुला भविस्सन्ति, वुद्धि येव आनन्द वज्जीनं पाटिकङ्खा नो परिहानि ।

किन्ति ते आनन्द सुतं वज्जी समग्गा सन्निपतन्ति, समग्गा वुट्ठहन्ति, समग्गा वज्जीकराणीयानि करोन्तीति ।

सुतं मे तं भन्ते वज्जी समग्गा सन्निपतन्ति, समग्गा वुट्ठहन्ति, समग्गा वज्जीकराणीयानि करोन्तीति ।

याव कीवञ्च आनन्द वज्जी समग्गा सन्निपतिस्सन्ति, समग्गा वुट्ठहिस्सन्ति, समग्गा वज्जीकरणीयानि करिस्सन्ति, वुद्धि येव आनन्द वज्जीनं पाटिकङ्खा नो परिहानि ।

किन्ति ते आनन्द सुतं, वज्जी अप्पञ्ञत्तं न पञ्ञापेन्ति, पञ्ञत्तं न समुच्छिन्दन्ति, यथापञ्ञत्ते पोराणे वज्जिधम्मे समादाय वत्तन्तीति ।

सुतं मे तं भन्ते वज्जी अप्पञ्ञत्तं न पञ्ञापेन्ति, पञ्ञत्तं न समुच्छिन्दन्ति, यथापञ्ञत्ते पोराणे वज्जिधम्मे समादाय वत्तन्तीति ।

याव कीवञ्च आनन्द वज्जी अप्पञ्ञत्तं न पञ्ञापेस्सन्ति, पञ्ञत्तं न समुच्छिन्दिस्सन्ति, यथापञ्ञत्ते पोराणे वज्जिधम्मे समादाय वत्तिस्सन्ति, वुद्धि येव आनन्द पाटिकङ्खा नो परिहानि ।

किन्ति ते आनन्द सुतं वज्जी ये ते वज्जीनं वज्जिमहल्लका ते सक्करोन्ति गरुं करोन्ति मानेन्ति पूजेन्ति तेसञ्च सोतब्बं मञ्ञन्तीति ।

सुते मे तं भन्ते वज्जी ये ते वज्जीनं वजिमहल्लका ते सक्करोन्ति गरुं करोन्ति मानेन्ति पूजेन्ति तेसञ्च सोतब्बं मञ्ञन्तीति ।

याव कीवञ्च आनन्द वज्जी ये ते वज्जीनं वज्जिमहल्लका ते सक्करिस्सन्ति गरुं करिस्सन्ति मानेस्सन्ति पूजेस्सन्ति तेसञ्च सोतब्बं मञ्ञिस्सन्ति, वुद्धि येव आनन्द वज्जीनं पाटिकङ्खा नो परिहानि ।

किन्ति ते आनन्द सुतं वज्जी या ता कुलित्थियो कुलकुमारियो ता न ओक्कस्स पसय्ह वासेन्तीति ।

सुतं मे तं भन्ते वज्जी या ता कुलित्थियो कुलकुमारियो ता न ओक्कस्स पसय्ह वासेन्तीति ।

याव कीवञ्च आनन्द वज्जी या ता कुलित्थितो कुलकुमारियो ता न ओक्कस्स पसय्ह वासेस्सन्ति, वुद्धि येव आनन्द वज्जीनं पाटिकङ्खा नो परिहानि ।

किन्ति ते आनन्द सुतं वज्जी यानि तानि वज्जीनं वज्जिचेतियानि अब्भन्तरानि चेव बाहिरानि च तानि सक्करोन्ति गरुं करोन्ति मानेन्ति पूजेन्ति तेसञ्च दिन्नपुब्बं कतपुब्बं धाम्मिकं बलिं नो परिहापेन्तीति ।

सुतं मे तं भन्ते वज्जी यानि तानि वज्जीनं वज्जिचेतियानि अब्भन्तरानि चेव बाहिरानि च तानि सक्करोन्ति गरुं करोन्ति मानेन्ति पूजेन्ति तेसञ्च दिन्नपुब्बं कतपुब्बं धाम्मिकं बलिं नो परिहापेन्तीति ।

याव कीवञ्च आनन्द वज्जी यानि तानि वज्जीनं वज्जिचेतियानि अब्भन्तरानि चेव बाहिरानि च तानि सक्करिस्सन्ति गरुं करिस्सन्ति मानेस्सन्ति पूजेस्सन्ति

एव भन्तेति खो आयस्मा आनन्दो भगवतो पटिस्सुत्वा यावतिका भिक्खू राजगहं उपनिस्साय विहरन्ति ते सब्बे उपट्ठानसालायं सन्निपातेत्वा येन भगवा तेनुपसङ्कमि उपसङ्कमित्वा भगवन्तं अभिवादेत्वा एकमन्तं अट्ठासि, एकमन्तं ठितो खो आयस्मा आनन्दो भगवन्तं एतदवोच–

सन्निपतितो भन्ते भिक्खुसङ्घो यस्य दानि भगवा कालं मञ्ञसीति ।

अथ खो भगवा उट्ठायासना येन उपट्ठानसाला तेनुपसङ्कमि उपसङ्कमित्वा पञ्ञत्ते आसने निसीदि । निसज्ज खो भगवा भिक्खू आमन्तेसि– सत्त वो भिखववे अपरिहानिये धम्मे देसेस्सामि तं सुणाथ साधुकं मनसिकरोथ भासिस्सामीति ।

एवं भन्तेति खो ते भिक्खू भगवतोपञ्चस्सोसुं । भगवा एतदवोच–

१. याव कीवञ्च भिक्खवे भिक्खू अभिण्हं सन्निपाता सन्निपातबहुला भविस्सन्ति, वुद्धि येव भिक्खवे भिक्खूनं पाटिकङ्खा नो परिहानि ।

२. याव कीवञ्च भिक्खवे भिक्खू समग्गा सन्निपतिस्सन्ति समग्गा वुट्ठहिस्सन्ति समग्गा सङ्घकरणीयानि करिस्सन्ति, वुद्धि येव भिक्खवे भिक्खूनं पाटिकङ्खा नो पारिहानि ।

३. याव कीवञ्च भिक्खवे भिक्खू अप्पञ्ञत्तं न पञ्ञापेस्सन्ति पञ्ञत्तं न न समुच्छिन्दिस्सन्ति यथापञ्ञत्तेसु सिक्खापदेसु समादाय वत्तिस्सन्ति वुद्धि येव भिक्खवे भिक्खूनं पाटिकङ्खा नो परिहानि ।

४. याव कीवञ्च भिक्खवे भिक्खू ये ते भिक्खू थेरा रत्तञ्ञू चिरपब्बजिता सङ्घपितरो सङ्घपरिणायका ते सक्करिस्सन्ति गरुं करिस्सन्ति मानेस्सन्ति पूजेस्सन्ति तेसञ्च सोतब्बं मञ्ञिस्सन्ति, वुद्धि येव भिक्खवे भिक्खूनं पाटिकङ्खा नो परिहानि ।

५. याव कीवञ्च भिक्खवे भिक्खू उप्पन्नाय तण्हाय पोनोभविकाय न वसं गच्छन्ति, वुद्धि येव भिक्खवे भिक्खूनं पाटिकङ्खा नो परिहानि ।

६. याव कीवञ्च भिक्खवे भिक्खू आरञ्ञकेसु सेनासनेसु सापेक्खा भविस्सन्ति, वुद्धि येव भिक्खवे भिक्खूनं पाटिकङ्खा नो परिहानि ।

तेसञ्च दिन्नपुब्बं कतपुब्बं धाम्मिकं बलिं नो परिहापेस्सन्ति, वुद्धि येव आनन्द वज्जीनं पाटिकङ्खा नो परिहानि ।

किन्ति ते आनन्द सुतं वज्जीनं अरहन्तेसु धम्मिकारक्खावरणगुत्ति सुसंविहिता किन्ति अनागता च अरहन्तो विजितं आगच्छेय्युं, आगता च अहरन्तो विजिते फासुं विहरेय्युंति ।

सुत मे तं भन्ते वज्जीनं अरहन्तेसु धम्मिकारक्खावरणगुत्ति सुसंविहिता, किन्ति अनागता च अरहन्तो विजितं आगच्छेय्युं, आगता च अरहन्तो विजिते फासुं विरहेय्युंति ।

याव कीवञ्च आनन्द वज्जीनं अरहन्तेसु धम्मिकारक्खावरणगुत्ति सुसंविहिता भविस्सति, किन्ति अनागता च अरहन्तो विजितं आगच्छेय्युं, आगता च अरहन्तो विजिते फासुं विहरेय्युंति, वुद्धि येव आनन्द वज्जीनं पाटिकङ्खा नो परिहानीति ।

अथ खो भगवा वस्सकारं ब्राह्मणं मगधमहामत्तं आमन्तेसि– एकमिदाहं ब्राह्मण समयं वेसालियं विहरामि सारन्ददे चेतिये, तत्राहं वज्जीनं इमं सत्त अपरिहानिये धम्मे देसेसिं, याव कीवञ्च ब्राह्मण इमे सत्त अपरिहानिया धम्मा वज्जीसु ठस्सन्ति, इमेसु च सत्तसु अपरिहानियेसु धम्मेसु वज्जी सन्दिस्सन्ति, वुद्धि येव ब्राह्मण वज्जीनं पाटिकङ्खा नो परिहानिति ।

एवं वुत्ते वस्सकारो ब्राह्मणो मगधमहामत्तो भगवन्तं एतदवोच– एकमेकेन पि भो गोतम अपरिहानियेन धम्मेन समन्नागतानं वज्जीनं वुद्धि येव पाटिकङ्खा नो परिहानि को पन वादो सत्तहि अपरिहानियेहि धम्मेहि, अकरणीयाव भो गोतम वज्जी रञ्ञा मागधेन अजातसत्तुना वेदेहिपुत्तेन यदिदं युद्धस्स अञ्ञत्र उपलापनाय अञ्ञत्र मिथु भेदा, हन्द च दानि मयं भो गोतम गच्छाम बहुकिच्चा मयं बहुकरणीयाति ।

यस्य दानि त्वं ब्राह्मण कालं मञ्ञसीति ।

अथ खो वस्सकारो ब्राह्मणो मगधमहामत्तो भगवतो भासितं अभिनन्दित्वा अनुमोदित्वा उट्ठायासना पक्कामि ।

अथ खो भगवा अचिरपक्कन्ते वस्सकारे ब्राह्मणे मगधमहामत्ते आयस्मन्तं आनन्दं आमन्तेसि– गच्छ त्वं आनन्द यावतिका भिक्खू राजगहं उपनिस्साय विहरन्ति ते सब्बे उपट्ठानसालाय सन्निपातेहीति ।

७. याव कीवञ्च भिक्खवे भिक्खू पञ्ञत्तं येव सति उपट्ठापेस्सन्ति, किन्ति अनागता च पेसला सब्रह्मचारी आगच्छेयुं, आगता च पेसला सब्रह्मचारी फासु विहरेय्युंति, वुद्धि येव भिक्खवे भिक्खूनं पाटिकङ्खा नो परिहानि ।

याव कीवञ्च भिक्खवे इमे सत्त अपरिहानिया धम्मा भिक्खूसु ठस्सन्ति, इमेसु च सत्तसु अपरिहानियेसु धम्मेसु भिक्खु सन्दिस्सन्ति, वुद्धि येव भिक्खवे भिक्खूनं पाटिकङ्खा नो परिहानि ।

(महापरिनिब्बाणसुत्तबाट)

संस्कृतच्छाया

एवं मया श्रुतम् । एकस्मिन् समये भगवान् राजगृहे विहरति स्म गृध्रकूटे पर्वते । तस्मिन् खलु समये राजा मागधोऽजातशत्रुर्वैदेहीपुत्रो वृजिकानभियातुकामो भवति स्म । स एवमाह– अहं हीमानेवंमहर्द्धिकानेवंमहानुभावानुच्छेत्स्यामि वृजिकान् विनाशयिष्यामि वृजिकान्, अनयव्यसनमापादयिष्यामि वृजिकानिति ।

अथ खलु राजा मागधोऽजातशत्रुर्वैदेहीपुत्रो वर्षकारं ब्राह्मणं मगधमहामात्रमामन्त्रत– एहि त्वं ब्राह्मण यत्र भगवान् तत्रोपसंक्राम, उपसंक्रम्य मम वचनेन भगवतः पादौ शिरसा वन्दस्व, अल्पाबाधमल्पातङ्कं लघूत्थानं बलं सुखविहारं पृच्छ, भगवन् राजा मागधोऽजातशत्रुर्वैदेहीपुत्रो भगवतः पादौ शिरसा वन्दते अल्पाबाधमल्पातङ्कं लघूत्थानं बलं सुखविहारं च पृच्छतीति । एवञ्च वद- भगवन् राजा मागधोऽजातशत्रुर्वैदेहीपुत्रो वृजिकानभियातुकामः । स एवमाह– अहं हीमानेवंमहर्द्धिकानेवंमहानुभावानुच्छेत्स्यामि वृजिकान् विनाशयिष्यामि वृजिकान्, अनयव्यसनमापादयिष्यामि वृजिकानिति । यथा च ते भगवान् व्याकरोति, तत् साधु गृहीत्वा मामाचक्ष्व, नहि तथागता वितथं भणन्तीति ।

एवं भवत्विति खलु वर्षकारो ब्राह्मणो मगधमहामात्रो राज्ञे मागधायाजातशत्रवे वैदेहीपुत्राय प्रतिश्रुत्य भद्रणि यानानि योजयित्वा भद्रं यानमारुह्य भद्रैर्यानै राजगृहान्निरयासीत् । यत्र गृध्रकूटः पर्वतस्तत्र प्रायासीत्, यावतिका यानस्य भूमिस्तावतिकां यानेन गत्वा यानादवरुह्य पदिक एव यत्र भगवान् तत्रोपसमक्रमीत् । उपसंक्रम्य च भगवता सार्द्धं सममोदिष्ट, सम्मोदनीयां कथां स्मारणीयां परिसमाप्यैकतो

न्यषदत्। एकतो निषण्णः खलु वर्षकारो ब्राह्मणो मगधमहमात्रो भगवन्तमेतदवोचत्- भो गौतम राजा मागधोऽजातशत्रुर्वैदेहीपुत्रो भगवतः पादौ शिरसा वन्दते, अल्पाबाधमल्पातङ्कं लघूत्थानं बलं सुखविहारं पृच्छतीति। भो गौतम राजा मागधोऽजातशत्रुर्वैदेहीपुत्रो वृजिकानभियातुकामः। स एवमाह- अहं हीमानेवंमहर्द्धिकानेवंमहानुभावानुच्छेत्स्यामि वृजिकान् विनाशयिष्यामि वृजिकान्, अनयव्यसनमापादयिष्यामि वृजिकानिति।

तस्मिन् खलु समय आयुष्मानानन्दो भगवतः पृष्ठतः स्थितो भवतिस्म भगवन्तं वीजयमानः। अथ खलु भगवानायुष्मन्तमान्दमामन्त्रत-

किमिति त्वयान्द श्रुतं वृजिका अभिन्नसन्निपाताः सन्निपातबहुला इति।

श्रुतं मया भगवन्, वृजिका अभीस्णसन्निपाताः सन्निपातबहुला इति।

यावन्तं कालमानन्द, वृजिका अभिन्नसन्निपाताः सन्निपातबहुला भविष्यन्ति, विद्धि, आनन्द, तावन्तं कालं वृजिकानां प्रतिष्ठैव न हानिः।

किमानन्द श्रुतं त्वया, वृजिकाः समग्राः सन्निपतन्ति, समग्रा उत्तिष्ठन्ते, समग्रा वृजिकरणीयानि कुर्वन्तीति।

श्रुतं मयातद् भगवन्, वृजिकाः समग्राः सन्निपतन्ति, समग्रा उत्तिष्ठन्ते, समग्रा वृजिकरणीयानि कुर्वन्तीति।

यावन्तंच कालमानन्द, वृजिकाः समग्राः सन्निपतिष्यन्ति, समग्रा उत्थास्यन्ते, समग्रा वृजिकरणीयानि करिष्यन्ति, विद्धि, आनन्द, तावन्तं कालं वृजिकानां प्रतिष्ठैव न हानिः।

किमानन्द, श्रुतं त्वया, वृजिका अप्रज्ञप्तं न प्रज्ञपयन्ति, प्रज्ञप्तं न समुच्छिन्दन्ति, यथाप्रज्ञप्तं पुराणं वृजिधर्मं समादाय वर्तन्त इति।

श्रुतं भयातद् भगवन्, वृजिका अप्रज्ञप्तं न प्रज्ञपयन्ति, प्रज्ञप्तं न समुच्छिन्दन्ति, यथाप्रज्ञप्तं पुराणं वृजिधर्मान् समादाय वर्तन्त इति।

यावन्तं च कालमानन्द, वृजिका अप्रज्ञप्तं न प्रज्ञपयिष्यन्ति, प्रज्ञप्तं न समुच्छेत्स्यन्ति, यथाप्रज्ञप्तं पुराणं वृजिधर्मं समादाय वर्तिष्यन्ते, विद्धि, आनन्द, तावन्तं कालं वृजिकानां प्रतिष्ठैव न हानिः।

किमानन्द श्रुतं त्वया, वृजिकानां ये वृद्धाः, वृजिकास्तान् सत्कुर्वन्ति गुरूकुर्वन्ति मानयन्ति पृजयन्ति, तेषां श्रोतव्यं च मन्यन्त इति ।

श्रुतं मया भगवन्, वृजिकानां ये वृद्धाः, वृजिकास्तान् सत्कुर्वन्ति गुरूकुर्वन्ति मानयन्ति पूजयन्ति, तेषां श्रोतव्यं च मन्यन्त इति ।

यावन्तं कालमानन्द, वृजिकानां ये वृद्धाः, वृजिकास्तान् सत्करिष्यन्ति गुरूकरिष्यन्ति मानयिष्यन्ति पूजष्यिन्ति, श्रोतव्यं च मंस्यन्ते, विद्धि, आनन्द, तावन्तं कालं वृजिकानां प्रतिष्ठैव न हानिः ।

किमानन्द, श्रुतं त्वया, वृजिका याः कुलस्त्रियः कुलकुमार्यस्ताः प्रसह्याकृष्य न वासयन्तीति ।

श्रुतं मया भगवन्, वृजिका याः कुलस्त्रियः कुलकुमार्यस्ताः प्रसह्याकृष्य न वासयन्तीति ।

यावन्तं कालमानन्द, वृजिका याः कुलस्त्रियः कुलकुर्मायस्ताः प्रसह्याकृष्य न वासयिष्यन्ति, विद्धि, आनन्द, तावन्तं कालं वृजिकानां प्रतिष्ठैव न हानिः ।

किमानन्द, श्रुतं त्वया, वृजिकानां यानि चैत्यान्याभ्यन्तरणि बाह्यानि च, वृजिकास्तानि सत्कुर्वन्ति गुरूकुर्वन्ति मानयन्ति पूजयन्ति, तेषां च दत्तपूर्वं कृतपूर्वं धार्मिकं बलिं न परिहापयन्तीति ।

श्रुतं मया भगवन्, वृजिकानां यानि चैत्यान्याभ्यन्तराणि बाह्यानि च, वृजिकास्तानि सत्कुर्वन्ति गुरूकुर्वन्ति मानयन्ति पूजयन्ति, तेषां च दत्तपूर्वं कृतपूर्वं धार्मिकं बलिं न परिहापयन्तीति ।

यावन्तं कालमानन्द, वृजिकानां यानि चैत्यान्याभ्यन्तराणि बाह्यनि च, वृजिकास्तानि सत्करिष्यन्ति गुरूकरिष्यन्ति मानयिष्यन्ति पूजयिष्यन्ति, तेषां च दत्तपूर्वं कृतपूर्वं धार्मिकं बलि न परिहापयिष्यन्ति, विद्धि, आनन्द, तावन्तं कालं वृजिकानां प्रतिष्ठैव न हानिः ।

किमानन्द, श्रुतं त्वया, अनागता अर्हन्तो विजित आगच्छेयुरागताश्च विजिते सुखं विहरेयुरिति वृजिकानामर्हत्सु धार्मिकरक्षावरणगुप्तिः सुसंविहितेति ।

श्रुतं मया भगवन्, अनागता अर्हन्तो विजित आगच्छेयुरागताश्च विजिते सुखं विहरेयुरिति वृजिकानामर्हत्सु धार्मिकरक्षावरणगुप्तिः सुसंविहितेति ।

यावन्तं कालमानन्द, अनागता अर्हन्तो विजित आगच्छेयुरागताश्च विजिते सुखं विहरेयुरिति वृजिकानामर्हत्सु धार्मिकरक्षावरणगुप्तिः सुसंविहिता भविष्यति, विद्धि, आनन्द, तावन्तं कालं वृजिकानां प्रतिष्ठैव न हानिरिति ।

अथ खलु भगवान् वर्षकारं ब्राह्मणं मगधमहामात्रमामन्त्रयत्- एकस्मिन् समयेऽहं ब्राह्मण, वैशाल्यां सारन्ददे चैत्ये व्याहरम् । तत्राहं वृजिकानिमानपरिहाणीयान् सप्त धर्मानुपादिशम् । यावन्तञ्च कालं ब्राह्मण, इमेऽपरिहाणीयाः सप्त धर्मा वृजिकेषु स्थास्यन्ति, एषु चापरिहाणीयेषु सप्तसु धर्मेषु वृजिकाः संनिषत्स्यन्ति, विद्धि ब्राह्मण, तावन्तं कालं वृजिकानां प्रतिष्ठैव न हानिः ।

एवं वृत्ते वर्षकारो ब्राह्मणो मगधमहामात्यो भगवन्तमेतदावोचत्- भो गौतम, एकेनाप्यपरिहाणीयेन धर्मेण समागतानां वृजिकानां प्रतिष्ठैव, न हानिः, सप्तभिरपरिहाणीयैर्धर्मैः किं पुनर्वक्तव्यम् । भो गौतम, राज्ञा मागधेनाजातशत्रुणा वैदेहीपुत्रेण मिथोभेदादन्यत्र, उपलापनादन्यत्र वृजिकैर्युद्धं न करणीयम् । हन्त भो गौतम, गच्छाम्यहमिदानीम्, बहुकृत्योऽहम् ।

ब्राह्मण, यस्य (कार्यस्य) कालमिदानीं त्वं मन्यस इति ।

अथ खलु वर्षकारो ब्राह्मणो मगधमहामात्यो भगवतो भाषितमभिनन्द्यानुमोद्यासनादुत्थाय प्राक्रमीत् ।

अथ अलु भगवन् अचिरप्रक्रान्ते वर्षकारे ब्राह्मणे मगधमहामात्य आयुष्मन्तमानन्दमामन्त्रयत्- गच्छ त्वमानन्द, यावतिका भिक्षवो राजगृहमुपनिष्ठाय विहरन्ति, तान् सर्वानुपस्थानशालायां सन्निपातयेति । एवमस्तु भगवन्नित्यायुष्मानानन्दो भगवते प्रतिश्रुत्य यावतिका भिक्षवो राजगृहमुपनिष्ठाय विहरन्ति स्म, तान् सर्वानुपस्थानाशालायां सन्निपात्य यत्र भगवान्, तत्रोपसंक्रमीत् । उपसंक्रम्य भगवन्तमभिवाद्यैकतोऽतिष्ठत् । एकतः स्थितः खल्वायुष्मानानन्दो भगवन्तमेतदवोचत्- सन्निपतितो भगवन् भिक्षुसङ्घः, यस्य (कार्यस्य) कालमिदानीं भगवान् मन्यत इति ।

अथ खलु भगवानासनादुत्थाय यत्रोपस्थानशाला, तत्रोपसंक्रमीत्, उपसंक्रम्य च प्रज्ञप्त आसने न्यषीदत् । निषण्णः खलु भगवान् भिक्षूनामन्त्रयत्- भिक्षवः, अपरिहाणीयान् सप्त धर्मान् व उपदेक्ष्यामि । ताञ् शृणुत साधु, मनसि कुरुत, भाषिष्य इति ।

एवमस्तु भगवन्निति खलु ते भिक्षवो भगवते प्रतिशुश्रुवुः । भगवानेतदवोचत्-

भिक्षवो यावन्तं कालं भिक्षवोऽभिन्नसन्निपाताः सन्निपातबहुला भविष्यन्ति, तावन्तं कालं भिक्षूणां प्रतिष्ठैव, न हानिरिति वित्त ।

यावन्तं कालं भिक्षवः समग्राः सन्निपतिष्यन्ति, समग्रा व्युत्थास्यन्ते, समग्राः सङ्घकरणीयानि करिष्यन्ति, तावन्तं कालं भिक्षूणां प्रतिष्ठैव न हानिरिति वित्त ।

यावन्तं कालं भिक्षवोऽप्रज्ञप्तं न प्रज्ञपयिष्यन्ति, प्रज्ञप्तं न समुच्छेत्स्यन्ति, यथापूर्वं प्रज्ञप्तानि शिक्षापदानि समादाय वर्तिष्यन्ते, तावन्तं कालं भिक्षूणां प्रतिष्ठैव न हानिरिति वित्त ।

ये भिक्षवः स्थविराः रत्तज्ञाश्चिरप्रव्रजिताः सङ्घपितरः सङ्घनायकाः सन्ति, यावन्तं कालं भिक्षवस्तान् सत्करिष्यन्ति, गुरूकरिष्यन्ति, मानयिष्यन्ति, पूजयिष्यन्ति, तेषाञ्च श्रोतव्यं मंस्यन्ते, तावन्तं कालं भिक्षूणां प्रतिष्ठैव, न हानिरिति वित्त ।

यावन्तं कालं भिक्षव उत्पन्नायाः पुनर्भाविन्यास्तृष्णाया वशं न गमिष्यन्ति, तावन्तं कालं भिक्षूणां प्रतिष्ठैव, न हानिरिति वित्त ।

यावन्तं कालं भिक्षव आरण्यकेषु शयनासनेषु सापेक्षा भविष्यन्ति, तावन्तं कालं भिक्षूणा प्रतिष्ठैव, न हानिरिति वित्त ।

यावन्तं कालमनागताः पेशलाः सब्रह्मचारिण आगच्छेयुः आगताश्च पेशलाः सब्रह्मचारिणः सुखं विहरेयुरिति सर्व एव भिक्षवः स्मृतिमुपस्थापयिष्यन्ति, तावन्तं कालं भिक्षूणां प्रतिष्ठैव, न हानिरिति वित्त ।

भिक्षवो यावन्तं कालमेते सप्ताऽपरिहाणीया धर्मा भिक्षुषु स्थास्यन्ति, एषु च सप्तस्वपरिहाणीयेषु धर्मेषु भिक्षवो संनिषत्स्यन्ति, तावन्तं कालं भिक्षूणां प्रतिष्ठैव न हानिरिति वित्त ।

नेपालीमा सारांश

मैले यो कुरा सुनेको थिएँ। कुनै वेला भगवान् बुद्ध राजगृहमा गृध्रकूट पर्वतमा रहनुभएको थियो। त्यसै वेला मगधका राजा वैदेही (मिथिलादेशकी) का छोरा अजातशत्रुले वृजिकउपर आक्रमण गर्न खोजे।

अनि अजातशत्रुले आफ्ना प्रधानमन्त्री वर्षकार ब्राह्मणलाई बोलाएर भने- म यी धनी तथा प्रभावशाली वृजिकहरूको जरो नखनी छोड्दिनँ। तिमी भगवान् बुद्धकहाँ जाऊ र मेरो वचनले उहाँका पाउमा मेरो प्रणाम छ भन र वृजिकहरूको उपर आक्रमण गर्ने मेरो विचार उहाँलाई सुनाऊ। यस विषयमा उहाँले जे भन्नुहुनेछ, सो कुरा मलाई सुनाउन आऊ। तथागत झूटो बोल्नुहुनेछैन।

अनि वर्षकार ब्राह्मण असल सवारीमा चढी राजगृहबाट निस्की गृध्रकूट पर्वततिर लागे। सवारी जाने ठाउँसम्म सवारीमा गई त्यसपछि सवारीबाट ओर्ली पैदल नै भगवान् बुद्ध हुनुभएतिर गए। भगवान् बुद्धको नजीक गई उहाँसँग भलाकुसारी गरी एक छिन एक छेउमा बसी वर्षकार ब्राह्मणले राजा अजातशत्रुले भनेको कुरा भगवान् बुद्धलाई सुनाए।

त्यस वेला भगवान् बुद्धको पछिल्तिर बसी आनन्द उहाँलाई पंखा हम्किरहेका थिए। अनि भगवान् बुद्धले आनन्दलाई भन्नुभयो।

वृजिकहरू बराबर एकै ठाउँमा भेला हुन्छन् (परस्परमा फुट्तैनन्)।

वृजिकहरू एक ठाउँमा भेला हुँदा सबै जना भेला हुन्छन्, सबै जना मिली उद्योग गर्छन्, आफ्ना गर्नुपर्ने काम कुराहरू सबैजना मिली गर्छन्।

वृजिकहरू नयाँ नियम चलाउँदैनन्, चलेका नियम तोड्दैनन्। पहिलेदेखि चलेर आएको नियममा रहन्छन्।

वृजिकहरू आफ्ना बूढापाकाको मान गर्छन्, तिनीहरूले भनेका मान्नलायक कुरा मान्छन्।

वृजिकहरू कुलस्त्री कुलकुमारीहरूलाई बलजफती उडाएर ल्याँदैनन्।

वृजिकहरू शहरबाहिरका र भित्रका आफ्ना चैत्य (पूजास्थल) को मान गर्छन्, ती चैत्यलाई दिइसकेका दान, धार्मिक कर मास्दैनन्।

नआएका ऋषिमुनिहरू आफ्नो राज्यमा आऊन्, आएका सुखपूर्वक रहून् भनी वृजिकहरू यसको हेरविचार गर्छन् ।

हे आनन्द, यी कुरा तिमीले सुनेका छौ ? आनन्दले भने- हजुर, मैले सुनेको छु ।

जबसम्म वृजिकहरूले यी कुराको पालन गर्नेछन् । तबसम्म वृजिकहरूको उन्नति नै हुनेछ, हानि हुनेछैन ।

अनि भगवान् बुद्धले वर्षकार ब्राह्मणलाई भन्नुभयो- हे ब्राह्मण, कुनै वेला म वैशालीमा सारन्दद चैत्यमा बसेको थिएँ । त्यहाँ मैले वृजिकहरूलाई यी सात अपरिहाणीय धर्म (छोड्न नहुने नियम) बताएको थिएँ । जबसम्म वृजिकहरू यी सात अपरिहाणीय धर्ममा रहनेछन् । तबसम्म उनीहरूको उन्नति नै हुनेछ, हानि हुनेछैन ।

अनि वर्षकार ब्राह्मणले भगवान् बुद्धलाई भने- यी सात कुरामा एउटा कुराले पनि वृजिकहरूको उन्नति नै हुन्छ, हानि हुँदैन भने यी सातै कुराले त के भन्नुपर्‍यो र ? त्यसो भए हाम्रा राजा अजातशत्रुले यी वृजिकहरूलाई हात लिने वा तिनीहरूलाई परस्परमा फुटाउने काम नगरी लडाइँको कुरै नउठाए पनि भयो । हे गौतम, मेरो धेरै काम छ, अब म बिदा हुन्छु । हुन्छ भनी भगवान् बुद्धले भन्नुभएपछि वर्षकार ब्राह्मण उठेर गए ।

अनि भगवान् बुद्धले आनन्दलाई भन्नुभयो- हे आनन्द, राजगृहमा अहिले जति भिक्षुहरू छन्, तिनीहरूलाई उपस्थानशाला (सभाभवन)मा भेला हुनू भन्ने समाचार पठाऊ । हवस् भनी आनन्दले राजगृहमा भएका सबै भिक्षुहरूलाई उपस्थानशालामा भेला गराएर बुद्धलाई यो कुरा सुनाए । अनि भगवान् बुद्ध उपस्थानशालामा गई छुट्टै राखेको आसनमा बस्नुभयो र भिक्षुहरूलाई भन्नुभयो- भिक्षुहरू हो ! आज म तिमीहरूलाई सात अपरिहाणीय धर्म (छोड्न नहुने नियम) बताउँछु । राम्ररी सुन र गुन ! हवस् भनी भिक्षुहरूले भनेपछि भगवान् बुद्धले भन्न थाल्नुभयो-

भिक्षुहरू हो ! जबसम्म भिक्षुहरू बराबर एकै ठाउँमा भेला हुनेछन् (परस्परमा फुट्नेछैनन्) ।

जबसम्म भिक्षुहरू भेला हुँदा सबै जना भेला हुनेछन्, सबै जना मिली उद्योग गर्नेछन्, सङ्घका गर्नुपर्ने काम कुराहरू सबैजना मिली गर्नेछन् ।

जबसम्म भिक्षुहरू नयाँ नियम चलाउने छैनन्, चलेका नियम तोड्नेछैनन्, पहिलेदेखि चलेर आएका शिक्षाका नियममा रहनेछन् ।

जबसम्म भिक्षुहरू संघका बूढापाका नाइकेहरूको मान गर्नेछन्, उनीहरूले भनेका सुन्नलायक कुरा सुन्नेछन् ।

जबसम्म भिक्षुहरू मनमा उठिरहने तृष्णाको वशमा पर्नेछैनन् ।

जबसम्म भिक्षुहरू बनैया आसन ओछ्यानमै सन्तुष्ट रहनेछन् ।

जबसम्म नआएका अरू असल भिक्षुहरू आऊन्, आएका सुखपूर्वक रहून् भन्ने विचार सबै भिक्षुहरूले लिनेछन् । तबसम्म भिक्षुहरूको उन्नति नै हुनेछ, हानि हुनेछैन ।

परस्परमा मिलीजुली काम गर्नेले कति कुराको पालन गर्नुपर्छ भन्ने र परस्परमा मिलीजुली बसेका मनुष्यलाई बिगारी तिनबाट आफ्नो फाइदा लिन तिनमा भेदनीतिको प्रयोग चतुरा मानिसहरू गर्छन् भन्ने कुरा यताबाट स्पष्ट हुन्छ ।

यस कारण हामीहरूले आफ्नो देश बनाई संसारमा नेपालीकै नामले बाँच्ने इच्छा गर्ने हो भने यस विषयमा विचार गर्नुपर्छ ।

ऐतिहासिक पत्रसङ्ग्रहको दोस्रो भाग नेपाल सांस्कृतिक परिषद्तर्फबाट प्रकाशित हुन लागेको छ । यस काममा हिज हाइनेस अतिरथी श्रीकेशरशमशेर ज.ब.रा.ज्यूको प्राचीन विद्याको प्रेमले सहायता नदिएको भए हाम्रो हातबाट अहिले यो काम हुन सक्दैनथ्यो ।

यस पुस्तकलाई सम्पादन गर्न चाहिने कारिन्दाखर्च मो. रु. १२० (एक सय बीस) हामीले सो परिषद्बाट पाएका छौँ । प्रकाशित पुस्तकमध्ये १० (दश) थान हामीले पाउने भएका छौँ । पुस्तक प्रकाशनमा सो परिषद्कै अधिकार रहनेछ । बजारमा पुस्तक सिद्धिएको तीन वर्षभित्र पनि परिषद्बाट पुनः संस्करण हुन नसकेमा यो पुस्तक प्रकाश गर्ने अधिकार नेपाली मात्रलाई रहनेछ ।[२]

---

२. नेपाल सांस्कृतिक परिषद्का कार्यसचिव श्रीईश्वर बरालज्यूसँग वि.सं. २०१४ मा त्रिरत्नसौन्दर्यगाथा र ऐतिहासिक पत्रसंग्रह (दोस्रो भाग) प्रकाश गराउन हामीले यही शर्त राखी पत्रव्यवहार गरेका थियौँ ।

यस उपोद्घातलाई तयार गर्ने काममा मेरो विचारअनुसार धनवज्रले काम गरेका छन् । यस कामलाई पूर्ण पार्न सहायता गर्ने सबैलाई मेरो यथोचित धन्यवाद छ ।

भिन्नाभिन्नै मातृभाषा भएका
धर्मै भिन्नै इवाट्ट हेर्दा लिएका ।
नेपालीले माथ ठाडो गरेर
बाँच्नालाई गर्नुपर्नेछ धेर ।।
गाऱ्हा ठूला यी कुरामा विचार
गर्नालाई होस् सुबिस्ता भनेर ।
हामी चाल्छौं पाइला यी विचारी
होलान् कोही यी कुराको विचारी ।।

२०२१ वैशाख-संक्रान्ति

(वि.सं. २०२१ मा काठमाडौँबाट नेपाल सांस्कृतिक परिषद्द्वारा प्रकाशित रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्रवज्राचार्यको ऐतिहासिक पत्रसङ्ग्रह, दोस्रो भागका क-ठ पृ.)

रत्नदीपको प्रस्तावना

व्यवसायात्मिका बुद्धिरेकेह कुरुनन्दन ।
बहुशाखा ह्यनन्ताश्च बुद्धयोऽव्यवसायिनाम् ।।४१।।

(श्रीमद्भगवद्गीता २ अध्याय)

एकाग्रबुद्धि नै यस्मा प्रधान बुझ अर्जुन ।
योविना वासना हाँगा हाल्छे बुद्धि कडोरन ।।

(कोमलगीता)

मानिस एउटा लक्ष्य नलिई हिँड्न लाग्यो भने त्यसले जीवनमा कुनै निश्चित काम गर्न सक्तैन भन्ने म सम्भन्छु ।

मैले सिद्धान्तज्यौतिष पढेको हुँ । आफ्नो जीवनका ३५½ वर्ष (वि.सं. १९९७ फाल्गुनदेखि वि.सं. २०३३ आषाढसम्म) मैले सिद्धान्तज्यौतिष पढाएर नै बिताएँ । आफूले पढेको सिद्धान्तज्यौतिषमा बताएअनुसार ग्रहस्थितिको परीक्षा गरीगरी पढ्ने मेरो इच्छा छ, तर यस विषयमा मैले केही काम गर्न सकेको छैन । यो कुरा मैले धेरै ठाउँमा लेखिसकेको छु ।[1] यसरी सिद्धान्तज्यौतिषको सोपपत्तिक अध्ययन परम्पराबाट विमुख भएपछि म आफ्नो जन्मभूमि नेपालको प्रामाणिक इतिहास खोज्नतिर लागेँ ।

---

१. वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बाप्रकाशनद्वारा प्रकाशित धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलद्वारा सम्पादित इतिहास-संशोधनको प्रमाण-प्रमेयमा छापिएको नयराज पन्तको उपोद्घातका २-१० पृ. ।

आफ्नो २२ वर्षको उमेर (वि.सं. १९९२) मा मैले श्रीसूर्यविक्रम ज्ञवालीको पुस्तक पृथ्वीनारायण शाह पढेको हुँ। त्यसै वेलादेखि श्री ५ पृथ्वीनारायण शाहको कार्यकलापप्रति म आकृष्ट भएको हुँ।

नेपालमा विभिन्न समयमा, विभिन्न ठाउँमा अनेकौँ राजाहरू भए। तिनीहरूमध्येका केहीका केही लेख भेटिन्छन् पनि। परन्तु आफ्नो जीवनचरित्र सबैका सामु खुलस्त भनेर जाने नेपाली राजामा श्री ५ पृथ्वीनारायण शाहबाहेक अर्को व्यक्ति मैले भेट्टाउन सकेको छैन।[२] यही कारणले गर्दा म श्री ५ पृथ्वीनारायण शाहप्रति विशेष रूपमा आकृष्ट भएको हुँ।

अरू नेपाली राजाहरूको चरित्रको विषय थाहा पाउन हामीले आभ्यन्तरभन्दा बाह्य साधनमा बढी भर पर्नुपर्छ। तर श्री ५ पृथ्वीनारायण शाहको उपदेशबाट उनी आफ्नो भाव आफ्ना भारादारहरूलाई बुझाई, तिनीहरूबाट तिनीहरूकै र

वि.सं. २०२४ मा काठमाडौँबाट संशोधन–मण्डलद्वारा प्रकाशित पूर्णिमा १५ पूर्णाङ्कमा छापिएको नयराज पन्तको ऐतिहासिक-शिरोमणि श्रीबाबुराम आचार्यज्यूसँग प्रार्थना भन्ने निबन्ध, सो अङ्कका २७७, ३२३-३२५ पृ.
वि.सं. २०२५ मा पूर्णिमा १९ पूर्णाङ्कमा छापिएको नयराज पन्तको प्रतिसंस्कृत सर्वानन्दकरण भन्ने निबन्ध, सो अङ्कका २२६-२३३ पृ.
वि.सं. २०४३ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित नयराज पन्त (सहायक- देवीप्रसाद भण्डारी, केशवचन्द्र न्यौपाने)को लिच्छविसंवत्को निर्णयमा छापिएको नयराज पन्तको उपोद्घातका १४-१७ पृ.

२. श्री ५ पृथ्वीनारायण शाहले आफ्नो अन्तिम समयमा आफ्ना भारादारहरूलाई दिएको उपदेश पाइन्छ। वि.सं. २०२५ मा ललितपुरबाट जगदम्बा प्रकाशनद्वारा प्रकाशित नयराज पन्त, देवीप्रसाद भण्डारी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तको श्री ५ पृथ्वीनारायण शाहको उपदेश (१-५ भाग) मा उक्त उपदेश, सोको नयराज पन्तले बनाएको नेपाली पद्यमयी व्याख्या तथा त्यतिखेरसम्म भेटिएका श्री ५ पृथ्वीनारायण शाहसँग सम्बद्ध सामग्रीहरू छापिएका छन्। नयराज पन्तले बनाएको श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्या वि. सं. २०४० मा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित भएको छ।

आफ्ना पनि सन्ततिलाई तालीम गर्न चाहन्थे भन्ने कुरा स्पष्ट बुझिन्छ ।[३] श्री ५ पृथ्वीनारायण शाहमा आफ्नो देशको इतिहास राम्रोसँग बुझ्नुपर्छ भन्ने भाव पनि थियो ।

---

३. बुढा मरै भाषा सरै भनि भन्छन् तिमिहरू सबैछेउ सुनाइगयाको भया तम्रा सन्तानलाई सुनाउला र तम्रा सन्तानले हाम्रा सन्तानलाई सुनाउनं र यो राजे थामि षानन्ः ।।

बूढो मर्छ परन्तु सर्छ उसले जानेबुझेको कुरा
यो भन्छन् दुनियाँ, तथा भुवनमा प्रत्यक्ष देखिन्छ सो ।
मेरो जीवनमा घटे जटि कुरा, मैले विचारेँ जुन,
तिम्रा चित्तमहाँ अड्न् त्यति कुरा, यै भन्छ मेरो मन ।।
मेरा यी मनका कुरा सब सुनी सम्झीरहे आखिर
आफ्ना सन्ततिमा तिनै सब कुरा भन्लाउ भै तत्पर ।
तिम्रा सन्ततिले कुरा सब सुनी खेलाउँदै चित्तमा
हाम्रा सन्ततिलाई शिक्षण दिनन् भूपालका काजमा ।।
हाम्रा सन्ततिले पनि स्वकुलका हामीहरूका सब
राम्रो भाव बुझेर राजनयको सम्झी कुरा वास्तव ।
गर्लान् उत्तम राजकाज, जसले होलान् ठनी सुस्थिर,
आँखा लाउनसम्म यो मुलुकमा वैरी त मान्ला डर ।।

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्याका ६, ११५पृ.)... नेपालको किताप हेर्दा तुर्काना मंग्रात् मुग्लाना हुन्या रहेछ र तुर्काना अघि भैगयेछ.

जित्लेछन् बलले तुरुष्कनृपले नेपालखाल्डाकन,
गर्नेछन् मगराँतका नृपतिले त्यो राज्यको शासन ।
मिल्ला राज्य पछाडि सो मुगलको विस्तीर्ण साम्राज्यमा
भन्ने भाव रहेछ, यो मुलुकको वृत्तान्तको लेखमा ।।

तुर्काना अघि भैगएछ, विजयी तुर्की महीपालले
ज्यादै क्रूरपना लिएर जनता-हत्या गराए अरे ।
पोलेछन् घर देवमन्दिरहरू लुट्तै सबैको धन
पारेछन् विजन श्मशानसरिको नेपालखाल्डाकन ।।
(श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्याका १०२, १८७-१८८ पृ.) ।

वि.सं. १४०६ मा बङ्गालका शासक सुल्तान शमसुद्दीनले नेपालमा आक्रमण गर्दा नेपालका राजा राजदेव थिए ।[४] ती राजाले रणभूमिमा भिडेर आक्रमणलाई हटाउन सकेका थिएनन् । राजदेवको राज्य कहाँसम्म फैलिएको थियो ? त्यस वेला

---

४. सम्वत् ४६९ वेशाषीपौर्ण्णमास्यां श्रीश्रीराजाजयराजदेवेन श्रीपशुपतिभटरकस्य कोष प्रढोकितम् ।। तनतरे पूर्व्व सुरतान समसदिनमागत्य नेपालम् श्रीपशुपति त्रिखण्डीकृता नेपाल स्मस्त भस्मीभवान् । हाहाभवन्ति लोकश्च ।।
सम्वत् ४७० मार्गशिरशुदि ९ महाकष्ट भवामि भक्तापुरे ।।
(गोपालराजवंशावली २८ पत्रबाट)

सं. ४७० मार्ग्गशिरशुदि ९ स्मसदिन सुरतानलिं वस्य समस्त डाहरपा दिन ७ माक्व ।।
(उही २८ पत्रबाट)

[ने. सं. ४६९(वि.सं. १४०६) वैशाखपूर्णिमामा राजा श्रीश्रीजयराजदेवले श्रीपशुपतिनाथलाई ढुकुटी चढाउनुभयो । यसपछि पूर्वतिरबाट सुल्तान शमसुद्दीनले नेपाल आई श्रीपशुपतिनाथलाई तीन टुक्रा पा-यो । सारा नेपाल भस्म भयो, दुनियाँमा हाहाकार फैलियो ।
ने.सं. ४७० (वि.सं. १४०६) मार्गशुक्ल नवमीको दिन भक्तपुरमा ज्यादै दुःख पाएँ ।
ने.सं. ४७० (वि.सं. १४०६) मार्गशुक्ल नवमीको दिन सुल्तान शमसुद्दीन आएर ७ दिनसम्म सबैतिर डढायो ।]

श्रुतानसामसदिनो यवनाधिराजः
नेपालसर्वनगरं भश्मीकरोति ।
तस्मिन् क्षणे पतितचैत्यमिदं च दृष्ट्वा
जीर्ण्णं करोति नवकं वरपालसिंह ।।
(पाटन पिंबहालको वि.सं. १४१६ को अभिलेखबाट)

[मुसलमान राजा सुल्तान शमसुद्दीनले सारा नेपाल सहर ध्वस्त पा-यो । त्यही वेला यो चैत्य पनि ध्वस्त भएको देखेर असल पालहरूमा श्रेष्ठ (मेघपाल)ले जीर्णोद्धार गर्नुभयो ।]

आसीद् धर्मनिधिद्वयैकजलधिर्न्नेपालभूमण्डले
ख्यातः श्रीजयराजदेवनृपतिः तेनैव राज्ञीकृते ।
तस्मिन्नेव विराजति स्म विमलः स्तूपो मुनेः केतनः
श्रीसाह्मे शिखरि प्रसिद्धभुवने प्रस्थापितः पूर्व्वकैः ।।
सप्तत्याभ्यधिके श्रीमत्नेपालाब्दचतुःशते ।
मार्गशीर्षे सिते पक्षे दशम्यां गुरुवासरे ।।
सुरत्राणसमस्दीनो बंगालबहुलैर्बलैः ।
सहागत्य च नेपालो भग्नो दग्धश्च सर्वशः ।।
(सिम्भूको वि.सं. १४२९ को अभिलेखबाट)

नेपाल खान आएको मुसलमानी सेना कुन बाटो आयो र कुन बाटो फर्क्यो ? सो सेनाले लुम्बिनीतिर वा जनकपुरतिर केही बिगार गर्‍यो कि गरेन ? इत्यादि कुरामा म अनभिज्ञ नै छु । नेपालमा भएको मुसलमानी आक्रमणको कुरा हामीलाई पहिलोपल्ट सुनाउने व्यक्ति ऐतिहासिक शिरोमणि बाबुराम आचार्य हुन् ।[५]

वि.सं. १८१९ मा बङ्गालका नबाब मीर कासिमको सेना नेपाल खान आएको थियो, सो सेनालाई श्री ५ पृथ्वीनारायण शाहले मकवानपुरबाट नै लखेटिदिएका थिए । त्यसै गरी वि.सं. १८२४ मा अंग्रेजको सेना पनि नेपाल खान आएको थियो, सो सेनालाई पनि श्री ५ पृथ्वीनारायण शाहले सिँधुलीबाट नै धपाइदिए । यी दुवै कुरा तात्कालिक आफ्ना अभिलेखमा लेखाउनुका साथै[६]

[दुवै धर्म (शैव र बौद्ध) मान्ने, नेपालका प्रख्यात राजा श्रीजयराजदेव हुनुहुन्थ्यो । उहाँ राजाले राज्य गरिरहनुभएको वेलामा संसारमा प्रख्यात श्रीस्वयम्भूको डाँडामा पहिलेपहिलेका र स्थापना गरिएका शाक्यमुनि (बुद्ध) को वासस्थान भएको स्तूप शोभायमान भइरहेथ्यो । ने.सं. ४७० (वि. सं. १४०६) मार्गशुक्ल दशमी बृहस्पतिवारका दिन धेरै बङ्गाली फौज लिएर आई सुल्तान शमसुद्दीनले नेपालमा सबैतिर भत्कायो, पोल्यो ।]

(इतिहास-संशोधनको प्रमाण-प्रमेयका ९२-९५पृ.)

५. वि.सं. २०२९ मा पूर्णिमा २७ पूर्णाङ्कमा छापिएको बाबुराम आचार्यको नेपालमा भएको मुसलमानी आक्रमण भन्ने निबन्ध, सो अङ्कका १५४-१६१ पृ. ।

६. कास्मल्लीखाँ प्रयातो वरुणदिशि जितो यस्य भल्लप्रहारा-
दार्त्तो मत्तः क्षणेन क्षणमपि न रणे स्थातुमीशः फिरङ्गी ।
गेहेशूराः प्रतीच्या रणभुवि सुभटैर्निर्जितास्ते वराकाः
पृथ्वीनारायणेशो रिपुदवदहनो भाति नेपालसिंहः ॥

(वसन्तपुरको वि.सं. १८२६ को श्री ५ पृथ्वीनारायण शाहको अभिलेखबाट)

[बङ्गाली यवनेश कासिम अली नेपाल हान्नाकन
आएथे तर युद्धमा खति सही भागी गए पश्चिम ।
थोरै नै दिनभित्र मत्त हुन गै नेपाल खाऊँ भनी
आएथे तर मार खप्न नसकी भागे फिरङ्गी पनि ॥
गर्जी गर्जी घरघरमहाँ चौबिसी बाइसी यी
बस्छन्, हार्छन् तर समरमा तालिमी सैन्यदेखि ।
देख्ता यस्ता प्रबल महिमा शक्त नेपालसिंह
पृथ्वीनारायणसँग लडी बाँच्न को गर्छ आँट ?]

(वि.सं. २०२३ मा पूर्णिमा १२ पूर्णाङ्कमा छापिएको नयराज पन्तको जनरल केसरशमशेरको ज्यौतिष-विषयको अध्ययनमा रुचि भन्ने निबन्ध, सो अङ्कको ७८ पृ.)

श्री ५ पृथ्वीनारायण शाहले आफ्नो उपदेशमा पनि सम्झेका छन् ।[७]

---

७. कास्मेरिषान् नवाफ् मकवानपुरमा चढ्यो र छअबिस् षोडाले काटि घर्काई सिबाना कटाई आत्रां.

अग्ला पर्वत-शृङ्गमाथि बलिया किल्ला बनाईकन
आफ्नो सैनिक-शक्तिले समरमा ठोकी फिरङ्गीकन ।
बङ्गाधीश सधैँ बनीकन रहूँ भन्ने लिई कामना
हुन्थे उत्सुक मीरकासिम उता नेपालका काजमा ।।
भेट्टाएँ अब ठीक औसर भनी नेपाल जित्लाकन
सेनाधीश्वरसाथ सैन्य बलियो आफ्नो खटाईकन ।
आफूचाहिँ पछाडिबाट बलियो पार्दै बढे कासिम,
सो सेना मकवाननाम पुरमा उक्ल्यो गरी ऊधुम ।।
हाम्रा सैनिकले लडेर रणमा वैरी गरे कत्तल,
हाम्रो सन्मुख टिक्न शक्ति नहुँदा ओर्ले मुसल्ले तल ।
काट्तै ती रिपुलाई वीरहरुले खेद्दै पछेडा दिए,
भागाभाग पऱ्यो र शत्रुतिरका नोक्सान धेरै भए ।।

तिन चार पल्टन् लिएर सिडुली गढिमा हांडीसाहेब चढ्यो र वावाही पनि काटि पथर्कालाा च्याति ल्यात्रा र

हाम्रो राज्य र आङ्ग्ल-राज्य अनि ता दोसाँधमा जोरिए,
हाम्रो देश डकार्नलाई त्यसले अङ्ग्रेज झन् तम्सिए ।
नाना जाल रचेर मल्ल नृपका आफन्त झैँ भैकन
अर्घेलो नगरे भनी मकन ती लागे झपार्नाकन ।।
हप्कीमा तिनको जसै दबिनँ त्यै थापेर यौटा निहुँ
यो जम्मै हिमवत्-प्रदेशकन नै छोपेर मौका निलूँ ।
भन्ने आँट गरेर शस्त्रबलको राम्रो गरी सज्जन
हाम्रो देशमहाँ पसे बल गरी अङ्ग्रेजका पल्टन ।।
वैरी रोक्न भनेर सैन्यसँगमा आफैँ तराईतिर
गै लड्दा शुभ छैन यो हुन गयो हाम्रो विचार स्थिर ।
हामीले सिँधुली गढीतिर गई आफ्नो जमार्यौं बल,
हाम्रो शस्त्रप्रहार खप्न नसकी वैरी भए सोतर ।।
भागाभाग गरे सितास्यहरूले कालो गरी आनन
ल्यार्यौं ती रिपुलाई कत्तल गरी बन्दूक खोसीकन ।

आफ्नो देशमा लूटमार मच्चाउन आएका आक्रमकहरूलाई हटाउन नसकी उसको ज्यादती सहनु शासनपद्धतिको दुर्बलतासिबाय अरू केही हुन सक्तैन । श्री ५ पृथ्वीनारायण शाहले नेपाल हडप्न आएका दुवै थरी शक्तिसम्पन्न आक्रमकहरूलाई लडाइँको मैदानमा जिती धपाइदिए । यस्तो गर्न सक्ने उनीबाहेक अर्को नेपाली राजा मैले अहिलेसम्म देख्न पाएको छैन । श्री ५ पृथ्वीनारायण शाहको यो गुण उनका कट्टर आलोचकहरूले पनि सम्झने नै छन् भने जस्तो मलाई लाग्छ ।

अब केही बेर पञ्चाङ्गका कुरा गराँ ।

नेपालमा आजभोलि जुन पञ्चाङ्ग (पात्रा) बन्छन्, ती मुगलसम्राट् अकबरका सामन्त रामदासको आश्रयमा रहेका काशीका राम दैवज्ञले वि.सं. १६४७ मा बनाएको रामविनोद[८] तथा कुमाउँका राजा उद्योतचन्द्र (राज्यकाल, वि.सं. १७३५-१७५५)[९] को आश्रयमा रहेका रमापतिले बनाएको सिद्धान्तसारणी[१०] यी दुइ थरी

मैले यो विधिले लडेर रणमा हिन्दूत्व रक्षा गरेँ,
चण्डीमा रिपुमुचण्ड अर्पण गरी क्यै देशसेवा गरेँ ।।]
(श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्याका ९५, ९८, १८३, १८६-१८७ पृ.)

८. **रामेण यत्नादिह रामदास-**
प्रीत्यै कृते रामविनोदनाम्नि ।
जल्लालदीन्द्राकबरस्य शाकाद्
नभोगसिद्धिः परिपूर्तिमागात् ।।
[राजा रामदासलाई खुशी पार्न राम दैवज्ञले जलालुद्दीन अकबरको संवत्देखि गणना उठाई परिश्रमपूर्वक बनाएको रामविनोदको ग्रहगणनाधिकार सकियो ।]

९. वि.सं. १९९४ मा अल्मोडाबाट प्रकाशित बदरीदत्त पाँडेको कुमाउँ का इतिहासको २९६ पृ.

१०. **उद्योतचन्द्रेऽवनिमण्डलेश्वरे**
कूर्माचलं राजयति स्वशोभया ।
रमापतिर्दैवविदां मुदे स्फुटं
प्रवक्ति सम्यक् तिथिपत्रसाधनम् ।।
[राजा उद्योतचन्द्रले कुमाउँमा शासन गरिरहनुभएको वेलामा, रमापति ज्योतिषीहरूलाई खुशी पार्न पञ्चाङ्ग गन्ने पुस्तक बनाउँछन् ।]

सारणीबाट तयार गरिन्छन् । हाम्रा ज्योतिषीहरू ग्रहहरू रामविनोदबाट तथा तिथिहरूचाहिँ सिद्धान्तसारणीबाट गर्ने गर्छन् । रामविनोद छापिएको छ जस्तो मलाई लाग्दैन । सिद्धान्तसारणीको केही भाग शङ्करमान राजवंशीले[११] प्रकाश गराएका छन् ।

रमापतिले उद्योतचन्द्रबाट के कति पाए त्यो त थाहा छैन, परन्तु राम दैवज्ञले आफ्ना आश्रयदाताबाट प्रशस्त पुरस्कार पाएका थिए[१२] भन्ने कुरा उनकै लेखाइबाट बुझिन्छ ।

रामविनोद तथा सिद्धान्तसारणी यी दुवैमा थुप्राकाथुप्रा अङ्क दिइएका छन् तथा ती अङ्कबाट अभीष्ट कुरा गणना गर्ने विधि ती दुवैले कारिकामा सिकाएका छन्, परन्तु ती अङ्क नै अङ्कका सारणी कसरी कुन ग्रन्थका आधारमा बनाइए भन्ने कुराचाहिँ तिनमा केही खुलाइएको छैन ।

पञ्चाङ्ग-संशोधनको काम गर्दा मैले रामविनोदबाट निकै काम गर्नुपर्‍यो । एक प्रति रामविनोद लक्ष्मीपतिसङ्ग्रहमा थियो । त्यताबाट काम गर्दा मलाई अलि धरमर परेकोले मैले श्रीगुरु पण्डित माधवराज जोशीको सङ्ग्रहमा रहेको रामविनोदको पनि प्रतिलिपि गराएँ । ती दुवै पुस्तक अहिले मेरो कोठामा छँदैछन् । ती दुवै पुस्तकमा ठाउँठाउँमा पाठभेद भेटिन्छन् । कुन पाठ शुद्ध कुनचाहिँ अशुद्ध भनेर अहिलेसम्म कुनै निर्णय गर्न मैले सकेको छैन । यस विषयका अरूअरू पुस्तक पनि सङ्ग्रह गरी, तिनको उपपत्ति फेला पारी, सबै सारणी भिडाई शुद्ध पाठ निर्णय गर्न तथा तदनुरूप पुस्तक प्रकाश गर्न पाए हुन्थ्यो भन्ने मेरो उत्कट इच्छा छ । आफूले पञ्चाङ्ग-संशोधनको काम गर्दा ४ जना कार्यकर्ता ज्योतिषीहरू मागी

---

११. वि.सं. २०३० मा काठमाडौँबाट राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित शङ्करमान राजवंशीद्वारा सम्पादित दैवज्ञश्रीरमापतिविरचिता सिद्धान्तसारणी

१२. दैवज्ञानन्तभट्टात्मजमखिलगुणं नीलकण्ठानुजातम् ।
श्रीरामं स्वर्णवृष्ट्या शकगणितकृतौ स्वामिकार्ये न्ययुङ्क्त ।।
(वि.सं. १९८६ मा पूनाबाट आर्यभूषण छापाखानाद्वारा प्रकाशित वेङ्कटेश केतकरको भारतभूमण्डलीयं सूर्यग्रहणगणितम्को भूमिकामा रामविनोदको यो श्लोक उद्धृत गरिएको छ । हामीसँग भएका रामविनोदमा यो भाग छैन ।)
[अनन्त दैवज्ञका छोरा, नीलकण्ठ दैवज्ञका भाइ, गुणी राम दैवज्ञलाई (राजा रामदासले) प्रशस्त पैसा दिएर ग्रहगणितसम्बन्धी मालिक (अकबर) को काममा लगाए ।]

तिनलाई प्रतिव्यक्ति प्रतिमहीना दुइ सय पचास रुपियाँ मिलोस्, तिनीहरूलाई दिनको २ घण्टा विना पैसामा निर्देशन दिन म मञ्जूर छु भनी मैले पञ्चाङ्गविवेचक-समितिमार्फत श्री ५ को सरकारमा निवेदन दिएको थिएँ । यो वि.सं. २०२० को कुरा हो । पण्डितवर पद्मप्रसाद भट्टराईज्यूले यस काममा सहयोग पनि गर्नुभएको थियो, तर उहाँ थला पर्नुभएपछि पण्डित बुद्धिसागर पराजुलीज्यूले मेरो योजनाको सट्टा अर्को योजना बनाई अरू ज्योतिषी भर्ना नगर्ने, आफू वर्षको दुइ हजार रुपियाँ खाने र मलाई पनि त्यति नै खुवाउने प्रबन्ध गर्नुभएछ । सो कुरा मैले स्वीकार गरिनँ, मेरो योजना त्यसै अलपत्र पऱ्यो ।[१३]

रामविनोद, सिद्धान्तसारणीहरूका अङ्क शुद्ध पार्ने काम कसैले शुरू गरेको मलाई थाहा छैन । त्यस्तो काम गर्नु सजिलो पनि छैन ।

गोरखाली पण्डित हरिलाल पोखरेल (वि.सं. १९३६-२०१०)ले नेपाली भाषामा पञ्चाङ्ग गन्ने विषयका केही ग्रन्थ बनाई प्रकाश गराएका छन् ।[१४] अरू सबै सारणी अशुद्ध छन्, मेरो सारणी सूर्यसिद्धान्तअनुसारको हो, यो सारणी ज्यादै शुद्ध छ, यस कारण हामीले यसै सारणीबाट पात्रो गन्नुपर्छ भन्ने उनको आग्रह थियो । मेरो सारणी सूर्यसिद्धान्तअनुसारको हो भनेर तपाइँ भन्नुहुन्छ । तपाइँले दिएका अङ्क सूर्यसिद्धान्तमा दिइएका अङ्कसँग मिल्दैनन्, यस कारण यी अङ्क सूर्यसिद्धान्तबाट यसरी ल्याइएका हुन् भनी जबसम्म तपाइँ प्रामाणिक उपपत्ति दिनुहुन्न तबसम्म हामीले तपाइँको सारणी कसरी शुद्ध मान्ने ? भनी मैले उनीसँग प्रश्न गरेँ ।[१५] यो वि.सं. २००४ तिरको कुरा हो । कुरा त्यसै सेलायो, अघि बढ्न सकेन ।

---

१३. पूर्णिमा १५ र १९ पूर्णाङ्क ।

१४. १) वि.सं. १९६० मा ब्रह्माण्डदर्पण ।
२) वि.सं. १९७९ मा मितिदर्पण ।
३) वि.सं. १९८१ मा मितिदर्पण (दोस्रो संस्करण)।
४) वि.सं. १९८५ मा पञ्चाङ्गदर्पण ।
५) वि.सं. १९९३ मा पञ्चाङ्गदर्पण (दोस्रो संस्करण) ।
६) वि.सं. १९९५ मा त्रियुद्धगणित ।
७) वि.सं. २००५ को पात्रो ।
८) वि.सं. २००६ मा ग्रहदर्पण ।

१५. पूर्णिमा १५ पूर्णाङ्कका २८०-२८२ पृ. ।

आजभोलि हाम्रो देशमा केही मानिस दृग्गणितअनुसारको पञ्चाङ्ग चलाउनुपर्छ भन्न लागिरहेका छन् । यो भनाइ राम्रो पनि हो । परन्तु कुनचाहिँ ग्रन्थलाई प्रामाणिक मानी दृक्सिद्ध पञ्चाङ्गको गणना गर्ने हो, सबैभन्दा पहिले सो कुराको टुङ्गो लाग्नुपर्छ । वि.सं. २०२० मा क्षयमास परेको हुनाले कुन महीनामा दशैँ गर्ने भन्ने खलबल उठेको थियो । सो खलबलको टुङ्गो लाउन दृग्गणितवादी र परम्परावादी ज्योतिषी तथा धर्मशास्त्रका पण्डितहरूको ठूलो सभा भएको थियो । सो सभामा दृग्गणितअनुसारको पञ्चाङ्ग गन्ने पुस्तक, सोको उपपत्ति तथा गणनाविधिको उदाहरणसमेत पहिले प्रकाश गराउनुपऱ्यो अनि मात्र तदनुरूप दृक्सिद्ध पञ्चाङ्ग विद्वज्जनग्राह्य हुन सक्छ भनी मैले भनेथेँ ।[१६] दृग्गणितवादीहरू आ-आफ्नो घर गए, म आफ्नो घरतिर लागेँ, कुरो त्यसै रह्यो ।

यति लामो गन्थनको तात्पर्य हाम्रो यतातिर आफ्नो कुरा उपपत्तिद्वारा सिद्ध गरी अरूको चित्त बुझाई काम गर्ने प्रवृत्तिभन्दा अरूलाई करकापमा पारी आफ्नो सिद्धान्त उसमाथि थोपरी बलात्कारपूर्वक आफ्नो अनुयायी बनाउने प्रवृत्ति बढी चलेको छ भन्ने हो ।

अब प्रकृत विषयतिर लागौँ ।

नियतिवश मेरो १½ वर्षको उमेरमै मेरो पितृवियोग भएको हुनाले म मावलीमा पालिएँ । मेरा मातामह रानीपोखरी संस्कृतपाठशालामा ज्यौतिष पढाउनुहुन्थ्यो । उहाँको कुल पनि ज्योतिषी थियो । उहाँका प्रतिपतामह दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे (वि.सं. १८१५-१८८८) त्रिस्कन्धज्यौतिष (सिद्धान्त, संहिता, होरा) का विशेषज्ञ, राजदरबारका ज्योतिषी तथा केही वर्ष जैसीकोठा (परराष्ट्रविभाग) का उच्च अधिकारीका रूपमा रहेका पुरुष थिए । आफ्ना मातामहको सङ्गतले नै म लक्ष्मीपतिसँग परिचित भएको हुँ ।

---

१६. वि.सं. २०१९ र २०२० मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित नयराज पन्तको विद्या-रक्षा १३, १४ र १५ सङ्ख्या
पूर्णिमा १५ पूर्णाङ्कका २८०-२८२ पृ.

धेरैजसो हिन्दू सिद्धान्तज्योतिषीहरू आफूले बनाएको ग्रन्थको उपपत्ति आफैँ दिँदैनन् ।[१७] भास्कर आफूले बनाएको सिद्धान्तशिरोमणिको उपपत्ति आफैँ दिन्छन् । त्यस्तो गर्ने नेपाली विद्वान्मा मैले लक्ष्मीपति पाँडेलाई मात्र देखेको छु । उनले आफूले बनाएको यो रत्नदीपको व्याख्या, उपपत्ति तथा उदाहरणसमेत आफैँले दिएका छन् । यहाँनेर भास्करको कक्षाका गणितज्ञ लक्ष्मीपति थिए भनी सिद्ध गर्ने उद्योगमा म लागेको होइन, तर लक्ष्मीपतिले जस्तो सोपपत्तिक ग्रन्थ लेख्ने काम अरू नेपाली ज्योतिषीले गरेको मैले देखेको छैन भन्नेसम्म मेरो अभिप्राय हो । यिनै कारणले गर्दा लक्ष्मीपतिसँग र विशेषतः उनको ग्रन्थ रत्नदीपसँग म आकृष्ट भएको हुँ ।

लक्ष्मीपतिका पुर्खा ज्योतिषी थिए भन्ने कुरा उनको लेखबाट बुझिन्छ ।[१८] तर उनीहरूले बनाएको कुनै ग्रन्थ हामीले देख्न पाएका छैनौँ । लक्ष्मीपतिले पनि मेरो पुर्खाले फलानाफलाना ग्रन्थ बनाएका थिए भनी लेखेको देखिएको छैन । लक्ष्मीपतिले एक ठाउँमा आफ्ना बाबुले 'बनाएको १ श्लोकको चर्चा गरेका छन् ।[१९]

श्री ५ पृथ्वीनारायण शाह विजिगीषु शासक थिए । श्री ५ पृथ्वीनारायण शाह ३६ वर्षका हुँदा, यिनको विजययात्रा चलिरहेकै समयमा गोरखामै लक्ष्मीपतिको जन्म भएको हो ।[२०] लक्ष्मीपतिले सोपपत्तिक ग्रन्थ लेख्ने प्रेरणा श्री ५ पृथ्वीनारायण शाहबाटै पाएका हुनन् । लक्ष्मीपतिले श्री ५ पृथ्वीनारायण शाहबाट प्रत्यक्षरूपमा प्रेरणा पाएका थिए वा थिएनन् भन्ने प्रमाण त मैले अहिलेसम्म पाइसकेको छैन, तर गोरखाली राजदरबारसँग पुख्र्यौली सम्बन्ध भएका लक्ष्मीपतिमा श्री ५ पृथ्वीनारायण शाहको विजिगीषाको छाप परेको थिएन भन्नचाहिँ सकिँदैन । श्री ५

---

१७. वि.सं. २०४६ मा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित नयराज पन्त (सहायक-देवीप्रसाद भण्डारी, रुक्मनाथ पौडेल)को हिन्दू सिद्धान्त ज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना (पहिलो भाग)का १-५७ पृ.

१८. वि.सं. २०२२ मा पूर्णिमा ७ पूर्णाङ्कमा छापिएको दिनेशराज पन्तको दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे भन्ने निबन्ध, सो अङ्कका ६२-६३ पृ.

१९. यसै ग्रन्थको १५७ पृ.

२०. पूर्णिमा ७ पूर्णाङ्कका ६६-६७ पृ.

पृथ्वीनारायण शाहका कान्छा छोरा राजकुमार बहादुर शाह[२१] बाबुजत्तिकै दूरदर्शी राजनीतिज्ञ त थिएनन्[२२] तापनि विजिगीषासम्पन्न पुरुष थिए । श्री ५ पृथ्वीनारायण शाहले अधकल्चो छोडेको काम राजकुमार बहादुर शाहले शासनको बागडोर सँभालेपछि निकै हदसम्म अघि बढेको थियो । यिनै राजकुमार बहादुर शाहका आश्रितका रूपमा लक्ष्मीपति थिए भन्ने प्रशस्त प्रमाण भेटिन्छन् ।[२३] यस कारण

---

२१. राजकुमार बहादुर शाहको जन्म वि.सं. १८१४ आषाढ ६ गते भएको हो (वि.सं. २०४१ मा पूर्णिमा ६४ पूर्णाङ्कमा छापिएको महेशराज पन्तको टिप्पनको पुस्तक भन्ने निबन्ध, सो अङ्कको २० पृष्ठ) । उनको मृत्युचाहिँ वि.सं. १८५४ आषाढ १४ गते भएको हो (वि.सं. २०२९ मा पूर्णिमा २७ पूर्णाङ्कमा छापिएको बाबुराम आचार्यको गोरखाविजयकालका घटना भन्ने निबन्ध, सो अङ्कको १७१ पृ.

२२. वि.सं. २०४५ मा काठमाडौँबाट प्रमुख संवाद सचिवालय राजदरबारद्वारा प्रकाशित रमझम २४ अङ्कमा छापिएको नयराज पन्तको राजकुमार बहादुर शाह र उनका आश्रित लक्ष्मीपति पाँडे भन्ने निबन्ध, सो अङ्कका ३-४ पृ.

२३. वि.सं. २०२२ मा पूर्णिमा ८ पूर्णाङ्कमा छापिएको दिनेशराज पन्तको दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे भन्ने निबन्ध, सो अङ्कको ३६ पृ.

श्री ५ रणबहादुर शाहको पालामा राजकुमार बहादुर शाहका आज्ञाले लक्ष्मीपतिले धूपघडी बनाएका थिए । त्यसमा यस्तो लेखिएको छ–

श्रीमद्राजाधिराजप्रवररणबहादूरदेवेष्टकृत्यै
कालज्ञानानुरूपं प्रचुरगुणबहादूरदेवाज्ञयेमम् ।
बुद्ध्वा सिद्धान्तसारं व्यरचयत घटीयन्त्रराजं विभाजं
भानोर्लक्ष्मीपतिः श्रीशिवचरणरतिर्विप्रवंशावतंसः ।।
सम्वत् १८४७ ज्येष्ठशुक्ले १५ शुभम्

(राष्ट्रिय सङ्ग्रहालयमा रहेको धूपघडीबाट)

[श्री ५ महाराजाधिराज रणबहादुर शाहको कामको निमित्त ठूला गुणी बहादुर शाहको आज्ञाले पशुपतिका पाउका भक्त ब्राह्मण लक्ष्मीपतिले सिद्धान्तको सार विचार गरीकन सूर्यबाट छुट्टिने समय बताउने यस यन्त्रराज घडी (धूपघडी)लाई वि.सं. १८४७ ज्येष्ठशुक्ल पूर्णिमामा बनाए ।]

लक्ष्मीपतिले विद्याक्षेत्रमा काम गर्ने प्रेरणा राजकुमार बहादुर शाहबाट पाएका हुन् भन्ने कुरामा सन्देह रहँदैन । यो ग्रन्थ (रत्नदीप) मैले राजकुमार बहादुर शाहको स्मृतिमा समर्पण गर्नुको मुख्य कारण पनि यही नै हो ।

लक्ष्मीपति आफ्ना सन्तान ज्यौतिषका विद्वान् बनून् भन्ने चाहन्थे, तर उनका साहिँला छोरा लीलानाथ पाँडे (वि.सं. १८४३-१८८९) बाहेक[२४] अरूले ज्यौतिषशास्त्रमा वा अरू कुनै शास्त्रमा पनि विशेष उल्लेखनीय काम गरेको थाहा छैन । उनका सन्तानमा मेरो मातामह पं. भुवनाथ पाँडे (वि.सं. १९२०-२०००) नै अन्तिम ज्योतिषी हुनुभयो भन्ने मलाई लाग्छ । उहाँको स्वर्गवास भएपछि सामान्य ज्यौतिषको काम उहाँका दौहित्र रामजी तेवारी (वि.सं. १९७३-२०४०) ले चलाइदिएका थिए ।

लक्ष्मीपतिले ज्यौतिषशास्त्रको पठनपाठन चलाउन ठूलो काम गरेका थिए । भुवननाथको हातबाट त्यस कामको अलिकता भागको रक्षासम्म भएथ्यो । रामजीले त्यसलाई निमिट्यान्न हुन दिएका थिएनन् । संक्षेपमा भन्ने हो भने लक्ष्मीपतिको पालामा ज्यौतिषशास्त्रको काम मैन्टेल जस्तो थियो, भुवननाथका पालामा लालटेन जस्तो भयो, रामजीको हात परेर पिलपिल बलेको टुकी जस्तो बन्न पुग्यो ।

पछि चन्द्रशमशेरले यस्तै धूपघडी बनाउन विदेशीलाई लगाएका थिए–

सन्‌डाइअल् याट् खाठ्मान्डु

इरेक्टेड् बाइ एच् एच् महाराज् मेजर् जेनेरल् सर् चन्द्रशमशेर् जङ्गबहादुर् राणा ... ए. डी. १९११ बार्कर् ... साइएन्‌टिफिक् इन्स्ट्रुमेन्ट् मेकर्स् ... लन्डन्

(काठमाडौँ घण्टाघरमनि रहेको धूपघडीबाट)

[श्री ३ महाराज चन्द्रशमशेर जङ्गबहादुर राणाबाट वि.सं. १९६८ मा तयार गराइएको बेलायतका विज्ञान विषयका यन्त्रनिर्माता बार्करले बनाएको काठमाडौँको धूपघडी यो हो ।]

(इतिहास–संशोधनको प्रमाणप्रमेयको उपोद्घातको ९पृ.)

२४. वि.सं. २०२४ मा पूर्णिमा १४ पूर्णाङ्कमा छापिएको दिनेशराज पन्तको राजज्योतिषी लीलानाथ पाँडे भन्ने निबन्ध ।

लक्ष्मीपतिले रत्नदीप ककसलाई पढाए वा पढाउँदै पढाएनन् भन्ने कुराको केही ज्ञान मलाई छैन ।

वि.सं. १९४४ मा पद्मनाभले सारेको रत्नदीपको मूल मात्रको पुस्तक[२५] पण्डित हर्षनाथ भट्टराईको सङ्ग्रहमा छ । त्यसको प्रतिच्छवि हाम्रो अनुरोधमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले उपलब्ध गराइदिएको छ । पद्मनाभ मेरा प्रपितामह हुन्, उनको मृत्यु वि.सं. १९८७ मा भएको हो, त्यतिखेर उनी ८९ वर्ष जतिका थिए भन्ने हर्षनाथको भनाइ छ । मैले हर्षनाथसँग पद्मनाभकहाँ रत्नदीप कसरी के नाताले पुग्यो होला भनी सोधेँ । राज्योतिषी धर्मदत्त ज्ञवाली पद्मनाभका सानाबा (आमाकी बहिनीका पति) हुन्, उनैबाट पद्मनाभले रत्नदीप पाएको हुनुपर्छ भनी हर्षनाथले भने । अहिलेभन्दा त्यस्तै ३० वर्षअगाडि बाबुराम आचार्यले लाऊ ! तिम्रा पुर्खाको पुस्तक लैजाऊ ! भनी श्रीप्रसाद पाँडे (लक्ष्मीपतिका नाति)ले सारेको तिथिचिन्तामणि (गणेश दैवज्ञले बनाएको ग्रन्थ) मलाई दिएका थिए ।[२६] हजूरले यो कहाँ फेला पार्नुभयो ? भन्ने मेरो प्रश्नको जवाफमा राजज्योतिषी रङ्गनाथ ज्ञवाली (धर्मदत्तका नाति) का नातिहरूकहाँबाट ल्याएको भनी उनले भनेका थिए । यताबाट श्रीप्रसाद पाँडे र धर्मदत्त ज्ञवालीका बीच केही सम्बन्ध

---

२५. उक्त पुस्तकको अन्त्यमा यस्तो लेखिएको छ–

श्रीशाके १८०९ माघकृष्ण २ रोज १ तद्दिने लिखितं पद्मनाभशर्मणा ।।

[शाके १८०९ (वि.सं. १९४४) माघकृष्ण द्वितीया आइतवारका दिन पद्मनाभ शर्माद्वारा सारियो ।]

यस दिनको गणना यस प्रकार छ–

वि.सं. १९४४ माघकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
पौष	१९	आइत	द्वितीया	१७ ।	१७

(पात्रोबाट)

२६. सो पुस्तकको अन्त्यमा यस्तो लेखिएको छ–
शाके १७८० श्रीप्रसादशर्मणा लिखितमिदं पुस्तकम् ।।
[शाके १७८० (वि.सं. १९१५) मा श्रीप्रसाद शर्माले सारेको पुस्तक हो ।]

थियो भन्ने देखिन्छ । मैले एक दिन श्रीगुरु माधवराम जोशीज्यूबाट धर्मदत्तलाई श्रीप्रसादले पढाएका हुन् भन्ने सुनेको थिएँ पनि । यताबाट श्रीप्रसाद र उनका चेला धर्मदत्तले पनि रत्नदीपको केही प्रचार गरेका रहेछन् भन्ने देखिन्छ ।

वि.सं. १९८७ तिर म रानीपोखरी संस्कृतपाठशालामा श्रीगुरु पण्डित हेमनाथ भट्टसँग ज्यौतिष पढ्थेँ । त्यहाँ एक दिन एक जनाले रत्नदीप ल्याएर भट्टगुरुसँग मलाई यो पढाइदिनुहोस्न भने । उहाँले १-२ श्लोक पढाइदिनुभयो र यो त भास्वती जस्तै पुस्तक पो रहेछ ! भन्नुभयो । ती विद्यार्थी फेरि आएनन् । यो कुरा मैले आफ्ना मातामहलाई सुनाई उहाँसँग रत्नदीप कसरी बाहिर गएछ भनी सोधेँ । "हाम्रो भीमसेनस्थानको घरमा पण्डित निरञ्जन डेरा गरी बस्नुभएको थियो, उहाँ पाठशालामा ज्यौतिष पढाउनुहुन्थ्यो, मैले पनि उहाँसँग केही पढेथेँ, उहाँलाई नयाँनयाँ ग्रन्थ प्रचार गर्ने इच्छा थियो, मैले उहाँलाई पनि रत्नदीप दिएको थिएँ, रत्नदीपका खडरा त पछि उहाँकै कोठामा छुटे, यस कारण पण्डित निरञ्जनबाट रत्नदीपको केही प्रचार भयो होला ! भनी मातामहले भन्नुभयो । मातामह आफूले पनि पाठशालामा ज्यौतिष पढाउँदा कुनै समय रत्नदीप पढाएको कुरा भन्नुहुन्थ्यो ।

वि.सं. १९७० मा योगप्रसाद शर्माले सारेको रत्नदीपको मूल मात्र पुस्तकको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयको रीलसङ्ख्या ई ३०४।१६, ई ३८८।१५ र ई ४१७।११ मा रहेको छ ।[२७] त्यहाँ सो पुस्तकको प्राप्तिस्थान चापागाउँ दिइएको छ । यताबाट रत्नदीपको केही प्रचार भएको देखिन्छ ।

---

२७. उक्त पुस्तकको अन्त्यमा यस्तो लेखिएको छ–
स्वस्ति श्रीविक्रमादित्यसंवत् १९७० श्रीशाके १८३५ वैशाखकृष्णैकादश्यां तिथौ शुक्रवासरे पूर्वभाद्रनक्षत्रे लिखितं पाठार्थं शुभम् । योगप्रसादशर्मणः ॥
[वि.सं. १९७० शाके १८३५ वैशाखकृष्ण एकादशी शुक्रवार पूर्वभाद्रनक्षात्र परेको दिन पढ्नको लागि सारियो, असल होस् । योगप्रसाद शर्माको ।]
यस दिनको गणना यस प्रकारको छ–
वि.सं. १९७० वैशाखकृष्ण (पूणान्तमानले)

	गते	वार	तिथि	घडी	पला	नक्षत्र	घडी पला
वैशाख	२०	शुक्र	एकादशी	६।	२७	पूर्वभाद्र	२०।१३

(पात्रोबाट)

मैले पनि रत्नदीप पढाउने उद्योग गरेँ; देवीप्रसाद भण्डारी, शङ्करमान राजवंशीहरूलाई पढाएँ पनि; तर विशेष उल्लेख्य काम केही भएन। पछि रामजीलाई पढाएँ। रत्नदीपलाई पहिलोपल्ट छापा रूपमा प्रकाश गराउने श्रेय रामजीलाई नै छ।

रामजी तेवारीले काम गरिदिएका हुनाले नै मैले वि.सं. २०३५ मा रत्नदीपको मूल भाग छपाउन सकेको थिएँ। पढ्न चाहने मानिसका लागि पढ्न सजिलो बनोस् भनेर रामजीले नेपाली भाषामा रत्नदीपको उदाहरणसहितको व्याख्या आदि बनाउने काम थालेका थिए र केही भाग पूर्णिमाका केही अङ्कमा छापिएका पनि थिए। रामजीको स्वर्गवास भएको पनि अहिले ७ वर्ष पुग्न लाग्यो। उनले गरिदिए जति काम गरिदिने मानिस पनि अहिले मेरा अगाडि कोही छैन। त्यस कारण माथि भनिएको पिलपिले टुकी पनि निभ्छ कि भन्ने आशङ्का मेरो मनमा परिरहेछ।

म यथाशक्ति आफ्नो समय पठनपाठनमा बिताउँछु। मलाई लल्ल, श्रीपति, भास्कर आदिका पदबन्धले विशेष आकृष्ट गर्छन्। पढ्दाखेरिमा चट्ट भाव बुझिने खालका पद्य कण्ठस्थ गर्न पाए हुन्थ्यो भन्ने मेरो चाहना छ। यसै चाहनाअनुरूप लक्ष्मीपतिका पद्यलाई प्रतिसंस्कृत गर्ने काम मैले गरेँ। यो काम मैले जुन उद्देश्यले गरेँ, यसमा म सफल भएँ वा भइनँ भन्ने कुरा अहिलेका वा पछि आउने परीक्षकहरूले ठोकुवा गरी भन्नेछन्।

यस ग्रन्थमा लक्ष्मीपतिकै हस्ताक्षरले लेखिएको लक्ष्मीपतिसङ्ग्रहमा रहेको पुस्तकबाट काम लिइएको छ। त्यस पुस्तकमा जम्मा १८७ पत्रमध्ये ३३ पत्र यो भागमा सम्पादित भई निस्किएका छन्। नेपाल राष्ट्रिय अभिलेखालयको पाँचौं २९६० सङ्ख्यामा रत्नदीपको व्याख्यासहितको पुस्तक रहेछ। हाम्रो अनुरोधमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले पाँच सय छयहत्तर रुपियाँ तिरी सोको प्रतिच्छवि उपलब्ध गराइदिएको छ। यो काम रुक्मनाथ पौडेलको जाँगरबाट सम्पन्न भयो। लक्ष्मीपतिसङ्ग्रहमा रहेको व्याख्यासहितको रत्नदीपकै प्रतिलिपि त्यो रहेछ। पद्मनाभले र योगप्रसादले सारेका मूल रत्नदीपको चर्चा माथि परिसकेको छ। यिनबाट विशेष लाभ नभए पनि केही सहायता त पाइयो नै।

म नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको सदस्य हुन पाएको र प्रज्ञा-प्रतिष्ठानले मलाई दुइ जना सहायक (देवीप्रसाद भण्डारी र रुक्मनाथ पौडेल) दिएकाले

उनीहरूको सहायताले रत्नदीपका पहिला र दोस्रा अधिकारलाई लक्ष्मीपतिकै व्याख्या, उपपत्ति र उदाहरण तथा तिनका विषयमा आफूले जानेबुझेसम्मका कुराहरू हाली यो ग्रन्थ प्रकाश गराउन अहिले म समर्थ भएको छु । यो पहिलो भागमा रत्नदीपका बारेमा रामजीले छपाएका जति सबै कुरा र मैले बनाएका पहिलो र दोस्रो अधिकारका प्रतिसंस्कृत रूप पनि परिशिष्टको रूपमा दिइएका छन् । रत्नदीपको बाँकी भाग पनि सम्पादित भई प्रकाश हुनेछन् । ती जम्मै प्रकाश भइसकेपछि रत्नदीपको ग्रन्थवैशिष्ट्य तथा गुणदोषको परीक्षा प्रकाश हुनेछ भन्ने मेरो विचार छ ।

देखापर्छन् रवि गगनमा चढ्दछन् माथिमाथि
झर्दै झर्दै तलतल कतै पुग्दछन्, पर्छ रात्रि ।
तारा हुन्छन्, उदित नभको हुन्छ शोभा विचित्र,
तारा लुक्छन्, दिनकर उनै आइपुग्छन् खुरुक्क ।।

सारा देख्छन् मनुज घटना नित्य आकाशको यो,
भन्छन् साधारण जनहरू यो त सामान्य नै हो ।
खोज्छन् केही बुधजनहरू दृश्यको तारतम्य,
यै हो पैलो ग्रहगणितको मूलको तारतम्य ।।

यस्तै चन्द्रप्रभृति खगको दृश्यको तारतम्य
हेर्दा बुझ्दा विकसित भयो गोलको तारतम्य ।
हाम्रा लक्ष्मीपति पनि थिए गोलविद्याप्रसक्त
हाम्रा केही जन पनि हुनन् गोलविद्याप्रसक्त ।।

यस्तो आशा मनबिच लिई ग्रन्थ यो सामु राख्छु
जान्नेलाई विनयवश भै बिन्ति केही म गर्छु ।
राम्रो जाँच्दै पदपद सबै ग्रन्थको होस् परीक्षा
बिस्तारै होस् यस मुलुकमा गोलविद्याप्रतिष्ठा ।।

वि.सं. २०४७ श्रावण २६ गते शुक्रवार

(वि.सं. २०४७ मा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित नयराज पन्त (सहायक- रामजी तेवारी, देवीप्रसाद भण्डारी, रुक्मनाथ पौडेल)को रत्नदीपको प्रस्तावनाका १-२० पृ.)

विश्रान्तिको प्रस्तावना

तिमी सुन्दै जाऊ विविध घटनाचक्र सब त्यो
जहाँ मेरो धेरै तरुण वय वा जीवन बित्यो ।।

कविशिरोमणि लेखनाथ पौड्याल
(वि.सं. १९४१-२०२२)

म पाँच वर्षको भएपछि (वि.सं. १९७५ देखि) मेरा मातामह पण्डित भुवननाथ पाँडे (वि.सं. १९२०-२०००)को कोठामा सुत्न तथा बस्न लागेँ । म जन्मनुभन्दा १० वर्षअगाडि (वि.सं. १९६० मा) नै मेरी मातामही चन्द्रप्रभा स्वर्गे भइसक्नुभएको हुनाले कोठामा प्राय: मातामह र म मात्र हुन्थ्यौँ । त्यसै वेलादेखि मातामह मैले बुझ्न सक्ने खालका कुराहरू मलाई सुनाउने गर्नुहुन्थ्यो ।[1]

तिनताका मातामह रानीपोखरी संस्कृतपाठशालामा ज्यौतिष पढाउनुहुन्थ्यो । उहाँ मलाई हातले समाती डोऱ्याउँदै पाठशाला लैजानुहुथ्यो । म पाठशालामा अमरकोश पढ्थेँ, अथवा भनौँ अक्षर चिन्ने गर्थें । यसै गरी दुइ अढाइ वर्ष बिते ।

वि.सं. १९७७ मा मातामह नारायणहिटी राजदरबारमा पढाउने पण्डितको रूपमा सरुवा हुनुभयो । म कुमारीचोक भाषापाठशालामा गुरु पण्डित कविराज पाँडे (वि.सं. १९५८-१९९९)सँग हिसाब पढ्न गएँ । गद्दीबैठकको दक्षिणपट्टि सडकपारि कुमारीको घरसँग पूर्वपट्टि जोडिएर रहेको दरबार जस्तो ठूलो घरमा त्यो भाषापाठशाला रहेको थियो । वि.सं. १९९० को महाभूकम्पमा त्यो ठूलो घर भत्कियो, त्यो ठाउँ अहिले मैदान बनेको छ ।

---

१. इतिहास-संशोधनको प्रमाण-प्रमेयको उपोद्घातका १४-२० पृ.
पूर्णिमा २५ पूर्णाङ्कका ३९-५५ पृ.
पूर्णिमा २७ पूर्णाङ्कका १२७ पृ.
पूर्णिमा २८ पूर्णाङ्कका १८९, २११-२१३, २१७-२१८ पृ.
पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीतिका ७-२० पृ.

मातामह राजदरबारमा श्री ५ त्रिभुवन (वि.सं. १९६३-२०११) का बडामहारानीहरूलाई पढाउन नियुक्त हुनुभएछ। त्यहाँ शिक्षा (तिनताका दरबार हाईस्कूलमा नियत भएको संस्कृत पाठ्यपुस्तक) तथा गणित पढाउनुपर्ने रहेछ। आफूले गर्नुपर्ने काम राम्रोसँग परिश्रमपूर्वक गर्ने मातामहको स्वभाव थियो। शिक्षाको पुस्तक घरमा थिएन, बजारबाट किनेर ल्याई मातामह त्यो पुस्तक हेर्न थाल्नुभयो। शिक्षाका जम्मा ३ भाग रहेछन्। यसपछि (कति कालपछि हो, अहिले मलाई सम्झना छैन) राजदरबारमा चाणक्यनीतिदर्पण पढाउनुपर्ने भएछ। त्यो पुस्तक पनि मातामह हेर्न थाल्नुभयो। यसपछि त्यहाँ ज्यौतिष पनि पढाउनुपर्ने भएछ। शिक्षा, चाणक्यनीतिदर्पण, गणित (व्यक्तचन्द्रिका, गणितचन्द्रचन्द्रिका आदि) का पुस्तक त छापा नै थिए, ज्यौतिष विषयको त्यस्तो छापा पुस्तक थिएन। ज्यौतिषशास्त्रका विभिन्न ग्रन्थका पात्रो हेर्ने र साइत हेर्ने विषयका श्लोकको सङ्ग्रह गरी, प्रकरणप्रकरण छुट्ट्याई, ती श्लोकको नेपालीमा अर्थसमेत गरी मातामहले एउटा सङ्ग्रह तयार पार्नुभयो तथा त्यसका २ प्रति साफी गराई एक प्रति श्री ५ जेठाबडामहारानीलाई र अर्को प्रति श्री ५ कान्छाबडामहारानीलाई चढाउनुभयो। मातामहले आफ्नै हातले नेपाली कागतमा लेखी सङ्ग्रह गर्नुभएको त्यो ग्रन्थ लक्ष्मीपतिसङ्ग्रहमा छ। त्यसमा भएका जम्मै श्लोक अरूअरू ग्रन्थबाट उद्धृत गरिएका हुन्। मङ्गलाचरणचाहिँ मातामहले आफैँले बनाउनुभएको हो। सो यस प्रकार छ–

गणाधिपं नमस्कृत्य गुरुपादाब्जयुग्मकम्।
क्रियते बालबोधाय ज्योतिःशास्त्रस्य सङ्ग्रहः ॥

यो श्लोक बनाएर मलाई सुनाइसकेपछि मातामहले अर्को कुनै पुस्तकको योभन्दा अर्कै छन्दको एउटा श्लोक देखाउँदै भन्नुभयो– हेर् त, यस्तो श्लोक बनाउन खोजेको, राम्रो बनेन।

"आजभोलि कल्ले त्यस्तो श्लोक बनाउन सक्ला र ? भन्ने मेरो प्रश्नको[२] जवाफ दिँदै मातामहले भन्नुभयो– किन सक्तैनन्, सोमनाथ (हेडपण्डित सोमनाथ सिग्द्याल) हरू राम्राराम्रा श्लोक बनाउँछन्।

---

२. उहिले उहिले सब कुरा बढिया थियो, अचेल जुनसुकै कुरा पनि घटिया हुँदै गयो, नाशै भयो। भन्ने कुरा हाम्रो यताका मानिसहरू प्रायः भन्ने गर्छन्। मैले पनि अन्यत्र यस्तैयस्ता कुरा सुन्ने गरेको थिएँ र मातामहसँग यस्तो प्रश्न गरेको हुँ।

मातामहसँग यस्तो वार्तालाप हुँदा मेरो उमेर १०-११ वर्षको थियो। यी कुराबाट श्लोक बनाउने केही नियम हुँदा रहेछन्, ती नियम सोमनाथहरू राम्रो जान्नुहुँदो रहेछ भन्ने कुरा मेरो मनमा चढ्यो।[३]

वि.सं. १९८३-१९८४ तिर स्रेस्तापाठशालामा पढ्दा साथी टुकराज मिश्रसँग मेरो बढ्ता हिमचिम भयो। उहाँलाई श्लोक बनाउन आउँदो रहेछ। आफूले बनाएका श्लोक उहाँ हामीलाई रस मानीमानी सुनाउने गर्नुहुन्थ्यो। तीमध्येको एउटा श्लोकको एउटा पाउ मलाई अझै पनि कण्ठस्थ छ–

पापिष्ठ कुख्रा अझ बासदै छ।

टुकराज मिश्रकै सङ्गतले मैले पनि केही श्लोक बनाउन थालें। यसरी आफ्नो १३।१४ वर्षको उमेरदेखि मैले श्लोक बनाउन शुरू गरेको हुँ।

वि.सं. १९८५ देखि रानीपोखरी संस्कृतपाठशालामा श्रीगुरु पण्डित बाबुराम पोखरेल (वि.सं. १९२९-१९८८)सँग म **लघुकौमुदी** पढ्न लागें।[४] गुरुले राम्ररी पढाइदिनुभएको र आफूले पनि निकै परिश्रम गरी पढेको हुनाले ३ वर्षको पाठ्यपुस्तक **लघुकौमुदी** २ वर्षमै पढिसक्न म समर्थ भएँ। वि.सं. १९८५ कै अन्त्यतिर श्रीगुरु देवीदत्त पराजुलीसँग अनुवाद पढ्ने क्रममा उहाँकै **रचनाचन्द्रोदय** पढ्न थालेको थिएँ। वि.सं. १९८६ को मार्गमा हुने प्रथमा परीक्षामा म पनि बस्ने निधो भयो। यो निधो पनि अलि ढिलो (वि.सं. १९८६ को ज्येष्ठ-आषाढतिर मात्र) भयो। प्रथमा परीक्षामा श्रुतबोध र रघुवंशको चतुर्थ सर्ग पढ्नुपर्थ्यो। यी दुवै ग्रन्थ पाठशालामा काव्यगुरुका नामले प्रख्यात हुनुभएका श्रीगुरु देवीदत्त पराजुली पढाउनुहुन्थ्यो। म उहाँकहीं पढ्न गएँ। त्यहाँ रघुवंशको पाठ त भेट्टाएँ,

---

३. वि.सं. १९७७ देखि १९९० सम्म मातामह राजदरबारमा पढाउने पण्डितको रूपमा बहाल रहनुभयो। त्यस अवधिमा उहाँले श्री ५ बडामहारानीहरू, श्री ५ अधिराजकुमारीहरू, श्री ५ युवराजाधिराज र श्री ५ अधिराजकुमारहरूलाई पढाउनुभयो। राजदरबारमा पढाएका कुरा मातामह प्रायः मलाई सुनाइरहने गर्नुहुन्थ्यो। यो निबन्धसँग ती कुराको सम्बन्ध नभएकोले यहाँ तिनको उल्लेख गरिरहनु निष्प्रयोजन छ।

४. पूर्णिमा २८ पूर्णाङ्कको १९० पृ.
पूर्णिमा ८१ पूर्णाङ्कको ४ पृ.

श्रुतबोधको पढाइ सिद्धिइसकेको रहेछ । मलाई श्रुतबोध पढाइदिनुहोस् भनी मैले श्रीगुरुसँग भन्न सकिनँ, उहाँले पनि श्रुतबोध पढ्नुपर्छ, आऊ म पढाइदिन्छु भनी भन्नुभएन । परीक्षा त दिनैपर्थ्यो, म त्यसै बिलखबन्दमा परेँ । साथी मुक्तिनाथ लुइँटेलले श्रुतबोध केही गाह्रो छैन, मै सिकाइदिउँला भन्नुभयो र गणहरूबारेका केही कुरा सिकाइदिनुभयो पनि । यसरी वि.सं. १९८६ को प्रथम परीक्षा दिएँ तथा तेस्रो भई उत्तीर्ण पनि भएँ ।

वि.सं. १९८६ को मीनपचासमा[५] बाबुराम गुरुसँग अरू बढी व्याकरण पढाइदिन अनुरोध गर्दा पहिले मध्यकौमुदी पढ, त्यसपछि म काशिका पढाइदिउँला भन्नुभयो र म पनि मध्यकौमुदी पढ्न लागेँ । यसै गरी देवीदत्त गुरुसँग काव्य पढाइदिन अनुरोध गरेँ । उहाँले म तिमीलाई सम्पूर्ण रघुवंश पढाइदिउँला, तर पहिले अमरकोश नै कण्ठस्थ पार भन्नुभयो र मेरो रचनाचन्द्रोदय त पढी नै सक्यौ मैले बनाएका व्याकरणचन्द्रिकाहरू[६] पनि हेर्ने अभ्यास गर, बुझेको बुझिहाल्यौ, नबुझेको मसँग सोध्ने गर, म बताइदिन्छु भनी भन्नुभयो । वि.सं. १९८६ को हिउँदपछि वि.सं. १९८७ भरको समय मध्यकौमुदी र अमरकोश पढ्दैमा बित्यो ।

वि.सं. १९८८ मा म ज्यौतिषमा मध्यमा परीक्षा दिने भएँ । मध्यमाका लागि काव्यमा रघुवंशका ६-१० सर्ग र किरातार्जुनीयका १-३ सर्ग पढ्नुपर्थ्यो ।

---

५. हिउँदका जाडा दिनहरूमा मार्ग महीनाको अन्त्यका १० दिन, पौष महीनाका पूरै दिन र माघको शुरूका १० दिन गरी जम्मा ५० दिन ज्यादा जाडो हुने मानिन्छन् । यी दिनमा पानीमा बस्ने माछोले पनि ठण्डीको अनुभव गर्छ भनिन्छ । त्यसैले हिउँदका यी ५० दिनलाई मीनपचास भनिन्छ ।
जङ्गबहादुरले आफ्ना छोराहरूलाई अङ्ग्रेजी पढाउन कलकत्ताबाट अङ्ग्रेज बङ्गाली अध्यापकहरूलाई काठमाडौँ ल्याएका थिए । तिनीहरूलाई काठमाडौँको ठण्डी ज्यादै असह्य हुने हुनाले जङ्गबहादुरले तिनीहरूलाई मीनपचासमा कलकत्ता जाने प्रबन्ध मिलाइदिएका थिए । श्री ३ रणोद्दीपले अङ्ग्रेजी स्कूलसँगै संस्कृतपाठशाला पनि खोलेपछि ती पाठशालाहरूमा हिउँदमा दिइने छुट्टीको नाम नै मीनपचास रहन गयो । पछि श्री ३ चन्द्रको पालामा पाठशालाहरूमा दिइने बिदा ६० दिनको भयो तापनि नामचाहिँ मीनपचास नै रहिरह्यो ।
मलाई यी कुरा माताम ाले सुनाउनुभएको हो ।

६. व्याकरणचन्द्रिकाका ३ भाग तथा रचनाचन्द्रिका ।

पाठशालामा रघुवंश पढाउने अभिभारा देवीदत्त गुरुमा थियो । देवीदत्त गुरुले रघुवंशका ती ५ सर्ग र अरू सर्ग पनि पढाइदिनुभयो । किरातार्जुनीय पढाउने जिम्मा पण्डित कालिदास पराजुलीको थियो तापनि मैले देवीदत्त गुरुसँग सो पढाइदिन अनुरोध गरेँ । उहाँले पनि घरमा पढ्न आएमा पढाइदिने कुरा गर्नुभयो । तिनताका देवीदत्त गुरु वटु चिरंबहालमा डेरा गरी बस्नुभएको थियो । हाम्रो घर (मामाघर) बाट त्यहाँ पुग्न ५ मिनेट पनि लाग्दैनथ्यो । बेलुका ७-८ बजेतिर म त्यहाँ जान्थेँ र देवीदत्त गुरुसँग पढ्थेँ ।

एक दिन पढ्न जाँदा देवीदत्त गुरु खिन्न मनले आफ्नो खुट्टामा तेल घस्दै हुनुहुँदो रहेछ । कोठामा अरू कोही थिएन । गुरुलाई के भयो ? भनी मैले सोध्दा खुट्टा करकर खाइरहेछ भनी भन्नुभयो । तेलको कचौरा र निभ्ननिभ्न आँटेको मकल त्यहीँ थिए । आगो फुकेर आफ्ना हात तताएँ र दुवै हातले देवीदत्त गुरुका पाउमा तात्तातो तेलको मालिस गर्न थालेँ । आधा घण्टा जति पाउ मिचेपछि, अहिले त करकर गर्न निकै कम भयो, आजको लागि पुग्यो भनी गुरुले भन्नुभयो र साहित्यका कुरा निकाल्नुभयो । साहित्यको रचनामा अभिधाबाट एक थरी अर्थ निस्कन्छ तापनि कुनैकुनै रचनामा व्यञ्जनाबाट आउने अर्थ त्यसको ठीक विपरीत हुने हुन्छ भन्ने कुरा सम्झाउँदै गुरुले यो श्लोक सुनाउनुभयो–

निःशेषच्युतचन्दनं स्तनतटं निर्मृष्टरागोऽधरो
नेत्रे दूरमनञ्जने पुलकिता तन्वी तवेयं तनुः ।
मिथ्यावादिनि दूति बान्धवजनस्याऽज्ञातपीडागमे
वापीं स्नातुमितो गतासि न पुनस्तस्याऽधमस्याऽन्तिकम् ।।

(साहित्यदर्पण दोस्रो परिच्छेद)

यस श्लोकमा नायिकाले आफ्नी सहायिकालाई तिमी त त्यो अधम (बदमास) कहाँ गएकी रहिनछौ, नुहाउन पो गएकी रहिछौ, मलाई खालि ढाँट्यौ भनेर भनिन् भन्ने अर्थ अभिधाबाट आउँछ; तर यहाँ नायिकाले नायकको लागि अधम (बदमास) भन्ने विशेषण लगाएकी हुनाले त्यताबाट र अरू पदबाट पनि तिमी आफैँ त्यो (बदमास)सँग लसपस गरी आएकी पो रहिछौ भनेर नायिकाले सहायिकालाई भनिन् भन्ने अर्थ निस्कन्छ र योचाहिँ अर्थ व्यञ्जनाबाट आएको हो

भनेर गुरुले निकै लामो व्याख्या सुनाउनुभयो । यसै दिनदेखि देवीदत्त गुरु बराबर साहित्य विषयका कुरा सुनाउन थाल्नुभयो । उहाँलाई साहित्यदर्पण तथा काव्यप्रकाशका निकै श्लोक कण्ठस्थ थिए ।

वि.सं. १९८६ तिरै मेरो हातमा कवि बालकृष्ण शमशेर (वि.सं. १९५९-२०३८) को मुटुको व्यथा पऱ्यो । व्याकरणअनुसार लेख्ने कविजीको प्रवृत्तिले म अत्यन्त प्रभावित भएँ । त्यसै गरी लेखहरू लेख्न सके त बढिया हुँदो हो भन्ने भाव मेरो मनमा उठ्यो ।

वि.सं. १९८७-१९८८ मा बाबुराम गुरु र देवीदत्त गुरुकहाँ पढ्दा साथी लक्ष्मीप्रसाद पोखरेलसँग मेरो सम्बन्ध बढ्यो । उहाँको सुरिलो गला, कुरा गर्ने शैली र कविताले म बढी प्रभावित भएँ । लक्ष्मीप्रसादजी बराबर मलाई आफ्ना कविता सुनाउने गर्नुहुन्थ्यो । तीमध्ये एउटा सिङ्गो श्लोक र अर्कोका दुइ पाउ मलाई मलाई अझै कठस्थ छन्–

शिशिरमा शिरमा गगरी धरी
गइ नुहाइवरीकन झट् गरी ।
जब फिरिन् घरमा अति ठण्डि भो
मकलमा कल मात्र हुन्या भयो ।।
फुलको धनु हातमा छईन
रतिको यी पति हून्नुपर्दईन ।

ज्यौतिषमा मध्यमाको परीक्षा दिएपछि वि.सं. १९८९ लाग्दा नलाग्दा अरू काव्य पढाइदिनुहोस् भन्न म देवीदत्त गुरुकहाँ पुगेँ । त्यस दिन गुरुले यी कुरा भन्नुभयो-

हेर तिमीले मध्यकौमुदी,अमरकोश, रघुवंश पढिसक्यौ, म साहित्यका अरू ग्रन्थ पनि पढाइदिउँला, परन्तु घोक्नेभन्दा बढी लेँख्ने काम गर । खाली घोक्ने, तर लेखचाहिँ नलेख्ने हो भने त्यो घोकाइ कामलाग्दो हुँदैन । हाम्रा गुरु महामहोपाध्याय पण्डित गङ्गाधर शास्त्री (वि.सं. १९१०-१९७०) ले एक दिन हामीहरूको परीक्षा लिनुभयो । कुलचन्द्र दिनका दिन लेख्ने गर्दथे, त्यसैले होला, उनका कवितालाई गुरुले प्रथम श्रेणीमा पार्नुभयो । लेख्न त हामी पनि लेख्ने

गर्थ्यौं, परन्तु कुलचन्द्रको जस्तो लेखाइ हाम्रो हुन सकेन र हाम्रा कविता द्वितीय श्रेणीमा परे । एक जना गुरुका चेला व्याकरणाचार्य हुन लागेका थिए । उनी सधैँ घोक्थे मात्र, कहिल्यै लेख्दैनथे । उनका लेखमा व्याकरण विषयकै अशुद्धि पर्न गएछन् । गुरुले तिनका दोष औँल्याउँदै तिनलाई साफ गाली गर्नुभयो । यस कारण तिमी दिनका दिन लेख लेखेर मलाई देखाउने गर, म हेरिदिउँला ।

देवीदत्त गुरुका यिनै प्रेरणाले म केही लेख्न सक्ने भएको हुँ । श्रीगुरु प्रधान पण्डित (पछि पण्डितराज) सोमनाथ सिग्द्यालले पनि मलाई लेख्ने अभ्यास गराइदिनुभई केही काव्य र साहित्यका केही ग्रन्थ पढाइदिनुभएको छ ।[७]

वि.सं. १९९१ मा काशिकराजकीय-संस्कृतपाठशालाबाट अमरभारतीनामक संस्कृत पत्रिका निस्क्यो । त्यसमा मेरो एउटा श्लोक छापिएको छ । छापाको रूपमा आएको मेरो पहिलो लेख यही हो–

पद्मकासारलक्ष्मीस्त्वया नाशिता
जाड्ययुक्ताः कृता भारतीयाः प्रजाः ।
नीचतां प्रापितो भानुमाँस्तद्वसु
संहृतं दुष्ट हेमन्त मन्तुर्न ते ॥

वि.सं. १९९२ को अन्त्यतिर काशीमै मलाई आउँरगतको रोगले समात्यो । काठमाडौँ आएर पनि म ३-४ महीना थलिएँ । पुस्तक पढ्न नसक्ने भएँ । मन त खाली रहँदैन । त्यसै वेला मैले लेखनाथको बुद्धिविनोद-प्रश्नावलीको उत्तर बनाएँ । पछि वि.सं. १९९६ मा सो उत्तर साफी गरेर कविजीलाई देखाएँ । ८ वर्षको यताउताको संशोधनपछि वि.सं. २००४ मा कविजीले सो उत्तर छाप्ने स्वीकृति दिनुभयो । कविजीको यो दीर्घसूत्री संसर्गले मलाई केही लाभ नै भयो भन्ने म सम्झन्छु । किनभने त्यसपछि जथाभावी पद हालेर वृत्तपूर्ति गर्ने कुप्रवृत्ति ममा केही कम भएको छ ।[८]

---

७. पूर्णिमा २८ पूर्णाङ्कका १९१-१९३ पृ.
८. बुद्धिविनोद प्रश्नावली र त्यसको उत्तरको दोस्रो संस्करणमा छापिएको बुद्धिविनोदसँग मेरो सम्बन्ध भन्ने निबन्ध ।

वि.सं. १९९६ मा कवि सिद्धिचरण श्रेष्ठ (वि.सं. १९६९-२०४९) को सौजन्यबाट शारदा पत्रिकामा मेरो केही कविता छापिए । यसै वर्ष बर्खामा मेरो मनमा अत्यन्त आघात पर्ने एउटा घटना घट्यो– दाइ (मातृष्वसेय)[९] इन्दिराप्रसाद पन्त (वि.सं. १९६७-१९९६) दिवंगत हुनुभयो । उहाँ कलकत्ता विश्वविद्यालयबाट तुलनात्मक भाषाविज्ञानमा एम्.ए. परीक्षामा उत्तीर्ण हुनुभएको थियो । उहाँले बडौदामा गई अन्वेषण विषयको केही अध्ययन पनि गर्नुभएको थियो । भाषाविज्ञान मैले पढेको विषय होइन, दाइकै मुखबाट मैले त्यस विषयका केही कुरा सुनेका छु । दाइ इन्दिराप्रसादले आफूले त्रिचन्द्र कलेजमा पढ्दै गरेको कवि शेक्सपीयरको किङ् रिचाई् द सेक्अन्ड् (राजा द्वितीय रिचार्ड) नाम अङ्ग्रेजी नाटक मलाई पढाइदिनुभएको थियो । त्यताबाटै शेक्सपीयरको साहित्यमा मेरो अलिकता चञ्चुप्रवेश भएको हो । हुन त यसअघि वि.सं. १९८१ देखि १९८४ सम्म मेरो मामा माष्टर मेरुनाथ पाँडे (वि.सं. १९५८-२०३८)[१०] का साथी पण्डित श्रीतीर्थप्रसाद नेपालले मलाई मेरो मामाको लिहाजले निःशुल्क अङ्ग्रेजी पढाइदिनुभएको थियो । काशीमा काशिक-राजकीय-संस्कृतपाठशालामा पढ्दा श्रीगुरु गणपतिदेवसँग स्वेच्छाले अङ्ग्रेजीका केही पाठ्यपुस्तक पढेथेँ । पढेको कुरा अड्याउन जति अभ्यास गर्नुपर्थ्यो, त्यति अभ्यास मैले पुऱ्याउन सकिनँ र मेरो मनमा अङ्ग्रेजी भाषाको प्रामाणिक व्याकरण चढ्न सकेन । यो कुनै नौलो कुरा पनि होइन–

अनभ्यासे विषं विद्या, अजीर्णे भोजनं विषम् ।
विषं सभा दरिद्रस्य, वृद्धस्य तरुणी विषम् ॥

(सुभाषित)

[अभ्यास नगरे विद्या विष हुन्छ, अजीर्ण हुँदा भोजन विष हुन्छ, गरीबका लागि सभा विष हुन्छ, वृद्धका लागि तरुनी विष हुन्छे ।]

मममा अङ्ग्रेजी व्याकरणको ज्ञान नभएको र अङ्ग्रेजी बोल्नेहरूको समाजमा मेरो सहवास नभएकोले पनि म शुद्ध रूपमा अङ्ग्रेजी लेख्न र बोल्न सक्तिनँ ।

---

९. मातृष्वसेय = सानीमा वा ठूली आमाका छोरा ।
मेरी आमा यज्ञप्रिया (वि.सं. १९४५-२०२३) आफ्ना चार दिदीबहिनीमा माहिली हुनुहुन्थ्यो । दाइ इन्दिराप्रसाद साहिँली सानीमाका छोरा हुनुहुन्थ्यो । भाइ रामजी तेवारी कान्छी सानीमाका छोरा थिए ।

१०. पूर्णिमा ८१ पूर्णाङ्कको ३ पृ.

केही गरी मैले त्यस्तो काम गरें भने म मेरो आमाले भात खायो भनी नेपाली बोल्ने मान्छे जस्तै उपहासको पात्र हुनेछु भन्ने कुरो मेरो मनमा खेलिरहन्छ ।[११]

दाइ इन्दिराप्रसादको वियोगले विह्वल भई मैले प्रतिदिन जस्तो कविता कोर्न थालें । परन्तु ती सबै प्रकाशमा ल्याउनचाहिँ मैले सकिनँ ।

वि.सं. २००० को पौष महीनामा मातामहको ८० वर्ष ३ महीनाको उमेरमा स्वर्गवास भयो ।[१२] उहाँको जीवनका मैले जानेबुझेसम्मका यथार्थ घटनाको साङ्गोपाङ्ग मिलाई आशौचकै दिनमा मैले उहाँको जीवनी (नेपाली गद्यमा) तयार पारें, परन्तु सो जीवनी प्रकाश गराउन अहिलेसम्म म असमर्थ नै छु ।

हाम्रो यता वर्तमान कालमा प्रचलित शिक्षापद्धति निरुद्देश्य छ, यस्तो किसिमको शिक्षाले मानिसहरूलाई अकर्मण्य मात्र बनाउँछ, विद्वान् बनाउन सक्तैन भन्ने कुरा मेरो मनमा दृढ भई जमेको छ । मेरो यस्तो विचार हाम्रो यताका मानिसका लागि रुचिकर हुन सकेको छैन । यस कारण मेरो अध्यापनपद्धतिसँग असहमति राख्ने मानिस प्रशस्त छन् । मैले मेरा दुइटै छोरा महेश तथा दिनेशलाई आफ्नै अध्यापनपद्धतिमा हुर्काएँ । जेठो छोरो महेशलाई त मैले नै यो पद्धतिमा लगाएको हुँ, परन्तु बिस्तारै मेरो काम लोकको रुचिकर हुँदो रहेनछ भन्ने अनुभव हुँदै गएपछि[१३] जो पायो उसैलाई आफ्नो अध्यापनपद्धतिमा लगाउने काम छाडें

---

११. यस विषयमा एउटा कथाको सम्झना आयो । कथा यस्तो छ–
कुनै दिन श्री ३ चन्द्रशमशेर सधैँ झैँ बग्गी चढी टुँडिखेल घुम्दै थिए । उनका साथमा बडागुरुज्यू तर्कराज पनि थिए । नेपाल आएका कुनै विदेशी विद्वान्सँग त्यस दिन टुँडिखेलमै चन्द्रशमशेरको भेट भयो । एकसरो शिष्टाचारको वार्तालाप सकेपछि ती विद्वान्सँग श्री ३ चन्द्रले बडागुरुज्यूको परिचय गराइदिए । ती विद्वान्ले डू यू नो इङ्ग्लिश् ? भनी बडागुरुज्यूलाई प्रश्न गर्दा उनले स्मल् स्मल् भनी जबाफ दिए । ती विद्वान् आफ्नो बाटो लागे, श्री ३ चन्द्रको बग्गी सिंहदरबारतिर लाग्यो । त्यहाँ त श्री ३ चन्द्रले बडागुरुज्यूसँग केही बोलेका थिएनन्, दरबार पुगेपछि आफूले नजानेको विषयमा किन बोल्नुपर्थ्यो ? यसरी मेरो बेइज्जती गर्ने ? भनी साफ झपारे ।
मैले यो कुरा सरदार रुद्रराज पाँडेबाट सुनेको हुँ ।

१२. पूर्णिमा २७ पूर्णाङ्कका १२८-१२९ पृ.
पूर्णिमा ७९ पूर्णाङ्कको ४५ पृ.

१३. पूर्णिमा २७ पूर्णाङ्कका १३८-१३९ पृ.

तथा यो पद्धतिको पाठ्यक्रम र यो पढाइ स्वीकार गर्नेहरूले पालना गर्नुपर्ने नियम बनाएँ । कान्छो छोरो दिनेशले उनको १० वर्षको उमेरमा (वि.सं २०१६ मा) मैले बनाएको नियम एक प्रति आफैँले सारी, सो स्वीकारसमेत गरी प्रवेश गरे । त्यसपछि मेरो पढाइ पढ्न कोही पनि आएको छैन । हुन त मैले यो पद्धतिको प्रारम्भ वि.सं. १९९७ मा गरेको हुँ । यस पद्धतिको पहिलो विद्यार्थी मेरा मामाका जेठा छोरा चन्द्रनाथ (वि.सं. १९८७-२००३) हुन् । उनको पढाइको विचार गरेर नै मेरा केही इष्टमित्रले आफ्ना मान्छेहरूलाई मेरो अध्यापनपद्धतिमा प्रवेश गराएका हुन् ।[१४]

रोगले ४।५ महीना थलिई, १६ वर्ष पनि नपुग्दै, वि.सं. २००३ को श्रावणमा चन्द्रनाथको मृत्यु भयो । यो घटनाले मेरो मनमा ज्यादै ठूलो आघात पाऱ्यो, मेरो अध्यापनपद्धतिको पनि त्यसै वेला जरै भाँचिए जस्तो भयो । चन्द्रनाथको आशौचकै दिनमा मैले एउटा शोककाव्य (नेपाली पद्यमा) लेखेको थिएँ । त्यसलाई पनि अझैसम्म प्रकाश गराउन सकेको छैन । त्यसपछि पनि आफ्नो लेख्ने पढ्ने काम चलाई नै रहेँ, केही लेख प्रकाश पनि भए । पढाइकै सिलसिलामा केही विद्यार्थी मकहाँ बटुलिए र तिनीहरूद्वारा मैले इतिहास-संशोधन चलाएँ ।[१५]

म स्वभावतः एकोहोरो प्रवृत्तिको मानिस हुँ। मेरी गृहिणी बुधकुमारी (वि.सं. १९७१-२०११) को मृत्यु भएपछि[१६] मेरो जीवन झन्झन् एकान्तप्रिय हुँदै गयो । उनको आशौचका दिनमा मैले एउटा शोककाव्य (संस्कृत पद्यमा) लेखेको थिएँ, त्यो जयतु संस्कृतम्का १३-१४ अङ्कमा छापिएको छ । यसपछि क्रमशः आँखा कमजोर हुँदै गए, राति पढ्न नसक्ने भएँ । पढेका कुरा उध्रने र पद्यहरू रचना गरी भडेरायउके अक्षरमा खेस्रा गर्ने काममै रातका धेरै समय बित्न थाले ।

वि.सं. २०२३ आषाढ २३ गते मेरी आमा यज्ञप्रियाको ७८ वर्षको उमेरमा देहावसान भयो । उहाँको आशौचका दिनमा एउटा शोककाव्य (नेपाली पद्यमा) तयार पारेको थिएँ, त्यो पूर्णिमा १० पूर्णाङ्कमा छापिएको छ ।

---

१४. लिच्छविसंवत्को निर्णय, उपोद्घातको १९ पृ.

१५. इतिहास-संशोधनको प्रमाणप्रमेय, उपोद्घातका १-१० पृ.
लिच्छविसंवत्को निर्णय, उपोद्घातका ११-१२ पृ.

१६. पूर्णिमा २४ पूर्णाङ्कको ३१४ पृ.

वि.सं. २०४० को भाद्रमा रामजी तेवारी (वि.सं. १९७३-२०४०) पनि बिते । उनी प्रतिदिन रातको एक घण्टा जति समय मेरो अगाडि बसी बृहज्जातक, मुहूर्तचिन्तामणि, रत्नदीप, ज्योतिर्गणित, इतिहास-संशोधनहरू पालैपालो उध्रने गर्थे । उनले मैले सुन्ने गरी उध्रिँदा मेरो लेखा ती ग्रन्थको स्वाध्याय जस्तो हुने गर्थ्यो । अब त त्यो सङ्गत पनि छुट्यो, म झन्झन् एक्लो हुँदै गएँ । रामजीको जीवनी मैले पूर्णिमा ७० पूर्णाङ्कमा छपाएको छु ।

मैले सिद्धान्तज्यौतिष पढेको हुँ । सिद्धान्तज्यौतिष भनेको आकाशका ग्रह नक्षत्रहरूका विषयमा विचार गर्ने विद्या हो । मैले आफ्नो जीवनको धेरै अंश सिद्धान्तज्यौतिष पढाएर नै बिताएँ । तर पनि त्यस विषयको प्रयोगात्मक पढाइ चलाउनचाहिँ मैले सकिनँ ।[१७]

मसँग ज्यौतिष पढेर आचार्य परीक्षामा उत्तीर्ण भएका १६ जना छन् । तीमध्ये कोही संस्कृत-विश्वविद्यालयका उपकुलपति, कोही श्री ५ को सरकारका सचिव, कोही प्राध्यापक भएका छन् । तर तिनीहरूमध्ये कुनैले आफूले पढेको विषयमा केही गहकिलो काम गरेका छन् जस्तो मलाई लाग्दैन ।[१८]

---

१७. इतिहास-संशोधनको प्रमाण-प्रमेयको उपोद्घातका २-१० पृ.
प्राचीन र नवीन गणितको तुलनाको प्रस्तावनाका १-४ पृ.
रत्नदीप (पहिलो भाग), प्रस्तावनाका १-२ पृ.

१८. म प्रतिदिन सायंकालमा रेडियोबाट आउने समाचार सुन्ने गर्छु । नेपाल रेडियो हुनुपर्ने हो, परन्तु रेडियो नेपाल भनिन्छ । नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका सदस्य भन्नुपर्नेमा, व्यवहारमा सदस्य, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान लेख्ने गरे जस्तै यो पनि विदेशी भाषाको अन्धानुकृति मात्र हो भन्ने म सम्झन्छु । रेडियोबाट आउने समाचार गोरखापत्रमा पनि छापिन्छन् । आँखाको कमजोरीले गर्दा म आजभोलि आफैँ अखवार हेर्न र पढ्न सक्तिनँ । मलाई रुक्मनाथ पौडेल विभिन्न अखवारका समाचार सुनाउने गर्छन् । कहिलेकहीँ दिनेशराज पनि समाचारपत्र बाँची सुनाउने गर्छन् । यसरी सुनिने विषय रेडियोबाट सुनिने भन्दा विपरीत प्रकृतिका हुने गर्छन् । यस कारण नियमित रूपमा रेडियो सुनेको भरमा मात्र सबै यथार्थ बुझिँदो रहेनछ भन्ने कुरा मेरो मनमा परेको छ । त्यसै गरी मसँग पढेका ती ज्यौतिषाचार्यहरूले पनि कतिपय उल्लेखनीय कार्य गरेका होलान्, जुन आफ्नो कमजोरीले गर्दा मैले देख्न सुन्न नसकेको हुँ कि ? यसैले आफ्ना कृतिहरूका बारेमा उनीहरूले प्रकाशित अप्रकाशित रूपमै भए पनि मलाई सूचना दिए भने म आफ्नो भूल सच्याई उनीहरूलाई साधुवाद दिने थिएँ ।

सिद्धान्तज्यौतिष विषयका विशेष पुस्तक बनाउन मैले सकेको छैन तापनि यस विषयका केही पुस्तक छपाएको छु ।[१९] यी पुस्तक पनि पानीमा ढुङ्गा हानेसरहका मात्र छन् ।

नेपाली भाषामा गणितको पुस्तक लेखी सर्वप्रथम प्रकाश गराउने पण्डित गोपाल पाँडे (वि.सं. १९०४ ?-१९७७) हुन् । उनले आफ्नो व्यक्तचन्द्रिकामा घनमूल ल्याउने अभूतपूर्व रीति दिएका छन् । उनको त्यो रीति कतैबाट सारिएको हो वा उनकै उपज्ञा हो (विज्ञानको क्षेत्रमा केही गर्न नसक्ने नेपालको एउटा आविष्कार हो ?), त्यसको टुङ्गो लाउनुपर्‍यो भनी मैले यस विषयमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, अमृत साइन्स कलेज, गणितसमाज र संस्कृतमहाविद्यालयमा पनि प्रवचन गरेँ, विद्वान्‌समक्ष पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति सय थानभन्दा बढी उपहार पनि बाँडेँ ।[२०] तर मेरा यी सब काम अरण्यरोदन मात्र साबित भएका छन् । एक जना जर्मन विद्वान् मिखायल हान तथा नेपाली विद्वान् छविलाल गजुरेल र करुणाकर वैद्यले मेरा लेखहरूमध्ये कुनैको अलिकति चर्चासम्म गरिदिनुभएको

---

१९. त्रिभुवन-विश्वविद्यालयको पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित–
१) गोलबोध (वि.सं. २०३४) ।
२) सुमतितन्त्र (सहायक-देवीप्रसाद भण्डारी, दिनेशराज पन्त, वि.सं. २०३५)
संशोधन-मण्डलद्वारा प्रकाशित–
३) रत्नदीप (मूल भाग) (सहायक-रामजी तेवारी, वि.सं. २०३५)
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित–
४) पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति (वि.सं. २०३७) ।
५) प्राचीन र नवीन गणितको तुलना (वि.सं. २०३९) ।
६) त्रिकोणमिति (ज्योत्पत्ति) (सहायक-मङ्गलदास प्रधानाङ्ग, वि.सं. २०४०) ।
७) हिन्दू सिद्धान्तज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना (पहिलो भाग) (सहायक- देवीप्रसाद भण्डारी, रुक्मनाथ पौडेल, वि.सं. २०४६) ।
८) रत्नदीप (पहिलो भाग) (सहायक-रामजी तेवारी, देवीप्रसाद भण्डारी, रुक्मनाथ पौडेल, वि.सं. २०४७)
महेन्द्र-संस्कृत-विश्वविद्यालयद्वारा प्रकाशित–
९) कालचक्रको ज्यौतिष भाग र त्यसको विवेचना (सहायक-दिनेशराज पन्त; वि.सं. २०४४) ।

२०. पूर्णिमा ५१ पूर्णाङ्कका ३६-३७ पृ.

छ ।[२१] तीबाहेक मेरा गणित विषयका लेखहरूले के काम गरे भन्ने विषय मैले थाहा पाउन सकेको छैन ।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानमा आएपछि सिद्धान्तज्यौतिषको विषयमा केही काम गर्न सकिन्छ कि भनी देवीप्रसाद भण्डारीद्वारा केही गोलहरूको रचना गर्न लगाएँ, ती गोलहरू प्रज्ञा-प्रतिष्ठानमा छन् । ज्यौतिष विषयका २।४ वटा प्रवचन पनि गरेँ, तर कुनै पनि प्रवचनमा १०।१२ जनाभन्दा बढी श्रोता कहिल्यै जम्मा भएनन् । यस विषयमा मेरा अग्रयायी विद्वान् दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे (वि.सं. १८१५-१८८८)ले बनाएको रत्नदीपनामक करणग्रन्थको पहिलो भाग रामजी तेवारी, देवीप्रसाद भण्डारी र रुक्मनाथ पौडेलको सहायताले प्रकाशसम्म गराएँ, त्यसले के कति काम गर्‍यो केही थाहा हुन सकेको छैन ।

आफूले सिद्धान्तज्यौतिष पढेर र पढाएर जीवन धानेको, तर त्यही विषयमा नै आफूले सोचे जस्तो गरी काम गर्न नसकेको बारेमा लामो गन्थन गरेँ । यसभन्दा

---

२१. संस्कृत छन्दोग्रन्थहरूमध्ये पाइएसम्ममा सबभन्दा पुरानो पिङ्गलको छन्दसूत्रमा प्रत्ययका नियमसम्बन्धी अंश छ । प्रत्ययका नियमहरूमा गणितको दृष्टिबाट विभिन्न छन्दको रचना र ती छन्दको विन्यासका सम्भव उपायको बयान गरिएको हुन्छ । बौद्ध ग्रन्थकार रत्नाकरशान्तिले बनाएको छन्दोरत्नाकरको अध्ययन गर्ने क्रममा मिखायल हानले वि.सं. २०३५ माघमा नेपाल रिसर्च सेन्टरको आयोजनामा एउटा प्रवचन गर्नुभएको रहेछ । त्यस प्रवचनमा उहाँले छन्दोग्रन्थमा पाइने प्रत्ययका नियमको जर्मन विद्वान् ल्युद्विग अल्स्दोर्फ र नेपाली विद्वान् नयराज पन्तले सविस्तर लेखेका छन् भनी भन्नुभएको छ (वि.सं. २०३९ मा काठमाडौँबाट नेपाल रिसर्च सेन्टरद्वारा प्रकाशित, मिखायल हानद्वारा सम्पादित रत्नाकरशान्ति'ज् छन्दोरत्नाकर [रत्नाकरशान्तिले बनाएको छन्दोरत्नाकर] को उपोद्घातको ५ पृष्ठ) ।

वि.सं. २०४५ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित डा. छविलाल गजुरेल र करुणाकर वैद्यको नेपालका पुराना वैज्ञानिक तथा प्राविधिज्ञ भन्ने पुस्तकमा दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएका यन्त्र तथा ग्रन्थको बारेमा (१११-१२३ पृष्ठ) र पण्डित गोपाल पाँडेका घनमूल ल्याउने रीतिका बारेमा (४२-७३ पृष्ठ) दुइटा लेख छापिएका छन् ।

गरिमा ५२ पूर्णाङ्कमा छापिएको छविलाल गजुरेलको नेपाली गणितज्ञ पं. नयराज पन्त भन्ने निबन्ध (७५-७९ पृष्ठमा) नेपियर तथा ग्रेगोरी-न्यूटनका नाउँमा दर्ता भएको सूत्र भास्करका ग्रन्थमा पाइन्छन् भन्नेबारेमा केही उल्लेख भएको छ ।

धेरै अगाडिदेखि नै सिद्धान्तज्यौतिष विषयको सोपपत्तिक विद्यापरम्परा चलाउन म समर्थ हुन्न भन्ने लागिसकेकोले[२२] मैले आफ्नो जन्मभूमि नेपालको प्रामाणिक इतिहास पहिल्याउने काममा हात हालेको हुँ। तर त्यो काममा पनि निकै तगाराहरूको सामना गर्नुपऱ्यो। परिश्रमपूर्वक खोजी ल्याइएका लिच्छविकालका अभिलेखहरूको अर्थ गर्न बसेपछि तिनमा प्रयुक्त संस्कृत भाषा पनि वस्तुतः दुर्बोध बन्न गयो। त्यहाँ दिइएका कतिपय पारिभाषिक शब्द कौटलीय अर्थशास्त्रमा भेटिँदा त रहेछन्, तर कौटलीय अर्थशास्त्रको अर्थ बुझ्नु संस्कृत भाषाको साधारण ज्ञानको भरमा असम्भव जस्तै हुँदो रहेछ।[२३] त्यसैले मैले पाणिनिको अष्टाध्यायीको अध्ययनपट्टि विशेष जोड दिन थालेँ।[२४]

गुरुको मुखबाट सुनेको पाठलाई त्यही परिपाटीमा ठूलठूलो स्वरले पढ्नु अध्ययन कहिन्छ। कालिदासको समयका विद्यार्थीहरू प्रतिदिन उज्यालो हुनुभन्दा केही समय अघिदेखि आफ्नो पाठ ठूलठूलो स्वरले उध्रने (अध्ययन गर्ने) गर्थे–

निर्दिष्टां कुलपतिना स पर्णशाला-
मध्यास्य प्रयतपरिग्रहद्वितीयः।
तच्छिष्याध्ययननिवेदितावसानां
संविष्टः कुशशयने निशां निनाय ॥६५॥

(रघुवंश १ सर्ग)

---

२२. इतिहास-संशोधनको प्रमाणप्रमेयको उपोद्घातका २-१०) पृ.

२३. ऐतिहासिक पत्रसंग्रह (पहिलो भाग)मा छापिएको यो काम किन भइरहेछ ? भन्ने निबन्धका ४-५ पृ.

२४. कौटलीय अर्थशास्त्रको अर्थ खुट्याउन जोड दिइएको यो पढाइले मेरो भलो नै गरेको छ। लिच्छविकालका अभिलेखमा आषाढमा र पौषमा मात्र अधिमास देखिन्छन् (लिच्छविसंवत्को निर्णयका ३२-३४ पृ.)। पढ्दा पढ्दा वेदाङ्गज्यौतिष तथा कौटलीय अर्थशास्त्रअनुसार सामान्यतः अढाइअढाइ वर्षको अन्तरमा आषाढमा र पौषमा अधिमास पर्दा रहेछन् भन्ने कुरा मैले राम्ररी बुझेँ। केही ख्यातनामा विद्वान्हरू अहिलेसम्म पनि वेदाङ्गज्यौतिष तथा कौटलीय अर्थशास्त्रअनुसार पाँच वर्षमा दुइ पटक श्रावणमा र माघमा अधिमास पर्छन् भन्ने भ्रममा छन् (पूर्णिमा ३४ पूर्णाङ्कका ९४-१०२ पृ.)। यति परिश्रम गरी नपढेको भए म पनि त्यो भ्रमबाट मुक्त हुने थिइनँ। यसरी आर्जन गरेको ज्ञानले लिच्छविसंवत्को निर्णय गर्न मलाई ठूलो सहारा मिल्यो।

[राजा दिलीप कुलपति वसिष्ठले तोकिदिएको छाप्रामा रानी सुदक्षिणाका साथ बसे । त्यहीँ कुशको गुन्द्रीमा शुद्धतापूर्वक सुतेका राजारानीले विद्यार्थीहरूको अध्ययन सुनेपछि रात बितेको थाहा पाए ।]

पाठ घोक्ने कामको पनि एउटा नियम नियत गरिएको हुन्छ–

गीती शीघ्री शिरःकम्पी तथा लिखितपाठकः ।

अनर्थज्ञोऽल्पकण्ठश्च षडेते पाठकाधमाः ।।३२।।

(पाणिनीया शिक्षा)

[लेग्रो तानेर गीत गाएझैँ पढ्ने, छिटोछिटो सिक्ने हिसाबले पढ्ने, टाउको हल्लाई हल्लाई पढ्ने, पुस्तक हेरेर पढ्ने, अर्थ नबुझीकन पढ्ने र सानो स्वरले पढ्ने यी छ थरी अधम पाठक हुन् ।]

अर्थनबर्थ कण्ठ मात्र गर्ने विद्यार्थीको निन्दा हुन्छ–

यदधीतमविज्ञातं निगदेनैव शब्द्यते ।

अनग्नाविव शुष्कैधो न तज्ज्वलति कर्हिचित् ।।

(महाभाष्य पस्पशाह्निक)

[नबुझीकन पढेको तथा कण्ठस्थ भट्ट्याउन मात्र सकिने विद्या आगोको बीउ नभएको सुकेको दाउराको थुप्रो नबले जस्तै केही काम नदिने हुन्छ ।]

पाणिनिको अष्टाध्यायी सूत्ररूपको ग्रन्थ हो । यस कारण अष्टाध्यायीको घोकाइ माथि भनेको जस्तो नबनोस् भनेर यसको उदाहरणको रूपमा भट्टिकाव्यलाई लिएँ र त्यो पनि पढ्न थालेँ । भट्टिकाव्यमा पाणिनिका लौकिक सूत्रका उदाहरण प्रशस्त छन्, तर त्यसमा वैदिक सूत्रका उदाहरण छैनन् । पाणिनिले वैदिक प्रयोग सिद्ध गर्न धेरै सूत्र दिएका छन् । काशिकाकारहरूले वैदिक सूत्रका उदाहरणका रूपमा केही वैदिक प्रतीक मात्र दिएका छन् ।

एकबाजि सुन्नेबित्तिकै सुनेको कुरालाई कण्ठस्थ पार्न सक्ने तथा त्यसको भाव बुझिहाल्ने बुद्धि भएको मानिस म होइन ।

यात्रामात्रप्रसिद्ध्यर्थं स्वैः कर्मभिरगर्हितैः ।

अक्लेशेन शरीरस्य कुर्वीत धनसञ्चयम् ।।३।।

(मनुस्मृति ४ अध्याय)

[आफ्नो शरीरलाई धेरै कष्ट नदिईकन तथा निन्दित काम नगरीकन परिवारको पालनपोषण गर्न पर्याप्त हुने धन जुटाउनू ।]

सर्वान् परित्यजेदर्थान् स्वाध्यायस्य विरोधिनः ।

यथातथाऽध्यापयँस्तु सा ह्यस्य कृतकृत्यता ।।१७।।

(मनुस्मृति ४ अध्याय)

[स्वाध्यायमा खलल पार्ने खालका कुनै पनि क्रियाकलाप नगर्नू । जसोतसो गरेर अध्यापन कार्य जारी राख्न सक्नु नै विद्याव्यसनीको सफलता हो ।]

बुद्धिवृद्धिकराण्याशु धन्यानि च हितानि च ।

नित्यं शास्त्राण्यवेक्षेत निगमाँश्चैव वैदिकान् ।।१९।।

(मनुस्मृति ४ अध्याय)

[बुद्धि बढाउने, अर्थलाभ गराउने र आफ्नो हित हुने खालका शास्त्र तथा वैदिक ग्रन्थहरू पनि सधैँ हेर्ने गर्नू ।]

मनुका यी उपदेशलाई मैले आफ्नो सिद्धान्त बनाएको छु ।

प्रिये स्वाध्यायप्रवचने भवतो युक्तमना भवत्यपराधीनोऽहरहरर्थान् साधयते ... ।।१।।

क्षीरौदनमांसौदनाभ्यां ह वा एष देवाँस्तर्पयति य एवं विद्वान् वाकोवाक्यमितिहासपुराणमित्यहरहः स्वाध्यायमधीते... ।।९।।

(शतपथब्राह्मण ११।५।७)

[विद्याव्यसनीका लागि अध्ययन तथा अध्यापन दुवै कुरा रुचिकर हुन्छन् । उसको हृदयमा द्विविधा रहँदैन । उ आफ्नो प्रतिदिनको काम कसैको दबाउमा नपरीकन गर्न सक्छ ।

जो मानिस दिनदिनै वाकोवाक्य (प्रश्नोत्तररूपको ग्रन्थ) इतिहास तथा पुराण पढ्छ, त्यसले दूधभातले र मासुभातले देवतालाई तृप्त पार्छ ।][२५]

---

२५. शतपथब्राह्मणमा स्वाध्यायप्रशंसा भन्ने अलग्गै प्रकरण छ । त्यसमा स्वाध्याय गर्नेहरूको प्रशंसा गर्दै विभिन्न विषय पढ्न प्रेरित गरिएको छ । मैले आफ्नो ८० वर्ष लामो जीवनमा कुनै काम गर्न सकेको छैन । विद्वत्समाजमा सय वर्षभन्दा बढी समयसम्म अन्योलमा रहिरहेको लिच्छविकालको एउटा संवत्को चाहिँ मैले

पढेको कुराको प्रतिदिन अभ्यास गरिरहनुपर्छ भन्ने शतपथब्राह्मणका यी भनाइसँग म पूर्णत: सहमत छु । कालिदास पनि अभ्यासपूर्वक पढिरहेको विद्याले नै काम दिन सक्छ भनी भन्छन्–

वन्यवृत्तिरिमां शश्वदात्मानुगमनेन गाम् ।
विद्यामभ्यसनेनैव प्रसादयितुमर्हसि ।।८।।

(रघुवंश १ सर्ग)

[आफूले पढेको विद्या उपस्थित राख्न दिनका दिन अभ्यास गरे जस्तै यी गाईलाई खुशी पार्न पनि बनैयाँ आहार खाँदै प्रतिदिन यिनकै पछि लाग ।]

वि.सं. २०३३ श्रावणदेखि मैले संस्कृतमहाविद्यालयमा पढाउन नपर्ने भयो, त्यसपछि प्रत्यक्ष रूपमा ज्यौतिषविद्याको पठनपाठनको काम छुट्यो । संशोधन-मण्डलको पनि अङ्गभङ्ग हुँदै गएकोले त्यहाँ पनि पठनपाठनको काम सुकिसक्यो भने हुन्छ । मैले विद्याव्यसनलाई नै आफ्नो प्रमुख कामको रूपमा लिएको हुनाले मेरो अरू कुनै काम छैन । यस कारण मैले नै विद्याभ्यास गरिनँ भने म एक प्रकारले निष्क्रिय वा उच्छृङ्खल बन्छु भन्ने विचार गर्नुपर्ने केही पुस्तकहरू नियत गरेको छु । ती यस प्रकारका छन्–

१) अष्टाध्यायी — २) रघुवंश
३) अमरकोश — ४) हर्षचरित

उपपत्तिसम्मत निर्णय गरिदिएको छु । त्यो निर्णय पनि संशोधन-मण्डलका रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेल, दिनेशराज पन्त तथा संशोधन-मण्डल नाउँ नरहँदैका कर्मठ इतिहास-संशोधक ज्ञानमणि नेपाल यी दस जनाको परिश्रमबाट सम्भव भएको हो । (अहिले त संशोधन-मण्डलमा देवीप्रसाद भण्डारी, महेशराज पन्त र दिनेशराज पन्त यी ३ जना मात्र बाँकी छन्) । लिच्छविसंवत्को निर्णय भएपछि एक शताब्दीसम्म चलिरहेको कचिङ्गल त हट्यो नै, यसबाट नेपालको प्रामाणिक इतिहास पहिल्याउन खोज्ने विद्वान्का लागि एउटा गोरेटो देखाइदिने काम पनि भएको छ भन्ने म सम्झन्छु । यसैले मैले यहाँ शतपथब्राह्मणको इतिहास पढ्ने मान्छेले दूधभात र मासुभातले देवतालाई तृप्ति पार्छ भन्ने भागको उद्धरण गरेको हुँ ।

५) भट्टिकाव्य
६) वेदाङ्गज्यौतिष
७) शुल्बसूत्र
८) सूर्यसिद्धान्त
९) अल्माजेस्ट
१०) पञ्चसिद्धान्तिका
११) खण्डखाद्यक
१२) सुमतितन्त्र
१३) कालचक्रको ज्यौतिष भाग
१४) भास्वती
१५) पाटीगणित
१६) बीजगणित
१७) सिद्धान्तशिरोमणि
१८) ग्रहलाघव
१९) सिद्धान्ततत्त्वविवेक
२०) रत्नदीप
२१) त्रिकोणमिति
२२) चलगणित
२३) शङ्कुच्छेदन
२४) नियामक रेखागणित
२५) गतिविज्ञान
२६) ज्योतिर्गणित
२७) ग्रहगणित
२८) लघुजातक
२९) षट्पञ्चाशिका
३०) लघुपाराशरी
३१) समरसार
३२) मुहूर्तमार्तण्ड
३३) ताजिकनीलकण्ठी
३४) काव्यादर्श
३५) वेद
३६) भगवद्गीता
३७) श्रीमद्भागवत
३८) अलिविलासिसंलाप
३९) कौटलीय अर्थशास्त्र
४०) अभिलेखसङ्ग्रह
४१) इतिहास
४२) संविधान
४३) राजा द्वितीय रिचार्ड

यतिका पुस्तकको प्रतिदिन आवृत्ति गरिरहनु सम्भव कुरा होइन । म प्रतिदिन सकेसम्म आधा घण्टा अष्टाध्यायीको अभ्यास गर्छु । त्यसपछि कौटलीय अर्थशास्त्र, वेदाङ्गज्यौतिष, सिद्धान्तशिरोमणिहरूको प्रतिदिन कममा पनि १०।१० मिनेटको हिसाबले अभ्यास गर्ने गर्छु । अरूअरू ग्रन्थको अभ्यास यथासम्भव समय मिलाई मिलाई गर्ने गर्छु । भागवत जस्तो पुस्तक म जस्तो मान्छेले घोकेर सक्ने कुरा होइन, त्यस्तै वेद पनि मेरो लेखा अपार छ । पुस्तक हेरी हेरी यिनका केही भाग प्रतिदिन केही मिनेट पढ्ने गर्छु । गणित विषयका पुस्तक पनि मनमा उपपत्ति खेलाई खेलाई केही समय पढ्ने गर्छु । यसरी पढिरहँदा र विचार गर्दा जब मेरो मन थाकेको अनुभव हुन्छ, त्यतिखेरचाहिँ म काव्यका श्लोक सम्झेर वा

तिनको वर्णन सम्झेर मनलाई सुस्ताउने गर्छु । त्यस्तै आनन्दित समय पारेर म पद्य पनि गुनगुनाउने गर्छु । मेरो विश्रामका समयमा नै मैले प्रायः आफ्ना पद्यहरूको रचना गरेको छु । यसै कारण मैले आफ्ना पद्यहरूको यो सङ्ग्रहलाई विश्रान्ति नाम दिएको हुँ ।

म ट्वाक्क डेढ वर्षको हुँदा पिता कृष्णदत्त पन्तको स्वर्गवास भयो ।[२६] मेरो पिताजीको और्ध्वदैहिक क्रिया कसरी सम्पन्न गरियो, यसबारे मलाई केही पनि ज्ञान छैन । म केही थाहा पाउने उमेरको भएपछि मेरी आमाले आफ्ना पतिको श्राद्ध गरेको देख्न थालें । तिनताका पण्डित मुक्तिनाथ सापकोटा श्राद्ध गराउँथे । वि.सं. १९७८ को श्रावणमा म आठ वर्ष पुगें, त्यसै वर्ष चैत्रमा मेरो व्रतबन्ध भयो । मलाई मातामहले गायत्री सुनाउनुभयो । वि.सं. १९७९ को फाल्गुनकृष्ण एकादशीदेखि आफ्ना पिताजीको श्राद्ध म आफैं गर्न थालें । आमा पिण्डको भात पकाई पिण्ड बाटिदिनुहुन्थ्यो, अरू विधि उनै सापकोटा पण्डित सिकाउँथे । वर्ष बित्तै गएपछि म आफैं पनि श्राद्धका पुस्तक पल्टाउन थालें, केही हतौडी गर्न सक्ने पनि भएँ ।

काशिका पढ्दै जाँदा ऋत्व्यवास्त्ववास्त्वमाध्वीहिरण्ययानि च्छन्दसि (पाणिनि ६।४।१७५) को उदाहरणमा माध्वीर्नः सन्त्वोषधीः दिएको देखें । यो प्रतीक परेको शुक्लयजुर्वेदको सिङ्गो अंश[२७] श्राद्ध गर्दा पढ्नुपर्छ । शुक्लयजुर्वेदको योचाहिं अंशको अर्थ मैले जुन दिन बुझें, त्यो दिन मलाई कवि लेखनाथ पौडेलले हामी जस्तै मान्छेले श्राद्धादि कर्मकाण्ड गरेको देखेर यो श्लोक बनाएका होलान् भन्ने लाग्यो–

मन्त्रार्थ छन्द विनियोग र सूर सार
ऋष्यादिको सकल शून्य थियो विचार ।
हुन्थे सबै फगत कर्म हतौडिबाट
हेरी लिंदा सब विधान थियो उराठ ॥२१०॥

(सत्यकलिसंवाद)

---

२६. लिच्छविसंवत्को निर्णयको उपोद्घातका १-३, ७ पृ.

२७. यही ग्रन्थको ४३ पृ.

विस्तारै काशिकाको अभ्यास बढाउँदै लगेँ र त्यहाँ परेका वैदिक भागको यथाशक्ति अर्थ बुझ्ने उद्योगमा म लागेँ। यसै क्रममा काशिकामा भेटिने वैदिक उदाहरणका प्रतीकहरूको सिङ्गो अंश खोज्ने र ती अंशमा परेका रूप पाणिनिका सूत्रद्वारा सिद्ध गरी ती अंशको नेपालीमा अनुवाद पनि गर्ने काममा म प्रवृत्त भएँ।

पाणिनिका सूत्रमध्ये वैदिक भागको एउटा प्रामाणिक व्याख्या प्रकाश होस् भन्ने भावले मैले वि.सं. २०२६ तिर काम पनि थालेँ[२८], तर वेद विषयको मेरो ज्ञान निकै नै कम भएकोले त्यो काम अगाडि बढाउन सकिनँ। यस कारण वेद विषयका विशेषज्ञको सल्लाह लिनु मैले आवश्यक सम्झेँ र मभन्दा उमेरमा केही कान्छा भए पनि वेदविद्यामा निकै जेठा प्रा. सोमनाथ पौडेलसँग सहायता लिनुपर्ला भन्ने सोचाइमा म थिएँ। वि.सं. २०३९ मा मार्गदेखि फाल्गुनसम्म म सन्ततज्वरले ओछ्यान परेँ। वैद्य सिद्धिवज्र वज्राचार्यको औषधोपचारले तङ्ग्रिँदै गएपछि दिनेशराजमार्फत प्रा. सोमनाथ पौडेलसमक्ष आफ्नो प्रार्थना पुऱ्याएँ। उहाँले पनि एक महीना मेरो घरमा आई निःशुल्क रूपमा शुक्लयजुर्वेदको पहिलो अध्याय पूरै पढाइदिनुभयो। यस कामका लागि म उहाँको ऋणी छु। धेरै पहिलेदेखि नै वेद पढ्दा मनमा उठेका भाव लिई बनाएका पद्य मैले यो ग्रन्थमा वैदिक खण्डअन्तर्गत दिएको छु।

मामाका जेठा छोरा चन्द्रनाथलाई पढाउँदा वि.सं. २००२ तिर मैले उनलाई वाल्मीकिरामायण अयोध्याकाण्डको अभ्यास गराएको थिएँ। उनले त्यतिखेर आफूले पढेको रामायणको सो भाग मेरी आमा (उनकी फुपू) तथा उनैकी आमा (मेरी माइज्यू) लाई सुनाएका थिए। त्यसै वेलाको संस्कारले मैले अयोध्याकाण्डको केही भागको पद्यानुवाद गरेको हुँ। ती पद्य यहाँ रामायण-खण्डमा परेका छन्।

वि.सं. २००४ मा धनवज्र वज्राचार्यलाई पढाउँदा अभ्यासको लागि महाभारतको केही भाग मैले उनीद्वारा छोट्ट्याएको थिएँ। त्यही संस्कारमा पछि मैले उद्योगका दुइ सर्ग तयार पारेको हुँ, जुन यहाँ महाभारत-खण्डमा परेका छन्।

---

२८. पूर्णिमा १२ पूर्णाङ्कका १२६-१३२ पृ.

महाबौद्धको स्तूपभन्दा अलिकता दक्षिणपश्चिमतिरको घरमा म जन्मिएको हुँ। त्यो घरभन्दा केही दक्षिणपट्टि गणेशको मन्दिर छ। त्यसको दक्षिणतिर रहेको न्हुबहालमा म हुर्किएँ तथा अहिलेसम्म पनि बसिरहेको छु। मेरो घरभन्दा दक्षिणपश्चिमतिर ३०।३५ हातको दूरीमा सवलबहाल छ। मेरो घर भएको ठाउँलाई कोही न्हुबहाल त कोही सवलबहाल भन्छन्। वास्तवमा दुवै बहाल सँगसँगै जस्ता देखिन्छन्। मेरो घरलाई दाहिने पारी सवलबहालतिरबाट पश्चिम लाग्ने हो भने केही पर दौबहाल भेटिन्छ। दौबहालको पूर्वोत्तर भागमा चिरँबहाल, चिरँबहालको केही उत्तरतर्फ खुँबहाल, खुँबहालको अलिकता पूर्वमा तरँबहाल पर्छन्। तरँबहालको केही पूर्वपट्टि हिँड्दा उही गणेशको मन्दिर आइपुग्छ। यसरी म आफ्नो शैशवावस्थादेखि नै बहालैबहालको बीचमा हुर्कें, बढें तथा बसिरहेको छु। यी बहालमध्ये केहीमा शिलालेख पनि छन्, तिनको प्रतिलिपि लिने र पढ्ने काम पनि मैले केही मात्रामा गरें। काठमाडौँमा राजा शिवसिंहपछि उनका नाति लक्ष्मीनरसिंह गद्दीमा बसेछन् भन्ने कुरा मैले खुँबहालको शिलालेखबाट थाहा पाएको हुं।[२९] म वृद्धावस्थातिर नढल्कुञ्जेलसम्म प्रतिवर्ष जस्तो सजधजसँग बहालपूजा आउने गर्थ्यो, मैले त्यो पनि हेरेको छु। परन्तु बौद्ध धर्मको प्रामाणिक ज्ञानचाहिँ मैले कमाउन सकिनँ। वैद्य दिव्यवज्रको सौजन्यले मैले कालचक्रनामक बौद्ध ग्रन्थ पाएको थिएँ र अहिले दिनेशराजको सहायता लिई त्यसको ज्यौतिष भागको सम्पादन गरी प्रकाश गराउनसम्म म समर्थ भएँ।

नेपालको इतिहास खोज्दै र पढ्दै जाँदा राम्रोसँग बौद्ध ग्रन्थहरूको परिशीलन नगर्ने हो भने यस देशको साङ्गोपाङ्ग इतिहास लेख्न सकिँदैन भन्ने भाव मेरो मनमा पक्कासँग जम्दै गयो र भेटिएसम्म तथा जानेबुझेसम्म बौद्ध ग्रन्थहरू पढ्नपट्टि म लागें। यसै अध्ययनबाट कमाएको अलिकता भावलाई मैले बौद्ध खण्डमा प्रकाश गराएको छु।

मेरो व्रतबन्ध भएदेखि नै मैले प्रतिवर्ष नवरात्रमा चण्डी पाठ गर्न थालेको हुँ। शुरूशुरूका केही वर्ष प्रतिदिन १।२ अध्याय मात्र पाठ गर्ने गर्थें, पछि अध्यायको सङ्ख्या बढाउँदै लगेर नवरात्रमा नौ नै आवृत्ति चण्डी पाठ गर्ने भएँ।

---

२९. इतिहास-संशोधनको प्रमाणप्रमेयको ११५ पृ.

भक्तहरू आ-आफ्नो अभीष्टसिद्धिको कामनाले आफैँ वा ब्राह्मणहरूद्वारा ठाउँठाउँका पीठहरूमा नवरात्रमा चण्डी पाठ लाउने गर्छन् । मैले पनि आफ्नै लागि भद्रकाली (लुमडी) मा चण्डी पाठ गरेको छु । नवरात्रभर राजदरबारमा चण्डी पाठ हुन्छ, त्यहाँ पाठ गर्ने बाहुनहरू दक्षिणा पाउँछन् । मैले पनि केही वर्ष राजदरबारमा चण्डी पाठ गरेको छु ।

सलीलयातानि न भर्तुरभ्रमोर्न चित्रमुच्चैःश्रवसः पदक्रमम् ।
अनुद्रुतः संयति येन केवलं बलस्य शत्रुः प्रशशंस शीघ्रताम् ।।५२।।

(शिशुपालवध १ सर्ग)

[लडाइँमा रावणद्वारा लखेटिएका इन्द्रले ऐरावत हात्तीको लस्काइ तथा उच्चैःश्रवा घोडाको थरीथरीको उफ्राइ पनि मन पराएनन्, उनले त्यहाँ जतिसक्तो छिटो दगुराइको मात्र प्रशंसा गरे ।]

यहाँ माघले भने जस्तै मलाई पनि शुरूशुरूमा चण्डीको पाठमा बस्ता जसरी हुन्छ चाँडै पाठ सिद्धयाउने ध्याउन्न मात्र हुन्थ्यो । उमेर चढ्दै जाँदा आँखा पनि बिग्रँदै गएकोले पाएसम्म ठूला अक्षरमा छापिएको पुस्तक खोजी सकेसम्म अर्थ बुझ्ने गरी चण्डी पाठ गर्न थालेँ र यो क्रम २२।२५ वर्षदेखि प्रतिवर्ष नवरात्रमा चलिरहेको छ । आजभोलि एक आवृत्ति चण्डी पाठ गर्न मलाई अढाइ तीन घण्टा लाग्छ । उहिले मैले त्यति पाठ आधा घण्टाभन्दा कम समयमा पनि सिद्धयाएको थिएँ । अहिले यसरी चण्डी पाठ गर्दा मनमा उठेको केही भाव पद्यबद्ध गरी मैले यहाँ पुराण-खण्डमा दिएको छु ।

विश्रान्तिको यो पहिलो भागमा परेको सबै पद्य अरू ग्रन्थका आधारमा रचिएका हुन् । मेरा यी पद्यमा मूलको भाग अक्षुण्ण रूपमा आएको छ वा छैन भन्ने परीक्षा गर्न जिज्ञासुलाई सजिलो परोस् भनी मैले प्रत्येक खण्डको परिशिष्टमा मूलको अंश पनि दिएको छु । वैदिक खण्डमा चाहिँ सम्बद्ध अंशसँगै सायणादि प्रामाणिक विद्वान्का टीका पनि छपाइदिएको छु । वेदका प्रामाणिक संस्करण उदात्त, अनुदात्त तथा स्वरित ती तीनै थरी स्वर बुझाउने चिह्नका साथ छापिएका हुन्छन् । ती स्वर सिद्ध गर्न पाणिनिले कैयौँ सूत्र दिएका छन् । मैले पनि वेदको अंश उद्धृत गर्दा स्वर बुझाउने चिह्नसहित छपाउन सक्नुपर्थ्यो, परन्तु हाम्रो

नजीकमा रहेका छापाखानामा त्यस्ता चिह्न नपाइएका र बाहिर गई छपाउने सामर्थ्य पनि आफूमा नभएकोले ती चिह्न हाम्रो छपाइमा छुट्न गएका छन् । यस कुरामा म लाचार छु । यो प्रस्तावना मेरो इच्छा र विचारअनुसार रुक्मनाथ पौडेलले लेखिदिएका हुन् । अब अन्त्यमा कवि बालकृष्ण शमशेरका दुइ पद्य उद्धृत गरी यो प्रस्तावना टुङ्ग्याउँछु ।

को गरीब बनी सुन्ला, लेखेको यो गरीबले ?
यस्तो गरीब भाषामा यो गरीब विचारले ।।
आँटेर तैपनी लेख्यो, आठै रस गुमे पनी ।
घृणा सबैको पाएमा बीभत्स रस बन्दछ ।।[३०]

वि.सं. २०५० श्रावण १२ गते मङ्गलवार[३१]

(वि.सं. २०५० मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा प्रकाशित नयराज पन्त (सहायक- रुक्मनाथ पौडेल)को विश्रान्तिका १-२७ पृ.)

---

३०. मुटुको व्यथा नाटकबाट । यहाँ कविजीले *पनी* दीर्घ लेखेका छन् । नेपाली भाषाप्रकाशिनी समितिले वि.सं. १९९१ मा अव्यय जति ह्रस्व लेख्ने नियम बनाएपछि मात्र *पनि* ह्रस्व लेख्न थालिएको हो । त्यसअघि प्रायः सबै विद्वान् *पनी* दीर्घ नै लेख्थे ।

३१. मेरो एकासियौँ वर्षप्रवेशको दिन । मेरो जन्म वि.सं. १९७० श्रावण २६ गते आदित्यवार श्रावणशुक्ल नवमीमा भएको हो । अष्टचिरञ्जीवीहरूको पूजा गर्ने मेरो जन्मोत्सव यस वर्ष श्रावण १२ गते मङ्गलवार पर्छ ।

खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठानद्वारा

प्रकाशित कृति

१. राजीवलोचन जोशी	डा.ईश्वर बराल
२. राजीवलोचन जोशी र कूटकाव्य	भरतराज पन्त
३. राजीवलोचन जोशी र केदारकल्प	नित्यराज पाण्डे
४. राजीवलोचनजोशीग्रन्थावली	
५. राजीवलोचन जोशीका वराज्यू दामोदर जोशी	प्रा. दिनेशराज पन्त
६. नयराज पन्त : जीवनी व्यक्तित्व र कृतित्व	अलका शर्मा चालिसे
७. श्लोकसंग्रह (गोर्खाभाषा)	
८. हाम्रो उद्देश्य र कार्यप्रणाली	प्रा.नयराज पन्त
९. नयराजपन्तश्रद्धाञ्जलि	सम्पादक- पुष्कर लोहनी
१०. बुद्धिविनोदप्रश्नावली र त्यसको उत्तर	कविशिरोमणि लेखनाथ पौड्याल प्रा. नयराज पन्त प्रा. डा. हरिप्रसाद शर्मा आचार्य
११. नेपालको संक्षिप्त इतिहास	प्रा. तोत्रराज पाण्डे प्रा. नयराज पन्त
१२. कविताकल्पद्रुम	
१३. धादिङमा फेला परेका नेपाली कविता	प्रा. दिनेशराज पन्त
१४. भाषापद्यसंग्रह	सम्पादक- शिव रेग्मी
१५. राजीवलोचन जोशीका वराज्यू दामोदर जोशी (वि.सं. १८१५-१८६५), संशोधित परिवर्द्धित दोस्रो संस्करण	प्रा. दिनेशराज पन्त
१६. भट्ट-मोतीराम भट्ट	पुष्कर लोहनी
१७. राजज्योतिषी लीलानाथ पाँडेले तयार पारेको तिथ्यावली	प्रा. दिनेशराज पन्त
१८. नित्यप्रकाश	नित्यराज पाण्डे
१९. संक्षिप्त वंशावली	प्रा. दिनेशराज पन्त
२०. श्री ३ वीरशमशेरको जीवनचरित्र	प्रा. दिनेशराज पन्त
२१. महामण्डलदेखि काँगडासम्म	प्रा.दिनेशराज पन्त
२२. बडागुरुज्यू विजयराजसँग सम्बद्ध पत्रहरू	प्रा.दिनेशराज पन्त
२३. सिद्धान्तज्यौतिषे नयराजपन्तस्य योगदानम्	उपप्रा. श्यामखनालः
२४. यो काम किन भइरहेछ ?	प्रा.नयराज पन्त

जन्म : वि. सं. १९७० श्रावण २६ गते आइतवार
श्रावणशुक्ल नवमी

मृत्यु : वि. सं. २०५९ कार्तिक १८ गते सोमवार
कार्तिककृष्ण अमावास्या

प्रा. नयराज पन्त

प्रकाशित अनुसन्धानात्मक पुस्तक

१. *इतिहास-सहायक* - वि.सं. २००७
२. *ज्यौतिष* - वि.सं. २०१०
३. *विद्या - रक्षा* (१-१५ सङ्ख्या) - वि.सं. २०१५-२०२०
४. *पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति* - वि.सं. २०३७
५. *प्राचीन र नवीन गणितको तुलना* - वि.सं. २०३९
६. *श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्या* - वि.सं. २०४०
७. *हाम्रो उद्देश्य र कार्यप्रणाली* - वि.सं. २०५९
८. *इतिहासको खोजीमा मेरो अनुभव* - वि.सं. २०६१
९. *यो काम किन भइरहेछ ?* - वि.सं. २०६९

अरुसँग मिलेर प्रकाशित अनुसन्धानात्मक पुस्तक

१. *नेपालको संक्षिप्त इतिहास* - वि.सं. २००४
२. *संस्कृत-वोध* (१-३ भाग) - वि.सं. २००७
३. *बुद्धिविनोदप्रश्नावली र त्यसको उत्तर* - वि.सं. २०१५
४. *गोलवोध* - वि.सं. २०३४
५. *सुमतितन्त्र* - वि.सं. २०३५
६. *त्रिकोणमिति* (ज्योत्पत्ति) - वि.सं. २०४०
७. *लिच्छविसंवत्को निर्णय* - वि.सं. २०४३
८. *कालचक्रको ज्यौतिष भाग र त्यसको विवेचना* (पहिलो भाग)- वि.सं. २०४४
९. *हिन्दू सिद्धान्तज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना* - वि.सं. २०४६
१०. *रत्नदीप* (पहिलो भाग) - वि.सं. २०४७
११. *विश्रान्ति* - वि.सं. २०५०
१२. *रत्नदीप* (दोस्रो भाग) - वि.सं. २०६१
१३. *दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको धूपघडी* - वि.सं. २०६४

संशोधन-मण्डल

आफ्नो सम्पर्कमा आएका विद्यार्थीहरूद्वारा वि.सं. २००९ देखि इतिहास-संशोधन, सावधान-पत्र, व्याकरण-संशोधन, पञ्चाङ्ग-संशोधनहरूको प्रकाशन । यिनै विद्यार्थीहरूमध्ये ९ जना विद्यार्थीको सहयोगद्वारा संशोधन-मण्डलको स्थापना । संशोधन-मण्डलभित्र परेका तथा नपरेका तर त्यही परम्पराका इतिहाससंशोधकसमेतको सहयोगबाट निकै ग्रन्थ तथा लेखहरूको प्रकाशन-

१. *राजपुरोहित शक्तिवल्लभ अर्ज्यालको जयरत्नाकरनाटक* - वि.सं. २०१४
२. *ऐतिहासिक-पत्रसङ्ग्रह* (१-२ भाग) - वि.सं. २०१४, वि.सं. २०२१
३. *अभिलेख-सङ्ग्रह* (१-१२ भाग) - वि.सं. २०१८-२०२०
४. *गल्लीमा फ्याँकिएका कसिङ्गर* - वि.सं. २०१८
५. *सुन्दरानन्द बाँडाको त्रिरत्नसौन्दर्यगाथा* - वि.सं. २०१९
६. *इतिहास-संशोधनको प्रमाण-प्रमेय* - वि.सं. २०१९
७. *श्री ५ पृथ्वीनारायण शाहको उपदेश* (१-५ खण्ड) - वि.सं. २०२५, वि.सं. २०२८
८. *दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको रत्नदीप* - वि.सं. २०३५
९. *महेश्वराचार्यको वृत्तशतक* - वि.सं. २०३५

वि.सं. २०२१ देखि संशोधन-मण्डलको पत्रिका पूर्णिमाको प्रकाशन (हाल पूर्णिमाका १३७ अङ्क प्रकाशित भइसकेका छन् ।)